पशुपति-पुराण

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
संस्कृति-विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पशुपति-पुराण

अनुवादक

प्रा. मधुसूदन रिसाल 'प्रदीप'
सांख्य तथा दर्शनाचार्य एम.ए.

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
संस्कृति-विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
काठमाडौं, नेपाल ।

प्रथम संस्करण वि.सं. २०२६

मुद्रक
आदर्श छापाखाना, रामशाहपथ,
थापाथली, काठमाडौं, नेपाल ।
फोन नं. १३४१४ र १२४२१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ– 'साहित्य, कला र ज्ञानविज्ञानको चेत्रमा अतीत कालदेखि हिमवत्खण्डले दिइआएका योगदानको विशेष महत्त्व छ।'

हुन पनि हिमवत्खण्डको साहित्यमा जीवनको माधुर्यमूल उन्मेष मात्र होइन कि त्यसमा रहेको अध्यात्मको प्रतिष्ठाबाट सौन्दर्यको काया संगीतपूर्ण पनि हुन गएको छ, कलामा पनि जीवनले भोग्नुपरेको द्वन्दको संख्यातीत विविधता मात्र होइन अनन्त आकाश पुरस्कृत हुने हृदयको इन्द्रधनुषी स्वीकृति पनि छ, ज्ञानमा बुद्धिको नीरस ऊहापोह मात्र होइन कि सत् र चित्को एकतामा तादात्म्य हुने आनन्दको अखण्ड आलोक पनि छ।

यसैले श्री ५ महाराजाधिराजबाट हिमवत्खण्डको गौरवपूर्ण परम्परामा आएको अवरोधलाइ हटाउन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको संस्थापन गरिबक्सेको हो। मौसूफ सरकारबाट हुकुम पनि भएको छ– 'ऐतिहासिक कारणहरूले गर्दा उपर्युक्त परम्परामा बीचमा आएको व्यवधानलाइ पन्छाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान देशको मौलिक परम्परालाइ युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ।'

मलाइ आशा मात्र होइन पूर्ण विश्वास पनि छ, श्री ५ महाराजाधिराज सरकारबाट निर्दिष्ट गरिबक्सेको पथमा प्रज्ञा-प्रतिष्ठान निरन्तर अग्रसर भई त्यसले देशको बौद्धिक तथा मानसिक आवश्यकताहरूको क्रमशः परिपूर्ति गर्ने छ र देशान्तरमा पनि हाम्रो जीवनको रूप-सौन्दर्य मात्र होइन कि कर्म-सौन्दर्य र शील-सौन्दर्यको परिचय दिनमा पनि सफलता प्राप्त गर्दै जाने छ।

केदारमान व्यथित

२०२६ साल जेठ

कुलपति

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्तव्य

हिमवत्खण्डमा मात्र होइन सारा आर्यावर्तमा नै श्री पशुपतिनाथको महिमा व्याप्त छ। पाशुपत क्षेत्र नेपालका बौद्ध पनि पशुपतिलाई आर्यावलोकितेश्वरको रूपमा अर्चना गर्दछन्। नेपालका अधिष्ठाता आशुतोष सदाशिवका पुण्यश्लोक पुराणको रूपमा देखा पर्छन्, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान तिनको नेपालीमा अनुवाद गर्ने लक्ष्य पञ्चवार्षिक योजनामा समावेश गर्छ। त्यस आयोजनाको भार वहन गर्छ संस्कृति विभाग। त्यसको आयोजकत्व मेरो काँधमा पर्छ। मेरो अनुरोधमा प्रा. मधुसूदन रिसाल 'प्रदीप' सांख्य तथा दर्शनाचार्य, एम. ए. ले यस अनुवादको काम गरिदिनुहुन्छ। मेरो विभागका कार्यकर्ताहरूको सहयोगबाट यो ग्रन्थ यस रूपमा देखा परेको छ।

योजनाको अवधिकालमै प्रकाशन हुन सकेकोमा मलाई विशेष हर्ष लागेको छ। यसमा कुनै त्रुटि भए पनि भक्तवत्सल भगवान् शंकरबाट भावाभिभूत भएर गरेको स्तुति ठान्नु हुने विश्वासमा छु। जनता जनार्दनले पर्न गएको त्रुटि औंल्याइदिनुभए सच्याउने सौभाग्य पाउने थिएँ। पाठकहरूलाई यसबाट प्राप्त भएको संतुष्टि चाहिं प्रतिष्ठानको आफ्नो उपलब्धि हो। सौजन्य धन्यहरूमा धन्यवाद ज्ञापन गरेपछि भन्नुपर्ने कुरा बाँकी रहेन जस्तो लाग्छ।

चूडानाथ भट्टराय
आयोजक
संस्कृति विभाग
निमित्त का.मु. उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

		पृष्ठ
प्रथम अध्यायमा	वाग्वतीको प्रशंसाखण्डमा तीर्थहरूको प्रसंगमा प्रह्लादको तपस्यासिद्धिको वर्णन ।	१
दोस्रो अध्यायमा	वाग्वतीको प्रशंसाखण्डमा विभीषणलाई भएको अष्टसिद्धिको वर्णन ।	१२
तेस्रो अध्यायमा	तीर्थहरूको वर्णन प्रसंगमा अमोघ पर्वतहरूको वर्णन ।	२०
चौथो अध्यायमा	वाग्वतीबाट उत्पत्ति भएका तीर्थहरूको वर्णन ।	२३
पाँचौं अध्यायमा	प्रद्युम्नको विजयमा गौरीबाट प्रभावतीलाई वर प्राप्तिको वर्णन ।	२७
छैठौं अध्यायमा	वाग्वतीको प्रशंसा खण्डमा महर्षि नारदसँगको भेटघाटको वर्णन	३४
सातौं अध्यायमा	प्रद्युम्नको विजयको सन्दर्भमा प्रभावतीको विवाह--वर्णन ।	४०
आठौं अध्यायमा	प्रद्युम्नको विजय प्रसंगमा रत्नचोरीको वर्णन ।	४८
नवौं अध्यायमा	प्रद्युम्नको विजयोत्सवको प्रसंगमा उद्योगहरूको वर्णन ।	५६
दशौं अध्यायमा	प्रद्युम्नको विजय-प्रसङ्गमा प्रभावतीको आनन्द-भोगको वर्णन ।	६३
एघारौं अध्यायमा	प्रद्युम्नको विजय सन्दर्भमा नारदजीसँगको वार्तालापको वर्णन ।	७१
बाह्रौं अध्यायमा	प्रद्युम्नको विजय प्रसंगमा विराध राक्षसलाई भेटनुभएको वर्णन ।	८५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेह्रौं अध्यायमा	प्रद्युम्नको विजय प्रसंगमा महेन्द्र दमनको मरण-वर्णन ।	८९
चौधौं अध्यायमा	रुक्मिणीको आनन्दवर्णन ।	९६
पन्ध्रौं अध्यायमा	श्लेस्मान्तक वनमा प्रस्थान गर्नु आदिको वर्णन ।	१११
सोह्रौं अध्यायमा	मृगरूप धारण गर्नु भएका भगवान्को सिङ ग्रहण गर्नु आदिको वर्णन हुन्छ ।	११६
सत्रौं अध्यायमा	मृगरूपधारी परमेश्वरले दिनुभएको उपदेशको वर्णन ।	१२३
अठारौं अध्यायमा	मृगरूप धारण गर्नुभएका परमेश्वरको स्थापना गर्नु आदिको वर्णन हुन्छ ।	१३४
उन्नाईसौं अध्यायमा	गोकर्णको स्थापना आदिको वर्णन हुन्छ ।	१३७
बीसौं अध्यायमा	गोकर्णेश्वरको स्थापना आदिको वर्णन हुन्छ ।	१४०
एक्काईसौं अध्यायमा	रावणले गोकर्णको स्थापना गरेको वर्णन हुन्छ ।	१४६
बाईसौं अध्यायमा	तीर्थहरूको दर्शन स्नान आदिबाट हुने आनन्द-वर्णन ।	१५०
	तीर्थहरूको फल स्तुति	१५५
	श्री वाग्वतीको स्तुति	१५९
	श्री पशुपति अष्टक	१६७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ श्रीमत् पशुपति पुराणं प्रारम्यते

यस्य वक्त्राद्विनिष्क्रान्ता वाग्वती लोकपावनी ।
नमामि शिरसा देवं शङ्करं भुवनेश्वरम् ॥ १ ॥

जसको मुख कमलबाट सारालोकलाई पवित्र तुल्याउने वाग्वती नदी निक्लनु भयो, त्योकल्याणदायक भुवनेश्वर शिवजीलाई म शिरले नमस्कार गर्दछु ॥१॥

येन धर्मार्थिना प्रोक्तं पुराणममृतोपमम् ।
नमामि शिरसा नाथं पुलस्त्यं मुनि सत्तमम् ॥ २ ॥

यस्तै जुन धर्मात्मा (पुलस्त्यमुनि) ले यो अमृत जस्तो पशुपति पुराणको कथा बताउनु भयो ती मुनि श्रेष्ठ पुलस्त्यलाई पनि शिरले नमस्कार गर्दछु ॥२॥

यस्य काव्यं समालोक्य पुराणमिदमुद्धृतम् ।
नमोऽस्तु सततं तस्मै व्यासाय च महात्मने ॥ ३ ॥

जसको काव्यको यथार्थ अनुसन्धान गरी, यो पुराण अंश लिइएको छ ती महात्मा व्यासलाइ पनि नित्य नमस्कार गर्दछु ॥३॥

सुत उवाच–

आसुरी सुप्रभानाम नगरी लोकविश्रुता ।
यत्राऽन्धकोऽसुर श्रेष्ठस्तप स्तेपे सुदुष्करम् ॥ ४ ॥

सुतजी भन्नु हुन्छ– सुप्रभा नामक दैत्यहरूको राजधानी लोकमा प्रसिद्ध छ, जहां अन्धक नाम गरेको दैत्यराजले अति दुष्कर तपस्या गरेका थिए ॥४॥

महाश्मशकलैर्यत्र सर्वतः परिकीर्यते ।
पुरा यज्ञं समारेभे यत्र दक्ष प्रजापतिः ॥ ५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन पर्वतमा ठूला ठूला ढुङ्गाहरू सबैतिर खचिखचाउ छन्, जहां पहिले दक्ष प्रजापतिले यज्ञानुष्ठान गर्नु भएको थियो ॥५॥

तीर्थं कनखलं नाम त्रिषु लोकेषु विश्रुतम् ।
तैर्थिकैरसकृद्यत्र सेव्यते स्वर्गकांक्षिभिः ॥ ६ ॥

त्यो कनखल नामको तीर्थ तीनैलोकमा प्रसिद्ध छ, स्वर्गफल चाहने तीर्थयात्रीहरू जहा संधै भर जान्छन् ॥६॥

तत्र भागीरथी तीरे भीष्मो धर्मविदांवरः ।
मुनिमाराधयामास पुलस्त्यं लोक पूजितम् ॥ ७ ॥

त्यहीं भागीरथीको किनार (हरद्वार) मा बसी, धर्म धुरन्धर श्री भीष्मपितामहले लोक पूज्यमुनि श्री पुलस्त्यको आराधना [सेवा सुश्रूषा] गर्नु भयो ॥७॥

ततः कतिपयाहेन समक्षं मुनि पुङ्गवम् ।
ददर्श जान्हवी सूनुर्वरदानार्थ मागतम् ॥ ८ ॥

त्यसपछि (केही दिन बितिसकेपछि) वरदान दिन आफ्ना सामु पाल्नुहुने मुनिश्रेष्ठ पुलस्त्यजीलाई जान्हवी पुत्र (गङ्गा कुमार) श्री भीष्मजीले देख्नु भयो ॥८॥

तत्क्षणादेव सम्प्राप्तं भगवन्तं महामुनिम् ।
प्रणम्य चरणौ मूर्ध्ना वाक्यमाह नृपात्मजः ॥ ९ ॥

त्यसैबखत महामुनिका चरणमा दण्डवत् प्रमाण गरी, राजकुमार भीष्मले यो वाक्य विन्ती गर्नु भयो ॥९॥

राज्ञां वार्थवतां चैव गन्तुं मार्गः प्रवर्तते ।
निर्धनानां तु सत्त्वानां न पश्याम्यमरालयम् ॥ १० ॥

राजाहरूलाई र धनीहरूका लागि त स्वर्ग जाने बाटो छ परन्तु निर्धन प्राणीहरूका लागि त्यी बाटो म देख्दिन ॥१०॥

छेत्तारमिति विज्ञाय संशयानां महामुने ।
अनेनाराधितो भक्त्या त्वं मया शास्त्रकोविदः ॥ ११ ।

हे महामुनि ! हजूरलाई सम्पूर्ण शंकाहरू समाधान गर्ने ठानेर शास्त्रज्ञ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हजूरको आराधना गरेको छु ॥११॥

अविज्ञानान्धकारञ्च मम चित्तनिरोधिनम्।
छेत्तुमर्हसि देवर्षे निर्मलैर्वचनांशुभिः॥ १२ ॥

मेरो चित्तलाई चञ्चल हुन नदिई, एकाग्र पारिदिने र अज्ञान रूपी अन्धकारलाई हटाई दिने वचनरूपी किरणद्वारा शंका समाधान गरिबक्सन हजूर नै योग्य होइबक्सिन्छ ॥१२॥

एवं पृष्टो महाप्राज्ञः पुलस्त्यो भगवान् मुनिः।
व्याजहार शुभं वाक्यं धर्म नित्यं सुसंहितम्॥ १३ ॥

यसरी भक्त भीष्मद्वारा प्रश्न भएपछि महाविद्वान् श्री ऋषिश्रेष्ठ पुलस्त्यजी धर्मसंमत पुण्य वचन आज्ञा गर्न प्रारंभ गर्नु हुन्छ ॥१३॥

पुलस्त्य उवाच–
अस्ति पुत्र महाप्राज्ञ ब्रह्मणा किल भाषितम्।
सर्व पापहरं पुण्यं तीर्थं स्वर्गफलप्रदम्॥ १४ ॥

श्री पुलस्त्य आज्ञा गर्नु हुन्छ– हे पुत्र अर्थात् हे शिष्य अत्यन्त बुद्धिमान् भीष्मजी ! स्वयं ब्रह्माजीबाट आज्ञा भएको, सम्पूर्ण पाप (कायिक–वाचिक र मानसिक आदि) लाई नष्ट गर्ने, पुण्यप्रद र स्वर्गफल दिने, अनेकौं तीर्थहरूको महात्म्य म बताउँदछु ॥१४॥

नैव दानेन तु स्वर्गो वक्ष्यते तत्त्वदर्शिभिः।
विद्यते स्वर्गगमनं तीर्थस्नान फलेन च॥ १५ ॥

दानद्वारा मात्र स्वर्ग जान्इछ भन्ने कुरा तत्त्वदर्शीहरूले कहीं पनि बताउनु भएको छैन किन्तु स्वर्गजानमा त एक मात्र तीर्थ स्नान फल कारण छ ॥१५॥

पर्वतस्य च माहात्म्यं तीर्थस्य च विशेषतः।
श्रूयतां श्रुतिशास्त्राणां पुराणं पुण्यविस्तरम्॥ १६ ॥

पुण्यपर्वतहरूको महात्म्ययुक्त, श्रुति–र स्मृतिद्वारा वर्णित पुण्यहरूलाई विस्तार गरिदिने किम्बा बढाइदिने पुराण [श्रीमत् पशुपति पुराण] सुन्नु. होस् ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मणो वरदानेन सदारो देवपूजितः ।
अपत्यानां शतं लेभे हिमवानचलाधिपः ॥ १७ ॥

ब्रह्माजीको वरदानले देवताहरुद्वारा पनि पूजनीय आपनी गृहिणी सहित पृथ्वीका सम्पूर्ण पर्वतहरूका राजा हिमालयले शय छोरा पाए ॥१७॥

उशीर बीजं प्रथमं तीर्थनामकरो गिरिः ।
उच्छत्रकोऽथ कासुन्द उज्जयन्तस्तथैवच ॥ १८ ॥

चित्र ह्रदः सुह्रदश्च केतुमान् मणिमां तथाः ।
कांभीरश्च सुनाभश्च चक्रनाभस्तथैव च ॥ १९ ॥

गोमांश्च धेनुमांश्चैव व्याघ्रवान् पुष्पकस्तथा ।
गिरिर्वैतरणश्चैव श्यामको वृषभस्तथा ॥ २० ॥

चक्रनेमिः सुनेमिश्च चक्रपर्वत एव च ।
चन्द्रो द्रोणश्च काकन्दः ककन्दः स्कन्द एव च ॥ २१ ॥

कुञ्जश्चैव निकुञ्जश्च मुकुन्दः खण्डकस्तथा ।
शिवकूटः सुवेलश्च पारियात्रस्तथैव च ॥ २२ ॥

मृगेन्द्र शिखरश्चैव चन्दनागिरि रे व च ।
पर्वतो मणिधातुश्च यस्मान मणिमती नदी ॥ २३ ॥

त्यसमध्ये जेठो उशीरबीज, अनि क्रमशः तीर्थनाम, उच्छत्रक, कासुन्द, उज्जयन्त, चित्रह्रद, सुह्रद, केतुमान्, मणिमान्, कांभीर, सुनाभ, चक्रनाभ, गोमान्, धेनुमान्, व्याघ्रवान्, पुष्पक, वैतरण, पर्वत, श्यामक, वृषभ, चक्रनेमि, सुनेमि, चक्रपर्वत, चन्द्र, द्रोण, काकन्द, ककन्द, स्कन्द, कुञ्ज, निकुञ्ज, मुकुन्द, खण्डक, शिवकूट, सुवेल, पारियात्र, मृग्रेन्द्र शिखर, चन्दनागिरि, मणिधातु पर्वत जसबाट मणिमती (मनोहरा- मनरा) नदी निक्लनु भयो ॥१८-२३॥

एतत्प्रभृति शैलानां शतं सिद्धाश्रमं शुभम् ।
मृगेन्द्र शिखरं तावत्कीर्तयिष्यामि सुव्रत ॥ २४ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इत्यादि शय्यौं पर्वतहरुमा अनेकौं सिद्धहरुले आश्रय लिनु भएको छ अर्थात् अनगिन्ती सिद्धका आश्रमहरू त्यस प्रदेशमा छन् (जुन पर्वतमालालाई) हिमालयले पुत्ररूपमा पैदा गर्ने सौभाग्य पाउनुभयो, तीनै पर्वत शिखर मध्ये मृगेन्द्र शिखरको महिमा नै हे सुव्रत (भीष्म) पहिले बताउँदछु ॥२४॥

हिरण्यकशिपुं हत्वा लीलया काम रूपधृक् ।
नरसिंहो मृगो भूत्वा तस्मिन्नद्रौ चचार ह ॥ २५ ॥

हिरण्य कशिपुको वध गरिसकेपछि स्वेच्छया नरसिंहको रूप धारण गर्ने भगवान् विष्णुले जहाँ मृगरूपधारण गरी घुम्नु भएको थियो ॥२५॥

मृग मध्ये प्रधानत्वान्मृगेन्द्र इति कीर्त्यते ।
मृगेन्द्र शिखरो नाम तेनैव विश्रुतो गिरिः ॥ २६ ॥

मृग (वनैया प्राणीहरू) मा प्रधान हुनाले मृगेन्द्र भनिन्छ, यसैबाट नै पर्वतको नाम मृगेन्द्र शिखर प्रसिद्ध भयो ॥२६॥

तस्य मूर्ध्नि मृगोऽद्यापिदृश्यतेऽस्मिञ्छिला तनुः।
शृङ्गाधिरोहणात्तस्य तुष्यते पुरुषोत्तम ॥ २७ ॥

त्यस मृगेन्द्र शिखरमा अहिले पनि शिलामय (ढुङ्गाको) मृग देखिन्छ, जुन पर्वतको शिखरमा पुग्न सके भगवान् (पुरुषोत्तम विष्णु) सन्तुष्ट हुनुहुन्छ ॥२७॥

तस्य प्रस्थं समाश्रित्य सूर्यकेतुर्नराधिपः ।
समानुषेण देहेन सूर्यलोकमवाप्तवान् ॥ २८ ॥

त्यही पर्वतको चुचुरामा विराजमान भै त्यसैको आश्रय लिई, राजा सूर्य केतु मनुष्य शरीरले नै सूर्यलोक गमन गर्न (पुग्न) समर्थ हुनुभयो ॥२८॥

भीष्म उवाचः-

कस्मिन्द्वीपेऽभवच्छ्रीमान् सूर्यकेतुर्नराधिपः ।
कस्योपदेशाच्छैलेन्द्रं हिमवन्तं समाश्रितः ॥ २९ ॥

श्री भीष्मजीले सोध्नुभयोः– हे ज्ञानवान् गुरु ! हे पुलस्त्यजी ! महाराज सूर्यकेतु कुन द्वीपका राजा हुनुहुन्थ्यो ? र कसको उपदेशामृतद्वारा गिरिराज हिमालयको शरणमा आउनु भयो ॥२९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुलस्त्य उवाच-

कृत्वा निष्क्षत्रियां पृथ्वीं भार्गवोऽमितविक्रमः ।
जम्बूद्वीपे ददौ राज्यं स्वादरात्सूर्य केतवे ॥ ३० ॥

यसपछि पुलस्त्यजी आज्ञा गर्नु हुन्छ- अत्यन्त शूर, वीर (रणकुशल) पराक्रमी परशुरामजीले पृथ्वीलाई क्षत्रीय रहित तुल्याई, अत्यन्त आदर सम्मानका साथ जम्बूद्वीपको राज्य सूर्यकेतु राजालाई दिनुभयो ॥३०॥

भुजवीर्येण रामस्य पुत्रवत्परिरक्षितः ।
ररक्ष राज्यं धर्मज्ञो निश्शेषहतकण्टकम् ॥ ३१ ॥

श्री परशुरामको बाहुबलले पुत्र जस्तै सुरक्षित रही, धर्मज्ञराजा सूर्यकेतुले सम्पूर्णराज्य कण्टक (राज्यका द्रोही) हरूलाई राष्ट्रबाटै निकाली दिई राज्यको रक्षा गर्नुभयो ॥३१॥

एतस्मिन्नन्तरे काले नारदो भगवान् मुनिः ।
जगाम गेहं रत्नाढ्य सूर्यकेतोर्महीपतेः ॥ ३२ ॥

यसैबखत (यसैताका) अग्नितुल्य तेजस्वी (षडैश्वर्ययुक्त) श्रीनारदमुनि पनि रत्नै रत्नले खचिखचाउ भएको राजा श्री सूर्यकेतुका दरबारमा जानुभयो ॥३२॥

राजालयं समासाद्य महर्षिः पावकोपमः ।
संपूजितो नरेन्द्रेण निषसाद वरासने ॥ ३३ ॥

राजाको दरबारमा पुगेर ज्ञानले गर्दा अग्नितुल्य प्रकाशमान देवर्षि नारद राजाद्वारा संमानित भै श्रेष्ठ आसनमा विराजमान हुनुभयो ॥३३॥

पृच्छ्यमानो नरेन्द्रेण महर्षिर्धर्मकोविदः ।
कृत्स्नं संश्रावयामास नित्यानित्य विवक्षया ॥ ३४ ॥

राजाबाट यसरी विनम्र भावले सोधिए पछि धर्मज्ञ (ज्ञानवान्) विद्वान् श्री-नारद मुनिले नित्य र अनित्य वस्तुको विस्तृत विवेचनापूर्वक सम्पूर्ण ज्ञान सुनाउनु भयो ॥३४॥

वचनान्ते ततस्तस्यमहर्षेरमितौजसः ।
विष्णुलोकरतो धीमान् भीतः संसारपञ्जरात् ॥ ३५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राज्यधर्मं परित्याज्य भार्गवेऽमितविक्रमे ।
कृतप्रदानः सहसा यथाशक्ति समादरात् ॥ ३६ ॥

भार्याय सहितो राजा मुनिनादिष्टसत्पथः ।
चित्तं निधाय तपसि हिमवन्तं विवेश ह ॥ ३७ ॥

अतिव तेजस्वी महर्षि नारदको वचन सुनी, संसार रूपी पिंजरामा थुनिइ-रहनु पर्ने डरले विष्णुलोक प्राप्ति किम्वा मोक्ष प्राप्तिमा अत्यन्त उत्कंठा (चाहना) युक्त बुद्धिमान् राजा सूर्यकेतुले वर्चस्वी (अत्यन्त उत्साह र पराक्रमपूर्ण) श्री परशुरामजीमा नै राज्य भार सौंपी आफ्नो शक्तिले भेटेसम्म आदर पूर्वक अरू सम्पत्ति पनि दान दिई, श्री महर्षि नारदजीको आज्ञा मुताबिक आफ्नी सहधर्म चारिणी रानी-का साथ सन्मार्गबाट तपस्यामा चित्त लगाई, *शैलाधिराज हिमालयमा प्रवेश गर्नु भयो ॥३५–३७॥

ततः सम्प्राप्तमात्रेण हिमवन्तं नगोत्तमम् ।
अब्रवीदिदृशं वाक्यं नारदो धर्मसंहितम् ॥ ३८ ॥

*ईश्वर विभूति शैलाधिराज हिमालयको शरणमा आउने बित्तिकै श्री नारद मुनिले धर्म संमत–वचन यसप्रकार आज्ञा गर्न लाग्नु भयो ॥३८॥

वाग्वती प्रभवाभ्यासे (शे) बहुपुष्पफलाकुले ।
विष्णोर्विहार शैलेन्द्रे कुरु तत्राश्रमं नृप ॥ ३९ ॥

हे महाराज भगवान् विष्णुको विहार शैलेन्द्रमा अनेक फूल तथा फलले भरिपूर्ण भएको वाग्वतीको मूलको नजीकमा आश्रम बनाउनोस् ॥३९॥

कृत्वा तु वसतिं राजन् वाग्वती प्रभवेगिरौ ।
कालान्तरेण नियतं विष्णुलोकमवाप्स्यसि ॥ ४० ॥

महाराज वाग्वती प्रभव (शिवपुरी) पर्वतमा बसी, कालान्तरमा (पछि गएर) अवश्य विष्णुलोक प्राप्त गर्नु हुने छ ॥४०॥

वयश्चाप्यचलं भूयो राजंस्तव ममाज्ञया ।
इत्युक्त्वा नारदोधीमांस्तत्रैवाऽन्तरधीयत ॥ ४१ ॥

* स्थावराणां हिमालयः, गीता ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे महाराज मेरो आशाले गर्दा तपाईंको आयुर्दा पनि अचल (कसैले डगाउन नसकिने किसिमको) हुनेछ, यति श्रीसूर्यकेतुलाई आज्ञागरी श्रीनारदजी त्यहीँ नै अन्तर्ध्यान (अलप) हुनु भयो ॥४१॥

ततस्तस्य वचः श्रुत्वा महर्षेरमितौजसः ।
गिरेर्मनोरमे प्रस्थे वाग्वती जलशोभिते ॥ ४२ ॥

त्यसपछि अत्यन्त–तेजस्वी महर्षि नारदजीको (कल्याणप्रद) त्यो वचन सुनी, पर्वतको मनोहर चुचुरामा पवित्र वाग्वतीको जलद्वारा अत्यन्त शोभित ॥४२॥

मन्दमारुत विक्षेपनिपतत्कुसुमाकुले ।
नानाविहग सङ्घुष्टेविलसन्मृग सेविते ॥ ४३ ॥

तपो जाप्यपरो भूत्वानारायण परायणः ।
चकार वसतिं तत्र सूर्यकेतुर्नराधिपः ॥ ४४ ॥

मन्द मन्द वायुका कम्पन (हल्लाइ) बाट खसिरहेका फूलहरुद्वारा व्याप्त (ढाकिएको) रङ्गी विरङ्गी चराहरूका अनेक ध्वनि (आवाज) युक्त, भय र शंका रहित भै आनन्दसंग घुम्ने सुन्दर सुन्दर मृगहरूले सेवा गरिएको यस्तो त्यस तपोभूमिमा जप तप तत्पर भै नारायण परायण (निरन्तर नारायणमा चित्त दिने) नरपति श्री सूर्यकेतु त्यहीँ बस्नु भयो ॥४३–४४॥

समानुषेण देहेनविष्णुलोकमवाप्तवान् ॥ ४५ ॥

स्थूल देहद्वारा नै उहांले (सूर्यकेतुले) विष्णुलोक प्राप्त गर्नु भयो अर्थात् उहां जीवनमुक्त स्थितिमा पुग्नुभयो ॥४५॥

भीष्म उवाच-

वाग्वती नाम विख्यातासरित्तस्मिन् समुद्भवा ।
कस्मिन्नवसरे जातातच्च श्रावय तां मुने ॥ ४६ ॥

श्री भीष्मपितामह प्रश्न गर्नु हुन्छ– हे पूज्य गुरुदेव (पुलस्त्यजी ! वाग्वती नामकी नदी त्यस मृगेन्द्र शिखरमा प्रादुर्भाव हुनुभयो । त्यो कुन बेलाको कुरा हो ? सम्पूर्ण कथा सुनाइ–बक्सिबोस् ॥४६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुलस्त्य उवाच–

सहस्रमेकं वर्षाणांप्रह्लादो दैत्य सत्तमः।
रुद्रमाराधयामासपुरा तस्मिञ्छिलोच्चये ॥ ४७ ॥

श्री पुलस्त्य मुनि आज्ञा गर्नु हुन्छ– परा पूर्व कालमा त्यस मृगेन्द्र शिखर पर्वतमा दैत्य श्रेष्ठ प्रल्हादले एक हज्जार वर्षसम्म रुद्रको आराधना गर्नु भयो ॥४७॥

तपः प्रभावान्महतः संन्तुष्टो दितिनन्दनात्।
दृष्ट आत्रेऽतिहर्षेण मुमोच हसनं हरः॥ ४८ ॥

दितिनन्दन श्री प्रल्हादजीको महान् तपस्याको प्रभावले सन्तुष्ट भै भगवान् शिव प्रकट हुनु भयो र अट्टहास (ठूलोस्वरको हाँसो) गर्नु भयो ॥४८॥

हासांशु निकराद्रम्यादेव देवस्य धीमतः।
उत्पपात गिरेर्मूर्ध्नि नदी पुण्यजलाशया॥ ४९ ॥

बुद्धिका अधिष्ठाता (आधार तुल्य) देवाधिदेव श्री महादेवको रमणीय हास्य किरणहरूका समूहबाट पर्वतको टाकुरामा पुण्यमय जलाशय भएको नदी उत्पन्न हुनुभयो ॥४९॥

हरहासांशु सम्भूता फेन प्रस्यन्द वाहिनी।
वचनात्सम्भवो यस्माद् वाग्वतीत्यभिधीयते॥ ५० ॥

शिवजीको हास्य किरणबाट उत्पन्न भै फेन प्रवाह वहाउने उक्त नदी शिव वाक्यबाट प्रकट हुनुभयो। यसकारण उहाँ लोकमा वाग्वती नामले प्रख्यात हुनुहुन्छ ॥५०॥

श्रुत्वा तस्याः पवित्राङ्ग्या समुत्पत्तिं निजालयात्।
सम्प्राप्ता मुनयश्चैव देवाश्च सुमनोजवाः॥ ५१ ॥

यसरी ती पवित्र अङ्गपूर्णा श्री वाग्वतीको उत्पत्ति रहस्य सुनेर आ-आफ्ना आश्रमहरूबाट सिद्धगण, ऋषिवृन्द र देवताहरू मनोजव वेग (मन जस्तै छिटो गति) ले त्यहाँ आउनु भयो ॥५१॥

गन्धर्वयक्ष रक्षांसि नागराजाश्च तत्क्षणात्।
दैत्याश्च दानवाश्चैव कृतपुष्पोपहारकाः॥ ५२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसै अवस्थामा गन्धर्व, यक्ष, राक्षस, नागराज, दैत्य र दानवहरू सब एकत्रित भै पुष्पावली (रंविरङ्का फूलहरू) को उपहार (भेट) लिई, त्यहीं उपस्थितहुनु भयो ॥५२॥

सिद्धाश्चाप्सरसश्चैव-चित्रालङ्कार भूषणाः ।
भूत किन्नर युग्मानिपिशाचा ये च खेचराः ॥ ५३ ॥

सिद्धगण तथा विचित्र अलङ्कारहरूले भूषित अप्सराहरू, भूतगण, किन्नर-गणका दम्पती, पिशाच र आकाशमा घुम्ने (खेचरगण- अर्थात् पक्षी आदिको समूह) त्यहीं आइपुगे ॥५३।

ततोदेवो महादेवः— सर्वभूतपतिः शिवः ।
दृष्टि निधाय दैत्येन्द्रे जगाद वचनं शुभम् ॥ ५४ ॥

त्यसपछि सम्पूर्ण प्राणीहरूका पति कल्याण स्वरूप भगवान् महादेवले प्रह्लादलाई अत्यन्त कृपादृष्टिले हेरिबक्सी पछि आउने अमृतमय शुभ वचन आज्ञा गर्नलाग्नु भयो ॥५४॥

प्रल्हाद त्वयि धर्मज्ञे सुप्रीताः पश्य देवताः ।
दैत्यानाभीदृशं पुण्यमन्येषान्तु न विद्यते ॥ ५५ ॥

धर्मको यथार्थ मर्मज्ञ बाबु प्रह्लाद हेर तिमी माथि सम्पूर्ण देवता प्रसन्न छन्, दैत्यहरूमा यस्तो पुण्य त अरू कसैको पनि छैन ॥५५॥

मम वक्त्रात्समुद्भूता वाग्वती वचनात्क्षितिम् ।
अप्रवेश्याऽसुरैर्भूयात्तपसा तव सुव्रत ॥ ५६ ॥

हे सुव्रत (आफ्नो कठोर नियममा अडिग रहन सक्ने) प्रह्लादजी ! मेरो मुखबाट उत्पन्न भएकी वाग्वती नदी तिम्रो तपोबलले पृथ्वीमा विलीन नहुन् सर्वदा रहिरहुन् ॥५६॥

सैव तीर्थवती श्रेष्ठा लोककामफलप्रदा ।
सेव्या भवतु सर्वेषां मम लोकाभिलाषिणाम् ॥५७॥

तीनै सर्वतीर्थवती (सम्पूर्ण तीर्थयुक्त भएकी) श्रेष्ठ नदी वाग्वती सम्पूर्ण धर्मप्राण समाजको मनोरथ (धर्म, अर्थ, कामर मोक्ष सम्बन्धीइच्छा) पूर्ण गर्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीवाग्वती शिवलोकको इच्छा राख्ने सम्पूर्णका निमित्त सेवनीय (सेवागर्न, स्नान, दान आदि गर्न योग्य) छन् ।।५७।।

योगीश्वरश्च धर्मज्ञ मत्प्रसादाद् भविष्यसि ।
इत्युक्त्वा देव देवेशस्तत्रैवान्तर्दधे स्वयम् ॥ ५८ ॥

हेधर्मज्ञ प्रह्लादजी ! मेरो अनुग्रह (कृपा) द्वारा तिमी योगीश्वर हुनेछौ ।। यति प्रह्लादजीलाई आज्ञा गरी श्रीदेवाधिदेव भगवान् शिव त्यहीं नै अन्तर्ध्यान होइबक्सियो ।।५८।।

देव दैत्यादयोऽन्येऽपि दुद्रुवुर्भवनं स्वकम् ।
प्रल्हादोऽपि महाबाहुरभि प्रेतालयं ययौ ॥ ५९ ॥

त्यहाँ जम्मा हुनु भएका देवताहरू, दैत्यगण, यक्षसमूह र किन्नरगण आदि र अरू सबै पनि आ-आफ्ना लोकहरूमा गए। महापराक्रमी भक्तशिरोमणि प्रह्लादजी पनि आफ्नो दर्बार तिर जानुभयो ।।५९।।

ततो विभात्युज्ज्वलहेममालिनी
मृगेन्द्रशैलोपरि नित्यवर्तिनी ।
समुद्रगा तीरजवृक्षपल्लवै-
र्विमुक्त पुष्पाकुलवीचि वाहिनी ॥ ६० ॥

त्यही अवस्थादेखि नै मृगेन्द्र शिखर पर्वतमाथि नित्यनिरन्तर मूल रूपले रहनु हुने एवं चहकदार उज्ज्वल सुनको जस्तो प्रवाहयुक्त तीर (किनारा) मा उत्पन्न भएका वृक्ष तथा लताहरूको गुल्म (समूह) को र पालुवाहरूको अञ्जलिपूर्ण र अनेकौं तरङ्गले परिपूर्ण श्रीवाग्वती नदी यस धराधाम (पृथ्वी) मा सुशोभित हुनु हुन्छ ।।६०।।

इति वाग्वती प्रशंसायां तीर्थ वर्णने प्रल्हादतपः सिद्धिर्नाम प्रथमोऽध्यायः ।।

यसरी श्री वाग्वती नदीको स्तुतिको सन्दर्भमा तीर्थहरूको वर्णन गर्दै प्रह्लादको तपःसिद्धिनामक पहिलो अध्याय सकियो ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ द्वितीयोऽध्यायः

भीष्म उवाच–

श्रुतास्मिन् पुण्यवाग्वत्याः समुत्पत्तिर्महामुने ।
अनल्पफलदा श्रेष्ठा सर्वपापप्रणाशिनी ॥ १ ॥

केषु केषु प्रदेशेषु तीर्थं तस्याः प्रचक्षते ।
तीर्थस्य च फलं कृत्स्नं श्रोतुमिच्छाम्यहं मुने ॥ २ ॥

भीष्म पितामहले सोध्नु भयो– हे मानमुनि पुलस्त्यजी ! यस मृगेन्द्र शिखर पर्वतमा पुण्यमयी वाग्वतीको उत्पत्ति (प्रकटहुनु) को वर्णन सुने त सम्पूर्ण पापलाई नष्ट गरिदिने अनन्त पुण्यफल मिल्दछ, यी अत्यन्त पवित्र भएकी श्री वाग्वतीको कुन कुन प्रदेशहरूमा विशेष तीर्थ कहिन्छ र ती पुण्यप्रद (अत्यन्त पुण्य दिने) तीर्थहरूको सम्पूर्णफल पनि म सुन्न चाहन्छु ॥१–२ ॥

पुलस्त्य उवाच–

अथातः सम्प्रवक्ष्यामि मूर्ध्नि तस्यैव भूभृतः ।
महाश्मशकलाकीर्णेनानाविहग सेविते ॥ ३ ॥

नाना कुसुम सङ्कीर्णे नानावृक्षोपशोभिते ।
नदी सलिल झङ्कार शब्द संघात पुरिते ॥ ४ ॥

पुलस्त्य ऋषि आज्ञा गर्नु हुन्छ– अब यस पछि ठूला ठूला चट्टानहरूले खचिखचाउ भएको, अनेकौं वृक्ष (रूख, पात र लहरा) हरूले गर्दा अत्यन्त रमणीय (रहर लाग्दो) जातजातका फूलहरूले ढकमक्क भएको, अनेकौं रंग विरंगका चराहरूले सेवा गरिएको अर्थात् नाना प्रकारका चराचुरुङ्गीहरूले सुशोभित भएको, वाग्वतीको जलको झङ् झङ् शब्द संघातले परिपूर्ण भएको मृगेन्द्र शिखर पर्वतको शिखर (चोटी-चुचुरो) मा जहाँकि ठूला ठूला चट्टानहरूबाट पवित्र तीर्थ जल निरन्तर झरिरहन्छन्, तीनै तीर्थहरूको व्याख्यान गर्ने छु अर्थात्-तिनीहरूको महात्म्य बताउने छु ॥३-४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाश्मनः प्रपतितं यत्र तीर्थोदकं शुभम् ।
तीर्थे विष्णु पदे रम्ये विष्णुलोक फलप्रदे ॥ ५ ॥

जहाँ ठूलो चट्टानबाट झरेको पुण्यप्रद तीर्थ जल छ जो कि साधकलाई वष्णुलोक प्राप्ति रूपी फल प्रदान गर्ने अति रमणीय तीर्थ छ जस्मा–॥५॥

चतुर्विंश द्वादशीषु स्नाति यो नियमैर्नरः ।
मानुषं विभवं भुक्त्वाविष्णुलोकं स गच्छति ॥ ६ ॥

वाह १२ महिनासम्म २४ चौबीस द्वादशीहरूमा जुन मनुष्य नियमपूर्वक स्नान गर्दछ, त्यो मनुष्यलोकको वैभव (सम्पत्ति) भोग समाप्त गरी विष्णुलोकमा पुग्दछ ॥६॥

दूरादपि विनिर्दिष्टा फेन प्रस्यन्द बाहिनी ।
विष्णोः पदात्स्रवन्तीति तस्माद्विष्णुपदी मृस्ता ॥ ७ ॥

जो टाढैबाट स्पष्ट देखिने फिंज प्रवाह वहाउने पवित्र (अत्यन्त चोखो जल भएकी) नदी भगवान् विष्णुको पाउबाट निस्कनु हुन्छ, यसैकारण उहाँ भिष्णुपदी (विष्णुमती) नामले लोकमा प्रख्यात हुनुहुन्छ ॥७॥

वाग्वत्या विष्णुपद्याश्च सम्भेदे सत्व सेविते ।
स्नायते विधिना यस्तु सौभाग्यं लभते नरः ॥ ८ ॥

सत्त्वगुणी सज्जन समाजले सदा सर्वदा सेवा गरिएको वाग्वती तथा विष्णुमतीको सङ्गम (दोभान) मा जुन मनुष्य विधिपूर्वक स्नान गर्दछ त्यसले ठूलो पुण्य एवं परम सौभाग्व लाभ गर्दछ ॥८॥

गङ्गा च यमुना चैव तथा देवी सरस्वती ।
तत्र गच्छन्ति पञ्चम्यां तस्मात् पञ्चनदी स्मृता ॥ ९ ॥

गङ्गा, यमुना तथा देवी सरस्वती यी तीनै पुण्य दायिनी नदीहरू पञ्चमी तिथिमा त्यस पवित्र संगममा जानुहुन्छ। यस कारण पञ्चमी तिथिमा उहाँको नाम पञ्चनदी हुन्छ ॥९॥

अथातः सम्प्रवक्ष्यामि दर्यान्तस्यैव भूभृतः ।
इन्द्रमार्गमिति ख्यातं तीर्थमिन्द्रेण कल्पितम् ॥ १० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब यस पछि त्यही मृगेन्द्र शिखरको गुफामा इन्द्रले बनाएको हुँदा इन्द्र मार्ग नामबाट प्रख्यात तीर्थको वर्णन गर्नेछु ॥१०॥

अस्मिंस्तीर्थ वरे पुण्ये विधिना स्नायते तु यः ।
मोदते चाप्सरोभिश्च परत्र स्वस्तिकामुकः ॥ ११ ॥

यो श्रेष्ठतम था अत्यन्त पुण्यप्रद तीर्थमा आफ्नो कल्याणचाहने जुन मनुष्यले विधिपूर्वक स्नान गर्ला, त्यो पुण्यात्मा परलोक (स्वर्गलोक) मा अप्सराहरूकासाथ आनन्द पूर्वक रमाएर बस्न पाउँदछ ॥११॥

दिव्याप्सरोभिः संसेव्या फेनालिनि करोज्ज्वला ।
इन्द्र मार्गात्स्रवन्तीति चेन्द्र मार्गेति विश्रुता ॥ १२ ॥

जो दिव्य अप्सराहरूद्वारा सेवनीय (सेवायोग्य) हुनु हुन्छ, जो सुन्दर फेन पंक्तिका समूहले उज्ज्वल हुनुहुन्छ र इन्द्र मार्गबाट बग्नु हुन्छ, यसकारण उहाँ इन्द्रमार्गा कहिनु हुन्छ ॥१२॥

वाग्वत्या इन्द्रमार्गायाः सम्भेदे सत्त्वसेविते ।
स्नायते विधिना योऽयमिन्द्रलोकं स गच्छति ॥ १३ ॥

वाग्वती र इन्द्रमार्गाको धेरै प्राणीहरूले सेवा गरिएको सङ्गममा जो व्यक्ति विधिपूर्वक स्नान गर्दछ त्यो पुण्यात्मा इन्द्रलोकमा सहजैसँग पुगिहाल्दछ ॥१३॥

ततो मणिमती नाम सरिद्रुद्रशिरोभवा ।
तस्याश्च प्रभवं तीर्थं प्रवक्ष्यामि प्रकामदम् ॥ १४ ॥

यसपछि रुद्रको शिरबाट उत्पन्न हुनु भएकी मणिमती (मनोहरा–मनरा) नामकी नदीमा रहनु हुने प्रभव तीर्थको वर्णन गर्नेछु ॥१४॥

मणिधातुनगोत्सङ्गे तीर्थे मणिशिलान्तरे ।
स्नायते विधिना यस्तु कामसिद्धिमवाप्नुयात् ॥ १५ ॥

यस्तै मणि धातु नामक पर्वतको काखमा सुशोभित मणिशिला नामक तीर्थमा जो स्नान गर्दछ, त्यस साधकको सम्पूर्ण मनोरथ (धर्म, अर्थ, काम र मोक्ष सम्बन्धी इच्छा) पूर्ण हुन्छ ॥१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मणिना कल्पितं लिङ्गं मणिलिङ्गमिति स्मृतम् ।
चूडामणेः स्रवन्तीति तस्मान्मणिमती स्मृता ।। १६ ।।

मणिले बनाएको लिङ्गलाई मणिलिङ्ग भन्दछन् । त्यसैको चूडामणि (शिरोमणि) बाट बग्ने हुनाले यी पुण्यप्रद नदी मणिमती कहिनु भएको छ ।।१६।।

वाग्वत्या मणिमत्याश्च सङ्गमे सत्वसेविते ।
स्नायते विधिना यस्तु सर्वकाममवाप्नुयात् ।। १७ ।।

सात्त्विक धर्मात्माहरू र विभिन्न जलजन्तुहरूले समेत सेवागरिएको वाग्वती र मणिमतीको सङ्गममा (दोभानमा) जुन पुण्यात्मा साधक विधिपूर्वक स्नान गर्दछ, त्यस साधक पुरुषको सम्पूर्णकामना परिपूर्ण हुन्छन् ।।१७।।

सम्भेदेऽस्यास्तदभ्याशे स्रोतस्यूर्ध्वं विनिस्सृते ।
रुद्रधारा जलं नाम तीर्थमस्ति प्रकामदम् ।। १८ ।।

यस वाग्वती र श्री मणिमती (मनराको संगम तीर्थको समीपमा उर्ध्वगामी माम्तिर फोहरा छुट्ने) स्रोत (प्रवाह) मा रुद्रधारा जल नामक अतिव पवित्र साधकको धर्म-अर्थ र काम सम्बन्धी सम्पूर्ण इच्छा पूर्ण गरिदिने तीर्थ छ ।।१८।।

स्फटिकाक्षावली तुल्य जलबुद्बुदमालिनम् ।
रुद्रधारोदयं दृष्ट्वा सर्वपापैर्विमुच्यते ।। १९ ।।

स्फटिक मालातुल्य जल बुद्बुद् माला भएको रुद्रधारोदय तीर्थलाई दर्शन गरेपछि मनुष्य सम्पूर्ण पाप (अर्थात् शरीर, वचन र मनले गरेको अपराध) बाट मुक्त हुन्छ ।।१९।।

अस्मिंस्तीर्थवरे पुण्ये विधिना स्नायते तु यः ।
विमानेनार्क वर्णेन रुद्रलोकं स गच्छति ।। २० ।।

त्यस उत्तम पुण्यतीर्थमा जो विधिपूर्वक स्नान गर्दछ, सो पुण्यात्मा साधक सूर्यतुल्य चम्किलो विमानमा वसी, रुद्रलोकमा पुग्दछ ।।२०।।

कृष्णाष्टम्यां चतुर्दश्यां पञ्चदश्यां विशेषतः ।
स्नातव्यं विधिना नित्यं रुद्रलोक फलार्थिभिः ।। २१ ।।

रुद्रलोकको कामना (इच्छा) लिने साधक पुण्यात्माले विशेषतः हरेक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृष्णपक्षको अष्टमी, चतुर्दशी, औंशी र शुक्ल पक्षको पूर्णिमाका दिन विधिपूर्वक यस पुण्यतीर्थमा स्नान गर्नु उचित छ ॥२१॥

सुतो विश्रवसः श्रीमान् राक्षसोऽथ विभीषणः ।
स्वपितुः शासनात्तत्र तप उग्रं चकार ह ॥ २२ ॥

विश्रवाका छोरा पुण्यात्मा राक्षसकुल भूषण श्रीविभीषणले पनि आफ्ना पिताको आज्ञा अनुसार त्यही नै तीर्थमा उग्र तपस्या गर्नु भएको थियो ॥२२॥

भीष्म उवाच–

धर्मशीलेन धीरेण पितुः शासनवर्त्तिना ।
कस्यो पदेशाद्वे वर्षे ! तपस्तस्मिन्ननुष्ठितम् ॥ २३ ॥

त्यसपछि श्री भीष्मपितामहले सोध्नुभयो– हे परमर्षि ऋषिश्रेष्ठ पुलस्त्यजी ! पितृ आज्ञापरायण (पितृ आज्ञाकारी) धर्मात्मा र धैर्य धारी श्री विभीषणले कसको उपदेशबाट त्यस पुण्य तीर्थमा तपस्याको अनुष्ठान गर्नु भयो ॥२३॥

पुलस्त्य उवाच–

पुरा लङ्कापुरीं त्यक्त्वा धर्मशीलो विभीषणः ।
गोकर्णारण्यकं रम्यं प्राप्तवान् पितुरालयम् ॥ २४ ॥

यो प्रश्न पछि ऋषि पुलस्त्यजी वृतान्त वर्णन गर्नु हुन्छ । परापूर्व कालमा धर्मात्मा विभीषण लङ्कापुरी छोडी, अत्यन्त रमणीय गोकर्णको उपवनमा रहेको पिता (बाबु) विश्रवाको आश्रममा आउनु भयो ॥२४॥

प्राप्त मात्रस्तु धर्मज्ञो ज्वलन्तं तपसः श्रिया ।
प्रणम्य पितरं मूर्ध्ना निषसाद कुशासने ॥ २५ ॥

त्यहाँ आइपुग्ने वित्तिकै धर्मात्मा विभीषणले तपस्याको शोभाले अत्यन्त तेजस्वी आफ्ना पितालाई शिरले प्रणाम गरी, कुशासनमा बस्नु भयो ॥२५॥

ततश्चित्त गतं ज्ञात्वा पुत्रस्याक्लिष्टकर्मणः ।
व्याजहार शुभं वाक्यं विश्रवा मुनिपुङ्गवः ॥ २६ ॥

त्यस पछि कल्याण कार्यमा संलग्न आफ्ना छोरा (विभीषण) को भित्री आसय (मुराद) बुझी, मुनिश्रेष्ठ विश्रवाले प्रेम तथा वात्सल्यपूर्ण भावनाले भन्नु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भयो ॥२६॥

विश्रवा उवाच–

ज्ञातं वै तव धर्मज्ञ यतः कार्यादिहागतः।
विना न तपसा पुत्र सिध्यन्ते कार्य सम्पदः॥ २७ ॥

विश्रवा भन्नु हुन्छ– हे धर्मको यथार्थ रहस्य बुझ्ने बाबु छोरा विभीषण तिम्रो यहाँ आउनाको मतलब मैले बुझें तदपि हे बाबु तपस्याविना कुनै पनि कार्य सम्पत्तिको प्राप्ति संभव हुन सक्दैन ॥२७॥

रम्ये हिमवतः कुक्षौ सुरसिद्धनिषेविते।
महादेव मुखोद्भूता वाग्वती सरिदुत्तमा॥ २८ ॥

यस कारण हिमालयको रमणीय काखमा सिद्धगण र देवगण आदि जहाँ निवास गर्दछन्, त्यहीं नै भगवान् शिवको मुखारविन्दबाट उत्पन्न हुनु भएकी श्रेष्ठ नदी वाग्वती हुनुहुन्छ ॥२८॥

रम्या मणिमती चैव चूडामणि समुद्भवा।
तयोस्तुसङ्गमाभ्याशे स्रोतस्यूर्ध्वं विनिस्सृतम्॥ २९ ॥

रुद्रधाराजलं पुण्यं तीर्थमस्ति प्रकामदम्।
जलं पातालगङ्गाया रुद्र पादार्घ निस्सृतम्॥ ३० ॥

यस्तै भगवान् शिवकै चूडामणिबाट उत्पन्न हुनु भएकी रमणीय मणिमती (मनरा) पनि हुनुहुन्छ। यी दुवै नदीको दोभान समीप (नजीक) मै ऊर्ध्व प्रवाह (मास्तिर फोहोरा छुट्ने) रुद्रधारा जो भक्तहरूको सम्पूर्ण मनोरथलाई परिपूर्ण गर्दिनु हुन्छ यस्तो पवित्रतम (ज्यादै पवित्र) पुण्य तीर्थ विराजमान हुनु हुन्छ जो कि पाताल गङ्गाको जल भगवान् श्रीरुद्रको चरणोदक नै त्यसरी ऊर्ध्वगामी भै निक्लिइरहेको हो ॥२९–३०॥

पवित्रं परमं तीर्थं सर्वकामफलप्रदम्।
उग्रं तपस्तत्र गत्वा क्रियतां नियमेन वै॥ ३१ ॥

धर्म, अर्थ, काम र मोक्ष सम्बन्धी सम्पूर्ण इच्छा परिपूर्ण पारि दिने यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परम पवित्र तीर्थ हो। त्यहीं गई तिमी * यम,– नियम पूर्वक उग्र (ठूलो) तपस्या गर ॥३१॥

विनिगृह्येन्द्रियग्रामं मन्त्रजाप परो भव।
ततस्तस्य वचः श्रुत्वा पितुर्धर्मभृतां वरः॥ ३२ ॥

प्रययौ जवमास्थाय हिमवन्तं विभीषणः।
प्राप्त मात्रेण धर्मज्ञो रुद्रधारोदयं शुभम्॥ ३३ ॥

निमज्य वाग्वतीतोये चकारोग्रतरं तपः।
दिनान्तरेण केनापि कीर्तिमान् पुण्यवत्सलः॥ ३४ ॥

सम्पूर्ण इन्द्रियहरूलाई जिती, मन्त्र जपमा जुट। त्यसपछि पिताको वचन सुनी, धर्मात्माहरूमा श्रेष्ठ विभीषण अत्यन्त वेगले हिमालय तिर जानु भयो र धर्मको रहस्य बुझ्ने श्रीविभीषणजी श्रीरुद्रधारोदयमा पुग्ने बित्तिकै अति प्रचण्ड तपस्या गर्न लाग्नुभयो। वाग्वतीको पानीमा भित्रैदेखि डुबी उग्र तपस्या श्रीविभीषणले गर्नु भएको थाहा पाई केही दिन पछि पुण्यात्माहरूमा अति प्रेम गर्ने प्रख्यातनामा– ॥३२-३४॥

आगत्यविश्रवास्तत्र प्रावदत्साधु साध्विति।
पुत्रं जले स्थितं दृष्ट्वा वेपमानं मुहुर्मुहुः॥ ३५ ॥

विश्रवा मुनि पाल्नु भै छोरालाई पानीमा पसी बारंबार काँप्तै रहेको देख्नु भै 'साधु साधु' (धन्य धन्य) भनी, धन्यवाद दिनु भयो ॥३५॥

विश्रवा उवाच–

व्याजहार शुभं वाक्यं विश्रवा मुनिपुङ्गवः।
एह्येहि पुत्र धर्मज्ञ सिद्धं कार्यं त्वदीहितम्॥ ३६ ॥

त्यस पछि विश्रवा मुनि भन्नु हुन्छ– हे धर्मात्मा बाबु विभीषण पुत्र! तिम्रो मनोरथ (इच्छा) पूर्ण भयो ॥३६॥

---

* "अहिंसा सत्यास्तेय ब्रह्मचर्यापरिग्रहा यमाः
शौच सन्तोष तपःस्वाध्याये स्वरप्रणिधानानि नियमाः"

–योगसूत्र साधनपाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनेन तपसा व्यक्तं लोकपालो भविष्यसि।
इत्युक्त्वा स्वाश्रमं निन्ये पुत्रं पुत्रवतां वरः॥ ३७॥

रम्यं मुनिजनाकीर्णं नाना कुसुम पादपम्।
ततः स्वस्थमना भूत्वा निवृत्तात्म प्रयोजनः॥ ३८॥

रामायणं भविष्यन् स श्रावयामास सादरात्।
कालेन महता तेन तपसा समुपार्जिताम्॥ ३९॥

प्राददावात्मपुत्राय गदां शर निवारिणीम्॥ १/२॥

यस पुण्यप्रद तपस्याको प्रभावबाट निश्चयनै लोकपाल (राजा) बन्ने छौ। यति आज्ञा गर्नु भै पुत्रवान्मा श्रेष्ठ अर्थात् श्रेष्ठ पुत्रयुक्त विश्रवाले छोरालाई आफ्नो सुन्दर एवं अनेकौं ऋषिहरूले परिपूर्ण नाना जातका फूल र वृक्षहरूले शोभित आश्रममा ल्याउनु भै, नित्य कर्महरू सम्पूर्ण समाप्त गर्नु भै अत्यन्त पवित्र दिलले बडो श्रद्धा र आदरपूर्वक पछि हुने रामायण कथा सुनाउनु भयो। यस पछि धेरै कालको तपस्याद्वारा उपार्जन गरिएको शत्रुद्वारा प्रहार भएका अनेकौं शस्त्रास्त्र बाण र खड्ग आदिको प्रहारलाई रोक्ने गदा (अस्त्र विशेष) आफ्नो पुत्र विभीषणलाई दिनु भयो ॥३७—३९$\frac{1}{2}$॥

ततः पितुर्वाक्यविबुद्धमानसो
गदां गृहीत्वा शरवारणाह्वयाम्।
मनोरमां काञ्चन हर्म्यमालिनीं
विवेश लङ्कानगरीं विभीषणः॥ ४०॥

त्यस पछि आफ्ना पिता श्रीविश्रवाको त्यो उक्तिद्वारा प्रसन्न चित्त हुनु हुने श्रीविभीषणजी शरवारण नामक गदा लिई, अलौकिक शोभाले झकिझकाउ भै सुनै सुनको परखाल (क्याम्पा) वारिएको आफ्नो निवास भूमि श्रीलंकामा प्रवेश गर्नु भयो ॥४०॥

इति श्री वाग्वतीप्रशंसायां विभीषणास्त्रसिद्धिर्नाम द्वितीयोऽध्यायः।

यसरी श्री वाग्वती प्रशंसाको प्रसंगमा विभीषणास्त्रसिद्धि नामको दोस्रो अध्याय सकियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तृतीयोऽध्यायः

भीष्म उवाच–

माहात्म्यं रुद्रधारायाः श्रुतं स्वर्गफलप्रदम् ।
अथान्यच्छ्रोतुमिच्छामि तीर्थं कामफलप्रदम् ॥ १ ॥

भीष्म भन्नु हुन्छ– स्वर्ग फलदिने रुद्रधारातीर्थको महात्म्य त सुनें अब इच्छामुताबिक फल दिने अरू तीर्थहरूको पनि महात्म्य म सुन्न चाहन्छु ॥१॥

पुलस्त्य उवाच-

अत ऊर्ध्वं प्रवक्ष्यामि चैल गङ्गा समुद्भवम् ।
प्रकामफलदं पुण्यं तीर्थं पापप्रणाशनम् ॥ २ ॥

पुलस्त्य भन्नु हुन्छ– हे भीष्मजी ! अब यसभन्दा पछि चैल गङ्गाबाट उत्पन्न तीर्थको वर्णनगर्ने छु जो अत्यन्त पवित्र पापनाशक तथा प्रशस्त (धेरै नै) पुण्य फल दिने छ ॥२॥

विष्णोर्भगवतो भीष्म धृत वाराह रूपिणः ।
चैलान्निपतितत्वं तु चैल गङ्गेति विश्रुता ॥ ३ ॥

हे भीष्मजी ! वराहरूपधारी भगवान् विष्णुको चैल (कपडा) बाट निस्किनुभएकी हुनाले नै उहाँ चैल गङ्गा नामबाट प्रसिद्ध (प्रख्यात) हुनु भयो ॥३॥

वाग्वत्या श्चैल गङ्गायाः सम्भेदे सत्त्वसङ्गमे ।
दशगङ्गा जल स्नानं पुण्यं स लभते नरः ॥ ४ ॥

पवित्र चैल गङ्गा र वाग्वतीको दोभानमा स्नान गर्ने साधक (मनुष्य) ले दशौटा गङ्गा स्नानको फल पाउदछ ॥४॥

अत ऊर्ध्वं प्रवक्ष्यामि वाग्वती भेद पर्वतम् ।
प्रकाम फलदं पुण्यं गोकर्णेन कृताश्रमम् ॥ ५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसभन्दा पछि म वाग्वती भेद पर्वत (जुन पर्वतलाई वाग्वतीले दुई फयाकमा छुट्याएको छ को महात्म्य बताउनेछु, अनन्त पुण्य फल दिने जुन तीर्थमा गोकर्णले आश्रम बनाउनु भएको थियो ॥५॥

अमोघे सलिलोद्भेदे वाग्वत्यां स्नायते तु यः।
अमोघं व्रजते लोकं तीर्थ सेवी नरोत्तमः ॥ ६ ॥

पुण्य फल कहिल्यै निष्फल नहुने तीर्थ (अमोघ तीर्थ वाग्वती) मा जुन मनुष्य स्नान गर्दछ त्यो तीर्थसेवी पुरुष श्रेष्ठ व्यक्ति अमोघ लोकमा जान्छ अर्थात् क्रमक्रमले पुण्य संचयन गरी ज्ञान प्राप्त गर्दछ ॥६॥

अमोघे वाग्वती तीरे विधिना नियमेन च।
तिथौ कृष्ण चतुर्दश्यां वास्तव्यं तीर्थ-सेविना ॥ ७ ॥

वाग्वती तटमा विद्यमान अमोघ तीर्थमा विधिपूर्वक नियमले कृष्णपक्षको चतुर्दशी तिथिमा तीर्थ सेवी महात्माले वास बस्नु पर्दछ ॥७॥

एकरात्रोषितो भूत्वा तत्रैव नियमेन वै।
अर्चयेत् क्षेत्रजं लिङ्गं तीर्थ सेवी प्रयत्नतः ॥ ८ ॥

त्यही नै एकरात उपवास बसी, नियमपूर्वक तीर्थसेवीले बडो श्रद्धासंग क्षेत्रज लिङ्गको पूजा गरोस् ॥८॥

पितृन् सन्तर्पयेद्यस्तु तीर्थ सेवी प्रयत्नतः।
कुलं तारयते सर्वं- दश पूर्वान् दशापरान् ॥ ९ ॥

जुन तीर्थ यात्री यहां विधिपूर्वक पितृहरूलाई तर्पण गर्दछ, त्यसले दश पुस्ता पहिलेका र दशपुस्ता पछिका पितृहरूलाई तारी, सम्पूर्ण वंश (कुल)लाई उद्धार गर्दछ ॥९॥

एकं यो भोजयेद् विप्रं सहस्रं भोजितं भवेत्।
एकां यः कपिलां दद्याद् गो सहस्र प्रदो भवेत् ॥ १० ॥

त्यस तीर्थमा एकमात्र ब्राह्मणलाई भोजन गराउने व्यक्तिले पनि हज्जारौं ब्राह्मण भोजनको फल पाउँदछ, त्यस्तै एउटी कैली गाई दान गर्नाले सहस्र (हज्जारौं) गाई दानको फल प्राप्त गर्दछ ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देह मुत्सृजते यस्तु कन्दरान्तर्नदी जले।
अप्सरोभिः सह स्वच्छं स्वर्गलोकं स गच्छति ॥ ११ ॥

यस पवित्र पर्वतको ककारा भित्र रहेको नदी जलमा जो देह त्याग गर्दछ, त्यो साधक स्वेच्छापूर्वक अप्सराहरूका साथ स्वर्गलोकमा रमाउन पाउँदछ ॥११॥

महाश्म जालाचित चारुकन्दरा-
न्नदीजला स्फालन शब्द नादितात्।
विलोक्य मानादपि तीर्थ सत्तमा-
द्विमुक्तपापो भवतीह तीर्थिकः ॥ १२ ॥

ठूला ठूला ढुङ्गाहरूले खचिखचाउ भएको, सुन्दराऽऽकृति कन्दराले विशेष सुशोभित, त्यसमा नदीको जलमा ठक्कर खानाले मधुर ध्वनि गुञ्जित हुने यस उत्तर तीर्थको दर्शन मात्रले नै तीर्थयात्रीहरू पाप मुक्त बन्दछन् ॥१२॥

इतिश्री वाग्वतीप्रशंसायां तीर्थवर्णनेऽमोघशैलादि वर्णनं नाम तृतीयोऽध्यायः ॥

यसरी श्री वाग्वती प्रशंसामा तीर्थ वर्णनको प्रशंगमा अमोघ शैलादि वर्णन नामको तेस्रो अध्याय सकियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ चतुर्थोऽध्यायः

पुलस्त्य उवाच–

अत ऊर्ध्वं प्रवक्ष्यामि वाग्वतीद्वार मुत्तमम्।
महानागालयं रम्यं महाश्मशकलालयम्॥ १॥

नानावृक्षलताकीर्णं नानापुष्पोपशोभितम्।
नानाविहग सङ्घुष्टंनानाषट्पद नादितम्॥ २॥

सरित्सलिलझङ्कार शब्द संघात भीषणम्।
क्रीडास्थानं महागौर्या महातीर्थ फलप्रदम्॥ ३॥

नागाङ्गनाभिर्यक्षीभि रासुरीभिस्तथैव च।
देव्याः प्रसादनार्थेन सेव्यते यत्र वाग्वती॥ ४॥

पुलस्त्य आज्ञा गर्नु हुन्छ-यहाँ भन्दा माथिको प्रशंगमा उत्तम वाग्वती द्वारको (वाग्द्वारको) वर्णन गर्नेछु जो ठूला ठूला नागहरूको निवासस्थानको रूपमा रहेको छ, जो अत्यन्त सुन्दर र ठूला ठूला ढुङ्गाहरूले चिनिएको (अर्थात् ढुङ्गाहरू ओच्छयाइएको) अनेकौं किसिमका रुख र लहराहरूले जताततै ढाकिएको यस्तै नाना प्रकारका फूलहरूले सुशोभित, अनेकौं पक्षीहरूले कलरव (सुन्दर आवाज) गरिएको, अनेक किसिमका भमराका बथानले गुञ्जायमान भइरहेको, नदीको जलको झर झर र झन् झन् आवाजले केही भयभीत तुल्याउने खालको र जो फेरि महागौरी (श्रीपार्वती) को क्रीडा भूमिको रूपमा रहेकोछ; ठूला ठूला तीर्थको स्नानबाट मिल्ने पुण्य यस तीर्थको स्नानले सहजै मिल्दछ। जुन ठाउँमा भगवती श्रीगौरीलाई प्रसन्न तुल्याउने लक्ष्य लिई, नागपत्नीहरू, यक्षिणी, किन्नरी, गन्धर्व रमणी, असुर रमणी (स्त्री) हरू इत्यादि अनेकौं तीर्थ उपासनामा संलग्न साधक-हरूद्वारा श्री वाग्वती उपासित (सेवा गरिनु भएकी) हुनु हुन्छ॥१-४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिश्रकेशी घृताची चालम्वुषा बुद्बुदा तथा ।
क्रतुस्थला च रम्भा च मेनका पुञ्जिकस्थला ॥ ५ ॥

जहाँनिर श्री वाग्वती प्रकट हुनु भएको छ त्यहीँ मिश्रकेशी, घृताची, अलम्बुषा, बुद्बुदा, क्रतुस्थला, रम्भा, मेनका, पुञ्जिकस्थला र– ॥५॥

अन्याश्चाप्सरसः सर्वादेव्याराधन तत्पराः ।
सेवन्ते क्रीडनार्थेन वाग्वती यत्र निर्गताः ॥ ६ ॥

अरू सम्पूर्ण (सबै) अप्सराहरू श्रीभगवती महागौरीको आराधनामा तत्पर भै क्रीडा (खेल) गर्दछन् ॥६॥

कुम्भयोनेरगस्त्यस्य तीर्थं तत्र प्रकासदम् ।
ह्रदोऽनन्तस्य नागस्य तत्र तीर्थं प्रकामदम् ॥ ७ ॥

त्यही नै साधकको धर्म, अर्थ, काम र मोक्ष सम्बन्धी सम्पूर्ण मनोरथ (इच्छा)परिपूर्ण पारिदिने अगस्त्य तीर्थ र अनन्त नाग विराजमान हुनु भएको सम्पूर्ण इच्छा पूर्ण गरिदिने तीर्थराज पनि हुनुहुन्छ ॥७॥

तीर्थिकै रसकृज्जुष्टं प्रकाम फलदं शुभम् ।
उमा तीर्थमिति ख्यातं तीर्थं तत्रैव दृश्यते ॥ ८ ॥

अनन्त पुण्यफल प्रदान गर्ने प्रख्यात उमातीर्थ पनि त्यहीँ नै दर्शन हुन्छ जुन शुभ तीर्थमा तीर्थयात्रीहरू बारंबार जान्छन् ॥८॥

अनन्त तीर्थमासाद्य स्नायते यस्तु मानवः ।
अनन्तभुवने रम्ये मोदते नागिनीगणैः ॥ ९ ॥

जुन साधक अनन्त तीर्थमा गई स्नान गर्दछ त्यो साधक नागिनी गणहरूका साथ अनन्तलोकमा गई आनन्दको भोग सम्पादन गर्दछ ॥९॥

अगस्त्यतीर्थमासाद्य स्नायते यस्तु मानवः ।
मोदते मुनिकन्याभिरगस्त्य भवने शुभे ॥ १० ॥

उमातीर्थं समासाद्य स्नायते यस्तु मानवः ।
स्त्रीषु सौभाग्य माप्नोति स्त्री च पुंसि न संशयः ॥ ११ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन मनुष्य अगस्त्य तीर्थमा गई, स्नान, दान र उपवास आदि शुभ कार्य सम्पादन गर्दछ त्यो साधक सद्भक्तिमती मुनि कन्याहरूका साथ ऋषिराज अगस्त्यजीको पुण्य निवासस्थान (जो अतिव सुन्दर छ) मा रही, शुभ (पुण्यप्रद कार्यहरूद्वारा) कर्म सम्पादन गर्दै आनन्दका साथ सुख सम्पत्तिको भोग गर्दछ। यस्तै जुन साधक उमा तीर्थमा गई स्नान गर्दछ, त्यसले सौभाग्यशालिनी नारीलाई आफ्नी स्त्रीका रूपमा प्राप्त गर्दछ। यही रीतले स्त्रीले स्नान गरे मनोनुकूलमन इच्छा माफिकको श्रेष्ठ पति प्राप्त गर्दछिन्। यसमा कुनै शंका छैन ॥१०-११॥

कृतोत्थानात्पवित्राङ्ग्या भूमिः साऽतिमनोरमा।
सौन्दर्येणैव वाग्वत्याः सुन्दरीत्यभिधीयते ॥ १२ ॥

अत्यन्त पवित्र अङ्ग (शरीर) हुनु भएकी श्रीवाग्वतीको प्रादुर्भावबाट यी भूमि (पृथ्वी) अत्यन्त सुन्दरी हुनुहुन्छ, श्रीवाग्वतीको सौन्दर्यबाट नै उहाँ (पृथ्वी) सुन्दरी भनिनु भएको हो ॥१२॥

अत ऊर्ध्वं प्रवक्ष्यामि विमलाम्बुद चुम्बितम्।
वाग्वती प्रभवं पुण्यं सुरासुरनिषेवितम् ॥ १३ ॥

यहाँभन्दा माथि विमल (स्वच्छ) मेघद्वारा चुम्बित (चुम्बन गरिएको, अर्थात् मेघद्वारा स्पर्श भए जस्तो देखिने) पुण्यात्मा देवताहरू र दानवगणहरूले समेत सेवा गरिएको वाग्वती प्रभव तीर्थको वर्णन गर्ने छु ॥१३॥

देव दानव गन्धर्व यक्षराक्षस साधुभिः।
उपस्पृष्ट जले पुण्ये रुद्रलोक फलार्थिभिः ॥ १४ ॥

वाग्वती प्रभवे तीर्थे स्नायते यस्तु मानवः।
काञ्चनेन विमानेन रुद्रलोकं स गच्छति ॥ १५ ॥

रुद्रलोक फल चाहने देवता, दानव, गन्धर्व, यक्ष, राक्षस आदि समाजका साधु सन्त (साधुगण) द्वारा स्नान आचमन आदि शुभकार्य सम्पादन गरिनु भएकी यस्ती पुण्यप्रद वाग्वती प्रभव तीर्थमा जो स्नान गर्दछ, त्यो व्यक्ति सुवर्णमय विमानमा बसी रुद्रलोकमा पुग्न समर्थ हुन्छ ॥१४-१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महामृगाध्यासित श्रृङ्गशालिनः
प्ररुह्यमानादपि पर्वतोत्तमात् ।
विमुक्तपापो भवतेऽभिषेकवः
कृताभिषेकाः किमु वाग्वती जलात् ।। १६ ।।

महामृग (नरसिंह भगवान्) द्वारा निवास गरिएको, ऊँचो पर्वत शिखर (टाकुरा) ले गर्दा अत्यन्त सुन्दर उत्तर दिशामा रहेको (मृगेन्द्र शिखर) चढनाले (आरोहणबाट) मात्र तीर्थ यात्री पापबाट मुक्त हुन्छ भने वाग्वतीको जलमा स्नान (अभिषेक) आचमन आदि गरिसके पछि त भन्नु नै के पर्‍यो र? अर्थात् निःसन्देह त्यो साधक मुक्त हुन्छ, हुन्छ यो ध्रुव सत्य हो ।।१६।।

इतिश्री वाग्वती प्रभवः तीर्थ वर्णनं नाम चतुर्थोऽध्यायः ।

यसरी वाग्वती प्रभव तीर्थ वर्णन नामको चारौं अध्याय यहीँ सिध्दियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ पञ्चमोऽध्यायः

पुलस्त्य उवाच–

वर्णाधर्मेषु सर्वेषु सत्त्वेष्वश्राद्धिकेषु च ।
नाख्यातव्यमिदं पुण्यं पुराणं पापबुद्धिषु ॥ १ ॥

पुलस्त्य आज्ञा गर्नु हुन्छ– संसारमा रहेका तल्लातहका वर्ण (जात) लाई, त्यसै श्रद्धारहित व्यक्तिलाई र दुष्टबुद्धि (दुर्बुद्धियुक्त) व्यक्तिलाई यो पुण्यप्रद (अत्यन्त पुण्यदिने) पुराण (श्रीमत् पशुपति पुराण) व्याख्या गर्नु हुँदैन ॥१॥

ब्राह्मणेभ्यश्च वैश्येभ्यः क्षत्रियेभ्यस्तथैव च ।
वर्णोत्कर्षक शूद्रेभ्य स्तीर्थयात्रा प्रचक्ष्यते ॥ २ ॥

ब्राह्मण, क्षत्रीय (क्षेत्री), वैश्य वर्णोत्कर्षक (आफ्नो संस्कारलाई विशेष सुधार्न चाहने) शूद्रहरूलाइ पनि तीर्थ यात्राको कथा भन्नु उचित देखिन्छ ॥२॥

तस्मात्सत्कृत्य यत्नेन व्याख्यातव्यं शुभार्थिना ।
ब्राह्मणेषु विशेषेण पुराणं पुण्यवर्धनम् ॥ ३ ॥

यसकारण पुण्य चाहने साधकका निमित्त अत्यन्त आवश्यक छ कि विशेष रूपबाट शानी ब्राह्मण वक्तालाई हृदयतः सत्कार गरी, यो पुण्यवर्धक (पुण्य बढाउने) कथा सुन्नु ज्यादै आवश्यक देखिन्छ ॥३॥

इति तीर्थयात्राखण्डः समाप्तः

यसरी तीर्थयात्रा भाग चाहिं यही सिद्धियो ।

रम्ये गङ्गातटे पुण्ये भीष्मः शन्तनुनन्दनः ।
तीर्थयात्रा प्रवक्तारं पुलस्त्यं मुनिमब्रवीत् ॥ ४ ॥

अत्यन्त सुन्दर एवं पवित्र गङ्गा किनारमा राजासन्तनुलाई अत्यन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्तोष दिने किम्वा आनन्द दिने सुपुत्र भीष्मले तीर्थयात्राको महात्म्य वक्ता पुलस्त्य मुनिसँग भन्नुभयो ॥४॥

भीष्म उवाच–

श्रुतः श्रुतफलोद्भूतस्तीर्थस्य गुणविस्तरः।
पुनः कौतूहलं किञ्चिन् मम चेतसि वर्तते ॥ ५ ॥

श्री भीष्म भन्नु हुन्छ– शास्त्रोक्त फलप्रद शास्त्रहरूको सारभूत तीर्थहरूको महात्म्य त सुनें, तदपि मेरो मनमा केही इच्छा छ ॥५॥

वाग्वती प्रभवस्थाने तीर्थानां प्रवरे शुभे।
तस्मिन्नपि महाप्राज्ञ ! तपः केनकृतं पुरा ॥ ६ ॥

अत्यन्त पुण्य दिने शुभ तीर्थहरूमा श्रेष्ठ वाग्वती प्रभव स्थानमा पहिले कुन कुन पुण्यात्माले तपस्या गर्नु भयो ? हे महाप्राज्ञ त्यो कुरा मलाई आज्ञा होस् ॥६॥

एवं पृष्ठो महाप्राज्ञो गङ्गापुत्रेण धीमता।
व्याजहार शुभं वाक्यं पुलस्त्यो मुनि सत्तमः ॥ ७ ॥

यसरी बुद्धिमान् गाङ्गेय (गङ्गापुत्र) श्रीभीष्मजीले प्रश्न गर्नु भएपछि महापण्डित मुनिश्रेष्ठ पुलस्त्यजी पुण्यप्रद उपाख्यान (कथा) आज्ञा गर्नुहुन्छ ॥७॥

अस्मिंस्तीर्थे तपःकृत्वा राजपुत्री प्रभावती।
उमाया वरदानेन प्रद्युम्नमलभत्पतिम् ॥ ८ ॥

यसै तीर्थमा तपस्या गरी, राजपुत्री प्रभावतीले उमादेवीको वरदानबाट प्रद्युम्न (भगवान् श्रीकृष्ण) का छोरालाई पति प्राप्त गर्नु भएको थियो ॥८॥

भीष्म उवाच–

प्रभावतीति विख्याता कस्य राज्ञः कुलोद्भवा।
कस्योपदेशाद्वर्षे तपस्तमिंश्चचार ह ॥ ९ ॥

भीष्म सोध्नु हुन्छ– हे देवर्षि पुलस्त्यजी ! प्रभावती नामले विख्यात राजकुमारी कुन राजाका कुलमा उत्पन्न भएकी हुन् ? र कसको उपदेश पाई, वाग्वती प्रभव पुण्यतीर्थमा तपस्या गरिन् ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुलस्त्य उवाच-

तीरमादाय गण्डक्या यावत्तद्वाग्वती तटम् ।
पूर्वापरायतस्थाद्रे रधस्थाच्चन्दना गिरिः ॥ १० ॥

पुलस्त्य आज्ञा गर्नु हुन्छ– त्रिशूल गण्डकीको किनारदेखि वाग्वतीको किनारसम्म पूर्वपश्चिम फैलिएको चन्दनागिरिभन्दा तल ॥१०॥

सुप्रभा नाम विख्याता पुरी स्वर्गपुरोपमा ।
तस्यामधिपतिः श्रीमान् महेन्द्र दमनो नृपः ॥ ११ ॥

सुप्रभानाम भएको मानौं स्वर्गको अमरावती जस्तै अत्यन्त प्रसिद्ध शहर थियो जो वलवान् श्रीमहेन्द्र दमन राजाको राजधानी थियो ॥११॥

रूपलक्षणसम्पन्ना जीवादपि गरीयसी ।
देवी प्रभावती नामभगिनी तस्य भूपते. ॥ १२ ॥

ती दैत्यराज महेन्द्र दमनकी प्राणभन्दा पनि प्यारी सर्वलक्षणसम्पना वहिनी प्रभावती थिइन् ॥१२॥

सखीभिरसकृद्यत्नैर्वरार्थं प्रतिबोधिता ।
पतिं न कांक्षते सा हि दैत्यदानवयोः कुले ॥ १३ ॥

ती प्रभावती सखीहरूले बारंबार प्रयत्नपूर्वक संझाउदाखेरि पनि दैत्य दानव वंशमा उत्पन्न वरलाई चाहन्नथिन् ॥१३॥

अनिच्छन्तीं समुत्पत्य भगिनी दैत्यसत्तमः ।
न ददौ प्रार्थ्यमानोऽपि वरार्थं दैत्य दानवैः ॥ १४ ॥

यस कारण दैत्य दानवहरूले अनेकौं प्रार्थना (माग) गर्दा गर्दै पनि दैत्येन्द्र (दानवाधिपति-दानवहरूको स्वामी) श्रीमहेन्द्र दमनले वहिनीको इच्छाविरुद्ध कसैलाई दिएनन् ॥१४॥

उद्यानानि विचित्राणि चन्दनागिरि मूर्धनि ।
प्रीत्यर्थं कारयामास भगिन्या दैत्यसत्तमः ॥ १५ ॥

दैत्यहरूको मालिक श्री महेन्द्र दमनले वहिनी (प्रभावती) को आनन्दका लागि चन्दनागिरि (चन्द्रगिरिको–चन्द्रागडी-चितलाङ) को टाकुरामा विचित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(बहुतै राम्रो) बगैंचा बनाउनु भयो ॥१५॥

वाग्वतीं च ह्रदी भूतां कमलोत्पल भूषिताम् ।
क्रीडार्थंनिर्ममे देव्या भगिन्याः स महीपतिः ॥ १६ ॥

यसरी नै ती राजाले वाग्वतीलाई थुनी तलाउ बनाए र त्यसमा नानाप्रकारका कमलहरू लगाए र सबै किसिमबाट प्यारी बहिनी श्रीप्रभावतीलाई क्रीडाका साधन जुटाए ॥१६॥

तस्य राज्ञः प्रतापेन रक्षिता वर सुन्दरी ।
न शक्यते बलान्नेतुं कैश्चिदप्यमरादिभिः ॥ १७ ॥

राजा महेन्द्र दमनको प्रतापद्वारा सुरक्षित ती अलौकिक सुन्दरी प्रभावतीलाई देव दैत्य र दानव आदि कोही पनि बलात्कारसँग हरण गर्न सक्दैनथे ॥१७॥

अतो निर्भय सञ्चारा राजपुत्री प्रभावती ।
तपोयोगरता नित्यं रूपातिशयशालिनी ॥ १८ ॥

यसो हुँदा नै निर्भय भै घुम्ने अत्यन्त सौन्दर्यले परिपूर्ण राजकुमारी श्रीप्रभावती नित्य निरन्तर तपस्या तथा योगको अभ्यास गर्दै – ॥१८॥

नानारत्नालये रम्ये महेन्द्र दमनालये ।
क्रीडोद्यानेषु रम्येषु चित्र पुष्पाकुलेषु च ॥ १९ ॥

अनेक प्रकारका रत्नहरूले बनाइएको र पूर्ण रूपमा सुन्दर आफ्नो दाज्यू दैत्यराज महेन्द्र दमनको राजभवनमा रंग विरंगका अनेकौं फूलहरूले अत्यन्त रमाइलो क्रीडा (खेल) गर्न उपयुक्त वगैंचाहरूमा– ॥१९॥

तोयावगाढे वाग्वत्याः कमलोत्पलभूषिते ॥
सुरम्येषु नगाग्रेषु दरीषु कन्दरासु च ॥ २० ॥

चन्द्र कमल र सूर्यकमलहरुद्वारा भूषित वाग्वतीको जलले परिपूर्ण (सरोवर) तलाउ (नेपाल उपत्यका) मा, सुन्दर पर्वतको टाकुरामा, गुफा तथा कन्दराहरूमा –॥२०॥

मोहयन्ती मनो यूनां रूपेण प्रतिमेन वै ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सखीभिः सह सा देवी रराम रूचिरानना ॥ २१ ॥

कसैका साथ उपमा दिन न मिल्ने (अतुलनीय) रूपले युवकहरूको मनलाई मोहित गराउदैं सुवदना श्रीप्रभावती सखीहरूका साथ खेलहरू खेल्दै रमाएर रहिन् ॥२१॥

नियमैरूपवासैश्च साभिषेकैश्च सन्ततम् ।
पूजाभिश्च विचित्राभिर्विधानैरपरैरपि ॥ २२ ॥

त्रिकाल (बिहान, बेलुका र दिउसो) स्नान गरी, नियम पूर्वक उपवास (व्रत) बसी, नानाप्रकारका पूजाका विधि विधानले र अरू विधानहरूबाट –॥२२॥

तपो योगरता सा हि महर्षेर्वचनेन वै ।
उमामाराधयामास वाग्वती प्रभवे गिरौ ॥ २३ ॥

निरन्तर तपस्या र योग चर्यामा तत्परभै महर्षिको उपदेशद्वारा श्रीप्रभावतीले वाग्वती प्रभव पर्वत (शिवपुरी) मा भगवती श्रीउमाको आराधना (उपासना) गर्नुभयो ॥२३॥

ततः कालेन दीर्घेण वरदानार्थमागताम् ।
योगीश्वरीमुमादेवीं ददर्श शिव सुन्दरीम् ॥ २४ ॥

त्यसपछि धेरै समय बितिसकेपछि वरदान दिनकालागि पाल्नु हुने श्रीयोगमाता शिव सुन्दरी उमादेवीलाई प्रभावतीले देख्नुभयो ॥२४॥

दृष्टमात्रेण सा देवीं प्रणम्य विनयेन वै ।
स्तुत्वा स्तुति शतैः पुण्यैरिदं वंचनमब्रवीत् ॥ २५ ॥

आराध्य जननीको दर्शन पाउने बित्तिकै प्रभावतीले बडो नम्रतासाथ प्रणाम गरी शयौं पवित्र स्तुतिहरूद्वारा प्रार्थना गरी, यो (तल आउने) बिन्ती चढाइन् ॥२५॥

पुण्येन महता देवी ! दृष्टं त्वत्पादपङ्कजम् ।
तपः सुसिद्धिरभवन्निश्चितं ममकांक्षितम् ॥ २६ ॥

हे जगज्जननी उमा ठूलो पुण्यले गर्दा हजूरको चरण कमलको दर्शन मिल्यो तपस्या सिद्धभयो र मेरो (मनोरथ) इच्छा पनि अब निश्चित् रूपले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिद्धभयो ॥२६ ॥

तस्यास्तद्वचनं श्रुत्वा वरदा पर्वतात्मजा ।
अब्रवीदीदृशं वाक्यं प्रहर्षोत्फुल्ल लोचना ॥ २७ ॥

तिनको (प्रभावतीको) यो बिन्ती सुनी हर्षले प्रफुल्ल भएकी वरदात्री (वरदिने) पर्वत राज कन्या देवी पार्वती यसप्रकार आज्ञा गर्नुहुन्छ ॥२७॥

एवमेवेति सुश्रोणि ! निश्चितं मम दर्शनात् ।
सिध्दं ते कांक्षितं वस्तु पुण्यञ्चापि प्रवर्धते ॥ २८ ॥

हे सुश्रोणि (सुवदने) सुन्दरी ! तथास्तु मेरो दर्शनबाट निश्चय तिम्रो मनोवान्छित वस्तु सिद्ध हुनेछ र पुण्य पनि बढ्नेछ ॥२८॥

आगमिष्यति सोऽत्रैव प्रद्युम्नो रूपिणां वरः ।
भविष्यति विवाहश्च सह तेन वरानने ॥ २९ ॥

हे वरानने प्रभावती ! ती सुन्दरहरूमा श्रेष्ठ प्रद्युम्न यहीं नै आइपुग्नु हुनेछ र उहाँकै साथ तिम्रो विवाह हुनेछ ॥२९॥

त्वं प्रवेक्ष्यसि हे भद्रे ! द्वारकाञ्च मनोरमाम् ।
इत्युक्त्वा हिमवत्कन्या तत्रैवान्तरधीयत ॥ ३० ॥

हे कल्याणी ! तिमी मनोहर द्वारका पुरीमा प्रवेश गर्नेछ्यौ । यति आज्ञा गरी हिमालय पुत्री पार्वती त्यहीं नै अन्तर्ध्यान हुनुभयो ॥३०॥

ततः प्रहृष्टा दितिजेन्द्र कन्यका,
तपः श्रमाक्लान्तविलोचनोत्पला ।

प्रभावती पङ्कजगर्भकोमला,
विनिर्ययौ स्वं भवनं मनोरमम् ॥ ३१ ॥

त्यसपछि तपस्याजन्य (तपस्या गर्दा हुने) परिश्रमबाट ओइलाइएको नेत्ररूपी कमल धारण गरेकी, कमलको भित्री भाग जस्तै कोमल (अत्यन्त कमलो)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरीर भएकी दैत्य राजकन्या प्रभावती अत्यन्त खुशी भै आफ्नो सुन्दर दरवारमा प्रवेश गरिन् ॥२१॥

इति श्री वाग्वती प्रशंसायां प्रद्युम्न विजये
गौरी वर प्रदानोनाम पञ्चमोऽध्यायः ॥

यसरी वाग्वती प्रशंसामा प्रद्युम्नविजयमा गौरीको वर प्रदान (प्रभावतीमा) भन्ने उख्यान (कथा) रूप पाँचौ अध्याय सकियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ षष्ठोऽध्यायः

पुलस्त्य उवाच–

तती देव्याः प्रभावेण प्रद्युम्नो रुक्मिणी सुतः ।
प्रणम्य पितरं मूर्ध्नाचेदं वचनमब्रवीत् ॥ १ ॥

पुलस्त्य आज्ञा गर्नु हुन्छ– त्यस पछि जगज्जननी महागौरी श्रीउमाको वरदानको प्रभाव (सामर्थ्य) बाट रुक्मिणी पुत्र श्रीप्रद्युम्न आफ्ना पिता (भगवान् श्रीकृष्ण) लाई प्रणाम गरी पछि आउने प्रसंग बिन्ती गर्न लाग्नु भयो ॥१॥

प्रद्युम्न उवाच–

भगवन्नेतुमिच्छामि तीर्थयात्रां यदृच्छया ।
शम्बरस्य वधोद्भूतंपाप्मानं मोक्तुमर्हसि ॥ २ ॥

प्रद्युम्न बिन्ती गर्नु हुन्छ– हे भगवान हे पिताजी म स्वेच्छापूर्वक तीर्थयात्रा गर्न चाहन्छु, जसको माध्यमबाट हजूर शम्बरासुरको हत्याबाट मलाई लाग्न आएको पाप मोचन गरिबक्सियोस् ॥२॥

इत्युक्तमात्रेण तदा प्रद्युम्नेन महात्मना ।
व्याजहार शुभं वाक्यं भगवान् रुक्मिणीपतिः ॥ ३ ॥

आफ्ना पुत्र (छोरा) वीरशिरोमणि श्रीप्रद्युम्नले यति बिन्ती गरिसके पछि त्यस समय भगवान् रुक्मिणी पति श्रीकृष्ण आज्ञा गर्नु हुन्छ– ॥३॥

श्रीकृष्ण उवाच–

नेष्यामि पुत्र हे वीर तीर्थयात्रां यदृच्छया ।
यात्रोत्सवरतानां हि कालो रम्यः प्रवर्तते ॥ ४ ॥

श्रीकृष्ण आज्ञा गरिबक्सिन्छ– हे वीर पुत्र प्रद्युम्न म तिमीलाई धेरै तीर्थहरूको यात्रा गराउनेछु किन कि यात्रा उत्सव आदिमा तत्पर मानिसहरूकालागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो बहुतै सुन्दर समय छ ।।४।।

पश्य पद्मोत्पलाकाशैः पूर्यते दीर्घिकाजलम् ।
प्रसन्न सलिला जाताः सर्वाश्चैव समुद्रगाः ।। ५ ।।

हेर बाबु स्थल कमल (सूर्यकमल) चन्द्रकमल, आदिबाट सुशोभित (विशेष रमाइला भएका) तलाउहरूमा पानी भरिभराउ छन्, स्वच्छ स्फटिकतुल्य जलमा चन्द्रमा र ताराहरू सहित आकाशको छाया परिरहेको छ, सम्पूर्ण नद नदी खोला नालाहरू सफा भएका छन् ।।५।।

दृश्यते धरणी रम्या हंसमालाऽमलांशुका ।
नीलमेघ विनिर्मुक्तानिर्मलाश्च दिशो दश ।। ६ ।।

हंस समूह (हंसमाला) रूपी सफा सेतो कपडा पहिरी पृथ्वी माता बहुतै सुन्दरी देखिनु हुन्छ, वर्षा ऋतुको धमिलो पानी सहितको मेघहरूबाट मुक्त भै दशै दिशाहरू स्वच्छ भएका छन् ।।६।

पुलस्त्य उवाच –

इत्युक्त्वा भगवान् विष्णुः शंख चक्र गदाधरः ।
आरुरोह गरुत्मन्तंप्रद्युम्नस्तु रथोत्तमम् ।। ७ ।।

श्री पुलस्त्य ऋषि आज्ञा गर्नुहुन्छ– यति आफना सुपुत्र श्रीप्रद्युम्नलाई आज्ञा गर्नु भै चारै बाहु (हात) मा शंख, चक्र, गदा र पद्म लिई, भगवान् श्रीकृष्ण गरुडमा सवार होइबक्स्यो (चढिबक्स्यो) र श्री प्रद्युम्नजी पनि उत्तम एक रथमा चढ्नु भयो ।।७।।

तत्क्षणादेव देवेशः सपुत्रो गरुडध्वजः ।
तीर्थयात्राटनार्थेन द्वारकामजहात् पुरीम् ।। ८ ।।

आफ्ना सुपुत्र सहित देवाधिदेव भगवान् श्रीकृष्णले तीर्थाटन (तीर्थयात्रा) का लागि त्यसै समय द्वारकापुरीबाट प्रस्थान शुरू गरिबक्स्यो ।।८।।

देविका प्रभवं चैव वितस्ति प्रभवं तथा ।
प्रभवं च सरस्वत्या यमुनाप्रभवं तथा ।। ९ ।।

तीर्थ भ्रमण (तीर्थयात्रा) को सिलसिलामा भगवान् श्रीकृष्ण र प्रद्युम्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमशः देविका नदी प्रभवतीर्थ, वितस्तिप्रभवतीर्थ, सरस्वती प्रभवतीर्थ, यमुना प्रभवतीर्थ– (अर्थात् यी नदीहरूद्वारा बनेको तीर्थस्थलहरू–) ॥९॥

सिन्धोश्च प्रभवं चैव शतद्रु प्रभवं तथा।
प्रभवं चैव गङ्गाया गोमती प्रभवं तथा॥ १० ॥

यस्तै श्रीसिन्धु नदीबाट बन्न आएको तीर्थ शतद्रु प्रभवतीर्थ, गङ्गा प्रभवतीर्थ (श्रीगङ्गोत्तरी) र गोमती नदीको पवित्र संगमहरूमा रहेका विभिन्न तीर्थहरू– ॥१०॥

सरयू प्रभवं चैव गण्डकी प्रभवं तथा।
सप्तलीति ह्रदं चैव कौशिकी प्रभवं शुभम्॥ ११ ॥

यसका अतिरिक्त सरयू नदीबाट बनेका पुण्य प्रदेशहरू गण्डकी नदीका मनोरम (मनलाई अत्यन्त आनन्द दिने) तीर्थहरू र 'सप्तलीति संज्ञक' (सप्तली नाम भएको) तलाउ (सरोवर) यस्तै कौशिकी नदीबाट बन्नआएका अनेकौं शुभप्रद (पुण्य दिने) तीर्थहरू ॥११॥

अनेकानि च तीर्थानि भ्रमन्नन्यानि चैव हि।
वाग्वती प्रभवं प्राप्तः सपुत्रो भगवान् हरिः॥ १२ ॥

यस्ता यस्ता अनेकौं तर्थहरूमा भ्रमण गरिबक्सदै वाग्वती प्रभत (वाग्वतीको उत्पत्तिस्थान) शिवपुरी (वाग्द्वार) तीर्थमा आफ्नो कुमार सहित भगवान्–श्रीकृष्ण सवारी भैबक्स्यो ॥१२॥

ततः सम्प्राप्तमात्रेण नारदो मुनिसत्तमः।
स्तुत्वा स्तुति शतैः पुण्यैरिदं वचनमब्रवीत्॥ १३ ॥

त्यहाँ आइ पुग्ने बित्तिकै शयौं किम्वा अनेकौं स्तुति वचनद्वारा मुनिराज देवर्षि नारदजीले पछि आउनेविषय भगवान् श्रीकृष्णमा विन्ती चढाउन लागिबक्स्यो ॥१३॥

भगवन् पुण्डरीकाक्ष सूर्यकेतुर्नराधिपः।
चिरकालोपितस्तत्र श्वेतकापुरिकांक्षया॥ १४ ॥

कमलको दल (पात भित्रको सेतो भाग) जस्तै आँखा होइबक्सने हे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवान् ! राजा सूर्यकेतु, श्वेतका पुरीको इच्छाले त्यहीं धेरै समय अघिदेखि (तपस्या गरी) बसिरहनु भएको छ ॥१४॥

सा राजदुहिता देवी प्रद्युम्नाय प्रकल्पिता ।
नाम्ना चन्द्रावती गीता चन्द्रबिम्बनिभानना ॥ १५ ॥

त्यस्तै उनै राजर्षिकी छोरी चन्द्रविम्ब जस्तै सुन्दर मुखी प्रख्यात (सबैले चिनिने) राजकुमारी चन्द्रावती देवी पनि श्रीप्रद्युम्नलाई पतिका रूपमा प्राप्त गर्न संकल्प (इच्छा) गरिरहेकी छन् ॥१५॥

तां हर्तुमीहते देवीं महेन्द्र दमनोऽसुरः ।
सम्मोहादेव दुर्बुद्धिरप्रदानान्महीपतेः ॥ १६ ॥

राजाद्वारा कन्यादानै नभैकन उनको रूप र माधुर्यमा मुग्धबनी मोहवश दुर्बुद्धि (दुष्टबुद्धि भएको) राक्षस महेन्द्र दमन ती चन्द्रावती देवीलाई हरण गर्न चाहन्छन् ॥१६॥

अतः पूर्णेन्दु वदनां नीलोत्पल दलेक्षणाम् ।
रूपातिशायिनीं देवीं विवाहे गृह्यतां विभो ॥ १७ ॥

यस कारण पूर्णचन्द्रमुखी नील कमलका दल जस्ता आँखा भएकी ज्यादै सुन्दरी देवीलाई विवाह गरी, आफ्नी अर्धाङ्गिनी बनाउनुहोस् ॥१७॥

दीर्घकाल निरुद्धाङ्गी चन्दना गिरिमालया ।
वाग्वती च सरिच्छ्रेष्ठा गङ्गां द्रष्टुं समीहते ॥ १८ ॥

चन्दनागिरि (चित्लाङ्) को परिखाद्वारा धेरै समयसम्म जलरोकिएकी नदीहरूमा सर्वोत्तम श्रीवाग्वती श्रीगङ्गाजीको दर्शन गर्न चाहनुहुन्छ ॥ १८ ।

पुनः प्रभावती नाम राजपुत्री यशस्विनी ।
प्रद्युम्नं रूपिणां श्रेष्ठं कांक्षते तपसाऽसकृत् ॥ १९ ॥

त्यस्तै फेरि प्रभावती नामकी यशस्विनी (अति प्रख्यात) राजपुत्री पनि सुन्दरहरूमा श्रेष्ठ प्रद्युम्नलाई पतिका रूपमा प्राप्तगर्ने इच्छालिई, बारंबार तपस्या-गरिरहेकी छन् ॥१९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतोऽद्रि शिखरे रम्ये प्रद्युम्नेन महात्मना ।
अद्यैकां रजनीमत्र वास्तव्यं मम शासनात् ॥ २० ॥

यस कारण यो सुन्दर गिरिराज (पर्वत)को शिखर (टाकुरा) मा महात्मा प्रद्युम्नका साथ आजको एक रात हे भगवान् मेरो प्रार्थनाबाट राजहोस् ॥२०॥

ततः श्रुत्वा मुनेर्वाक्यं भगवान् मधुसूदनः ।
अब्रवीदीदृशं वाक्यं विस्मयोत्फुल्ल लोचनः ॥ २१ ॥

त्यस पछि श्रीनारदजीको त्यो वाक्य सुनी, भगवान् मधुसूदन आश्चर्य चकितभैं दुवै आँखा प्रफुल्ल बनाई, पछि आउने वचन आज्ञा गर्न लाग्नु भयो ॥२१॥

सम्बन्धित्वं नरपतेः सूर्यकेतोर्विशेषतः ।
कथं नेच्छामि देवर्षे अभिप्रेतं त्वया पुनः ॥ २२ ॥

राजा सँगको सम्बन्ध (समधी बन्नु) त्यसमा पनि सूर्यकेतुलाई को नचाहला । हे देवर्षि नारदजी त्यसमाथि पनि यो प्रस्ताव ल्याउने हजूर जस्तो ऋषिराज हुनुहुन्छ ॥२२॥

अनिहत्य दुरात्मानं शक्रशत्रुं सुदुर्जयम् ।
चन्द्रावत्या विवाहस्तु सद्यः किन्तु न शोभते ॥ २३ ॥

तर त्यो दुरात्मा दुर्जय इन्द्रको शत्रुलाई नमारीकन त्यसै झट्पट् चन्द्रावतीका साथ विवाह गर्न सुहाँउदैन ॥२३॥

हर्तं चन्द्रावती मोहादीप्सतश्च दुरात्मनः ।
भविष्यति वधस्तस्य प्रद्युम्नेन महात्मना ॥ २४ ॥

चन्द्रावतीको रूप सौन्दर्यमा मुग्ध बनी अज्ञानवश चन्द्रावतीलाई हर्नचाहने त्यो दुरात्मा (दुष्ट)को मृत्यु महात्मा प्रद्युम्नद्वारा हुने छ ॥२४॥

अहमप्यागमिष्यामि तस्मिन्नवसरे शुभे ।
तदा मोक्ष्यामि देवर्षे भित्वा शैलं सरिद्वराम् ॥ २५ ॥

त्यस शुभ अवसरमा म पनि आउने छु, हे देवर्षि नारदजी !! त्यसै समय पर्वतलाई फोडेर श्रेष्ठ नदी वाग्वतीलाई पनि मुक्त गराउने छु (छुटाउने छु) ॥२५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्मिन्नवसरे पुण्ये देवकण्टक वर्जिते।
चन्द्रावत्या विवाहश्च भविष्यति ममाज्ञया ॥ २६ ॥

देव कण्टक [देवताहरूको शत्रु] रहित त्यस पुण्य समयमा मेरो आज्ञाद्वारा चन्द्रावतीको विवाह हुनेछ ॥२६॥

दृष्टमात्रे विवाहे च चन्द्रावत्यास्तदैव हि।
राजर्षेः सूर्यकेतोस्तु गन्तव्यं श्वेतकापुरम् ॥ २७ ॥

त्यसै समय चन्द्रावतीको विवाह हेर्नै वित्तिकै राजर्षि सूर्यकेतु श्वेतकापुरी प्रस्थान गर्नु हुने छ ॥२७॥

अद्यैकां रजनीमत्र रम्येऽस्मिन् शैलमूर्धनि।
प्रद्युम्नेन च वास्तव्यं महर्षे वचनात्तव ॥ २८ ॥

हे महर्षि नारदजी हजूरको वचनले गर्दा आज एक रात यो रमणीय [अत्यन्त सुन्दर] पर्वतको टाकुरामा प्रद्युम्नले बस्नै पर्दछ ॥२८॥

इतीरयित्वा वचनं यथेप्सितं,
दिशं शरच्छुभ्र बलाहकाकुलाम्।
सुवर्ण शैलाग्र समान रूपिणं,
खगेन्द्रमारुह्य विनिर्ययौ हरिः ॥ २९ ॥

यति कुरा श्रीनारदजीका साथ आज्ञागरीकन आफ्नो इच्छा (स्वेच्छा) द्वारा सुमेरु पर्वतको शिखर (टापु) जस्तै अग्ला श्रीगरुडजी माथि चढिबक्सी शरद् ऋतुको स्वच्छ मेघ मण्डलले व्याप्त (ढाकिएको) दिशा (श्रीद्वारावती) तर्फ हरिभगवान् श्रीकृष्ण निस्किबक्सियो । अर्थात् आफ्नो शहरतिर फर्किबक्स्यो ॥२९॥

इति श्री वाग्वती प्रशंसायां महर्षिसन्दर्शनं नाम षष्ठोऽध्यायः ॥

यसरी श्री वाग्वती प्रशंसामा महर्षि नारद सँगको भेटघाट नाउँको छैठौं अध्याय समाप्त भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ सप्तमोऽध्यायः

पुलस्त्य उवाच-

तत: प्रहृष्ट हृदयो नारदो मुनि सत्तमः।
प्रभावतीं पुरोधाय प्रद्युम्नमिदमब्रवीत् ॥ १ ॥

श्रीपुलस्त्यऋषि आज्ञा गर्नु हुन्छ- त्यसपछि (अर्थात् आफ्नो छोरा प्रद्युम्नलाई छोडी, श्रीकृष्णभगवान् प्रस्थान गरिबक्सनु भएपछि) प्रसन्न चित्तभै मुनिश्रेष्ठ देवर्षि नारद प्रभावतीलाई अगाडि राखी श्रीप्रद्युम्नजीसँग पछि आउने प्रसंग बिन्ती चढाउन लाग्नु भयो ॥१॥

नारद उवाच-

मधुस्त्वं पूर्वदैष्टेन कामश्चैव त्वमेव हि।
या माधवी मधोर्भार्या सैषा देवी प्रभावती ॥ २ ॥

देवर्षि नारद आज्ञा गर्नु हुन्छ- हे वीर शिरोमणी प्रद्युम्नजी हजूर पहिलो जन्ममा मधु होइबक्सिन्थ्यो, यस्तै कामदेव पनि होइबक्सिन्थ्यो। मधुकी माधवी नामगरेकी पत्नी (स्त्री) थिइन्, तिनै यी देवी प्रभावती हुन् ॥२॥

अस्माद्विकल्पमुत्सृज्य प्रतिगृह्णीष्व मानद।
मत्प्रदत्तां विशेषेण बाणराज सुतामिमाम् ॥ ३ ॥

हे मानद ! प्रद्युम्नजी यसो हुँदा नै दोमन विकल्प या दुईमन नगरी, विशेषतः मैले दिएकी यी बाणराज (बाणासुर) की छोरीको पाणिग्रहण (विवाह) गरिबक्स्योस् ॥३॥

त्वञ्च रूपवतां श्रेष्ठो रूपाढ्या च प्रभावती।
ममाज्ञया विवाहश्च कर्तव्यः सद्य एव हि ॥ ४ ॥

हजूर रूपवान् (खुप् राम्रा मध्ये) मा श्रेष्ठ होइबक्सिन्छ र रूपवती (सुन्दरीहरू मध्ये) मा श्रीप्रभावती उम्दा हुनुहुन्छ, यसै कारण मेरो आज्ञाले छिटै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नै विवाह गरिबक्स्योस् ॥४॥

इत्युक्त्वा कृतमङ्गल्यो हर्षोत्फुल्ल विलोचनः।
नारदो भगवान् वाक्यमब्रवीदीदृशं पुनः ॥ ५ ॥

यो कुरा पहिले आज्ञागर्नुभै मङ्गलका सरसामानहरू जोड्नु हुँदै हर्षोत्फुल्ल नयन (हर्षले प्रफुल्ल आँखा लगाउनु हुँदै) ऋषिराज श्रीनारद फेरि पनि आग्रहसाथ आज्ञागर्नुहुन्छ ॥५॥

अद्यैकां रजनीमत्र कर्तव्या वसतिस्त्वया।
गन्तव्यो रथमारुह्य श्वः प्रभाते स्वसालयः ॥ ६ ॥

आजको एकरात हजूरले यहीं नै राजहुनु उचित छ। भोलि विहान सवेरै आफ्नो रथमा आरूढ भै किम्वा रथमा वसेर आफ्नो दरवारमा जानु उचित छ ॥६॥

पूर्णचन्द्रानना रम्या कुमुदामोदशालिनी।
समागता निशा सेयं सुरतोत्सुककारिणी ॥ ७ ॥

चन्द्रकमलको आमोद (सुगन्ध-सुवास। जस्तै सुवासयुक्त र सुन्दर पूर्ण चन्द्रको झैं कान्ति (शोभा) ले परिपूर्ण ती प्रभावती नै सुरत (प्रेमालाप आदि) मा उत्सुकता प्रदान गर्ने सन्ध्याकाल (रात्रि का रूपमा आइरहेकी छन् ॥७॥

न विद्यते भयं चात्र निश्चयान्मम तेजसा।
इत्युक्त्वा नारदो धीमान् स्वेच्छया क्वापि निर्ययौ ॥ ८ ॥

मेरो प्रताप (तेज) ले गर्दा यहाँ कुनै भय र आशंकाको वातावरण पनि छैन, यति आज्ञा गर्नु भै बुद्धिमान् (व्यवहार कुशल) श्रीनारदजी आफ्नो इच्छाले अन्यत्र नै गइदिनु भयो ॥८॥

ततोऽप्सरोभिरसकृत् सेविते क्रीडया शुभे।
विचित्र तरु खण्डाढ्ये चित्रपुष्पलतागृहे ॥ ९ ॥

त्यस पछि जहाँ क्रीडा (खेल)का लागि बारंबार अप्सराहरू आउँदछन्, यस्तो सुन्दर, विचित्र वृक्षहरूका झुण्ड (समूह)ले अत्यन्त शोभायुक्त, नाना जातका फूल र लहराहरूको झाँग भएको ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विलसत्कुसुमाकीर्णे निनदद्भ्रमराकुले ।
निघुष्ट किन्नरोद्गीते विलसन्मृगसेविते ।। १० ।।

अङ्के निधाय सुश्रोणीं लज्जमानां प्रभावतीम् ।
तत्र शैले सुखासीनः प्रद्युम्नो वाक्यमब्रवीत् ।। ११ ।।

फुलिरहेका फूलहरूले ढकमक्क भएको, भुँ भूँ शब्द गरिरहने भ्रमराहरूले भरिभराउ भएको किन्नर समूह (देवगण विशेष) को मधुर गीतको आलापद्वारा ध्वनित (शब्दायमान) भै रहेको कसैले आफू माथि प्रहार गर्लान् कि भन्ने आशंका नभएका मृगहरूको क्रीडाले अत्यन्त मनोहर (सुन्दर) भएको त्यस पर्वतमा बडो आनन्दका साथ बस्नु हुने श्रीप्रद्युम्नले लज्जालु कृषाङ्गी सुन्दरकटी प्रभावतीलाई काखमा लिनुभै यो (पछि आउने) बाक्य आज्ञा गर्न लाग्नु भयो ।।१०-११।।

पश्य त्वद्वक्त्र पूर्णेन्दु कान्त्या विजितसम्भ्रमसि ।
सङ्कोचं याति कमलं भद्रे चन्द्रांशुशङ्कका ।। १२ ।।

हे कल्याणी ! हेर तिम्रो मुखरूपी पूर्णचन्द्रको शोभाद्वारा पराजित भै चन्द्रमाका किरणहरूको शंका लिई, कमलहरू पानीमा खुंचिरहेका छन् ।।१२।।

वाग्वत्या विमले तोये विरुते जलपक्षिणाम् ।
पिशुनं क्रियते देवि तव नूपुरनिस्वने ।। १३ ।।

हे देवी प्रभावती वाग्वतीको निर्मल स्वच्छ जलमा विहार गर्ने भएका जल पंक्षीहरूको कलकलशब्द (कलरव) तिम्रो पाउजेवको आवाजको शङ्का उत्पन्न गर्दछ ।।१३।।

ज्योत्स्नाभिर्विमलाभिर्गामभिषिञ्चन् महीधरम् ।
विभाति भगवांश्चन्द्रो यामिनी तिलकोपमः ।। १४ ।।

यामिनी कामिनी (रात्रिरूपी सुन्दरी) को निधारको टीका जस्तै भगवान् चन्द्रमा निर्मल (स्वच्छ) किरणहरुद्वारा पृथ्वी र पृथ्वीधर (पर्वत) दुवैलाई अभिषेक गर्दै विराजमान हुनुहुन्छ ।।१४।।

किञ्जल्क कपिलाङ्गानां षट्पदानां वरानने ।
समुच्चरन्ति हुङ्कारा विबुद्धे कुमुदाकरे ।। १५ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे वरानने सुन्दरमुखी! प्रफुल्ल खुप् फुलेको चन्द्रकमलको झांगमा, फुलेका केसरहरूद्वारा पहेलै भएका भमराहरूको भुँ भुँ शब्द भै रहेका छन् ॥१५॥

क्षिप्त पुष्प रजोऽजस्रं वाग्वती जललासकः।
प्रवाति पवनो देवी मन्दमङ्ग सुख प्रदः॥ १६ ॥

हे देवी (प्रभावती) निरन्तर फूलको पराग (धूलो) उडाउँदै वाग्वतीको जल नचाउँदै अङ्गहरूलाई सुख दिने पवन (हावा) मन्द मन्द गतिले चलिरहेको छ ॥१६॥

मन्दालिकालयोपेतं मन्मनो मोहकारणम्।
उद्गीतं किन्नरगणाञ्च श्रूयते शुभगध्वनिः॥ १७ ॥

मन्द मन्द भमराहरूको गुञ्जन सहित सुन्दर ध्वनिले परिपूर्ण भै मनलाई मोहित गराउने किन्नरगणको उत्कृष्ट (उच्च तहको) गीत सुनिन्छ ॥१७॥

इत्युक्त्वा रूपिणां श्रेष्ठ प्रद्युम्नः प्रियया सह।
स रेमे रजनीमेकां रम्येऽस्मिन् शैलमूर्धनि॥ १८ ॥

यति आज्ञा गर्नु भै सुन्दर पुरुषमा श्रेष्ठ श्रीप्रद्युम्नले आफ्नी प्रियतमा प्रभावतीका साथ यो सुन्दर पर्वतको टाकुरामा एकरात विहार गर्नुभयो ॥१८॥

ततः प्रभात समये राजपुत्री प्रभावती।
विनयेनाञ्जलिं कृत्वा प्रद्युम्नमिदमब्रवीत्॥ १९ ॥

यति भै सकेपछि विहानीपख राजपुत्री प्रभावतीले बडो नम्रतासाथ हात जोडी, श्री प्रद्युम्न (आफ्ना पति) का साथ बिन्ती गर्नुभयो –॥१९॥

महेन्द्रदमनो नाम भ्राता मम दुरासदः।
शम्बरस्य वधं श्रुत्वा सततं त्वयि कुप्यति॥ २० ॥

मेरा दाज्यू जो युद्धमा कसैबाट पराजित हुँदैनन् यस्ता दुर्जय (बहुतै दुःखले मात्र जित्न सकिने) महेन्द्र दमन, शम्बरासुरको वध (हत्या) भएको सुनी सँधैभरी तपाईं माथि क्रोध गर्दछन् ॥२०॥

प्रद्युम्न रूपिणां श्रेष्ठ महर्षेर्वचनात्तथा।
तस्माद्रम्येऽपि शैलेऽस्मिन्न चिरं स्थातुमर्हसि॥ २१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुन्दर पुरुषमा श्रेष्ठ हे प्रद्युम्नजी, यसकारणले गर्दा र महर्षि नारदजीको वचन अनुसार पनि अत्यन्त सुन्दर (ज्यादै रमणीय) भए तापनि धेरै समयसम्म यहीं रहनुभैरहनु ठीक देखिंदन ॥२१॥

सखी चन्द्रावती चैव नित्यं तव हितैषिणी ।
विन्यासः स्थाप्यतां यस्माद्वाग्वती सलिले शुभे ॥ २२ ॥

यस्तै मेरी संगिनी चन्द्रावती पनि सँधै हजूरको नै हित चाहन्छिन्, यसकारण खुप् ठूलो जुक्ति निकाली वाग्वतीको पवित्र जलमा प्रेमको नासो (किम्वा अवश्यनै प्रेम परिणतिमा (पाणिग्रहणमा) पछि बद्ध हुने नै भन्ने शपथ) राख्नु होस् ॥२२॥

वचनान्ते ततो देव्याः प्रद्युम्नो रूपिणांवरः ।
संपूज्य वाग्वतीं यत्नैरिदं वचनमब्रवीत ॥ २३ ॥

यति प्रियतमा प्रभावतीको वचन सुनिसके पछि उनैको आशय अनुरूप अति सुन्दर श्रीप्रद्युम्नले बडो भक्तिकासाथ पूजा गरी, वाग्वतीको प्रार्थना गर्नुभयो ॥२३॥

रुद्र वक्त्राद्विनिर्याते रुद्रलोक फल प्रदे ।
दैत्येन्द्र पुण्यकेतोस्तु पताकांशुक सन्निभे ॥ २४ ॥

आसुरीभिश्च यक्षीभिरप्सरोभिस्तथैव च ।
उपस्पृष्ट जले पुण्ये प्रकाम फल दायिके ॥ २५ ॥

हे पतित पावनी वाग्वती हजूर रुद्रभगवान्का मुखारविन्दबाट प्रादुर्भाव होइबक्सेको हुनुहुन्छ, फेरि हजूर सम्पूर्ण भक्तहरूलाई रुद्रलोकमा पुर्‍याई बक्सिन्छ। यस्तै हजूर दैत्यराज श्रीप्रह्लादजीको पुण्यकीर्तिको पताका (ध्वजा) तुल्य नै होइबक्सिन्छ। असुर (दैत्य), यक्ष, किन्नर आदिका स्त्रीहरू यस्तै स्वर्गका अप्सराहरू पनि हजूरको पवित्र जलमा अभिषिक्त भै (नुहाई) आफ्नो इच्छा मुताबिक फल प्राप्त गर्दछन्। हजूर यस्ती होइबक्सिन्छ ॥२४--२५॥

मृगेन्द्र शिखरोत्सङ्गे पाविते च निजोदकैः ।
सुरोपनीत मन्दार रजो रञ्जित वारिणि ॥ २६ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रक्षतां निम्नगे गर्भे सूर्यकेतु सुताभिमाम्।
यथा न नीयते तेन महेन्द्र दमनेन सा ॥ २७ ॥

हे जननी वाग्वती सम्पूर्ण देवताहरूले भक्तिपूर्वक समर्पण गरिएको (चढाइएको) कल्पवृक्षका फूलहरूको पराग (धूलो) द्वारा रञ्जित (रङ्गिएको) जलपूर्ण मृगेन्द्र शिखर पर्वतको काखमा किम्वा आफ्नो गर्भ (भित्रीभाग) मा यी सूर्यकेतुकी छोरीलाई राख्नु होस्, जसवाट कि (जसले गर्दा) त्यो महेन्द्र दमन यिनी (चन्द्रावती) लाई हरण गर्न न सकोस् ॥२६-२७॥

इत्युक्त्वा वाग्वतीतोये विनिक्षिप्य च सुन्दरीम्।
अरुरोह रथं चित्रं कामगं मकरध्वजः॥ २८ ॥

यति प्रार्थना श्रीवाग्वतीसंग गरी वाग्वतीको पवित्र जलमा नै ती सुन्दरी (चन्द्रावती) लाई नासो (धरोहर–धरौटी) राखी मीनकेतु श्रीप्रद्युम्न आफ्नो इच्छानुसार भ्रमण गर्ने विचित्र रथमा चढ्नु भयो ॥२८॥

स्वच्छ स्फटिक सङ्काश सरिद्वारि विराजिताम्।
प्रमत्त भ्रमरालीन विबुद्ध कमलाननाम्॥ २९ ॥

प्रफुल्ल कुसुमाकीर्ण पर्वतोद्यान कञ्चुकाम्।
शरदिन्दु करापाण्डु राजहंस सितांशुकाम्॥ ३० ॥

विलोक्य धरणीं देवीमुत्तमामिव कामिनीम्।
प्रयतो रुक्मिणीसुनुरिदं वचनमब्रवीत्॥ ३१ ॥

स्वच्छ (सफा–निर्मल) स्फटिकमणितुल्य नदीको जलले अत्यन्त शोभायुक्त फूलको रस लिनमा मग्न भ्रमराहरूले भुन् भून् र भुँ भूँ शब्द निकाल्दै बसिरहेका अनि फक्रक फुलिरहेको कमल-तुल्य सुन्दर मुखाकृति भएकी, खुब् फुलेका फूलहरूले ढकमक्क भएकी, पर्वतको वगैंचा रूपी चोलो पैह्रेकी, शरद्कालको पूर्णचन्द्रको किरण जस्तै सेता राजहंस रूपी साडी पैह्रेकी, अत्यन्त उत्तम सुन्दरी जस्ती रमणीय पृथ्वी माताको दर्शन गर्दै आफ्नो रथको सहाराले प्रस्थान गरिरहनु हुने रुक्मिणी नन्दन श्रीप्रद्युम्न यो वचन (पछि आउने प्रसंग) आज्ञा गर्न लाग्नु भयो ॥२९,३०, ३१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उन्नतं पश्य सुश्रोणि दानवानां पुरोत्तमम् ।
मया विनिहतो यत्र समरे कालशम्बरः ॥ ३२ ॥

हे सुवदने प्रभावती ! अत्यन्त उच्च भागमा रहेको दानव (राक्षस) हरूको अति उत्तम ज्यादै श्रेष्ठ शहर हेर, जहाँ मैले लडाइँमा कालशम्बरलाई मारेको थिएँ ॥३२॥

रुद्रश्चिच्छेद यत्रैव ब्रह्मणः पञ्चमं शिरः ।
रुचिरं पश्य सुश्रोणि काश्मीरं कुङ्कुमाकरम् ॥ ३३ ॥

जहाँ कि भगवान् रुद्रले ब्रम्हाको खुप् अभिमान गर्ने चाहिं पांचौ शिरलाई छेदन गर्नु भएको थियो, त्यस्तै हे सुवदने ! कुंकुम् केशरको खानि मनोहर ज्यादै रमाइलो काश्मीरको सुन्दर दृश्यावलीलाई अवलोकन गर (हेर) ॥३३॥

पश्य पङ्कज गर्भोरू विषयं सिन्धु संज्ञकम् ।
पूर्णेन्दु वदने पश्य पश्चाद्देशं पृथक पृथक् ॥ ३४ ॥

हे कमलको भित्रीभाग जस्तै मुलायम जाँध भएकी प्रभावती सिन्धु देशलाई पनि तिमी नियालेर हेर, यस्तै हे पूर्णचन्द्रमुखी प्रभावती पश्चिमतिरका भिन्न भिन्न प्रदेश (ठाउँहरू) लाई पनि तिमी हेर ॥३४॥

शंख शुभ्र समुद्रोर्मि माला वसन शालिनीम् ।
पश्य पीनोन्नत कुचे द्वारकां नगरीं मम ॥ ३५ ॥

हे पुष्ट पुष्ट र उन्नत (अग्लो) स्तनमण्डलयुक्त प्रभावती शंख जस्तो सेतो र समुद्रको तरङ्ग समूह रूपी पछ्यौराले सुशोभित (ज्यादै राम्रो हुन गएको) मेरो शहर द्वारकालाई पनि तिमी नियाली नियाली हेर ॥३५॥

ततो विवेशात्मपुरीं मनोरमां,
मनोरमामोहविधायि विग्रहः ।
पुराङ्गना लोचन लोलषट्पदै-
र्निपीत वक्त्राम्बुरुहो जनार्दनिः ॥ ३६ ॥

यति आफ्नी प्रियतमालाई आज्ञा गर्नु भै शहरका नारीहरूको आँखारूपी भमराहरूले पान गरिएको मुख रूपी कमलले विशेष शोभित यस्ता ती सम्पूर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुन्दरीहरूलाई मोहित तुल्याउने जनार्दन नन्दन (श्रीकृष्णपुत्र) प्रद्युम्न आफ्नो सुन्दर शहर (द्वारका) मा प्रवेश गर्नुभयो ॥३६॥

इति श्री वाग्वती प्रशंसायां प्रद्युम्नविजये प्रभावती विवाहो नाम सप्तमोऽध्यायः ॥

यसरी श्रीवाग्वती प्रशंसामा प्रद्युम्नविजय खण्डमा प्रभावती विवाह नाउँ भएको सातौं अध्याय सकियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ अष्ठमोऽध्यायः

पुलस्त्य उवाच–

ततः प्रहृष्टहृदयः सुप्रभाभवनं सुभम् ।
प्रविवेशाऽसुरैः पूर्णं नारदो मुनिसत्तमः ।। १ ।।

पुलस्त्य आज्ञा गर्नु हुन्छ– त्यस पछि अर्थात् प्रभावती र प्रद्युम्नको विवाह भै सके पछि मुनिश्रेष्ठ श्रीनारदजी प्रसन्न चित्तभै सारा दैत्यहरूले खचिखचाउ भएको अत्यन्त सुन्दर (बडो राम्रो) सुप्रभा भवन (इन्द्र दमनको दर्वार) मा प्रवेश गर्नुभयो ।।१।।

प्रविश्याऽन्त स्तदाशीघ्रं ज्वलन्तमिव तेजसा ।
रत्नाभरण सम्भूत प्रभापल्लवितश्रियम् ।। २ ।।

झट्पट् छिटो भित्र पस्नुभै त्यस समय तेजले मानौं जाज्वल्यमान [बल्लान् कि जस्ता] विभिन्न (अनेकौं), रत्नहरूका गहनाहरूद्वारा उत्पन्न चहकले वसन्तऋतुको पालुवा झैं शोभायुक्त –।।२।।

चक्र चामर शंखाब्ज श्रीवत्सकृतलक्षणम् ।
अलङ्कृत कराग्रेण शोभितं शुभकारिणम् ।। ३ ।।

चक्र, चामर, शंख, कमल, श्रीबत्स (कौस्तुभ मणि) आदि आभूषणद्वारा उपलक्षित (विशेष परिचित हुने) केयूर (पाउमा लगाउने आभूषण विशेष) कङ्कण (वाला) र औंठी आदि मङ्गलमय गहनाहरूले विभूषित (शोभायमान)–।।३।।

रक्त पद्म दलाताम्रज्वलल्लोल विलोचनम् ।
आवासमिव दर्प्पाणां भिन्नवैदूर्यस प्रभम् ।। ४ ।।

यस्तै ठूलो शोभा दिने मङ्गलप्रद रक्त कमल जस्तै रातो वर्ण भएको अहिले नै बलिहाल्लान् कि भनेजस्ता आँखायुक्त मानौं मूर्तिमान् (शरीरधारी)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिमान् जस्तै यसो हुँदा नै चम्किरहने वैदूर्यमणि जस्तै तेजिलो वर्णवाला –॥४॥

अनेकासुर सङ्कीर्णं सभालङ्कार सन्निभम्।
माणिक्य शकलाकीर्णं हेमासनवरस्थितम्॥ ५ ॥

अनेकौं दैत्यहरूले भरिभराउ भएको सभाको अलंकार (गहना) जस्तै, मणि माणिक्यका टुक्राहरू जडिएको उत्तम सुनको सिंहासनमा विराजमान भैरहेको ॥५॥

राज्यलीला सुखाम्भोधि निमग्न वर विग्रहम्।
ददर्श नारदो धीमान् राजानं शक्रतापनम्॥ ६ ॥

राज्यलीलारूपी सुखसागरमा मग्न भै रहेको सौन्दर्यमय शरीरले सुशोभित, इन्द्रलाई पनि भित्रभित्रै जलाउने राजा [इन्द्रदमन] लाई ज्ञानवान् नारद ऋषिले देख्नुभयो ॥६॥

ततो दत्त वराशीश्च पठद्वेदो महामुनिः।
निषसादाऽऽसन वरे कल्पिते हेमनिर्मिते॥ ७ ॥

त्यसपछि दानवाधिपति श्रीइन्द्रदमनलाई वरदान तथा आशीर्वाद दिनु भै, वेद मन्त्रको उच्चारण गर्नुहुँदै, महामुनि मुनिराज श्रीनारदजी सुनैसुनले सजिसजाउ आसनमा राज गर्नुभयो ॥७॥

कौतूहलपरो भूत्वा दृष्ट्वाऽऽयातं महामुनिम्।
अब्रवीदीदृशं वाक्यं श्रीमानसुर सत्तमः॥ ८ ॥

महामुनि श्रीनारदजीलाई यसरी पाल्नु भएको देखी, वडो (ठूलो) चाख लिई दानवाधिपति इन्द्र दमनले प्रश्न गर्नुभयो ॥८॥

आयातं व्योम मार्गेण मेरु शृङ्गाग्रसन्निभम्।
तस्य मूर्ध्नि समाविष्टमिन्द्रनील समप्रभम्॥ ९ ॥

हे देवर्षि नारदजी ! आकाशमार्गबाट आइरहेको, सुमेरु पर्वतको शिखरको शिरोभाग जस्तै यो के हो ? यस्तै यसको काँधमा रहेको इन्द्रनीलमणि जस्तै तेजिलो यो के हो ? ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदग्रेण समायातं बालादित्यसमप्रभम् ।
चरद्भिरसुरैर्दृष्टं मम शासनवर्तिभिः ॥ १० ॥

यस्तै यसको अगाडि अगाडि आइरहेको बाल सूर्य जस्तै तेजिलो जसलाई मेरो आज्ञाद्वारा भ्रमण गरिरहेका असुरहरूले देखिरहेका छन्, यो के हो ? ॥१०॥

अव्यक्तं नावगच्छामि किमिदं वै तपोनिधे ।
ज्ञाता त्वमसि कार्याणां सर्वेषां मुनिसत्तम ॥ ११ ॥

यी सम्पूर्ण वस्तुहरू प्रकट (देखिने) छैनन्। अतः ठीक ठीक जान्न (संझन) सकिन। हे मुनिराज हजूरबाट त्यो सबै आज्ञा हवोस् किनभने हजूर त सर्व व्यवहारज्ञ ज्ञानवान् होइवक्सिन्छ।

तत स्तस्य वचः श्रुत्वा दैत्येन्द्रस्य महात्मनः ।
व्याजहार शुभं वाक्यं नारदो मुनिपुङ्गवः ॥ १२ ॥

त्यस पछि अर्थात् श्रीमहेन्द्र दमनले प्रश्न गरिसके पछि उदार हृदय दैत्यराजको वचन सुनी मुनीश्रेष्ठ नारद बडो पुण्यहुने कल्याणप्रद वचन आज्ञा गर्नु हुन्छ ॥१२॥

यदि कौतूहलं राजन् विद्यते तव साम्प्रतम् ।
आवेदयिष्याम्यहं क्षिप्रं दृष्टं स्वेनैव चक्षुषा ॥ १३ ॥

श्रीनारद ऋषि आज्ञा गर्नु हुन्छ – महाराज यदि हजूरको इच्छा हुन्छ भने अव म छिटै नै आफ्नै आँखाले देखेको कुरा सुनाउदछु ॥१३॥

आयातो व्योम मार्गेण वाग्वती प्रभवं गिरिम् ।
मेरु शृङ्गाग्र सङ्काशो गरुत्मानिति विश्रुतः ॥ १४ ॥

आकाशमार्गबाट वाग्वतीप्रभव शैल (मृगेन्द्र शिखर–शिवपुरी स्युपुरी) मा आउने सुमेरु पर्वत जत्तिकै अग्ला र प्रख्यात रूपमा प्रत्यक्ष देखिने श्रीगरुडजी हुनुहुन्छ ॥१४॥

तस्य मूर्ध्नि समाविष्ट इन्द्रनील समप्रभः ।
यदुवंशपतिः श्रीमान् विष्णुरित्यभिधीयते ॥ १५ ॥

उनै गरुडजीको काँध माथि विराजमान हुनु हुने इन्द्र नीलमणिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै (कान्ति) शोभायुक्त श्रीमान् (लक्ष्मीपति) यदुवंशका मालिक भगवान् विष्णु अर्थात् योगेश्वर श्रीकृष्ण नै होइबक्सिन्छ ॥१५॥

तदग्रेण समायातो बालादित्यसमप्रभः ।
रुक्मिणी तनयो वीरः प्रद्युम्न इति कीर्त्यते ॥ १६ ॥

आफ्ना पिता भगवान् श्रीकृष्णको अघि अघि आउनु हुने बाल सूर्य जस्ता तेजिला रुक्मिणीपुत्र वीर प्रद्युम्न हुनुहुन्छ ॥१६॥

तीर्थयात्रा प्रसङ्गेन प्रागतो रुक्मिणीसुतः ।
चकार हरणं देव्याः प्रभावत्या यदृच्छया: ॥ १७ ॥

तीर्थयात्राको सन्दर्भमा आउन हुने रुक्मिणी पुत्र (वीराग्रणी) प्रद्युम्नले स्वेच्छया केवल आफ्नै इच्छाले प्रभावती देवीलाई हरण गर्नुभयो ॥१७॥

तस्य तद्वचनं श्रुत्वा महर्षेरमितौजसः ।
अब्रवीदीदृशं वाक्यं श्रीमान सुरसत्तमः ॥ १८ ॥

अत्यन्त तेजस्वी श्रीमहर्षि नारदजीको त्यो वचन सुनी, श्रीयुक्त अर्थात् राज्यशोभासम्पन्न दानवाधिपति महेन्द्र दमन यस्तो वचन भन्न लाग्नुभयो ॥१८॥

मुनिना विदितः किन्तु प्रागतो विष्णुरित्ययम् ।
यदि जानाम्यहं व्यक्तं सपुत्रं न त्यज्यामि तम् ॥ १९ ॥

महर्षि नारदजी ! हजूरले अहिले आज्ञा रिसक्नुभए पछि मात्र मैले थाहा पाएँ यदि म स्पष्ट रूपले थाहा पाउने थिएँ त पुत्रसहित श्रीकृष्णलाई कहिल्यै छोड्ने थिइन ॥१९॥

इत्युक्तवति दैत्येन्द्रे विहस्याऽसुरसत्तमम् ।
नारदो भगवान् वाक्यमब्रवीदीदृशं पुनः ॥ २० ॥

दैत्येन्द्र महेन्द्र दमनले यति आज्ञागरिसके पछि भगवान् नारदजी हाँसेर असुरराजसँग फेरि यसप्रकार आज्ञा गर्नुहुन्छ ॥२०॥

नाधिक्षेप स्त्वयावाच्यो विष्णोरमित तेजसः ।
दंष्ट्रारत्नं महारत्नं विद्यते यस्य वेश्मनी ॥ २१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे महापराक्रमशाली महेन्द्र दमनजी पराक्रमको लेखा जोखा नभएका भगवान् विष्णु (श्रीकृष्ण) लाई तपाईं आक्षेप नलगाउनोस्, जसको दरवारमा ठूलो रत्न द्रष्ट्रारत्न रहेको छ ॥२१॥

पुरा महावराहस्य द्रंष्ट्रया निर्मितं सुरैः।
कदाचित्तेन वै लब्धं रत्नं सूर्यसम प्रभम् ॥२२॥

पहिले वराहकल्पमा देवताहरूले महावराहको दाँतद्वारा बनाइएको यो सूर्यतुल्य कान्ति (चहक) भएको रत्न एकपल्ट भगवान् विष्णुले प्राप्त गर्नुभयो ॥२२॥

दिवा रक्षितमर्केण रजन्याममृतांशुना।
दिवानिशञ्च यत्नेन यादवैः परिरक्षितम् ॥ २३ ॥

त्यस द्रष्ट्रारत्नको रक्षा दिनमा भगवान् सूर्य गर्नु हुन्छ र रातमा चन्द्रमा गर्नु हुन्छ यस्तै रातदिन यादवहरू बडोमिहिनेतले रक्षा गर्दछन् ॥२३॥

नवोदितार्कबिम्बाभं नित्यमेव सुपूजितम्।
रत्नमस्ति महाबाहो कामदं लोकदुर्लभम् ॥ २४ ॥

हे महाबाहु ठूलो पराक्रमयुक्त हात हुने महेन्द्रदमन ! सँधैभरि जसको पूजा हुन्छ, त्यो नयाँ उदाएको सूर्यविम्ब जस्तै रत्न सम्पूर्ण इच्छा परिपूर्ण गरिदिने र लोकमा दुर्लभ (बडो दुःखले मात्र पाइने) छ ॥२४॥

प्रभावात्तस्य रत्नस्य द्विगुणीभूतविक्रमम्।
विष्णुं जेतुं महाबाहो कस्य शक्तिः प्रवर्तते ॥ २५ ॥

हे महाबाहु दानवेश्वर महेन्द्र दमनजी त्यस रत्नका प्रभावले दोगुना पराक्रम भएका श्रीविष्णुलाई जित्ने सामर्थ्य कस्को छ ॥२५॥

हरणेन प्रभावत्याः शम्बरस्य वधेन च।
यदि कोपोऽस्ति दैत्येन्द्र ह्रियतां रत्नमुत्तमम् ॥ २६ ॥

हे दैत्यराज प्रभावतीको हरणले गर्दा या शम्बरासुरको वधले गर्दा यदि तपाईंको भित्र मनमा रीस उठेको छ भने त्यस उत्तम रत्नलाई हरण गर्नु-होस ॥२६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तवैकस्यागतं गम्यमगम्यमपरै नृपैः ।
रत्नस्याहरणादन्यत् किमस्ति पृथिवीपते ॥ २७ ॥

हे राजन् हे महाराज ! एकमात्र हजूर यस कामलाई फत्ते गरिबक्सन समर्थ होइबक्सिन्छ, अरू राजाहरू समर्थ होइबक्सिन्न । राजन् हेरिबक्स्योस् रत्न प्राप्तिभन्दा उम्दा काम अरू कुन छ ? अर्थात् कुनै पनि छैन ॥२७॥

एवं सम्भाष्य दैत्येन्द्रं ज्वलत्कोपानलाकुलम् ।
निष्क्रम्यराज भवना न्निर्ययौ स महामुनिः ॥ २८ ॥

यसरी भाषण गर्नु भै (वक्तव्यद्वारा प्रभाव पारी) दैत्यराज महेन्द्र दमनलाई क्रोधाग्निद्वारा जाज्वल्यमान तुल्याई श्रीमहामुनि नारदजी राजभवन-बाट बाहिर जानु भयो ॥२८॥

गतेऽथ नारदे राजा रत्नाहरण हेतुना ।
राहुमादिश्य चन्द्रस्य ग्रहणं स प्रतीक्षते ॥ २९ ॥

श्रीनारदमुनि आफूसँग विदाहुनु भै बाहिर पाल्नु भएपछि दानवेश्वर महेन्द्र दमन राहुलाई चन्द्रग्रहणका निंति आज्ञा दिई, मौका पर्खिरहन लागे ॥२९॥

एकदा तु दिने रम्ये दृष्ट्वा सङ्केतमात्मनः ।
ज्वलदाताम्रनयनो भ्रुकुटीकुटिलालिकः ॥ ३० ॥

सन्नद्धो बद्धकवचः खड्गपाणिर्धनुर्धरः ।
सिंहस्कन्धो महोरस्को बलशौर्य समन्वितः ॥ ३१ ॥

वायुवेगं समास्थाय सोऽसुरः क्रोधमूर्च्छितः ।
जगाम द्वारकां रम्यां रत्नाहरण हेतुना ॥ ३२ ॥

एकदिन त शुभ मुहूर्त (असल साइतको समय) मा आफ्नो संकेत याद गरी अहिले नै वलिहाल्लान् कि जस्ता किम्वा तताएकोताँवा जस्तै राता राता आँला भएका, वाङ्गो आँखिभौंले गर्दा मुखै वाङ्गो जस्तो देखिने, दैत्येश्वर श्रीमहेन्द्र दमन ठीक ठाक् भै शरीरमा कवच धारण गरी हातमा खड्ग र धनु लिई सिंहको जस्तै काँध विशाल (खूबफराकिलो) छाति शारीरिक (शरीर सम्बन्धी) बल मानसिक शूरता र वीरतायुक्त श्रीदानवेन्द्र क्रोधले चूर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चूर भै वायुको जस्तो वेग गरी रत्न अपहरण गर्नका निंति अत्यन्त शोभायुक्त श्री द्वारावती नगर तर्फ लागे ॥३० – ३२॥

त्वरेणाऽऽसाद्य तं देशं रत्नाहरण लालसः ।
हरणोपायमालोक्य तस्थावसुरसत्तमः ॥ ३३ ॥

शीघ्राती शीघ्र चाँडोभन्दा चाँडो त्यस द्वारावती नगरीमा पुगी रत्नहरण गर्न चाहने ती दैत्यपति हरणको मौका चाहारी (चूप चाप एक कुनामा) बसे ॥३३॥

ततो निद्रावशगते जने पुर निवासिनि ।
प्रद्युम्ने विभवासक्ते प्रभावत्या सहैव तु ॥ ३४ ॥

मन्त्रजापपरोभूत्वा स्थिते च मधुसूदने ।
राहुणा शशिनि ग्रस्ते संसर्गाविमलात्विषि ॥ ३५ ॥

त्यस पछि सम्पूर्ण शहरवासी जब निदाए यस्तै श्रीप्रद्युम्नजी प्रभावतीका साथ वैभवासक्त (प्रेमालापमा अत्यन्त संलग्न) हुनु भएपछि र भगवान् मधुसूदन श्रीकृष्णजी) मन्त्र जप गर्न लागिसक्नु भएपछि राहुद्वारा चन्द्रमा ग्रस्त हुनु भै (अथात् चन्द्र ग्रहण लागी) अँध्याराको सम्पर्क संसर्गबाट चन्द्रमा मलिन हुनु भए पछि – ॥३४ – ३५॥

प्रद्युम्नरूपमास्थाय सत्वरोऽसुरसत्तमः ।
प्रविवेश महाबाहू रत्नागारं मनोरमम् ॥ ३६ ॥

दैत्येश्वर (दैत्यहरुको मालिक) राजा महेन्द्र दमन प्रद्युम्नको रूप लिई तुरुन्तै (छिट्टै) त्यो सुन्दर रत्नागार (ढुकुटी) मा प्रवेश गरे ॥३६॥

निवारितोऽपि यत्नेन सर्वैस्तद्रत्नपालकैः ।
त्वरया रत्नमादाय निर्ययौ स तदालयात् ॥ ३७ ॥

सम्पूर्ण रत्न रक्षक [रत्नका पालेदार] हरुले बडो जुक्ति र मिहिनेत साथ रोक्दा रोक्दै (क्तै) पनि तुरुन्तनै रत्न लिई त्यो रत्नको ढुकुटीबाट निस्किहाले ॥३७॥

अथ हृष्टमना भूत्वा लब्धरत्नो महाजवः ।
क्रमेण हिमवत् कुक्षिं प्राप्तवानसुराधिपः ॥ ३८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस पछि रत्न हात लगाई प्रसन्न मनले अत्यन्त वेगका साथ ती दैत्यराज (महेन्द्र दमन) हिमालयको गुफामा (छिट्टै नै) पुगिहाले ॥३८॥

ततो विनिक्षिप्य स कच्छपासुरे
प्रकाशदं रत्नमनल्पदीधिति।
विवेश रम्यं भवनं महासुरो,
विचित्ररत्नाङ्कुररश्मिरञ्जितम् ॥ ३९ ॥

यहाँ आइपुग्ने वित्तिकै महाबली (ज्यादै पराक्रमी) महेन्द्र दमनले ज्यादै चहकदार (चम्किलो) मनका सम्पूर्ण इच्छा परिपूर्ण गरिदिने त्यस द्रंष्ट्रा रत्नलाई कर्कोटक ह्रदमा निवास गर्ने (बस्ने) कच्छपासुर कहाँ नासो राखी अनेकौं रत्नै रत्नहरूको झुण्डै झुण्डले सुशोभित ज्यादै राम्रो आफ्नो राजदरबारमा प्रवेश गर्नु भयो ॥३९॥

इतिश्री वाग्वती प्रशंसायां प्रद्युम्न विजये रत्नापहारो
नामाऽष्टमोऽध्यायः ॥

यसरी श्रीवाग्वती प्रशंसामा श्रीप्रद्युम्नजीको दिग्विजयको सिल्सिलामा रत्न हरण (रत्न चोरी) नामको आठौं अध्याय सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ नवमोऽध्यायः

पुलस्त्य उवाच -

ततो मुमोच शशिनं स्वग्रस्तं सिंहिकात्मजः ।
जगाम रजनी चैव क्षयं चन्द्रांशुना सह ॥ १ ॥

पुलस्त्य भन्नुहुन्छ–त्यसपछि (राजा महेन्द्र दमनले रत्न हरण गरी आफ्नो दरबारमा प्रवेश गरे उप्रान्त) सिंहिका दानवीको पुत्र राहुले आफूले ग्रास गरिरहेको चन्द्रमालाई छोडिदिए र भगवान् चन्द्रमाको कान्ति (शोभा) का साथ्-साथै रात पनि समाप्त भयो ॥१॥

निद्रासुख विनिर्मुक्ता बभूवुः पुर वासिनः ।
रराज भगवान् सूर्यः कमलोत्पलहासनः ॥ २ ॥

यस्तै द्वारावती शहरका सम्पूर्ण प्रजाहरू पनि निद्राबाट व्यूँझे । उता कमलहरूलाइ हँसाउने सूर्य भगवान् पनि आफ्नो प्रकाश फैलाउँदै उदाउनु भयो ॥२॥

ततः प्रभात समये भगवान् मधुसूदनः ।
द्रंष्ट्रारत्नस्य पूजार्थं प्रविवेश तदालयम् ॥ ३ ॥

यसरी भगवान् श्रीसूर्यको उदय भैसकेपछि प्रातः कालमा (विहान) भगवान् मधुसूदन (श्रीकृष्ण) द्रष्ट्रारत्नको पूजागरिबक्सन त्यस भवन (रत्नागार ढुकुटी कोठा) मा प्रवेश गरिबक्स्यो ॥३॥

प्रवेशाऽनन्तरं शीघ्रं विनिष्क्रम्य तदालयम् ।
पप्रच्छ स महाबाहुस्तत्रस्थान् रत्नपालकान् ॥ ४ ॥

पस्ने वित्तिकै छिटैनै त्यस कोठाबाट निस्किबक्सी अतुल पराक्रम सिन्धु अर्थात् सामर्थ्यको लेखा जोखा नै गर्न नसकिने महाबाहु भगवान् श्रीकृष्णले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यहाँ बसेका पहरादारहरुलाई सोधिबक्स्यो ॥४॥

श्रीकृष्ण उवाच-

भो रत्न पालका यूयं क्व गतं रत्नमुत्तमम् ।
वाक्यं भगवतः श्रुत्वा प्रणम्याऽञ्जलिकारिणः ॥ ५ ॥

ईदृशं वचनं प्राहुस्तत्रस्था रत्नपालकाः ।
एकेनाऽऽगत्य शर्वर्यां प्रगाढायां चतुर्भुज ॥ ६ ॥

प्रविष्टं तव पुत्रेण प्रद्युम्नेन तदालये ।
एवमुक्तवतां तेषां श्रुत्वा वाक्यमसंशयम् ॥ ७ ॥

प्रद्युम्नं त्वरयाऽऽहूय पप्रच्छ भगवान् हरिः ।
हृतं तद्रत्नकं पुत्र त्वयाऽऽज्ञा मम नास्ति हि ॥ ८ ॥

भगवान् आज्ञागरिबक्सिन्छ-हे पहरादार रत्न रक्षकहरू ! के तिमीहरू साँच्चै रत्नरक्षक हौ ? कहाँ गयो त्यो सर्वश्रेष्ठ रत्न ? यस किसिमको भगवान्को वाक्य सुनी प्रणाम गरी अञ्जलि जोडी बडो नम्रतासाथ त्यहाँका पाले पहरादारहरू यस किसिम वेहोरा विन्ती गर्न लागे-

त्यहाँ बस्ने संरक्षक सिपाहीहरूले यस्तो विन्ती गरे कि-हे चतुर्भुज भगवान् श्रीकृष्ण ! गाढ अन्धकारमय रात्रिमा हजूरको सुपुत्र प्रद्युम्न एक्लै आउनुभै यो रत्नको ढुकुटीमा पस्नु भएको थियो, यस्तो ती रत्न संरक्षक सिपाहीहरूको निःशंक (शँका रहित) वाक्य (निवेदन) सुनिबक्सी तुरुन्तातुरुन्त नै प्रद्युम्नलाई बोलाई बक्सी भगवान् हरिले सोधिबक्स्यो- हे पुत्र प्रद्युम्न तिमीले त्यो मेरो अमूल्य रत्न अपहरण गरेर लगेछौ, बाबु मेरो आज्ञा विना किन तिमीबाट यस्तो अनुचित (सज्जनहरूले संझनसम्म पनि नहुने) कार्य (काम) हुन गयो ॥५-८॥

रात्रौ विशेषतोऽस्माकं प्रयच्छस्व तु तत् पुनः ।
न मया विधृतं तात रत्नजातं कदापि च ॥ ९ ॥

सत्यमेतन्मया व्यक्तं भवदग्रे निगद्यते ।
पुत्रस्य वचनं श्रुत्वा पृच्छ्यमानस्य यत्नतः ॥ १० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुहूर्तं ध्यानमास्थाय भगवानिदमब्रवीत् ।
जानामि वीर हे पुत्र दुष्टं रत्नापहारिणम् ॥ ११ ॥

विशेष गरी रातका समयमा मेरो यस रत्नागार (ढुकुटी) मा कसैलाई आउने आज्ञा नै छैन । यस कारण तिमी मेरो रत्न फिर्ता गरिदेऊ । यसपछि अर्थात् आफ्ना पूज्यपिता भगवान् श्री कृष्णको वचन (आज्ञा) सुनिसकेपछि प्रद्युम्नजीले बिन्ती गर्नु भयो कि पिताजी म योगेश्वर सर्वसमर्थ हजूरका अगाडि यो सत्य विषय बिन्ती गर्दछु कि मैले कहिल्यै पनि रत्न हरण गरेको छैन । यसरी बडो जुक्तिसाथ सोधिबक्से पछि पनि छोरा श्रीप्रद्युम्नजीको यो उत्तर सुनिबक्सी एकक्षणसम्म ध्यान दृष्टिले शोचिबक्सी भगवान् श्रीकृष्ण यो प्रसंग आज्ञा गरिबक्सिन्छ – हे वीर शिरोमणि बाबु पुत्र प्रद्युम्न हाम्रो यो अनमोल रत्न हरण गर्ने दुष्टलाई अहिले मैले चिन्हे ॥९–११॥

रूपंतव समास्थाय हृतं देवेन्द्र शत्रुणा ।
हत्वादैत्यं दुरात्मानं द्रंष्ट्रारत्नापहारिणम् ॥ १२ ॥

पूरणीयस्त्वया पुत्र देवेन्द्रस्य मनोरथः ।
गन्तव्यमस्माद् हे पुत्र जयार्थेनाऽऽत्मनस्त्वया ॥ १३ ॥

बाबु प्रद्युम्न तिम्रो नै रूप धारण गरी (भेष छिपाई) देवराज श्रीइन्द्रजीको शत्रु [महेन्द्र दमन]ले रत्न चोरेको बुझियो । अतः हे बाबु द्रंष्ट्रारत्नको अपहरण-कारी दुष्ट दैत्यलाई नाश गरी तिमीले इन्द्रको समेत इच्छालाई पूर्ण गर्नु पर्ने छ । यसो हुँदा नै हे बाबु अब तिमी यथाशीघ्रनै शत्रु विजय यात्राका निंति प्रयाण गरि हाल ॥१२–१३॥

वधूं प्रभावतीञ्चैव नेष्यसि प्रियकांक्षिणीम् ।
अहमप्यागमिष्यामि सन्द्रष्टुं निधनं रिपोः ॥ १४ ॥

सँधै भरि- आफ्नो प्रियतमका साथ्नै सहवास चाहने बुहारी प्रभावतीलाई पनि साथमै लिएर जाऊ यत्तै शत्रुको विनाश हेर्नका लागि म पनि त्यहीं नै आइ-पुग्ने छु ॥१४॥

गङ्गादर्शन कांक्षिण्या वाग्वत्याश्च प्रमोक्षणात् ।
तवैव हि जयो नित्यं देवराजावधार्यते ॥ १५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीगंगा सँगको दर्शन र स्पर्शनबाट एकात्म बन्न चाहने वाग्वती नदीलाई बन्धन मुक्त गर्नुबाट श्रीइन्द्रजी तिम्रो विजय (जितवाजी) चाहनु हुन्छ ॥१५॥

पूजार्थं त्रिदशैः सार्धं स च व्यक्तं समेष्यति ।
इत्युक्त्वा भगवान् विष्णुर्देव कार्य हिते रतः ॥ १६ ॥

विस्मयोत्फुल्लनयनं पार्श्वस्थं मुनिमब्रवीत् ॥ १७ ॥

बाबु प्रद्युम्न हेर सम्पूर्ण देवताहरूलाई साथ लिई श्रीइन्द्र अवश्य नै तिम्रो स्वागत सत्कार मान र पूजाका लागि आउनु हुनेछ । यति कुरा आफ्ना पुत्र प्रद्युम्न-जीलाई आज्ञागरिबक्सी देवताहरूको उद्धार कार्यमा तत्पर भगवान् श्रीकृष्णले आश्चर्यद्वारा प्रफुल्लनेत्र हुने अर्थात् यो श्रीकृष्ण र प्रद्युम्नको अद्भूत सम्वाद सुनी चकित भैरहेका नजीकै बस्ने मुनि (ब्राह्मण- ऋषि) लाई आज्ञा गरि बक्स्यो ॥१६-१७॥

श्री कृष्ण उवाच-

सर्वं मद्वचनं ब्रूहि सहस्राक्षं महामुने ।
दैत्येन्द्र निधनं द्रष्टुमायातव्यमिति स्वयम् ॥ १८ ॥

श्रीकृष्ण भगवान् आज्ञा गरिबक्सिन्छ- हे महामुनिजी ब्राह्मण देव ! मेरो यो सम्पूर्ण समाचार इन्द्रसंग गई आज्ञागर्नुहोस् कि दैत्येन्द्र [महेन्द्र दमन] को विनाश (मृत्यु) हेर्नका लागि तपाई आफैंने पाल्नु हुन पर्दछ ॥१८॥

तस्य वाक्यावसाने तु पितुर्मकरकेतनः ।
प्रणम्यशिरसा पादावारुरोह रथोत्तमम् ॥ १९ ॥

पिता श्रीकृष्णको यति आज्ञा सुनिसकेपछि मीनकेतु-मकरकेतन किम्वा कामदेवका साक्षात् अंश श्रीप्रद्युम्नजी आफ्ना पित को चरणमा शिरले प्रणाम गरी उत्तम रथमा चढ्नु भयो ॥१९॥

ततो रथवरारुढः खड्गवाणधनुर्धरः ।
पठद्भिर्द्विजैः शीघ्रं जयाशीर्भिः प्रपूजितः ॥ २० ॥

त्यस पछि छिटैनै श्रेष्ठ रथमा विराजमान हुनुं भै हातमा खड्ग, बाण र धनु लिई, वेद पाठ गरिरहेका ब्राह्मणहरूको आशीर्वादपूर्वकको स्वस्तिवाचन (मङ्गलगान) द्वारा विशेष संमानित हुनु भै- ॥२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रयातो रथवर्येण कामगेन यदृच्छया।
प्रहृष्टः पीवरोरस्कः प्रियालिङ्गन लालितः॥ २१ ॥

रथीको इच्छानुकूल चल्ने रथमा आरूढ हुनु भै वडो हृष्ट पुष्ट शरीर र विशाल वक्ष [ठूलो छाति] युक्त यस्तै झन प्रियतमाको आलिङ्गनवाट अत्यन्त सुन्दर देखिने (श्रीप्रद्युम्नजी)- ॥२१॥

विलोक्य धरणीं रम्यां सरिच्छत्रविभूषिताम्।
प्रद्युम्नो रूपिणां श्रेष्ठ इदं वचनमब्रवीत्॥ २२ ॥

शर्य्यौं सुन्दर नदीहरूद्वारा अत्यन्त रमणीय अवस्थामा देखिने श्रीपृथ्वीमातालाई हेर्दै आफ्नो मनोभावना यसरी व्यक्त गर्न लाग्नु भयो- ॥२२॥

वितस्ता देविका सिन्धुः शतद्रुः सरिदुत्तमा।
एताः पश्यतु सुश्रोणि पृथिव्या हारसन्निभाः॥ २३ ॥

हे सुवदने, सुन्दरमुखी प्रभावती हेर त यी पृथ्वीमाताका गलाका सुन्दर हार (माला) जस्ता, वितस्ता, (बिपाशा, व्यासा) देविका (रानी नदी) सिन्धु, शतद्रु (शतद्रा शतलज) आदि उत्तम नदीहरू देखिनु हुन्छ ॥२३॥

कुरुक्षेत्रस्य मध्येन गच्छन्ती पश्चिमोदधिम्।
एषा सरस्वती रम्या पुण्यतीर्थ शतानुगा॥ २४ ॥

कुरुक्षेत्रको माझबाट पश्चिम समुद्रतिर गैरहेको शर्य्यौं पुण्यमयतीर्थ बीच बीचमा पर्ने यी सुन्दर सरस्वती नदी हुनु हुन्छ ॥२४॥

एषा विलोकयतां देवि पावनी पृथिवी तले।
ग्रथितोत्पल मालेव भ्राजन्ती यमुना नदी॥ २५ ॥

हे देवी प्रभावती ! यस्तै तिमी पृथ्वी तलमा गाँथिएकी नील कमलहरूको मालातुल्य शोभा भएकी यी पवित्रतामा श्री यमुना नदीलाई पनि हेर ॥२५॥

सोममण्डल सम्भूता निर्मलांशुक सन्निभा।
एषा सन्दृश्यते भद्रे गङ्गा त्रैलोक्य पावनी॥ २६ ॥

हे कल्याणी प्रभावती चन्द्रमण्डलबाट उत्पन्न भएकी निर्मल सफा दुकूल (पछ्यौरा) तुल्य सेतो वर्ण भएकी तीनै लोकलाई पवित्र तुल्याउने श्री भागीरथी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नदी पनि देखिनु हुन्छ ॥२६॥

उपस्पृष्ठ जला पुण्या नैमिषारण्यवासि भिः ।
रम्या दृपद्वती चापि गोमती चापि दृश्यते ॥ २७ ॥

नैमिषारण्य निवासीहरुद्वारा आचमन गरिएकी (अर्थात् स्नान गरिने) पवित्र एवं अत्यन्त रमणीय दृषद्वती तथा गोमती नदीहरू पनि देखिइरहनु भएको छ ॥२७॥

एषा सन्दृश्यते देवि सरयू लोकपावनी ।
यामाश्रित्य दिवं यातो रामो दशरथात्मजः ॥ २८ ॥

हे देवी प्रभावती यस्तै लोकपावनी (सम्पूर्ण लोकलाई पवित्र तुल्याउने) श्री सरयू नदी पनि देखिइरहनु भएको छ, जसको आश्रय लिई, दशरथनन्दन श्री रामले स्वर्ग मार्गतिर प्रस्थान गरिबक्सेको थियो ॥२८॥

गौरी गण्डस्थलोद्भूता कालाभ्रस्य रसोपमा ।
एषा विभाति सुश्रोणि गण्डकी सरिदुत्तमा ॥ २९ ॥

हे सुवदने प्रभावती श्रीगौरीजीको गण्डस्थलबाट उत्पन्न हुनु भएकी कालो गाजलकै रस (झोल) जस्तो झट्ट देखिने नदी श्रेष्ठ श्री गण्डकी पनि अत्यन्त सुशोभित देखिनु हुन्छ ॥२९॥

शैलमाला निरुद्धाङ्गी ह्रदी भूता मनोरमा ।
एषा सन्दृश्यते देवि वाग्वती लोकपावनी ॥ ३० ॥

यस्तै अगाडि देखिएका शैल समूह (पर्वतमाला) ले रोकिएर सुन्दर सरोवर (तलाउ) जस्तो बन्नु भएकी लोकपावनी (सम्पूर्ण लोकलाई पवित्र पार्नु हुने) वाग्वती नदी पनि देखिनु भै रहेको छ ॥३०॥

भवत्याऽध्यासितः पूर्वं गौर्याराधन हेतुना ।
प्रणम्यतां त्वया भद्रे मृगेन्द्र शिखरो गिरिः ॥ ३१ ॥

हे कल्याणी प्रभावती श्रीगौरीजीको आराधना गर्ने कल्याणकार्यमा जुटी तिमी पहिले जहाँ बसेकी थियौ, त्यस मृगेन्द्र शिखर पर्वतलाई पनि प्रणाम गर ॥३१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इत्युक्त्वा रथ मुत्सृज्य प्रद्युम्नो रूपिणां वरः ।
प्रविवेश सरः पुण्यं वाग्वती जल पूरितम् ॥ ३२ ॥

यति आफ्नी प्रियतमा प्रभावतीलाई आज्ञा गर्नु भै, रथवाट ओर्ली, सुन्दरहरूमा सर्वश्रेष्ठ (कामविभूति) श्रीप्रद्युम्नजी वाग्वतीको जलले परिपूर्ण पवित्र सरोवर (तलाउ) मा प्रवेश गर्नु भयो ॥३२॥

ततः सरस्युन्मदहंस सारसे,
विहृत्य कामः कुसुमौघशोभिते ।
गिरौ मनोज्ञे निषसाद केशविः
प्रभावती विभ्रम वीक्षितानन: ॥ ३३ ॥

त्यस पछि अनेक प्रकारका कमल, (सूर्यकमल) चन्द्रकमल र अरू नानाप्रकारका फूलहरूले सुशोभित भएको, मदले उन्मत्त कलहंस सारस आदि र अरू चलचरपंक्षिहरूद्वारा पनि सुन्दर आनन्दप्रद शब्द गरिएको, वाग्वती सरोवर (नागह्रद) नेपाल उपत्यकामा विहार गरी, प्रियतमा प्रभावतीद्वारा विलासविभ्रम [विसालको हेराइ] ले हेरिएको सुन्दर मुख कमलयुक्त श्री कृष्णपुत्र कामदेव प्रद्युम्न सुन्दर पर्वत (मृगेन्द्र शिखर) मा नै बिराजमानहुनुभयो ॥३३॥

इति श्री वाग्वती प्रशंसायां प्रद्युम्न विजये उद्योगवर्णनो नाम नवमोऽध्यायः

यसरी श्री वाग्वतीजीको प्रशंसाको सिलसिलामा प्रद्युम्न विजय काण्ड मा उद्योग वर्णन नामको नवौं अध्याय सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ दशमोऽध्यायः

पुलस्त्य उवाच-

अथ पङ्कज किञ्जल्क कपिलीकृत विग्रहम् ।
शरदातप संपर्क जातश्रम विवर्जितम् ॥ १ ॥

गिरेर्सनोरमे मूर्ध्नि निषण्णं मकरध्वजम् ।
सा निग्रहवती भूत्वा वाग्वती वाक्यमब्रवीत् ॥ २ ॥

पुलस्त्य आज्ञा गर्नुहुन्छ-यस पछि कमलहरूको केशरले (धूलोले) कैलै भयकी र मानौं शरीरै धारण गर्ने शरद् ऋतुको घामको संपर्कबाट उत्पन्न हुँदा परिश्रम रहित भै, पर्वतको सुन्दर टाकुरामा बस्नुहुने श्री प्रद्युम्नजी सँग शरीर धारिणी (मूर्तिमती) श्री वाग्वतीजीले आज्ञा गर्नु भयो ॥ १-२ ॥

ज्ञात्वा चन्द्रावतीं देवीं मद्धस्ते प्रतिपादिताम् ।
क्रुध्यते शक्रदमनो ज्वलत्कोपानलाकुलः ॥ ३ ॥

हे बीर शिरोमणि प्रद्युम्नजी ! हेर्नुहोस् श्री चन्द्रावती देबी लाई मेरो हातमा सुम्पिएको थाहा पाई जाज्वल्यमान क्रोधाग्निले आकुल व्याकुल भएको महेन्द्र दमन म सँग बहुतै रीस गर्दछ ॥ ३ ॥

अतस्तस्य भयत्रस्तः सूर्यकेतुर्नराधिपः ।
मन्त्रजापेन घोरेण ध्यायते हि जयं तत ॥ ४ ॥

यसकरण यस महेन्द्र दमनको डरले त्रस्तमै राजा सूर्यकेतु अघोर मन्त्रको जप गर्दै तपाँइकोनै जय मनाइरहनु भएकोछ ॥ ४ ॥

युद्धेऽपमानितस्तेन दैत्येन्द्रेण दुरात्मना ।
तवैव हि जयं नित्यं ध्यायते त्रिदशाधिपः ॥ ५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुरात्मा (दुष्ट) त्यस दैत्यसँग युद्धमा अपमानित भै इन्द्र पनि सँधै नै तपाईंको जय चाहनु हुन्छ ॥५॥

दीर्घकालं निरुद्धाङ्‌ग्या विराधाङ्गरुजार्तया ।
मयाऽपि सततं वीर ध्यायते विजयस्तव ॥ ६ ॥

धेरै अघि देखि अङ्ग भङ्ग भएकी (विकलाङ्गी) म (वाग्वती) विराध राक्षसद्वारा पीडितछु अतः विरागणी तपाईंको नै जय चाहन्छु ॥६॥

भगिन्या हरणे नूनमागतं परिशङ्कितम् ।
शरचापौ समुद्यम्य चन्द्रकेतुः प्रतीक्षते ॥ ७ ॥

फेरि यस्तै राजा चन्द्रकेतु पनि वैन्ही हरणका लागि आएको महेन्द्र दमन देखि शङ्कित हुनुभै हातमा धनुर्बाण धारण गरी पर्खिरहनु भएको छ ॥७॥

तस्या स्तद्वचनं श्रुत्वा बाग्वत्या बलिनां वरः ।
प्रद्युम्नो रुक्मिणी सुनु रिदंवचनमब्रवीत् ॥ ८ ॥

मूर्तिमती श्री वाग्वती जीको माथिको उक्ति सुनी बलवान् हरुमा श्रेष्ठ रुक्मिणीपुत्र श्री प्रद्युम्नजी यो (पछिको प्रसंगमा वर्णन हुने) वचन आज्ञा गर्नु हुन्छ ॥८॥

द्रंष्ट्रारत्ना पहरणं यः करोति सुदुष्करम् ।
हरणे चन्द्रवत्याश्च येन बुद्धिर्निवेशिता ॥ ९ ॥

भविष्यति वधस्तस्य निश्चयान्मम बाहुना ।
तथापि द्रष्टुमिच्छामि रिपो रूपं दुरात्मनः ॥ १० ॥

जस्ले अत्यन्त मूल्यवान् द्रंष्ट्रारत्नलाई अपहरण (चोरी गरिरहेको छ जो ज्यादैनै दुष्कर कार्यथियो यस्तै फेरि जस्ले चन्द्रावती को अपहरण मा पनि दृष्टि दिइरहेको छ, त्यसको मृत्यु निश्चयनै मेरो हातबाट हुने छ त्यसो भएता पनि एकपल्ट त्यस दुरात्मा शत्रुको रूप सम्म हेर्न चाहन्छु ॥९-१०॥

तस्य तद्वचनं श्रुत्वा प्रमोदोद्धत मानसा ।
सा विग्रहवती देवी वाग्वती वाक्यमब्रवीत् ॥ ११ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री प्रद्युम्नजी को त्यस उक्ति (भनाई) सुनी सके पछि आनन्दले प्रफुल्ल चित्त भएकी शरीरधारिणी देवी वाग्वती यो आज्ञा गर्नु हुन्छ ॥११॥

इहैष्यति महाबाहो निश्चयं शक्रतापनः ।
द्रष्टुं चन्द्रवतीं मोहात् कृतकौतूहलाकुलः ॥ १२ ॥

हे महाबाहु अर्थात् पराक्रमशाली प्रद्युम्नजी मोह (अज्ञान) वस उत्पन्न कौतुकले (चाखले) आकुलव्याकुल भएको दानव महेन्द्र दमन चन्द्रावतीको दर्शनका निंति अवश्य यहीं आउने छन् ॥१२॥

ततस्तस्मिन् क्षणे पुण्ये विरहातुरमानसः ।
निर्ययौ स्वबलाद्रम्याम्महेन्द्रदमनो नृपः ॥ १३ ॥

त्यसपछि अर्थात् श्री प्रद्युम्नजी र मूर्तिमती श्रीवाग्वतीजीको सम्वाद भै सके पछि शुभ पुण्यप्रद मुहूर्तमा विरहातुर विरहकातर (बिछोड् होला कि भन्ने डरयुक्त) चित्त लिई दानवेन्द्र श्रीमहेन्द्र दमन आपनो गुफाबाट निस्केए ॥ १३ ॥

दैत्येन्द्रमागतं दृष्ट्वा विरहातुरमानसम् ।
कृत्वा चन्द्रावती रूपं तस्थौ मकरकेतनः ॥ १४ ॥

एतातिर यसरी विरहकातर महेन्द्रद न आएकोदेखि मकरकेतु श्रीप्रद्युम्न चन्द्रावतीको रूपलिई, बसिरहनु भयो ॥१४॥

ततः प्रभावती देवी समुत्थाय ससम्भ्रमा ।
विनयेनाऽञ्जलिं कृत्वा दैत्येन्द्रमिदमब्रवीत् ॥ १५ ॥

त्यसपछि अर्थात् दानवाधिपति महेन्द्र दमन त्यहाँ आइपुग्ने बित्तिकै मकरकेतु श्री प्रद्युम्नकी सहधर्मचारिणी श्रीप्रभावती भट्‌पट् उठनु भै बडो नम्रतापूर्वक हात जोडी, दैतेन्द्र (दैत्य श्रेष्ठ, महेन्द्र दमनसंग यो विन्ती गर्नु हुन्छ ॥१५॥

सखी चन्द्रावती देवी त्वद्गुणौघ- विमोहिता ।
प्रणामंकुरुते नाथ लज्जया व्यथितेन्द्रिया ॥ १६ ॥

हे महाराज ! सखी चन्द्रावतीदेवी हजूरको गुणहरूबाट मोहित भै लज्जाले व्यथित इन्द्रिय भएकी हुँदी हजूरलाई प्रणाम गर्दछिन् ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततो चापनिर्मुक्तैरपाङ्गेषुभिरुच्चकैः ।
बिभेद हृदयं तस्य प्रद्युम्न कामरूपधृक् ॥ १७ ॥

यति भन्दा भन्दै नै कामदेवका साक्षा विभूति (अंश) श्री प्रद्युम्नजीले भृकुटी (आँखीभौं रूपी धनुबाट छोडिएको अपाङ्ग (कटाक्ष) रूपी वाणहरूद्वारा त्यस दैत्येन्द्रको हृदयरूपी लक्ष (तारो) लाई भेदन नै गरिदिनु भयो ॥१७॥

दृष्ट्वा चन्द्रावतीं देवी सानुरागानुवर्त्तिनीम् ।
प्रफुल्लनयनां राजा चेदृशं वाक्यमब्रवीत् ॥ १८ ॥

यता कृतिम प्रेमद्वारा प्रफुल्लनेत्र भएकी प्रच्छन्न चन्द्रावती (श्रीप्रद्युम्न) लाई प्रेमपूर्वक पछिलाग्ने देखि राजा श्रीमहेन्द्र दमन यस प्रकारको उक्ति (भनाइ) प्रकट गर्दछन् ॥१८॥

पतिं मां प्राप्य सुश्रोणि त्रैलोक्याधिपतिं प्रभुम् ।
भोक्ष्यसे विपुलान् भोगांस्त्वं हि मर्त्येषु दुर्लभान् ॥ १९ ॥

हे सुवदने ! सुन्दरमुखी प्रभावती तीनैलोक (स्वर्ग मर्त्य र पाताल) को मालिक जे जस्तो पनि गर्नमा समर्थ मलाई पतिका रूपमा पाई तिमी मर्त्यलोकमा दुर्लभ अनेक भोगहरू भोग्ने छौं ॥१९॥

एह्येह्युत्पलपत्राक्षि क्रीडार्थं बहुभिर्गुणैः ।
सुप्रभा भवनं रम्यं गन्तव्यं स्वर्गसन्निभम् ॥ २० ॥
मम कान्ताशतं श्रुत्वा भीता माभूर्वराङ्गने ।
त्वां विमुच्य नचाऽन्यासां मुखं पश्यामि सुन्दरि ॥ २१ ॥

हे कमलका दल जस्तै (विशाल) विस्तृत फराकिलो आँखा भएकी चन्द्रावती हेर मेरो सुप्रभा भवन (राजदरवार) स्वर्ग जस्तै अत्यन्त राम्रो छ, त्यहीं क्रीडा गर्न (खेल खेल्न) हिंड जाऊ ॥ हे वराङ्गने मेरा अरू शैयौं स्त्रीहरू छन् भन्ने सुनी, भयभीत नहोऊ, हे सुन्दरी म तिमीलाई छाडी अरू कसैको मुख पर्यन्त हेर्नेछैन ॥२०-२१॥

इत्युक्तवति दैत्येन्द्रे कन्यारूपी स कैशविः ।
अब्रवीदीदृशं वाक्यं सान्तर्हासः स्मिताननः ॥ २२ ॥

हे भीष्मजी ! दैत्येन्द्रराज महेन्द्र दमनले यति भनिसकेपछि कन्यारूपी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रद्युम्न मनमनै हाँस्तै प्रसन्न मुखले यस प्रकार आज्ञा गर्नुहुन्छ ॥२२॥

त्वद्वाक्यमीदृशं पुण्यं यदि सत्यं नराधिप ।
कथं नेच्छामि पत्नीत्वं राज भोगं च शाश्वतम् ॥ २३ ॥

हे महाराज हजूरको यो पुण्यवचन यदि साँचो नै हो भने हजूरकी पत्नी हुन र नित्य राज भोगहरुलाई भोग्न किन नचाहौंला ॥२३॥

वर्तते हृदयं नूनं सततं त्वयि भूपते ।
तथापि नैतुमिच्छामि बलाद्बलवतां वर ॥ २४ ॥

हे महाराज हृदय त सदा तपाईमा अवश्य नै छ, त्यसो हो तापनि हे बलवान्हरुमा सर्वश्रेष्ठ दैत्यराजजी बलात्कारसंग त जान इच्छा गर्दिन ॥२४॥

विधिनेह समागत्य ममाऽर्थेन समादरात् ।
प्रार्थनायो महावाहो पिता मे तपसां निधिः ॥ २५ ॥

हे महाबाहु दानवाधिपति ! मलाई पाउनका निम्ति बडो मान भाऊ र विधिपूर्वक यहीं नै आई, तपोनिधि मेरा पिताजीसंग प्रार्थना गर्नुहोस् ॥२५॥

तस्यास्तद्वचनं श्रुत्वा विस्मयोत्फुल्ल लोचनः ।
मनोमोहपरो राजा भगिनी'मदमब्रवीत् । २६ ॥

चन्द्रावती रुप धारी प्रच्छन्न प्रद्युम्नको त्यो उक्ति भनाइ सुनी, आश्चर्यले प्रफुल्ल नेत्र भएका राजा (महेन्द्र दमन) मुग्ध भै वहिनीसँग यो वचन भन्न लाग्नु भयो ॥२६॥

यथा नाऽन्यत्र हृदयं चन्द्रावत्याः प्रजायते ।
तथा विधीयतां पुत्रि निशामेकां प्रयत्नतः ॥ २७ ॥

हे छोरी तुल्यकी प्रिय पात्र वहिनी चन्द्रावतीको मन जेले गर्दा अन्त जाँदैन त्यो उपाय एक रातका लागि गर ॥२७॥

श्वः समागत्य विधिना सम्प्रार्थ्य पितरं स्वयम् ।
वरयिष्यामि सुश्रोणि विवाहे वर सुन्दरीम् ॥ २८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे सुवदने ! सुन्दरमुखी प्रभावती भोलि आफै गएर विधिपूर्वक (उनका) पिताजीसँग प्रार्थना गरी सर्वश्रेष्ठ सुन्दरीलाई विवाहमा वरण गर्नेछु ॥२८॥

इत्युक्त्वा स्वगतं धैर्यमवलम्ब्य महासुरः ।
निर्ययौ स्वबिलं रम्यं रत्नरश्मिप्रदीपितम् ॥ २९ ॥

यति कुरा आफ्नी अनुभगिनी (बहिनी) लाई अह्राई, महासुर महेन्द्र दमन आफूमा रहेको धृति (धैर्य) का आधारमा अडी, रत्नै रत्नहरूको कान्तिले जाज्वल्यमान एवं अत्यन्त सुन्दर आफ्नो गुफामा प्रवेश गरे ॥२९॥

गतमिन्द्र रिपुं दृष्ट्वा प्रद्युम्ने विगत ज्वरे ।
ययौ सन्ध्याप्रियया सार्धं रन्तुमस्ताचलं रविः ॥ ३० ॥

महाराज इन्द्रको शत्रु यसरी गएको देखी, श्री प्रद्युम्नजी सन्ताप रहित हुनु भयो र यता श्री सूर्यनारायण पनि सन्ध्याकासाथ रमण गर्न अस्ताचल पर्वततिर जानु भयो ॥३०॥

विहाय धरणीं ताप श्चक्रवाकमनो ययौ ।
कमला त्कुमुद रम्यं निर्ययावलि संहतिः ॥ ३१ ॥

दुःख भन्ने वस्तुले अरू संसारबाट विदा लिई, चखेवा पंक्षीको मनमा गई डेरा जमायो, यसतै भमराहरू पनि संकुचित खुंचिएका कमलहरूलाई छोडी, फुलेको राम्रो चन्द्रकमलतिर लागे ॥३१॥

बभूव कुङ्कुमाताम्रं वारुणीगगनस्थलम् ।
रुरोध जगदालोकं तिमिरञ्च तदा शनैः ॥ ३२ ॥

यसतै पश्चिम तर्फको आकाश पनि कुंकुम जस्तै रातो वर्णको भयो र त्यसपछि विस्तारै विस्तारै अन्धकारले संसार आलोक (हेराई) लाई पनि रोकिदियो ॥३२॥

बभूवु र्निद्रया ग्रस्ताः प्राणिनोऽद्रि निवासिनः ।
रराज भगवांश्चन्द्रः प्रदीप्त धरणी धरः ॥ ३३ ॥

त्यस पर्वत [मृगेन्द्र शिखर] मा बस्ने सम्पूर्ण प्राणीहरू निद्राग्रस्त भए, धरणी तल (पृथ्वी) तथा धरणीधर (पर्वत) लाई चाँदनी (भगवान् चन्द्रमाको किरण) ले प्रदीप्त (प्रकाशमान) गर्दै श्री चन्द्रमा विराजमान हुनु भयो ॥३३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततोऽङ्कमध्यमारोप्य राजपुत्रीं प्रभावतीम् ।
प्रद्युम्नो रूपिणां श्रेष्ठ इदं वचनमब्रवीत् ॥ ३४ ॥

ठीक् यसै समयमा राजकुमारी प्रभावतीलाई काखमा राखी, रूपवान्हरूमा श्रेष्ठ श्रीप्रद्युम्नजी आफ्नी प्रियतमा प्रभावतीलाई यो बचन आज्ञा गर्नुहुन्छ ॥३४॥

कान्तिमान् नयनानन्दजननो मतिमोहनः ।
प्रयाति पश्य पूर्णेन्दुस्त्वद्वक्त्रस्योपमां प्रिये ॥ ३५ ॥

प्रियतमे प्रभावती हेर त बडो सुन्दर आँखालाई बढुतै आनन्द दिने मनलाई मोहित तुल्याउने श्री पूर्णचन्द्र भगवान् अहिले तिम्रो सुन्दर मुखकमलको उपमान भै रहनु भएको छ ॥३५॥

संकुचत्पत्रनिकरं विहाय कमलोत्पलम् ।
प्रयाति मधुलिण्माला विकसत्कुमुदोदरम् ॥ ३६ ॥

खुंचिएका पातहरूको समूहलाइ अर्थात् खुंचिएका कमलहरूलाई छोडी, भँमराहरूको समूह फक्रिएका चन्द्र कमलको कोश भित्र गैरहेका छन् ॥३६॥

भृङ्गराजभाराभग्नकेशरं कुमुदं प्रिये ।
पीताधरमिवाभाति रत्यन्ते कामिनीमुखम् ॥ ३७ ॥

हे प्रियतमे भँमरा हरूको भारले गर्दा केशर (पराग) झरेका चन्द्रकमलहरू तल्लो ओठ चुम्बन गरिएकी रतिकाल पछिकी सुन्दरीको मुख जस्तै शोभा पाइरहेको छ ॥३७॥

मन्द मारुतविक्षेपैः प्रचलद्भिः सुकोमलैः ।
पल्लवाञ्जलिभिः पुष्पं क्षिपन्ति तरवः प्रिये ॥ ३८ ॥

हे प्रियतमे विस्तारै विस्तारै चलिरहेको हावाको झोकाले हल्लाइएको अत्यन्त कोमल पालुवारूपी अञ्जलिद्वारा वृक्ष र लहराहरू पुष्पाञ्जलि प्रदान गरिरहेका छन् ॥३८॥

भ्रूलतानृत्य ललितमुद्यानमिव ते मुखम् ।
स्मित पुष्पोद्गमोपेत रुचिराधर पल्लवम् ॥ ३९ ॥

यस्तै मन्द हास्यरूपी पुष्प (फूल) हरूको विकासभैरहेको, सुन्दर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधररूपी पालुवा भएको, आँखिभौंको नृत्य (नाच) द्वारा अत्यन्त सुन्दर तिम्रो मुख कमल मानौं उद्यान (वगैंचा) तुल्य नै छ ॥३९॥

इत्युक्त्वा प्रिय वाक्येन प्रियां प्रेम प्रवर्तकः।
रराम रुक्मिणीसूनू रम्ये गिरिवरे तदा ॥ ४० ॥

प्रिय वाक्यको प्रयोगद्वारा प्रेमबढाउन चाहने रुक्मिणीपुत्र श्री प्रद्युम्नजी त्यसवेला त्यो सुन्दर गिरि शिखर (पर्वतको चुचुरा)-मा आनन्दपूर्वक भ्रमण गर्न लाग्नु भयो ॥४०॥

ततः स्फुरत्पद्म परागपिञ्जरा
तरङ्गमाला रुचिरांशुकावृता ।
प्रभावती हंसकलप्रलापिनी
सरोरुहिण्या उपमानतां ययौ ॥ ४१ ॥

त्यस पछि फुलेको कमलरूपी यौवनको सुवासले गर्दा पिञ्जर वर्ण अर्थात् ·· · · ·· भएकी तरङ्गा (छाल) हरूको मालारूपी सुन्दर अंशुक (वस्त्रविशेष) ले ढकमक भएकी हाँसहरूको सुन्दर शब्द (कलरव) रूपी नूपुर (पाउजु) पैहनु हुने र पंर्त्त को जस्तै मीठो शब्द आलाप निकाल्ने अर्थात् अत्यन्त मधुर भाषिणी श्री प्रभावती देवी पनि त्यस समय चन्द्रकमलको नै उपमान [उपमा दिने ठाउँ] हुनु भयो ॥४१॥

इति श्री वाग्वती प्रशंसायाँ प्रद्युम्नविजये
प्रभावती विनोदनोनामदशमोऽध्यायः ॥

यसरी श्री वाग्वती प्रशंसा (स्तुति) मा प्रद्युम्न विजय खण्डमा प्रभावती बिनोदन नामको दशौं अध्याय सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ एकादशोऽध्यायः

पुलस्त्य उवाच–

ततो विवर्णे शशिनि प्रवाति मलयानिले।
सम्प्रष्टं नारदं दृष्ट्वा प्रद्युम्नो वाक्यमब्रवीत् ॥ १ ॥

पुलस्त्यऋषि आज्ञा गर्नु हुन्छ– त्यसपछि अर्थात् प्रियतमा प्रभावतीका साथ एकान्त वार्ता गरिसके पछि भगवान् चन्द्रमा अस्ताउनु भै मन्द मन्द मलयाचलको हावा चलिसकेपछि किम्वा प्रातः कालमा पाल्नु हुने श्रीनारदजीलाई देखी श्री प्रद्युम्नजी निवेदन गर्नु हुन्छ ॥१॥

कथं जेयः स देवर्षे दानवेन्द्रः सुदुर्जयः।
अत्यक्तबालभावेन स्वल्पवीर्येण वै मया ॥ २ ॥

हे देवर्षि नारदजी त्यो वडो दुःखलेमात्र जितिने दानव (महेन्द्र दमन) कसरी जितिएला ? हेर्नुहोस् म त विलकूल केटाकेटी तथा बलरहित छु ॥२॥

तस्य तद्वचनं श्रुत्वा प्रद्युम्नस्य महात्मनः।
अब्रवीदीदृशं वाक्यं भगवान् नारदो मुनिः ॥ ३ ॥

महा महिमायुक्त श्री प्रद्युम्नजीको त्यो वचन सुनी, भगवान् नारद मुनि यो वचन आज्ञा गर्नु हुन्छ ॥३॥

जेष्यसि त्वं महाबाहो दानवेन्द्रं सुदुर्जयम्।
ब्रह्मणो वचने पुण्ये विपरीतं न विद्यते ॥ ४ ॥

हे महाबाहु प्रद्युम्नजी दुर्जय (वडो दुःखले मात्र जित्नसकिने) दानवाधिपति-महेन्द्र दमनलाई तपाईं अवश्यनै जित्नु हुने छ किनकि श्री ब्रह्माजीको पुण्यमय वचन कहिल्यै विपरीत (उल्टा) हुँदैन ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मणो वचनादेव दैत्येन्द्रेण दुरात्मना ।
जितं लोकत्रयं पूर्वं लोकपालाभिरक्षितम् ॥ ५ ॥

श्री ब्रह्माजीको वरदानको प्रभाववाटनै दुरात्मा दैत्येन्द्र (दैत्य श्रेष्ठ) महेन्द्र दमनले लोकपालहरूद्वारा सुरक्षित तीनै लोक (स्वर्ग, मर्त्य र पाताल) लाई पहिले जितेको थियो ॥५॥

तस्य तद्वचनं श्रुत्वा महर्षेरमितौजसः ।
कौतुहलपरो भूत्वा प्रद्युम्नो वाक्यमब्रवीत् ॥ ६ ॥

अनुपम (उपमादिने नमिल्ने) तेजयुक्त महर्षि श्री नारदजीको उक्ति (आज्ञा) सुन्नु भै बड़ो जिज्ञासापूर्ण भै अर्थात् अत्यन्त चाखलिई प्रद्युम्नजी महर्षिलाई निवेदन गर्नु हुन्छ ॥६॥

कस्मिन्नवसरे लब्धं ब्रह्मणो वचनं शुभम् ।
कीदृशेन विधानेन जितं लोकत्रयं पुरा । ७ ॥

हे महर्षि नारदजी कुन समय (दानव महेन्द्र दमनले) ब्रह्माजीको शुभ वचन प्राप्त गरे ? र पहिले उनले कुन प्रकारको विधानले तीनै लोकलाई जिते ॥७॥

स च कस्य सुतो दैत्यः श्रोतुमिच्छाम्यहं मुने ।
ज्ञाता त्वमसि सर्वेषां कार्याणाञ्च तपोधन ॥ ८ ॥

हे तपोधन अर्थात् तपस्या नै धन भएका देवर्षि नारदजी, त्यो महेन्द्र दमन कसको छोरो हो ? हे मुनिवर ! म यो सबै सुन्न चाहन्छु । हजूर सम्पूर्ण कार्यको ज्ञाता होइबक्सिन्छ । यसकारण हजूरवाट सबै वृत्तान्त सुन्न चाहन्छु ॥८॥

तस्य तद्वचनं श्रुत्वा प्रद्युम्नस्य महात्मनः ।
कथां मङ्गल संयुक्ता कथयामास नारदः ॥ ९ ॥

महामहिमामय श्री प्रद्युम्नजीको त्यो निवेदन सुन्नु भै देवर्षि नारदजीले पनि मङ्गलमय कथा वर्णन गर्न लाग्नु भयो ॥९॥

राजा बाण इतिख्यातः शोणितपुर सुप्रियः ।
रोहिणी नाम बिख्याता देवी तस्य महीपतेः ॥ १० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे वीर शिरोमणि प्रद्युम्नजी ! शोणितपुरमा अत्यन्त प्रख्यात वाण नाम भएका राजा थिए, उनै राजाकी रोहिणी यस नामबाट लोकमा प्रशिद्ध भएकी वडो सद्भक्तिमती रानी थिइन् ।।१०।।

तस्या देव्या विशालाक्ष्या गर्भादेव भयावहः ।
नृपतेस्तनयः श्रीमान् सुषुवेऽसुरसत्तमः ॥ ११ ॥

महाराज वाणको वीर्यबाट सुलोचना (विशाल किम्वा फैलावट पूर्ण आँखा भएकी) श्री रोहिणी रानीको गर्भद्वारा तीनै लोकलाई, भयभीत तुल्याउने दैत्यश्रेष्ठ पुत्र [महेन्द्र दमन] जन्मिए ।।११।।

तस्य सञ्जात मात्रस्य प्रचचाल महीतदा ।
स्पन्दतेऽदक्षिणं चक्षुः सहस्राक्षस्य धीमतः ॥ १२ ॥

त्यस समय त्यस महासुरले जन्म लिने वित्तिकै पृथ्वी कम्प भयो अर्थात् भुँइचालो गयो यस्तै वडाबुद्धिमान् राजनीति कुशल श्रीइन्द्रजीको पनि वाँया आँखा फर्फराउन लाग्यो ।।१२।।

सञ्जातविस्मयैः शीघ्रं शास्त्रविद्भिर्महर्षिभिः ।
अग्रे परीक्षितं तस्य लक्षणं देहसंश्रितम् ॥ १३ ॥

आश्चर्य चकित भएका शास्त्रज्ञ महर्षिहरूले छिटै नै अगाडि नै त्यस देहको लक्षणलाई परीक्षा (पारख) गरे ।।१३।।

इन्द्रस्य दमनं यस्तु करिष्यति महाबलः ।
इतीन्द्र दमनो नामख्यायते शास्त्रदर्शिभिः ॥ १४ ॥

जुन महाबली वीरले इन्द्रलाई दमन गर्नेछ, यसकारण शास्त्रदर्शीहरू यसलाई इन्द्रदमन [महेन्द्र दमन] यो नामले आव्हान गर्नेछन् ।।१४।।

वीर्येण वयसा चापि बभूवाऽत्यर्थसंश्रितः ।
किमर्थमजिते शक्रे ममनाम तथाविधम् ॥ १५ ॥

बल तथा सौन्दर्यको खानि स्वरूप श्रीमहेन्द्र दमन आफ्नो वारेमा शोच्न लागे कि इन्द्रलाई दमन नगरीकन नै महर्षिहरूले किन मलाई इन्द्र दमन किम्वा महेन्द्र दमन यस्तो नामले पुकार्न थाल्नु भयो ? ।।१५।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृतं महर्षिभिरिति लज्जया व्यथितेन्द्रियः।
सत्त्ववीर्य गुणोपेतस्तपसे कृतनिश्चयः ॥ १६ ॥

यसरी लज्जाले व्याकुलभै आत्मबल शारीरिक बल आदि गुणहरूलेयुक्त त्यो दानव तपस्याकालागि निश्चय गरी– ॥१६॥

स प्रपच्छ गुरुं गत्वा ज्वलन्तं स्वेन तेजसा।
गुरोर्गुरुतरं वाक्यं श्रुत्वा हृष्टो महासुरः॥ १७ ॥

आफ्नो ब्रह्मतेजद्वारा धप् धप् बलेका गुरुका अगाडि गै (बडो नम्रताका-साथ प्रश्न गरी) गुरुको गरिमामय (अत्यन्त महत्व पूर्ण) वचन सुनी, प्रसन्न हुनु भएका दैत्यराज (महेन्द्र दमन) ले - ॥१७॥

रुद्रधारोदये तीर्थे चकार नियमैस्तपः।
वर्षाणां हि सहस्राणि पञ्चचात्र वरेप्सया॥ १८ ॥

वरदानको इच्छालिई, यस रुद्र धारोदय तीर्थमा पाँच हज्जार वर्षसम्म तपस्या गर्दै रहनु भयो ॥१८॥

तपसा राधयामास भगवन्तं त्रिलोकपम्।
प्रभावात्तपस स्तस्य समाकृष्टो जगद्गुरुः॥ १६ ॥

विमानेनाऽऽर्क वर्णेनाऽऽविरासीश्चतुराननः।
ततः सम्भ्रममादाय प्रहृष्टोऽसुरसत्तमः ॥ २० ॥

यम, नियम पूर्वकको उहाँको आफ्नो साधना किम्वा तपस्याले त्रिलोक रक्षक भगवान् शंकरलाई उहाँले (श्री महेन्द्र दमनले) संन्तुष्ट पार्नु भयो, जसको तपस्याको प्रभावबाट जगद्गुरु भगवान् शंकर नै स्वयं त्यहीं सवारी भयो र यस्तै उहाँको नै तपश्चर्याबाट प्रसन्न हुनु भै जगद्गुरु चतुर्मुख ब्रह्माजी पनि सूर्य जस्तो अति तेजस्वी (तेजिलो) विमानमा राज भै प्रकट हुनु भयो। त्यसपछि अर्थात् यसरी श्रीब्रह्माजी प्रकट हुनु भै सकेपछि झट्पट् ती असुर श्रेष्ठले प्रसन्न भै –॥१६–२०॥

ब्रह्माणं वरदं दृष्ट्वा चेदं वचनमब्रवीत्।
सुरैरजेयमिच्छामि वरं दातुं त्वयाप्रभो ॥ २१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रैलोक्यविजयं चैव यदि तुष्टोऽसि साम्प्रतम् ।
ततो दैत्यवचः श्रुत्वा भगवांश्चतुराननः ॥ २२ ॥

श्री ब्रह्माजीलाई वरदान दिन तयार भएको दर्शन पाई, यो विन्ती गर्नु भयो - हे प्रभो! यस समय हजूर यदि म प्रति सन्तुष्ट नै होइबक्सिन्छ त हजूरसँग यही वर चाहन्छु कि देवताहरू हामी (दैत्य) लाई जित्न न सकुन् र म तीनैलोकलाई जित्न सकौं त्यसपछि अर्थात् महेन्द्रदमनको विन्ती सुनिसकेपछि भगवान् चतुरानन श्रीब्रह्माजी– ॥२१--२२॥

प्रफुल्लनयनो भूत्वा चेदं वचनमब्रवीत् ।
अजेयस्त्वं सुरैर्भूत्वा किन्तु स्वर्गनिवासिभिः ॥ २३ ॥

हर्षद्वारा प्रफुल्ल नेत्र भै यो वचन आज्ञा गर्नुहुन्छः-- हे दानव राज तिमी स्वर्गवासी देवताहरूले अजेय (जित्न न सकिने) भै-- ॥२३॥

त्रैलोक्य विजयी चैव भविष्यसि महासुरः ।
एवं संभष्य तं दैत्यं तपस्थमसुरोत्तमम् ॥ २४ ॥

त्रैलोक्य विजयी (स्वर्ग, मर्त्य र पाताल तीनैलोकका प्राणीलाई जित्ने) पनि हुने छौ। हे महासुर यस कुरामा कुनै शंका छैन । यसरी तपसाधनामा जुटेका दानवराज महेन्द्र दमनलाई यति कुरा आज्ञा गरी--॥२४॥

विमानेनाम्बरतलं विवेश कमलोद्भवः ।
ततो लब्धवरो वीरो वीरनायक वेष्टितः ॥ २५ ॥

आकाशचारी विमानद्वारा श्री ब्रह्माजी आकाश भित्रै प्रवेश गर्नु भयो र त्यस पछि ब्रह्माजीबाट वरदान प्राप्त गरेको वीर वीर मन्त्रीहरूले वरिपरि घेरिएको अर्थात् वरिपरि वीरैवीर भएको– ॥२५॥

परिवार्या सुरगणै रभिषिक्तो रराज ह ।
सामन्तैर्बहुभिः सार्धं मन्त्रिभिश्चानुयायिभिः ॥ २६ ॥

त्यस वरदानका प्रभावले, ती वीरशिरोमणि दानव, वीर सेनानायकहरूले-युक्त भै अनेकौं बलवान् मन्त्री र अनुयायी (आफ्ना अनुचर) हरूका साथ सम्पूर्ण दैत्यहरूद्वारा राज्यमा अभिषिक्त भै विराजमान भए ॥२६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कूष्माण्ड प्रेषयामास दैत्येन्द्रस्य तु संसदि ।
गत्वा शक्रसभा मध्ये सत्वरोऽसूर दूतकः ॥ २७ ॥

अब्रवीदीदृशं वाक्यं कूष्माण्डो घोरविक्रमः ।
प्रदत्तं ब्रह्मणा राज्यं मम भर्त्रे पुरन्दरः ॥ २८ ॥

राज्यानि वीर भोग्यानि त्यक्तुमस्मात्त्वमर्हसी ।
दूतस्य वचनं श्रुत्वा रोषाद्रक्तविलोचनः ॥ २९ ॥

त्यस पछि दानव श्रीमदेन्द्र दमनले स्वर्गका अधिपति महाराज इन्द्रका सभामा कूष्माण्ड नाम भएको दैत्यलाई राजदूत गराई पठाइदिए र तुरुन्त नै त्यो घोर विक्रम कूष्माण्ड दूत इन्द्र सभामा गई यस्तो वचन बोल्यो -- हे देवराज (इन्द्र महाराज !) श्रीब्रह्माजीले राज्य मेरो राजालाई दिनु भएको छ ✦ राज्यहरूको भोग वीरहरू नै गर्न सक्छन् । यस कारण तपाईं छोडिदिनोस् ॥२७-२९॥

अब्रवीदीदृशं वाक्यं भगवान् पाकशासनः ।
राज्यं त्वक्तुं न पश्यामि विना युद्धेन दानव ! ॥ ३० ॥

दैत्य दूतको त्यो वचन सुनी, रीसले लाल लाल नेत्र गराउनु हुने भगवान् इन्द्र यसप्रकारको वचन बोल्न लाग्नु भयो:-- हे दानव (म) विना लडाईं राज्य त्याग्ने कुनै कारण देख्दिन ॥३०॥

राज्यानि वीर भोग्यानि वीर्यं तद्द्रष्टुमर्हसि ।
इत्युक्तस्य सुरेन्द्रस्य वाक्यं सङ्ग्रमसूचकम् ॥ ३१ ॥

हो अवश्य नै राज्य वीरहरूद्वारा भोग गरिने वस्तु हो । अतः तपाईं वीर्य (पराक्रम) देख्न सक्नु हुन्छ ॥३१॥

कथयामास सम्प्राप्तो दूतो दैत्येन्द्रसंसदि ।
स्वदूतवचनं श्रुत्वा ज्वलत्कोपानलाकुलः ॥ ३२ ॥

यसरी इन्द्रको संग्राम सूचक वाक्य सुनी, सो कुरा दूतले दैत्येन्द्रको सभामा आएर विस्तारपूर्वक बताइदिए ॥३२॥

✦ 'वीर भोग्या वसुन्धरा'---

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्योगस्य समारम्भं चकाराऽसुरसत्तमः ।
ततस्तस्मिन् क्षणे पुण्ये प्रहतोद्योगदुन्दुभौ ॥ ३३ ॥

आफ्नो दूतको वचन सुनी, कोपाग्निले किम्वा रीस रूपी अग्निले जाज्व-ल्यमान असुरराज (महेन्द्र दमन)ले युद्धको तयारी प्रारंभ गरे ॥३३॥

सम्प्राप्ते भगवान् शक्रइदं वचनमब्रवीत् ।
जयार्थेनाऽऽत्मनो वीरं भ्रातरं कच्छपासुरम् ॥ ३४ ॥

त्यस पछि कुनै शुभ मुहूर्तमा रणवाद्य संग्राम सूचक बाजाहरू बजाएर स्वर्गाधिपति भगवान् इन्द्र ठीक्-ठाक् भै सके पछि दैत्यराज महेन्द्र दमन आफ्नो जितबाजीको इच्छालिई, आफ्नो भाइ कच्छपासुरलाई यो वचन आज्ञा गर्दछन्॥३४॥

पुरस्कृत्य प्रयातव्यं शंखं शंखसमस्वनम् ।
तस्य नादेन घोरेण महीकम्पप्रदायिना ॥ ३५ ॥

शंखको जस्तो स्वर भएको शंखासुरलाई अगाडिलगाइ युद्ध (संग्राम) मा जाओ, पृथ्वीलाई कम्पायमान गराउने त्यस शंखासुरको घोर आवाजले- ॥३५॥

जायते समरे नूनं रिपूणां मतिविभ्रमः ।
जित्वा शीघ्रं दुरात्मानंसुरेन्द्रं समराध्वरे ॥ ३६ ॥

लडाइँमा शत्रुहरूको अवश्य नै मतिविभ्रम हुनेछ र छिटैनै दुष्ट इन्द्रलाई संग्रामरूपी यज्ञमा जिती, हे पुत्र (हे भाइ) तिमीले आफ्ना पितृहरूको मनोरथ (इच्छा) पूर्ण गर्नु पर्दछ ॥३६–३६½॥

पूरणीयस्त्वया पुत्र पूर्वजानां मनोरथः ।
इत्युक्त्वा गुरुणा शीघ्रं दत्ताशीर्दैत्यसत्तमः ॥ ३७ ॥

यति आफ्नो भाइलाई अराई, मान्यजनहरूको आशीर्वाद समेत लिई, दैत्यश्रेष्ठ (महेन्द्र दमन) ले आफ्ना सैनिकहरूका साथ रमाना गरी तुरुन्तनै सुमेरु शिखरमा पुगी, सुरेन्द्र (इन्द्रमहाराज) लाई युद्धका निंति हाँक दिए ॥३७–३७½॥

निर्ययौ स्वबलैः सार्धं मेरु पृष्ठं मनोरमम् ।
त्वरेण मेरुमासाद्य स्वसैन्य परिवारितः ॥ ३८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युद्धाय प्रार्थयामास सुरेन्द्रं स महासुरः ।
रिपोरागमनं ज्ञात्वा देव वृन्द पुरः सरः ॥ ३९ ॥

निर्ययौ भगवानिन्द्रो योद्धुं युद्ध विशारदः ।
ततः पपातसहसा शरवृष्टिनिरन्तरम् ॥ ४० ॥

यतातिर शत्रु आएको थाहा पाई, देवताहरूलाई अगाडि लगाई, युद्धकलाविशारद (युद्ध गर्ने कलामा खुब सिपालु) भगवान् इन्द्र पनि युद्धका लागि निस्कनु भयो र तत्कालमै झट्पट् निरन्तर वाणको वर्षा भयो ॥३८–४०॥

ननाद रणकुञ्जौघः प्रवेश सह पुष्करः ।
हस्तिनां क्रौञ्चरावैश्च हेषितैश्चापि वाजिनाम् ॥ ४१ ॥

बभूव तुमुलं घोरं गर्जितैश्चाऽमरद्विषाम् ।
तस्मिन्नवसरे घोरे रिपुचित्तविदारिणः ॥ ४२ ॥

प्रलय कालको मेघहरूको जस्तै रण वाद्यहरूको आवाज हुन लाग्यो यस्तै हात्तीहरूको क्रौञ्च राव (कल्याङ् कुलुङ् खलबल खलबल) र घोडाहरूको हिन्हिनाहट् शब्द एवं दैत्यहरूको गर्जनाद्वारा तुमुल तथा घोर युद्ध भयो ॥४१–४२॥

ननादाऽतिशयं शंखः स्वरेण समरान्तरे ।
ततो वेगाद्विनिष्पत्य रथेन रथमूर्धनि ॥ ४३ ॥

त्यस घनघोर सङ्ग्राममा शत्रुहरूको चित्त विदीर्ण गर्ने शंखको जस्तो भयानक आवाज निकाल्ने शंखासुर बहुतै कडासँग गर्जना गर्न लाग्यो त्यसै समयमा अत्यन्त वेगले आफ्नो रथबाट शत्रुको रथको टुप्पामा कुदेर पुगी– ॥४३॥

केशं जग्राह शक्रस्य सोऽसुरः क्रोधमूर्च्छितः ।
ततस्तस्य भयात्त्रस्तो मुक्तकेशोऽमराधिपः ॥ ४४ ॥

क्रोधले आकुल व्याकुल भएको त्यस दैत्यले बडो रीस लिई श्रीइन्द्रजीको कपाल पक्र्यो, त्यसपछि त्यस दैत्यको डरले अत्यन्त त्रस्त हुनु भएका श्रीइन्द्रजी खुलै कपाल अर्थात् शिरपेच आदि रहित् भै– ॥४४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्क्षणात् स्वरथं त्यक्त्वा विवेश गगनस्थलम् ।
ततस्तस्मिन् क्षणे घोरे दानवा घोरविक्रमा ॥ ४५ ॥

त्यसै समय आफ्नो रथै छोडी आकाश मण्डलमा घुस्नु भयो । ठीक् त्यही समयमा ती घनघोर पराक्रमी दैत्यहरू– ॥४५॥

पुरन्दर पुरं भेत्तुं चक्रिरे विस्मयाकुलाः ।
ततस्तस्मिन् क्षणे प्राप्तो विमानेन चतुर्मुखः ॥ ४६ ॥

आश्चर्य चकित भै इन्द्रको अमरावती शहरलाई ध्वस्त गर्न तंतयार भए । यसै समयमा आफ्नो विमान (हंस माथि) विराजमान हुनु भै श्री ब्रह्माजी पनि त्यहीं पाल्नु भयो ॥४६॥

रणे विजयिनं वीरं दैत्येन्द्रमिदमब्रवीत् ।
भेत्तुं नलभ्यते दैत्य मम तेजोऽभिरक्षितम् ॥ ४७ ॥

पुरन्दर पुरं रम्यमन्यैरप्यमरादिभिः ।
परा प्रांशुर्भवेत् कीर्तिर्जयेनाऽनेन मानद ॥ ४८ ॥

तवेन्द्र दमनो नाम सत्यमद्य प्रवर्तते ।
मयेनाऽसुर मुख्येन पूर्वकाले विनिर्मितम् ॥ ४९ ॥

बिलमस्ति महाबाहो जठरे चन्दनागिरेः ।
तस्मिन् निवससि स्वेच्छं हेराजन् राजलीलया ॥ ५० ॥

युद्धमा विजयी महेन्द्रदमनलाई श्रीब्रह्माजी आज्ञा गर्नु हुन्छ – हे दानवश्रेष्ठ महेन्द्रदमनजी मेरो तेजद्वारा सुरक्षित स्वर्गपुरीलाई तहस नहस गर्न त देवताहरूलाई पनि मिल्ने छैन । हे मानद ! यो जितवाजीबाट तिम्रो सबभन्दा ठूलो कीर्ति रहने छ । आजकै यस विजय घटनाबाट तिम्रो नाम यथार्थ इन्द्र दमन भयो । हे महाबाहु अर्थात् ठूलो पराक्रम गर्न सिपालु हात हुने महेन्द्र दमनजी ! चन्दनागिरि (चन्द्रगिरि-चित्लाङ्) को फेदीमा दैत्य श्रेष्ठ मय दानवले बनाएको सुन्दर गुफा छ । हे राजन् हे महाराज ! बडो विलासपूर्ण राजलीला गर्दै त्यस सुन्दर गुफामा स्वेच्छापूर्वक (स्वतन्त्रतासँग) बस्नु होस् ॥४७-५०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विविधोपद्रवग्रस्ते न त्वं स्वर्गे निवत्स्यसि ।
स्वर्गादादाय रत्नानि चित्राणि च बहूनि च ।। ५१ ।।

अनेकौं उपद्रव (विघ्नहरूले) ग्रस्त यस स्वर्गमा तपाईं बस्न सक्नु हुन्न यस कारण स्वर्गबाट नाना प्रकारका चित्रविचित्रका धेरै रत्नहरू लेराई- ।।५१।।

मर्त्यलोकं प्रयातव्यं शासनान्मम मानद ।
एवं सम्भाष्य दैत्येन्द्रं प्रस्थाप्य धरणीतलम् ।। ५२ ।।

मेरो आज्ञा लिई मर्त्यलोक (पृथ्वी) मा पाल्नुहोस् । यसरी दैत्यराज महेन्द्र दमनलाई संझाई, बुझाई, पृथ्वीमा पठाई- ।।५२।।

सुरेन्द्रं रणविध्वस्तं भगवानिदमब्रवीत् ।
प्रादुर्भूते शचीनाथ मथुरायां मधुद्विषि ।। ५३ ।।

भगवान् ब्रह्माजी लडाइँमा पराजित् हुनु भएका इन्द्रमहाराजलाई आज्ञा गर्नु हुन्छ कि हे शचीनाथ (इन्द्रमहाराज) मथुरामा मधुसूदन (भगवान् श्रीकृष्ण) ले अवतार ग्रहण गरिबक्से पछि- ।।५३।।

तस्य पुत्रो महावीरः प्रद्युम्न इति विश्रुतः ।
द्वारकायां यदा जातो मधुकामांशसम्भवः ।। ५४ ।।

उहाँकै सुपुत्र अत्यन्त प्रख्यात प्रद्युम्न नाम गरेका वीर जब बसन्त र कामदेवको अंशलिई, उत्पन्न हुनु हुनेछ- ।।५४।।

कालशम्बर पूर्वेण स हनिष्यति ते रिपुन् ।
पुराकृतं तु यत्कर्म त्वया तदनुभूयते ।। ५५ ।।

तब उहाँनै कालशम्बर आदि तपाईंका शत्रुहरूलाई मार्नु हुनेछ । हे इन्द्रमहाराज जुन कर्म हजूरले पूर्व जन्मना गरिबक्सेको थियो त्यही नै कर्म अहिले अनुभव गरिरहनु भएको छ अर्थात् आफ्नै प्रारब्ध कर्मको भोग गरिरहनु भएको छ ।।५५।।

त्यक्तव्यमस्माद्वैराग्यं सर्वमेव ममाऽऽज्ञया ।
एवं सम्भाष्य नाथेन ब्रह्मणा भूरितेजसा ।। ५६ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिषिक्तः सहस्राक्षः प्रविवेशाऽमरावतीम्।
ततो रसातलं रम्यं प्रविवेश महासुरः॥ ५७॥

यसो हुँदा मेरो भनाइमा विश्वास गर्नु भै यो सम्पूर्ण वैराग्य र दिग्दारी छोडिदिनुहोस्। यसरी अनेकौं ज्ञानोपदेशबाट संझाई बुझाई अति तेजस्वी लोकनाथ श्रीब्रह्माजीले सहस्राक्ष वज्रपाणि श्रीइन्द्रजीलाई फेरि पनि स्वर्गकै राजकाजमा अर्थात् राज्यभार सम्हालनमा अभिषेक गर्नु भए पछि मात्र श्री इन्द्रजी स्वर्गमा प्रवेश गर्नु भयो। यता विजयी श्रीमहेन्द्र दमन पनि अत्यन्त सुन्दर रसातलमा पुग्नु भयो ॥५६–५७॥

गर्जद्भिश्च प्रनृत्यद्भिः स्वसैन्यैः परिवारितः।
रसातलं प्रविष्टे तु दानवे युद्धदुर्मदे॥ ५८॥

यसपछि नाच्दै गर्जदै आपना सैनिकहरूकासाथ युद्धमा कसैले दबाउन नसकिने दानव श्रीमहेन्द्र दमन रसातलमा प्रवेश गरे पछि– ॥५८॥

दुद्रुवुः शरणं सर्वे पन्नगाः पन्नगेश्वरम्।
पन्नगानां हितार्थेन वासुकिर्भुजगाधिपः॥ ५९॥

दत्त्वा रत्नान्यनेकानि दैत्येन्द्रमिदमब्रवीत्।
जितं पूर्वं भवत्कीर्त्या सर्वमेव रसातलम्॥ ६०॥

यस पछि सम्पूर्ण नाग र नागका मालिकहरू नागराज वासुकिजीको शरणमा पुगे। आपना प्रजा सर्पहरूको हितकालागि सर्प राज वासुकिजीले पनि अनेक रत्नहरू दिई दैत्येन्द्र महेन्द्र दमनसँग यो भन्नुभयो कि हे महाराज हजूरको कीर्तिले पहिलेनै सम्पूर्ण रसातल जितिएको छ ॥५९–६०॥

जेतुं नापेक्षते राजन् पुनरागत्य विग्रहैः।
तस्य तद्वचनं श्रुत्वा दत्वाऽर्घाणि बहूनि च॥ ६१॥

रत्नान्यन्यानि दैत्येन्द्रोमर्त्यलोकं समाययौ।
मर्त्यलोके च भूपालान् जित्वा सर्वान् पृथक् पृथक्॥ ६२॥

अहिले यहाँ युद्धद्वारा जित्नु पर्ने कुनै दरकार छैन, श्रीवासुकिजीको त्यो वचन सुनी, धेरै नै मूल्यवान् अनेकौं रत्नहरूलिई, दैत्यराज महेन्द्र दमन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मर्त्यलोकमा आइपुग्नु भयो र त्यहाँ पनि धेरै राजाहरूलाई वेग्लो वेग्लै रूपबाट जिती– ॥६१-६२॥

वस्त्राभरण रत्नानि दत्त्वाऽर्घ्याणि समाददे ।
ततो मन्त्रं संसमालोच्य मन्त्रिभिः सहसोऽसुरः ॥ ६३ ॥

ती विजित (जितिएका) राजाहरूबाट समर्पण गरिएका अमूल्य अमूल्य वस्त्र, गहना र अनेकौं रत्नहरू पनि विजयी श्रीमहेन्द्र दमनले लिनु भयो । त्यसपछि आफ्ना मन्त्रीहरूका साथ सल्लाह (मन्त्रणा) लिई, झटपट ती दैत्यराजले– ॥६३॥

विश्वकर्माणमादिश्य निर्ममे भवनोत्तमम् ।
रुरोध वाग्वतीं चैव चन्दनागिरिमालया ॥ ६४ ॥

सेतु संरक्षणे शंखं स्थापयामास सादरम् ।
आदिदेश निवासाय विराधं वाग्वती जले ॥ ६५ ॥

देव शिल्पी विश्वकर्मालाई आदेश दिई, उत्तम (बढिया) दरवार बनाए, यस्तै चन्दनागिरि (चन्दागिरि) माला [पर्वत समूह] द्वारा वाग्वती नदीलाई रोकिदिनु भै त्यस बाँधको रक्षाका लागि बडो आदर साथ (आफ्नो भाइ) शंखासुरलाई राखी वाग्वतीकै जलमा बसोबास गर्न भनी विराध नाम गरेको दानवलाई आज्ञा दिनु भयो ॥६४-६५॥

स्वसा प्रभावती चापि यथा कामं प्रवर्तिता ।
कन्याशतं समाहृत्य विवाहेन महासुरः ॥ ६६ ॥

आफ्नी वहिनी प्रभावतीलाई स्वच्छन्द विहार (विचरण) गर्ने आज्ञा दिई, आफूले पनि शयौं कन्याहरूका साथ विवाह गरी, ती महासुरले रमणीय सुप्रभा राजधानी (चितलाङ्) को बडो सुन्दर राजभवनमा प्रवेश गरे ॥६६॥

विवेश भवनं रम्यं सुप्रभानाम विश्रुतम् ।
हेमवेश्म समाकीर्णे रत्नतोरण शोभिते ॥ ६७ ॥

तडागोद्यान रुचिरे विलेऽस्मिन् सुमनोरमे ।
कामिनीभिः सह स्वेच्छं सततं राजलीलया ॥ ६८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुनै सुनका घरहरूले परिपूर्ण, रत्नै रत्नका तोरणहरूद्वारा सुशोभित, इनार, कुवा, तलाउ र बगैंचा आदिले बहुतै सुन्दर, यो गुफा (राज भवन) मा संधै सुन्दरीहरूकासाथ स्वेच्छा पूर्वक राजलीला गर्दै धेरै समयसम्म देवताहरूद्वारा पनि अजेय किम्बा दुर्जय ती महासुर महेन्द्र दमनले सुख भोग सम्पादन गर्नु भयो ॥६७-६८॥

बुभुजेऽतिचिरं सौख्यं सोऽसुरो देव दुर्जयः ।
ब्रह्मणो वचनात्तत्र विपरीतं न विद्यते ॥ ६९ ॥

ब्रह्मणो वचनादेव जेष्यते नियतं त्वया ।
इत्युक्तवती देवर्षौ दिदीपे शिखरे गिरेः ॥ ७० ॥

श्री ब्रह्माजीको वरदानको प्रभावबाट त्यहाँ कुनै भोग साधनमा वैपरीत्य (उल्टोपन) हुन आएन अर्थात् वरदान अनुसारको सबै कुरा मिल्दै आयो । अतएव श्रीब्रह्माजीकै वचन अनुसार हजूर त्यस दैत्यलाई अवश्यनै जितिबक्सने छ । देवर्षि नारदजीबाट श्री प्रद्युम्नलाई यति आज्ञा गरिबक्सेपछि पर्वतको चुचुरामा पद्मरागमणिको टुका जस्तै किरणहरूद्वारा अर्थात् आफ्नो तेज सहित अंशुमाली भगवान् सूर्य देदीप्यमान हुनु भयो । अर्थात् श्री सूर्य भगवान् उदाउनु भयो ॥६९-७०½॥

पद्मरागशलाकाभिरिवरश्मिभिरंशुमान् ।

ततो मुनेर्वाक्य विबुद्धमानसं
विलोलहारं हरिचित्त नन्दनं
रराज कन्दर्पवपुः प्रभावती-
भुजद्वयालिङ्गन बन्धनच्यूतम् ॥ ७१ ॥

त्यस पछि मुनि श्री नारदजीको वचनद्वारा उत्साहित (उत्साहयुक्त) भै प्रसन्न मुद्रामा खडा हुनु भएका, चञ्चल र अत्यन्त शोभायुक्त (शोभापूर्ण) माला पहिरने यस्तै हरि भगवान् (श्री कृष्ण) को चित्तलाई ज्यादै आनन्द दिनु हुने, प्रभावतीले अर्थात् आफ्नी प्रियतमाले आलिङ्गन गरिएको दुई हातरूपी बन्धनबाट छुट्नु भएका श्री प्रद्युम्नजी कामदेवको सुन्दर शरीरले सुशोभित हुनु भयो ॥७१½॥

इति श्री व.ग्वती प्रशंसायां प्रद्युम्न विजये नारदालापोनामै-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कादशोऽध्यायः॥

यसरी वाग्वती प्रशंसामा प्रद्युम्न विजय खण्डको नारदसँगको वार्तालाप (कुरा कानी) नामको एघारौं अध्याय समाप्त भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ द्वादशोऽध्यायः

पुलस्त्य उवाच—

तत: प्रहृष्ट हृदयां हर्षद्रोमाञ्चितां प्रियाम् ।
अब्रवीदीदृशं वाक्यं श्रीमान् मकरकेतनः ॥ १ ॥

पुलस्त्य ऋषि आज्ञा गर्नु हुन्छ- त्यसपछि (देवर्षि श्री नादरजीबाट दानव महेन्द्र दमनको उपाख्यान सुनी सकेपछि) प्रसन्न हृदय भएकी, हर्षले रोमाञ्चित भएकी, आफ्नी प्रियतमा श्रीप्रभावतीजीलाई मीनकेतु कामदेव का विभूति श्री प्रद्युम्नजी आज्ञा गर्नु हुन्छ ।।१।।

पतिव्रते त्वया देवि क्रियतां मम मङ्गलम् ।
महर्षेर्वचनं चैव श्रुतं ते कमलानने ॥ २ ॥

हे देवी (महारानी) हे प्रियतमा पतिव्रता प्रभावती तिमी मेरो संग्राम प्रस्थानका निंति मङ्गलका सरसामान जुटाऊ, हे कमलका दलजस्ता आँखा भएकी प्रभावती महर्षि श्री नारदजीको सबै वचन तिमीले सुनेकी छौ । ।।२।।

ततः प्रभावती देवी वाष्पपूर्णविलोचना ।
मङ्गलं रचयामास पत्युर्जयविधायिनी ॥ ३ ॥

यति कुरा सुनी, प्रभावती देवीले आँखा भरि आँशुलिई, पति देवको विजय होस् भन्ने उद्देश्य लिई, मङ्गलका सामग्री (साइतको सामान) जुटाइन् ।।३।।

मङ्गलं रचितं दृष्ट्वा देव्या मकरकेतनम् ।
अब्रवीदीदृशं वाक्यं नारदो मुनिसत्तमः ॥ ४ ॥

देवी प्रभावतीद्वारा यसरी माङ्गलिक सरसामानको रचना भएको देखी मुनिश्रेष्ठ श्रीनारदजी मकरध्वज श्रीप्रद्युम्नजी सँग यो भन्न लाग्नु भयो ।।४।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्वत्पिता भगवान् विष्णु शंखचक्र गदाधरः ।
अद्य त्वद्विजयं द्रष्टुं गरुडेनाऽऽगमिष्यति ॥ ५ ॥

हे प्रद्युम्नजी ! शंख, चक्र र गदा धारण गरिबक्सने हजूरका परम पूज्य पिताजी भगवान् विष्णुका साक्षात् विभूति श्रीकृष्ण पनि आज हजूरको विजय हेर्न सवारी हुने छ ॥५॥

तवैव विजयं द्रष्टुं प्रहृष्टैस्त्रिदशैः सह ।
आगमिष्यति तत्रैव भगवान् पाकशासनः ॥ ६ ॥

यस्तै हजूरको नै विजय हेर्नका लागि प्रसन्न चित्त भएका देवताहरूका साथ देवराज श्रीइन्द्रजी पनि त्यहीं नै पाल्नु हुनेछ ॥६॥

शंखो नाम दुराधर्षः शंख दुन्दुभिनिश्वनः ।
सेतुं संरक्ष्य यत्नेन तिष्ठते देव कण्टकः ॥ ७ ॥

शंख एवं दुन्दुभि (दमाह) को जस्तै भयङ्कर शब्द गर्ने कसैले दबाउन नसक्ने देवताहरूका लागि काँडै जस्तो शंखासुर पनि बडो मिहिनेतका साथ (बागवती बाँध) लाई रक्षा गरिरहेको छ ॥७॥

बलात्पादेन संपीड्य जयार्थेनाऽऽत्मनस्त्वया ।
पूरणीयो दुराचारो यथाऽसौ स्यान्महास्वनः ॥ ८ ॥

हजूर आफ्नो जितवाजीका लागि पाउले बडो बलपूर्वक दवाई त्यस दुराचारी दुष्टको-दुन्दुभि बजाईबक्सियोस् , जसबाट कि ठूलो शब्द हुनेछ ॥८॥

तस्य नादेन घोरेण वज्रनिह्रादवर्चसा ।
भविष्यति महाँस्त्रासो दानवानां दुरात्मनाम् ॥ ९ ॥

त्यस दुन्दुभि ताडनको वज्रपाततुल्य घनघोर आवाजवाट दुरात्मा दानवहरूलाई ठूलो डर हुनेछ ॥९॥

हत्वा दैत्यं दुरात्मानं सानुजं राज्यदर्पितम् ।
पूरणीयस्त्वया पुत्र देवेन्द्रस्य मनोरथः ॥ १० ॥

हे बाबु पुत्र स्थानीय शिष्य प्रद्युम्नजी राज्यको मद (घमण्ड) ले गर्दा बहुतै अहंकारी भएको महेन्द्र दमनलाई भाईसहित मार्नुभै देवेन्द्रजीको इच्छा पूर्ण गर्नुहोस् ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इत्युक्त्वा मुनिना शीघ्रं जयाशीः सम्प्रपूजितः ।
निर्ययौ रुक्मिणी सूनू रम्यं शंखालयं गिरिम् ॥ ११ ॥

यसरी मुनि श्रीनारदजीद्वारा प्रार्थना गरिनु भएका र छिटै नै मुनिद्वारा विजयका लागि आशीर्वचन (आशीर्वाद) द्वारा सुसम्मानित भै रुक्मिणी पुत्र श्रीप्रद्युम्नजी रमणीय शंखालय पर्वतमा जानुभयो ॥११॥

स्थित्वा शंखविलद्वारे कृतनादो महाबलः ।
सेतोर्विदारणारम्भं चकार मकरध्वजः ॥ १२ ॥

त्यहाँ पुगी, महावली श्री प्रद्युम्नले शंखासुरको विल (गुफा) को ढोकामा खडा हुनुभै, सिंहको जस्तो शब्द गर्नुभै बाँध तोड्न प्रारम्भ गर्नुभयो ॥१२॥

ततः शंखो विनिष्क्रम्य स्वविलाद् वलदर्पितः ।
अब्रवीदीदृशं वाक्यं द्रंष्ट्रोद्दीप्त विलोचनः ॥ १३ ॥

यत्तिकैमा धप् धप् क्रोधले बलेको दाँत तथा आँखा भएको बलको घमण्डले चूरचूर भएको शंखासुर आपनो विल (गुफा) बाट निस्की, यसरी भन्नलाग्यो ॥१३॥

कस्याऽऽज्ञया त्वया क्रूर मम वीर्याभिरक्षितम् ।
अगम्यं त्रिदशैर्वापि क्रियते सेतुदारणम् ॥ १४ ॥

दानव भन्दछन्– हे क्रूर (कठोर व्यक्ति) कसको आज्ञा पाई तैंले मेरो पराक्रमद्वारा सुरक्षित र देवताहरुद्वारा पनि अगम्य (गम् पाउन नसकिने) पुल भत्काउन प्रारम्भ गरिस् ? ॥१४॥

इत्युक्त्वा सहसा दैत्यो रक्तास्यो रक्तमूर्धजः ।
तलेनाऽऽहत्य प्रद्युम्नंचकार मतिविह्वलम् ॥ १५ ॥

यति भनी रातो मुख र रातै केश (कपाल) भएको त्यस दैत्यले झट्पट् प्रद्युम्नजीलाइ थप्पुदिई, मूर्छित गराइदियो ॥१५॥

ततः क्षणात्समुत्थाय बाहुयुद्धेन दानवम् ।
भूमौ निपातयामास प्रद्युम्नो बलिनांवरः ॥ १६ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमौ निपातितं शंखं विष्णुशंखसमस्वनम् ।
पादेनाऽऽक्रम्य जठरे अपूरेऽतिशयं तदा ॥ १७ ॥

त्यस पक्ति पराक्रमीहरूमा सर्वश्रेष्ठ श्रीप्रद्युम्नजीले पनि एकै क्षणमा उठ्नु मै बाहुयुद्ध (हातले थप्पु आदि दिनु र कुस्ति खेल्नु आदि) गरी दानव (विराध सहयोगी शंखासुर) लाई भूँइमा गिराइ दिनुभयो । भगवान् श्रीविष्णुजीको शंखको जस्तै शब्द निकाल्ने, भूँइमा गिरेको शंखासुरलाई पेटमा लात्तीले हानी, त्यसवेला अत्यन्त जोड्दार रूपले फुकिदिनुभयो ॥१६-१७॥

शंख नादेन घोरेण प्रबुद्धः कच्छपासुरः ।
जलान्निष्क्राम्य वदनं ननादाऽतिशयं भयात् ॥ १८ ॥

यस किसिमको भयङ्कर शंखको आवाजले गर्दा जागेको कच्छपासुर जलबाट शिर निकाली डरको मारे घनघोर चित्कार गर्न थाल्यो ॥१८॥

ततो विराधं घनघोरनिस्वनं
महामुखं मण्डलले चनद्वयम् ।
ददर्श वीरो मधुसूदनात्मजो-
जलोशितं शैलसमानविग्रहम् ॥ १६ ॥

यत्तिकैमा घनघोर गर्जना गरिरहेको, लामो-लामो सुँढुंडा भएको र बाटुला बाटुला दुई आँखा भएको मानौं पर्वत जस्तो विशाल (ठूलो) शरीर भएको, जलमा बसिरहेको विराध दैत्यलाई मधुसूदन पुत्र अर्थात् श्री कृष्ण भगवान्का सुपुत्र वीर-श्रेष्ठ श्रीप्रद्युम्नजीले देखिबक्स्यो ॥१६॥

इति श्री वाग्वती प्रशंसायां प्रद्युम्नविजये विराधदर्शनो नाम—द्वादशोऽध्यायः ॥

यसरी श्री वाग्वती प्रशंसामा प्रद्युम्न विजय खण्डमा विराध (राक्षस) लाई देख्नु नामको बाह्रौं अध्याय सकियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ त्रयोदशोऽध्यायः

पुलस्त्य उवाच–

तत: शंखनिनादेन विराधस्य स्वनेन च ।
विलं प्रकम्पितं दृष्ट्वा किमिदं कृतसम्भ्रमः ॥ १ ॥

परिशङ्क्य रिपोः किञ्चिद् भयं भयविधायिभिः ।
निमित्तैः सहसा राजा खड्गबाणधनुर्धरः ॥ २ ॥

सम्बद्धकवचै घोरैर्योधैः कतिपयैर्वृतः ।
शैलशृङ्ग प्रतिकाशो भिन्नवैदूर्यसप्रभः ॥ ३ ॥

अविरोधित वैरीको विराधाख्यं ममाऽनुजम् ।
विरोधयति दुर्बुद्धिरित्युक्त्वा क्रोधमूर्च्छितः ॥ ४ ॥

निष्क्रम्य स्वविलात्तस्थौ श्रीमानसुर सत्तमः ।
समद्रे पतितं शत्रुं निर्दहन्निव तेजसा ॥ ५ ॥

पुलस्त्य आज्ञा गर्नु हुन्छ त्यसपछि (श्री पद्युम्नजीले शंखासुरलाई लात प्रहार गरे उप्रान्त) शंखासुरको शंखनाद तथा विराधको घनघोर आवाजले गर्दा आफ्नो गुफानै थरथर काँपेको देखी, यो के भयो ? यस्तो आतङ्कित (डरयुक्त) भै शत्रुजन्य (शत्रुबाट हुने) अनेकौं कारणहरूले केही शङ्कित भै झटपट राजा महेन्द्र दमन हातमा खड्ग, धनु र बाण लिई, शरीर भर अभेद्य (कसैले झट्पट् फोर्न नसकिने) कवच धारण गरेका कतिपय वीर योद्धाहरूका सात शैल शिखर (पर्वतको चुचुरो जस्तो) विशाल शरीर भएको, सफा (स्वच्छ) वैदूर्यमणिको जस्तो चहक् भएको अहिलेसम्म जसका साथ कुनै वैरीले विरोध गर्ने साहस गरेका थिएनन्, त्यो मेरो भाइ विराधका साथ कुनचाहिं दुर्बुद्धिले विरोध गऱ्यो ? यति भनी क्रोधले चूर भै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो गुफाबाटनिक्ली असुर नायक श्रीमहेन्द्र दमन सामु (अगाडि) परेका शत्रुलाई तेजले डढाउँला जस्तै गरी, त्यस संग्राममा खडा भए ॥१-५॥

ततो विरोधितं त्यक्त्वा विराधं कूर्मरूपिणम् ।
दैत्येन्द्राभिमुखं तस्थौ रथमारुह्य कैशविः ॥ ६ ॥

प्रत्यक्षमागतं दृष्ट्वा प्रद्युम्नं युद्धकांक्षिणम् ।
अब्रवीदीदृशं वाक्यं श्रीमानसुरसत्तमः ॥ ७ ॥

त्यसपछि (अर्थात् मुख्य शत्रु महेन्द्र दमन सग्राममा जुटिसकेपछि) पहिले नै विरोध गरिएको कूर्म रुपी (कछुवाको रुप धारण गर्ने) विराध दैत्यलाई छोडी श्री प्रद्युम्नजी आपनो रथमा चढनुभै दैत्यराज महेन्द्र दमनका अगाडि खडा हुनु भयो । संग्राम चाहने (अर्थात् लड्न इच्छा गर्ने) श्री प्रद्युम्नलाई प्रत्यक्ष खडा भएको देखी श्री दैत्याधिपति महेन्द्र दमन यस प्रकारको उक्ति प्रस्तुत गर्दछन् ॥६-७॥

कस्याऽऽज्ञया त्वया क्रूरः बाध्यते मम कच्छपः ।
कस्य पुत्रोऽसि मूढ त्वं ज्ञातुमिच्छामि तत्त्वतः ॥ ८ ॥

हे क्रूर दुष्ट तँ कसको छोरो होस् ? तँ कसको आज्ञाले मेरो कच्छप (कछुवा) लाई बाधा दिन्छस् किम्वा कच्छपासुर माथि जोड् जुलुम गर्दछस् । म यथार्थ जान्न चाहन्छु ॥८॥

कस्य तद्वचनं श्रुत्वा दैत्येन्द्रस्य महात्मनः ।
अब्रवीदीदृशं वाक्यं प्रद्युम्नो बलिनां वरः ॥ ९ ॥

त्यो सर्वश्रेष्ठ वीर दैत्यराज महेन्द्र दमनको त्यो वचन सुनी बलवान्हरूमा सर्वश्रेष्ठ श्रीप्रद्युम्नजी पनि यस प्रकारको वीरोचित उक्ति प्रस्तुत गर्नु हुन्छ ॥९॥

निपातितो मया शंखः शंखदुन्दुभिनिस्वनः ।
विराधं पातयिष्यामि दुरात्मानं जलोपितम् ॥ १० ॥

प्रद्युम्न इति विख्यातो विष्णोर्भगवतः सुतः ।
प्राप्तो युष्मद्विनाशाय देवेन्द्रस्य शुभाऽऽज्ञया ॥ ११ ॥

हे दानवराज महेन्द्र दमनजी ! मैले शंख र दुन्दुभिको जस्तो शब्द

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निकाल्ने शंखासुरलाई गिराइदिएँ, अब जलमै बसिरहेको दुरात्मा विराधलाई पनि मार्ने छु, म भगवान् विष्णु (श्रीकृष्ण) पुत्र अत्यन्त प्रसिद्ध प्रद्युम्न हुँ, देवेन्द्र [महाराज इन्द्र] को शुभ आज्ञाबाट तिमीहरू जस्ता दुष्ट दुरात्मालाई विनाश गर्नका लागि यहाँ आएको छु ॥१०-११॥

तस्य तद्वचनं श्रुत्वा रोषाद्रक्त विलोचनः।
अब्रवीदीदृशं वाक्यं विहस्याऽसुरसत्तमः॥ १२ ॥

श्री प्रद्युम्नजीको यो उक्ति सुनी, ज्यादै रीसले लाल लाल आँखा भएका ती वीर महेन्द्र दमन पनि यसप्रकार हाँसेर बोल्न लागे ॥१२॥

यदि केशव पुत्रस्त्वं सम्प्राप्तो भद्रकं कृतम्।
चिरकालं मया ध्यातं लब्धं सन्दर्शनं तव॥ १३ ॥

यदि तिमी केशव (श्रीकृष्ण) कै छोरा हौ र यहाँ आएका छौ त असल गर्‍यौ धेरै काल (समय) देखि मैले इच्छा गरेको तिमीलाई देख्न पाएँ ॥१३॥

त्वां विलोक्य रणे सुप्तं रुधिरेण परिप्लुतम्।
शम्बरस्य वधोद्भूतो मन्युरद्य प्रशाम्यति॥ १४ ॥

(हेर !) रगतले लतपतिएर संग्राम (लडाइँ) मा सुतेको तिमीलाई देखी, शम्बरको मृत्युबाट उठेको रीस आज शान्त हुनेछ ॥१४॥

इत्युक्त्वा दशनैस्तीव्रैरधिपीड्याऽधरं स्वकम्।
ववर्ष शरवर्षौघं श्रीमानसुर सत्तमः॥ १५ ॥

यति भनी दाँतहरूले जोरसँग आफ्नो ओठ् दवाई, श्रीमान् असुराधिपति (महेन्द्र दमन) वाणको वर्षा गर्न लागे ॥१५॥

ततस्तस्मिन् क्षणे शीघ्रं प्रद्युम्नोऽपि महाबलः।
अब्रवीदीदृशं वाक्यमुदितादित्य सन्निभः॥ १६ ॥

त्यसपछि त्यसवेला महाबली (अत्यन्त पराक्रमी) भर्खर मात्र उदाउनु भएको श्रीसूर्यको जस्तो लालवर्ण हुनु भएका श्रीप्रद्युम्नजीले पनि छिटै नै यस प्रकारको वचन बोल्नु भयो ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्वां निपात्य दुरात्मानं त्रिदशाधिप कण्टकम् ।
चन्द्रावत्या विवाहं च निर्विघ्नं वर्तयाम्यहम् ॥ १७ ॥

इन्द्र महाराजका निंति काँडो जस्तो भएको दुष्ट तँलाई संहार गरी श्रीचन्द्रावतीका साथ विवाह पनि गर्ने छु ॥१७॥

इत्युक्त्वा रुक्मिणीसूनुः कृतगाण्डीव मण्डलः ।
मुमोच सहसा बाणं रुक्मपुंखविभूषणम् ॥ १८ ॥

ततस्तस्मिन् क्षणे पुण्ये वर्तमाने रणोत्सवे ।
गरुडेनाऽऽययौ विष्णुः शंख चक्र गदाधरः ॥ १९ ॥

यति आफ्नो शत्रुलाई भन्नुभै रुक्मिणीपुत्र श्री प्रद्युम्नजीले गाण्डीव धनु जस्तै आफ्नो धनुलाई मण्डलाकार गरी (अर्थात् वाटुलो बनाइ) सुवर्णमय प्वाँख भएको भूषण (अलंकार) समेत भएको वाण झट्पट् छोडिहाल्नुभयो । यही नै पुण्य क्षणमा जब कि रणोत्सवको प्रारम्भ मात्र भएको थियो, शंख, चक्र, गधाधारी भगवान् विष्णु (श्री कृष्ण) गरुड माथि विराजमान होइबक्सी, त्यहीं नै पाल्नु भयो ॥१८-१९॥

प्रहृष्ट स्त्रिदशैः सार्धं मप्सरोगण वेष्टितः ।
पूजार्थं रुक्मिणी सूनोः सम्प्राप्त स्त्रिदशेश्वरः ॥ २० ॥

ततो मुमोच दैत्येन्द्रो ज्वलत्कोपानलाकुलः ।
अघोरं च विघोरं च रौरवं च शिलीमुखम् ॥ २१ ॥

ठीक यही बेला प्रसन्न चित्त भएका सम्पूर्ण देवताहरूलाई साथमा लिई अनेकौं अप्सराहरूलाई वरिपरि लगाइ देवराज श्री इन्द्र महाराज पनि रुक्मिणी पुत्र श्रीप्रद्युम्नजीको वीरोचित संमान गर्न त्यसै संग्राममा पाल्नुभयो । त्यसपछि त्यस संग्राममा जाज्वल्यमान क्रोधाग्निद्वारा आकुल व्याकुल दैत्येन्द्रले अघोर विघोर रौरवनामका शस्त्र [वाण आदि] को वर्षण गर्न थाल्यो ॥२०-२१॥

उमा मुखं बिडालास्यं रुद्रकिंकिणिभिः शरैः ।
तच्छरं वारयामास प्रद्युम्नोऽपि महाबलः ॥ २२ ॥

यसै यतातिर महाबली श्रीप्रद्युम्नजीले पनि उमामुख, बिडालास्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

[विरालाको जस्तो मुखहुने वाण विशेष] रुद्रकिंकिणि आदि वाणको प्रयोगद्वारा दैत्येन्द्रको वाणहरूलाई रोक्नु भयो ॥२२॥

गृध्रकंकमुखं चापि काकोलूकमुखं शरम् ।
मुमोच स महाबाहुः श्रीमानसुरसत्तमः ॥ २३ ॥

त्यस पछि फेरि विशाल बाहु (ठूलाठूला हात भएको) त्यस असुरराजले गृध्रकंक मुख, काकोलुक मुख अर्थात् गिद्ध कौवा र लाटोकोसेराको जस्तो मुख भएको वाणहरू छोडे ॥२३॥

व्याघ्रसिंह श्रृगालास्यैः श्वानवक्त्रैः शिलीमुखैः ।
तच्छरं वारयामास प्रद्युम्नो बलिनांवरः ॥ २४ ॥

यतातिर महाबली प्रद्युम्नले पनि बाघ, सिंह, श्याल र कुकुर आदिको जस्तो मुख भएको वाणहरूद्वारा शत्रुहरूका शर (वाण) हरूलाई रोक्नु भयो ॥२४॥

एकैकेनाऽस्त्र मुख्येन चैकैकमसुरं तदा ।
पातयामास प्रद्युम्नस्तत् क्षणात्समरान्तरे ॥ २५ ॥

त्यस मूठ्भेट्को अवस्थामा एक एक मुख्य वाणद्वारा महेन्द्र दमनका एक एक मुख्य मुख्य असुरलाई त्यस संग्राममा त्यसै समयमै श्री प्रद्युम्नजीले कत्तल गरिदिनु भयो ॥२५॥

स्तोकावशिष्टं स्वबलं प्रसमीक्ष्य महासुरः ।
प्रद्युम्नस्य विनाशाय नागास्त्रं सन्दधे तदा ॥ २६ ॥

त्यसपछि दानवराज महेन्द्र दमनले आफ्नो फौज थोरै मात्र बाँकी भएको देखी श्रीप्रद्युम्नजीलाई खतम पार्नका निंति नागास्त्र धनुमा जोडे ॥२६॥

ततो मुमोच सहसा श्रीमानसुरसत्तमः ।
विषाग्नि ज्वलिताकाशं नागास्त्रं घोर रूपिणम् ॥ २७ ॥

त्यसको केही क्षणमै (छिनमै) झटपट् गरी, दैत्यराज महेन्द्र दमनले विषाग्निद्वारा आकाशलाई नै धप्धप् बाल्ने घनघोर भीषण (डरलाग्दो) नागास्त्रको प्रयोग गरिहाले ॥२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नागास्त्रं पतितं दृष्ट्वा विषवन्हिकलापिनम् ।
हाहाकृतर वै देवैः प्रपूरे गगनं तदा ।। २८ ।।

विषाग्नि (विष पैदा गर्ने अग्नि) को ज्वालाले घेरिएको नागास्त्रलाई आइरहेको देखी, देवताहरूको हाहाकारशब्दले आकाशमण्डल नै गुञ्जायमान भयो ।।२८।।

नागास्त्र दग्धः प्रद्युम्नः पतितो मति विह्वलः ।
पक्षपातेन तार्क्ष्यस्य लब्ध चेता बभूव ह ।। २९ ।।

नागास्त्रद्वारा उड्नु भएको श्रीप्रद्युम्नजी मूर्च्छितभै पृथ्वीमा गिर्नुभयो र गरुडका पखेटाको हावाले सचेत (मूर्छाबाट ब्यूँझिएको) हुनु भयो ।।२९।।

नागास्त्रं च दुराधर्षं तार्क्ष सम्पर्क पीडितम् ।
पपात सहसा भूमौ खण्डखण्डमनेकधा ।। ३० ।।

दुर्धर्ष (अत्यन्त कष्टले मात्र दवाउन सकिने) नागास्त्र पनि गरुडको सम्पर्कबाट पीडित भै झट्पट् टुक्रा टुक्रा भै पृथ्वीमा गिर्‍यो ।।३०।।

ततस्तस्मिन् क्षणे पुण्ये प्रद्युम्नं प्राप्य सत्वरः ।
अब्रवीदीदृशं वाक्यं भगवान् नारदो मुनिः ।। ३१ ।।

त्यसपछि त्यस पुण्य समयमा तुरुन्त प्रद्युम्नका अगाडि पाल्नुभै देवर्षि श्रीनारदमुनि यस प्रकार आज्ञा गर्न लाग्नु भयो ।।३१।।

ब्रह्मणा भाषितं पूर्वं स्मर वाक्यं जनार्दने ।
मागा विह्वलतां वीर पुत्रोऽसि मधुविद्विषः ।। ३२ ।।

हे जनार्दन पुत्र ! अर्थात् भगवान् श्री कृष्णका सुपुत्र प्रद्युम्नजी ! पहिले नै मैले निवेदन गरेको श्रीब्रह्माजीको वचनलाई संझिबक्स्योस्, हे वीरशिरोमणि प्रद्युम्नजी विह्वल नभै बक्सियोस् हजूर पाँच पाँच हज्जार वर्षसम्म जलमा मधुकैटभसँग बाहुयुद्ध (कुस्ती) गरिबक्सने भगवान् विष्णु (श्री कृष्ण) का सुपुत्र होइबक्सिन्छ ।।३२।।

शस्त्रं नापेक्षते जेतुं हीनशस्त्रो भवद्रिपुः ।
मुष्टिमुद्यम्य वेगेन हन्यतां तस्य मूर्धनि ।। ३३ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्य तद्वचनं श्रुत्वा वेगान्निष्पत्य केशविः ।
मुष्टिमुद्यम्य सहसा शिरस्येनमताडयत् ॥ ३४ ॥

हजूरका लागि शत्रुविजयका निंति शस्त्रको अपेक्षा (आवश्यकता) छैन, त्यस दैत्यको माथ (शिर) मा वेगले मुक्का हान्नुहोस् । श्रीनारदजीको यो वचन सुनी, बडो वेगले कुदेर गै श्रीप्रद्युम्नजीले झट्टट् मुट्ठी बाँधी त्यस दैत्यको शिरमा मुक्की हान्नुभयो ॥३३-३४॥

ततः पपात दैत्येन्द्रः कम्पयन्निव मेदिनीम् ।
उद्वमन् रुधिरोद्गारं मुखेन नयनेन च ॥ ३५ ॥

सुप्रभावासिनः सर्वे निहते शत्रुतापने ।
पातालं विविशू रम्यं प्रद्युम्न भयपीडिताः ॥ ३६ ॥

विचित्र पुष्पं प्रचुरं नभस्थला-
त्पपात कन्दर्पशिरस्थलं तदा ।
समं समन्तात् सुरसिद्धचारणैः
समाहता दुन्दुभयः प्रसस्वनुः ॥ ३७ ॥

त्यसपछि मुख तथा आँखाबाट रगतको धारा वमन गर्दै (बगाउँदै), मानौं पृथ्वी मातालाई नै कम्पायमान (कम्पित डग्‌डग् हल्लिने) तुल्याउँदै दैत्यराज श्रीमहेन्द्र दमन सदाका लागि धराशायी पृथ्वीमा सुत्ने बन्नुभयो । शत्रुहरूलाई रातोदिन सताउने पीडा दिने दैत्यराज महेन्द्र दमनको निधन हुने वित्तिकै सुप्रभा भवन [महेन्द्र दमनको दरवार] मा बस्ने सम्पूर्ण दैत्यहरू सुन्दर पाताल लोकमा घुस्न पुगे अर्थात् ती सबै पातालमा पुगे । यस समयमा आकाश मण्डलबाट श्रीप्रद्युम्नजीको शिरमा नानारंगका अनेकौं फूलहरूको वृष्टि भयो र चारैतिरबाट एकैपल्ट सुर (इन्द्रादि देवताहरू) सिद्ध (कपिलादि महर्षिहरू) चारण र गन्धर्व आदिहरूबाट बजाइएका दुन्दुभि [विजयोत्सव सूचक वाद्य विशेष] हरू बज्नलागे ॥३५,३६,३७॥

इति श्री वाग्वती प्रशंसायां प्रद्युम्नविजये महेन्द्र दमन वधो नाम त्रयोदशोऽध्यायः ।

यसरी श्रीवाग्वतीको प्रशंसामा प्रद्युम्न विजय खण्डमा महेन्द्र दमनको मरण नाम भएको तेह्रौं अध्याय सकियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ चतुर्दशोऽध्यायः

पुलस्त्य उवाच–

ततस्तस्मिन् क्षणे पुण्ये वाग्वती कामरूपिणी।
अब्रवीदीदृशं वाक्यं कृताञ्जलिपुटा सती ॥ १ ॥

पुलस्त्य भन्नुहुन्छ – त्यस पछि अर्थात् दानव महेन्द्र दमनको वध भइसके उपान्त त्यो पुण्यमय शुभ मुहूर्तमा इच्छानुकूल (इच्छा अनुसार) रूप धारण गर्नु हुने श्रीवाग्वती देवी दुईहात जोडी, यसरी भगवान् (श्रीकृष्ण) को प्रार्थना गर्न लाग्नुभयो ॥१॥

विष्णुः कृष्णो हृषीकेशश्चक्रपाणिश्चतुर्भुजः।
उपेन्द्रः शार्ङ्गधन्वा च भद्रकीर्तिरधोक्षजः ॥ २ ॥

केशवो रुक्मिणीनाथो माधवो मधुसूदनः।
सत्यभामापतिश्चैव द्वारकापुर सुप्रियः ॥ ३ ॥

मित्रवृन्दाधिपश्चैव जाम्बवत्यधिपस्तथा।
कंशासुररिपुश्चैव रोहिणीपति रेव च ॥ ४ ॥

हे सर्वव्यापक विष्णु ! हे कृष्ण ! हे हृषीकेश ! हे चक्रपाणि ! (हातमा सुदर्शन चक्रधारण गरिबक्सने भगवान् !) हे चतुर्भुज ! हे उपेन्द्र ! (इन्द्रका भाइ वामन भगवान्) हे हातमा शार्ङ्गनामक धनु धारण गरिबक्सने, हे भद्रकीर्ति सुयश सम्पन्न प्रभो ! हे अधोक्षज (कमलनयन) हे केशव ! हे रुक्मिणीपति, हे माधव प्रभो ! हे मधुसूदन भगवान् ! हे सत्यभामारमण प्रभो ! हे द्वारकाप्रिय ! हे मित्र-वृन्दाधिपति ! हे जाम्बवती कान्त (जाम्बवती प्रिय प्रभो !) हे कंसासुररिपु [कंसको शत्रु] हे रोहिणी पति ! हे लक्ष्मीपति एवं धरणीपति [पृथ्वीपति] हजूरलाई वारंबार नमस्कार छ ॥२-४½॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नमोऽस्तु लक्ष्मीपतये धरणी पतये नमः।
महामत्स्यवपुर्धृत्वा श्रुतिर्नाथ त्वयोद्धृता ॥ ५ ॥

हे नाथ हे स्वामी! महामत्स्य [ठूलो माछा] का रूप धारणगरिबक्सी हजूरले नै श्रुति वेदको उद्धार गरिबक्स्यो ॥५॥

घोर कूर्म वपुर्धृत्वा मन्दरो विधृतस्त्वया।
वराहरूपमास्थाय त्वयैव धरणी धृता ॥ ६ ॥

डरलाग्दो कूर्म (कछुवा) को शरीर लिइबक्सी, हजूरले मन्दराचल पर्वतलाई धारण गरिबक्स्यो, वराह (वनेल) को रूप धारण गरिबक्सी, हजूरले नै पहिले पृथ्वीलाई धारण गरिबक्स्यो ॥६॥

नारसिंह वपुर्धृत्वा प्रह्लादः पालितस्त्वया।
वामनं वपुरास्थाय महेन्द्रो रक्षितस्त्वया ॥ ७ ॥

कार्तवीर्योऽपि निहतस्त्वया भार्गव छद्मना।
निहन्ता रावणस्यापि त्वमेव रघुपुङ्गवः ॥ ८ ॥

फेरि हजूरले नै नरसिंहको स्वरूप धारण गरिबक्सी भक्त राज प्रह्लादलाई रक्षा गरिबक्स्यो, यसरी नै वामन [सानु ब्राह्मणवटु] को रूप धारण गरिबक्सी, देवराज श्री इन्द्रजीलाई रक्षा गरिबक्स्यो। यस्तै परशुरामको स्वरूप धारण गरिबक्सी हजूरले नै सहस्रवाहु (कार्तवीर्य) को वध गरिबक्स्यो, पछि रघुवंश (रघुकुल) मा उत्पन्न होइबक्सी रावणलाइ मार्ने पनि हजूर नै होइबक्सिने छ ॥७-८॥

त्राता त्राणार्थिनां चैव दाता चापि सुखस्य च।
स्थिति कर्ताऽस लोकानां त्वमेव परिकीर्तितः ॥ ९ ।

समर्थश्च हृषीकेशः सेतुबन्ध विदारणे।
गङ्गां द्रष्टुं समेच्छास्ति त्वत्प्रसादाज्जनार्दन ॥ १० ॥

शरणमा आएकालाई रक्षा गरिबक्सने, सारा भक्तहरूलाई सुख दिने, यस्तै सम्पूर्ण लोकहरूको मर्यादा रीति स्थिति बाँध्ने भनेर पनि सम्पूर्ण श्रुति स्मृतिमा हजूर नै कहिनु भएको छ। अतः सम्पूर्ण इन्द्रियहरूका नियन्ता र यस महेन्द्र दमनद्वारा थुनिएको (बाँधिएको) चन्द्रागिरि मालाको सेतुबन्ध (बाँध) तोड्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि हजुरनै समर्थ होइबक्सिन्छ, हे प्रभु जनार्दन हजूरको कृपाबाट मलाई गङ्गाजीको दर्शन गर्ने ठूलो इच्छा छ ॥९-१०॥

वाग्वत्यावचनं श्रुत्वा हर्षोत्फुल्लविलोचनः ।
सेतुं विदारयामास निरुद्धं भगवान् हरिः ॥ ११ ॥

यस्तो श्री वाग्वतीजीको प्रार्थना वचन सुनी, हर्षले प्रफुल्लनेत्र हुनुभएको भगवान् हरि (श्रीकृष्ण) ले वाग्वतीलाई रोक्ने सेतु (बाँध) तोडी दिनुभयो ॥११॥

सेतुबन्धे प्रभिन्नेतु विष्णुना प्रभविष्णुना ।
ददर्श सहसा घोरं विराधँ कच्छपासुरम् ॥ १२ ॥

सर्वशक्तिमान् भगवान् विष्णुबाट बाँध तोडिबक्से पछि झट्पट् डरलाग्दो कच्छपरूपी (कछुवाको अनुहार भएको) विराध राक्षसलाई देखिबक्सी भगवान् नारद छिटैनै श्रीप्रद्युम्नजीसँग यो आज्ञा गर्नु हुन्छ—हे वीरशिरोमणि प्रद्युम्नजी ! दानवाधम दुरात्मा विराधलाई उठाएर मारी त्यसको पेटमा रहेको रत्न (दंष्ट्रा रत्न) लाई छिटैनै लिनु हजूरकानिंति अहिले श्रेयस्कर छ र त्यस कार्यका निंति हजूर योग्य पनि होइबक्सिन्छ ॥१२½॥

नारदो भगवान् शीघ्रं प्रद्युम्नमिदमब्रवीत् ।
कृतोत्थानं दुरात्मानं विराधं दानवाधमम् ॥ १३ ॥

महर्षि श्रीनारदजीको यो वचन सुन्नेवित्तिकै बडो फुर्तिला पराक्रमी श्रीप्रद्युम्नले खड्गद्वारा त्यस दैत्यको छाती चिरी सो महारत्नलाई झिक्नु भयो ॥१३½॥

हत्वा कुक्षिगतं रत्नं शीघ्रमाहर्तुमर्हसि ।
महर्षेर्वचनं श्रुत्वा खड्गाग्रप्रहतान्तरात् ॥ १४ ॥

आददे स महारत्नं प्रद्युम्नो लघुविक्रमः ।
परिवृत्य पुनः शीघ्रं संक्रुद्धः कच्छपासुरः ॥ १५ ॥

प्रद्युम्नं त्रासयामास नर्दमानः पुनः पुनः ।
अत्यक्त जीवितं दृष्ट्वा संक्रुद्धं कच्छपासुरम् ॥ १६ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि तुरुन्तै पल्टिएर अत्यन्त क्रुद्ध भएको कच्छपासुर बारंबार गर्जना गरी श्रीप्रद्युम्नजीलाई त्रास देखाउन लाग्यो । न मरीकन किन्तु झन् क्रोधित भै त्रास (डर) देखाउन लागेको कच्छपासुरलाई देख्नुभै श्रीनारदजी यस प्रकार आज्ञा गर्न लाग्नु भयो ॥१५–१६॥

अब्रवीदीदृशं वाक्यं नारदो मुनिसत्तमः ।
दैत्यानां दानवानां च प्रसादाच्छूलपाणिनः ॥ १७ ॥

हे प्रद्युम्नजी ! हातमा सदा सर्वदा त्रिशूल धारण गरिबक्सने भगवान् महादेवको प्रसाद (वरदान) बाट यी दैत्य दानवहरूको जहाँसम्म वाग्वतीका जलसँग सम्बन्ध रहिरहने छ, त्यहाँसम्म यिनीहरूको मृत्यु हुँदैन ॥१७॥

वाग्वती जलसंश्लेषाद्वधस्तेषां न विद्यते ।
तस्माद्विच्छित्य पक्षेण जलात्पन्नग विद्विषा ॥ १८ ॥

यस कारण हे प्रद्युम्नजी ! श्री गरुडजीको प्वाँख (पखेटा) द्वारा यसलाई जलबाट बाहिर निकाली चक्रद्वारा शिरच्छेदन (शिरकाटी) गिराइ दिनु होस् ॥१८॥

पातनीयं शिरश्छित्वा चक्रेण मकरध्वज ।
महर्षेर्वचनं श्रुत्वा तरुणादित्य वर्चसा ॥ १९ ॥

शिरश्चिच्छेद कूर्मस्य पितुश्चक्रेण कैशविः ।
विराधं निहतं दृष्ट्वा प्रद्युम्नेन महात्मना ॥ २० ॥

ववर्षुः कुसुमं देवा विस्मयाकुल मानसाः ।
ततश्चन्द्रावतीं गृह्य वाग्वती सरिदुत्तमा ॥ २१ ॥

अतएव हे मकरध्वज ! हे प्रद्युम्नजी ! चक्रद्वारा यस राक्षसको शिरच्छेदन गरी अर्थात् कत्तल गरी गिराइ दिनु नै उचित छ, यसरी देवर्षि श्रीनारदजीको यो प्रेरणाप्रद वचन पाई बाल सूर्य (भर्खर उदाएका सूर्य) को जस्तो तेज भएको आफ्ना पूज्य पिताजी भगवान् श्रीकृष्णको चक्रद्वारा श्रीप्रद्युम्नजीले त्यस कच्छपासुर (विराध) को शिर तोडिदिनुभयो । महात्मा श्रीप्रद्युम्नजीद्वारा यसरी विराध (कच्छपासुर) मरेको देखी, बहुतै आश्चर्य चकित भएका देवताहरूले आकाशबाट पुष्प वृष्टि (फूलहरूको वर्षा) गरे । यति भैसके पछि राजकुमारी श्रीचन्द्रावतीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साथमा लिई नदी श्रेष्ठ श्रीवाग्वतीजी– ॥१९–२१॥

विस्मयोत्फुल्लनयनं प्रद्युम्नमिदमब्रवीत् ।
विश्वासार्थं त्वया वीर मद्धस्ते प्रतिपादिताम् ॥ २२ ॥

इमां चन्द्रावतीं देवीं गृहाण रुकरध्वज ।
इत्युक्त्वा वाग्वती देवी गतासञ्जात विस्मया ॥ २३ ॥

विस्मयले अर्थात् आश्चर्यले प्रफुल्लनेत्र हुनु भएका प्रद्युम्नजीसँग यो (पछि आउने वचन) भन्न लाग्नुभयोः हे वीर कामदेवजी ! विश्वासपूर्वक तपाईंले मेरो हातमा सुम्पिनु भएको यी राजकुमारी श्र चन्द्रावतीलाई ग्रहणगर्नुहोस् । यति आज्ञा गर्नु भै वडो अनौटा लाग्ने (मनुष्यरुप लिई) श्रीवाग्वती देवी अन्तर्ध्यान हुनु भयो ॥२२–२३॥

बभूव सन्ध्यासमयः कुङ्कुमारुण वारिदः ।
तमसा पूरिते व्योम्न ज्योत्स्नानिकर स्रुतः ॥ २४ ॥

तदुत्सवादिवोद्भूतो रराज रजनीकरः ।
वधूं चन्द्रावतीं दृष्ट्वा चन्द्रलेखामिवाऽपराम् ॥ २५ ॥

तुतोष भगवान विष्णुर्विस्मयोत्फुल्ल लोचनः ।
देवी चन्द्रावती चाऽपि विशेषकृत भूषणा ॥ २६ ॥

यसै बीच सन्ध्या समय (सन्ध्याकालको वेला) भयो र सन्ध्याकालीन मेघ कुंकुम धूप जस्तै अरुण वर्णवाला [रातो वर्ण भएका] भए, अन्धकारपूर्ण (अँध्यारोले ढाकिएको) आकाश मण्डलमा मानौं चन्द्रावतीको विवाहोत्सव हेर्नका लागि तेजले किम्वा कान्तिले ढकमक्क हुनु भएका श्रीचन्द्रमा विराजमान हुनुभयो । दोस्रो चन्द्रमाको कलानै जस्ती बुहारी चन्द्रावतीलाई देखी विस्मयले किम्वा आश्चर्यले प्रफुल्ल नेत्र होइबवसने भगवान् विष्णु (श्रीकृष्ण) अत्यन्त संतुष्ट होइबक्स्यो । यता विशेष रूपले श्रृङ्गार पटार गरी सजिसजाउ भएकी देवी चन्द्रावती पनि–॥२४–२६॥

रराज राजलक्ष्मीवत् प्रद्युम्ने समुपस्थिता ।
जामातरं समासाद्य प्रद्युम्नं रूपिणां वरम् ॥ २७ ॥

आफ्ना प्रियतम श्रीप्रद्युम्नका अगाडि उपस्थित (हाजिर) भै मानौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजलक्ष्मी तुल्यनै भई, विराजमान हुनु भयो ॥२६½॥

तुतोषाऽतिशयं श्रीमान् सूर्यकेतुर्नराधिपः।
देवीं चन्द्रावतीं चापि प्रद्युम्नं च महाबलम्॥ २८ ॥

यस्तै रूपवान्हरुमा सर्वश्रेष्ठ श्रीप्रद्युम्नजीलाई जुवाईंका रूपमा प्राप्त गरी राजा श्रीसूर्यकेतुजी र बलवान् श्रीप्रद्युम्न रुक्मिणीनन्दनलाई पतिका रूपमा पाई श्रीचन्द्रावती देवी पनि अत्यन्त सन्तुष्ट हुनु भयो ॥२६½–२८॥

दृष्ट्वा तुतोष सहितौ नारदो भगवान् मुनिः।
तस्मिन्नवसरे पुण्ये वर्तमाने महोत्सवे॥ २९ ॥

देव दुन्दुभि निर्घोषैः पूरितानेक दिङ्मुखे।
अप्सरोभि नेकाभि र्रचितानेक मङ्गले॥ ३० ॥

त्यस समयमा जब कि महोत्सव भै रहेको थियो त्यही शुभ मुहूर्तमा देवी चन्द्रावती र महाबली (अत्यन्त बलवान) श्रीप्रद्युम्नजीलाई साथै साथ देख्नु भै भगवान् श्रीनारदमुनि पनि अत्यन्त नै सन्तुष्ट हुनु भयो। यसरी नै हर्षविभोर बनी देवताहरूले दशै दिशामा आ–आफ्ना दुन्दुभि (दमाह आदि) का शब्द तरङ्गद्वारा आनन्द र उल्लासको वातावरण सिर्जना गरिरहेका थिए, यसका अतिरिक्त अनेकौं अप्सराहरुले मङ्गलका सरसामानहरू रचना गरिरहेका थिए ॥२९-३०॥

विवाहं वर्तयामास चन्द्रवत्या जनार्दनः।
माल्याम्बरैर्विचित्रैश्च चित्रैराभरणैस्तथा॥ ३१ ॥

यसै मङ्गलमय शुभ मुहूर्तमा भगवान् मधुसूदन [श्रीकृष्ण]ले पनि आफ्ना सुपुत्र श्रीप्रद्युम्नजीका साथ चन्द्रावतीको विवाह महोत्सव सुसम्पन्न तुल्याइ बक्सियो। यसै बीच देवराज श्रीइन्द्रजीले पनि अनेकौं रंगी विरंगी माला वस्त्र र सुन्दर सुन्दर गहनाहरूद्वारा–॥३१॥

पूजयामास देवेन्द्रः सपुत्रं मधुसूदनम्।
वाग्वती च सरिच्छ्रेष्टा विस्मयोद्धतमानसा॥ ३२ ॥

छोरा सहित भगवान मधुसूदन (श्री कृष्ण) को पूजा गर्नुभयो, यसरी नै नदीप्रवर [नदी मध्ये उत्तम] श्री वाग्वतीजीले पनि विधिपूर्वक पुत्र (श्री प्रद्युम्न)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युक्त गरुडध्वज (श्रीकृष्ण) को पूजा गर्नुभयो ॥३२॥

पूजयामास विधिना सपुत्रं मधुविद्विषम् ।
ननर्ताऽप्सरसां वृन्दं नूपुरध्वनिभिस्तदा ॥ ३३ ॥

गन्धर्वाः प्रजगुर्गीतं वीणा वेणु प्रवादिनः ।
प्रववावनिलश्चाऽपि विस्मयाज्जल शीतलः ॥ ३४ ॥

नानाद्रुम लताग्रेभ्यो वर्षन्ती पुष्पसञ्चयम् ।
चकम्पे धरणी चाऽपि पीवराद्रि पयोधरा ॥ ३५ ॥

त्यस समय छं छं नूपुर (पाउजेव) को शब्द निकाल्दै अप्सराका समूह नाच्न लागे । यसरी नै गन्धर्व (देवगायक) हरू वीणा, वंशी (बाँसुरी) आदि बजाउँदै गाउन थाले, मन्द एवं सुगन्धयुक्त शीतल हावा चल्न लाग्यो, नानाप्रकारका वृक्षलता र गुच्छाहरूका हाँगाबाट पुष्पवृष्टि गर्दै पर्वतरूपी पीन पयोधर (परिपुष्ट स्तनमण्डल) हुनुहुने श्रीपृथ्वीमाता पनि आनन्द विभोर भै मन्द मन्द रूपबाट मानौं हर्ष नृत्यमा सरिक हुनलाग्नुभयो ॥३३–३५

चन्द्रावत्या विवाहेन विस्मयाकुलमानसः ।
ततः सुरेन्द्रसम्मानाश्चित्रस्रग्दाम भूषणः ॥ ३६ ॥

द्रंष्ट्रारत्नश्रीया युक्त इन्द्रनीलसम प्रभः ।
शंख चक्र गदापाणिर्देव गन्धर्व पूजितः ॥ ३७ ॥

मुनिभिर्वेद शब्देन संस्तुतो लोकहर्षणः ।
आरुरोह गरुत्मन्तं भगवान् मधुसूदनः ॥ ३८ ॥

देवीं चन्द्रावतीं चाऽपि राजपुत्रीं प्रभावतीम् ।
रथमारोपयामास प्रद्युम्नः केशवाज्ञया ॥ ३९ ॥

आरुरोह स प्रद्युम्नः कामगं हेमनिर्मितम् ।
स्त्रीरत्नाद्यैश्च रत्नौघैः पूरितं रथमुत्तमम् ॥ ४० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्पपात तदाकाशं शक्रनीलसमप्रभः ।
स पुत्रो भगवान् विष्णुः प्रहर्षाकुलितेक्षणः ॥ ४१ ॥

राजकुमारी श्रीचन्द्रावती संगको विवाहोत्सवको सम्पन्नताले गर्दा प्रसन्न चित्त हुनु भएका त्यसमाथि पनि महाराज श्रीइन्द्रको सम्मान सूचक विचित्र माला-हरूले अलंकृत, द्रंष्ट्रारत्न (आफूले नित्य पूजा गरिरहेको जसलाई महेन्द्र दमनले हरेर लगेको थियो) त्यसैको पुनः प्राप्ति र आफ्नो दिव्य देहमा धारण गर्नु-बाट मानौं इन्द्रनीलमणितुल्य नै सुन्दर देखिनु हुने, आफ्ना चार बाहु (हात) मा चार दिव्य चिन्ह शख, चक्र, गदा र पद्म (कमल) धारण गरी बक्सने, देवता र गन्धर्वहरुद्वारा अत्यन्त नै संमानित भै बक्सिनु हुने, सारा ऋषि मुनि-द्वारा वेद वाणीले स्तुति गरिनु भएका, सम्पूर्ण लोकलाई आनन्दमग्न तुल्याउनु हुने, भगवान् मधुसूदन (श्रीकृष्ण) गरुड माथि सवार भै बक्सियो । यस्तै भगवान् केशव (श्रीकृष्ण) को आज्ञाद्वारा श्री प्रद्युम्नजीले पनि आफ्ना दुई धर्मपत्नीहरू श्री प्रभावती देवी र राजकुमारी श्रीचन्द्रावतीलाई पनि आफ्नो दिव्य रथमा चढाउनु भयो । यस पछि स्त्री रत्नादि सम्पूर्ण रत्नहरूका समूहले पूर्ण सर्वश्रेष्ठ एवं रथीको इच्छा मुताविक चल्ने सुवर्णमय [सुनै सुनले सजिसजाउ भएको] सो दिव्य रथमा वीरशिरोमणि श्री श्रीप्रद्युम्नजी पनि चढ्नु भयो । अनि इन्द्रनील मणिको जस्तो कान्ति (शोभा) युक्त होइबक्सने, हर्षाश्रु [हर्षको आँशु] ले गर्दा आँखा टम्म प्रायः यस्तो विलक्षण अवस्थामा पुगिबक्सने भगवान् विष्णु (श्री कृष्ण) आकाश मण्डलमा उडिबक्सियो ॥३६-४१॥

विलोक्य धरणीं पुण्यां वाग्वती जलशोभिनीम् ।
प्रहृष्टो भगवान् विष्णुरिदं वचनमब्रवीत् ॥ ४२ ॥

मोतीको माला जस्तो वाग्वती आदि नदीहरूका जलले शोभित पुण्य भूमिलाई देखी, प्रसन्नमुख हुनु भएका भगवान् विष्णु श्रीकृष्ण यो (पछि आउने वचन) आज्ञा गरी बक्सिन्छ ॥४२॥

त्वद्विवाहं समालोक्य सूर्यकेतुर्नराधिपः ।
समानुषेण देहेन प्रागाच्छक्रपुरं शुभम् ॥ ४३ ॥

हे बाबु पुत्र (प्रद्युम्न) तिम्रो विवाह हेरी, सम्बन्धी (संधि) मानवाधिपति (राजा) सूर्यकेतु मनुष्य देहनै लिई, ठूला ठूला पुण्यात्माहरूले मात्र प्रवेश पाउन सकिने इन्द्रको अमरावती पुरी (अर्थात् स्वर्ग) मा गैरहनु भएको छ हेर ॥४३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पश्य दक्षिण भागेन मृगश्रृङ्गस्य भूभृतः।
चन्द्रदीप्ति तटे पुण्ये स्थानं मम भविष्यति ॥ ४४ ॥

फेरि यतातिर हेर मृगेन्द्रशिखर पर्वतको दखिन् पट्टि पवित्रभन्दा पनि पवित्र चन्द्रदीप्ति नदीको किनारामा मेरो निवासस्थान (मन्दिर) हुनेछ ॥४४॥

सिंह वक्त्र वपुर्भूत्वा तत्र स्थास्यामि कारणात्।
पूजयिष्यन्ति लोकाश्च मम भक्तिपरायणाः ॥ ४५ ॥

यहा म सिंहको मुख भएको शरीर किम्वा नरसिंह भै कारणवश रहने छु सन्तहरू मेरो भक्तिमा तत्परभै पूजा गर्नें छन् ॥४५॥

इन्द्रेश्वरं प्रतिष्ठाप्य चेन्द्रनद्याः शुभेतटे।
आगच्छद्भगवानिन्द्रो यज्ञकार्य परोऽभवत् ॥ ४६ ॥

यता इन्द्र नदीको पुण्यप्रद तीर (तट किनारा मा भगवान् इन्द्रले आई, इन्द्रेश्वरको स्थपना गरी यज्ञ कार्यमा संलग्न जीवन बिताउनु भएको थियो ॥४६॥

मम भक्तिपरो धीमान् यदा यातो महीपतिः।
भविष्यति ममाऽऽवासो दोलाशिखर मूर्धनि ॥ ४७ ॥

मेरो भक्तिमा तल्लीन बुद्धिमान् राजा सूर्यकेतु जब स्वर्गतिर जानु भयो तब यस दोलाचल (चाँगु को शिखरमा मेरो निवाष हुने छ ॥४७॥

शिखर स्वामिनश्चैवं कीर्तयिष्यन्ति भूतले।
पूजयिष्यन्ति लोकाश्च तत्र व्यक्त वृषध्वजम् ॥ ४८ ॥

त्यहीं प्रकट हुनु भएका भगवान् वृषध्वज [शिवजी] लाई शिखर (टापू) को मालिक [शिखरनाथ] को नामले पृथ्वीमा पुकार्ने छन् तथा सम्पूर्ण दुनियाँ पूजा गर्ने छन् ॥४८॥

ब्राह्मणा वहवो यत्र सन्ति स्वाध्यायशीलिनः।
तत्राऽप्यवतरिष्यामि सन्ध्याकाले विशेषतः ॥ ४९ ॥

जहाँ जहाँ स्वाध्यायशील ब्राम्हणहरू धेरै रहन्छन्, त्यहाँ पनि विशेष गरी सन्ध्याकालमा अवतार धारण गर्नें छु ॥४९॥"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पश्य कर्कह्रदं तीर्थं सर्वौषधितले शुभे।
वसन्ति यत्र नागेन्द्राः कर्कोटकपुरः सराः॥ ५० ॥

बाबु पुत्र प्रद्युम्नजी ! हेर यो सर्वौषधि नामक तीर्थ र पर्वतको फेदीमा रहेको कर्कह्रद [कर्कोटक सरोवर तौदह] अर्को पुण्य तीर्थस्थल पनि छ ॥५०॥

सर्वौषधिगिरेश्चैव दक्षिणे गिरिगह्वरे।
तत्राऽऽपि च ममाऽवासो भविता मकरध्वज॥ ५१ ।

हे मकरध्वज ! [प्रद्युम्नजी !] सर्वौषधितीर्थ नजीकको दक्षिण पट्टिको पर्वतको गुफामा पनि मेरो निवास हुने छ ॥५१॥

क्षेत्रपाल प्रभावेण गोपितं लोकदुर्गमम्।
सुगमञ्चापि तत्रैकं भविष्यति झषध्वज॥ ५२ ॥

हे पुत्र प्रद्युम्न ! क्षेत्र पालको शक्तिद्वारा सुरक्षित तथा सम्पूर्ण लोकका निंति दुर्गम तथा रहस्यवेदी [रहस्य जान्नेहरू] का निंति सुगम पनि त्यहाँ एक स्थान हुने छ ॥५२॥

पश्यत्वद्धस्त निहतं विराधं कच्छपासुरम।
कूर्मपर्वत इत्येवं कीर्तयिष्यन्ति मानवाः॥ ५३ ॥

यस्तै तिम्रा पराक्रमी बाहुद्वारा मरेको कच्छपासुर विराधलाई हेर यसैको नामबाट दुनियाँहरू यस पर्वतलाई कूर्म पर्वत भन्ने छन् ॥५३॥

परितस्तस्य शैलस्य प्रभावादासुरात्तथा।
…स्यवृद्धिर्विशेषण भविष्यति महीतले॥ ५४ ॥

दैत्यहरूको प्रभाव (सामर्थ्य)ले गर्दा यस पर्वतको चारैतिरको पृथ्वीमा विशेष रूपले धान्यादि सस्य सम्पदा (सम्पत्ति) को वृद्धि हुने छ ॥५४॥

अत्र कूर्मगिरौ पुण्ये पुण्यकृद्भिर्निषेविते।
यत्र यत्र स्रुतं तोयं तत्र तत्र फलं भवेत्॥ ५५ ॥

पुण्यात्माहरूद्वारा सेवा गरिएको यस कूर्म गिरिमा जहाँ जहाँ जलका झर्ना चल्दछन्, त्यहीं त्यहीं पुण्यफलदायक तीर्थ बन्ने छन् ॥५५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्र कूर्मगिरेर्मूले वाग्वत्याः पश्चिमेन तु ।
भविष्यति शिलादन्तो गणेशो लोकपूजितः ॥ ५६ ॥

त्यस कूर्म शैल किम्बा कूर्म पर्वत (चोभार) को फेदीमा र वाग्वतीको पश्चिम तिरको तट (किनारा) मा शिला (ढुङ्गा) को दाँत भएका गणेश (श्रीजलविनायक) प्रकट हुनु हुने छ र उहाँलाई सम्पूर्ण धर्मप्राण समाजले अभ्यर्चना (पूजा आजा आदि) गर्नेछ ॥५६॥

तत्रापि च महास्थानं दुर्विज्ञेयं भविष्यति ।
स्नानाद्वापि च वाग्वत्यां निर्विघ्नं जायते नृणाम् ॥ ५७ ॥

भिन्नसेतु तटे रम्ये पर्वते चन्दनागिरौ ।
विष्णुतीर्थ मिति ख्यातं स्थानं मम भविष्यति ॥ ५८ ॥

मीन चक्र ह्रदो पुण्ये पुरतो मम सम्भवे ।
द्वादश्यां स्नायते यस्तु मम लोके महीयते ॥ ५९ ॥

पतिव्रतासु नारीषु ब्राह्मणे वेदपारगे ।
मम क्षेत्रे च यद्दत्तं तदक्षयमिति स्मृतम् ॥ ६० ॥

चन्दनागिरि मूलेऽपि पुण्यतीर्थ प्रकामदम् ।
अत्र देव्या महागौर्या चन्दनं घर्षितं पुरा ॥ ६१ ॥

त्यो श्रीजलविनायक तथा वाग्वती नदीको संगम तीर्थ पनि दुःखले मात्र ज्ञान गर्न सकिने ठूलो स्थान हुने छ, जुन पुण्यतोया [पवित्र जल भएकी] श्रीवाग्वतीमा स्नान मात्रले पनि तीर्थ सेवी पुण्यात्माहरुको आध्यात्मिक, आदि-भौतिक र आदि दैविक सम्पूर्ण विघ्न [दुःख कष्ट] हरू नष्ट हुने छन् । चन्दनागिरि (चित्लाङ) को रमणीय (सुन्दर) श्रीविष्णुको चक्रद्वारा खण्डित (टुक्रा टुक्रा भएको) वाग्वतीको सेतु बन्ध (बाँध फोरिएको) तट (किनारा) समीप विष्णु तीर्थको नामले प्रख्यात मेरो स्थान हुनेछ । यहीं नेर मेरो उत्पत्ति स्थान मीनचक्रह्रद नाम भएको पुण्य तीर्थमा द्वादशीका दिन जो स्नान गर्दछ, त्यो व्यक्ति मेरो लोक [विष्णुलोक] मा अत्यन्त संमानित भै निवास गर्न पाउँदछ । पतिव्रता पतिपरायणा साध्वी सौभाग्य-वती ब्राह्मणीहरू र वेद पारङ्गत ब्राह्मणहरूलाई मेरो क्षेत्र [त्यस पवित्र मीनचक्रह्रद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीर्थ] मा जो दान दिइन्छ त्यो दान अक्षय [कहिल्यै पनि नाश नहुने] हुन्छ। यस्तै श्री चन्दनागिरि (चितलाङ) को फेदीमा पनि सम्पूर्ण मनोकामना परिपूर्ण गरिदिने पुण्य तीर्थ छ, त्यहीं नै धेरै अघि प्राचीन कालमा देवी श्रीमहागौरीजीले स्वयं (आफै नै) चन्दन घोट्नु भएको थियो ॥५७ ६१॥

सुप्रभाभवनं भग्नं नानारत्न प्रभाकरम्।
हताव्शेषास्त्वसुराः करिष्यन्ति निवेशनम् ॥ ६२ ॥

यस्तै अनेक किसिमका रत्नहरूलाई प्रकाश गर्ने भत्किएको सुप्रभा भवनमा पनि मरेर बाँकी रहेका दैत्यहरू बस्ने छन् ॥६२॥

इत्युक्त्वा भगवान विष्णुः शंखचक्रगदाधरः।
विस्मयोत्फुल्लनयनं नारदं मुनिसब्रवीत् ॥ ६३ ॥

श्रीप्रद्युम्नजीसँग यति आज्ञा गर्नु भै शंख, चक्र र गदाधारी भगवान् विष्णु (श्री कृष्ण) आश्चर्यद्वारा प्रफुल्ल नेत्र हुनु भएका श्रीनारद मुनिसंग भन्न लाग्नु भयो ॥६३॥

मनो जवेन निर्गत्य रम्यां द्वारावतीं पुरीम्।
प्रद्युम्न विजयं शीघ्रं कथां कथय नारद ॥ ६४ ॥

हे देवर्षि नारदजी ! तपाईं मनकै जस्तो वेग गरी श्रीद्वारावती नगरीमा पाल्नुहोस् र छिटै नै पुत्र प्रद्युम्नको यो विजय वृत्तान्त सम्पूर्ण बताउनु होस् ॥६४॥

वाक्यं भगवतः श्रुत्वा गत्वा द्वारवतीं मुनिः।
रुक्मिण्याः पुरतः शीघ्रं कथयामास तत्कथाम् ॥ ६५ ॥

योगेश्वर भगवान् श्रीकृष्णको यो आज्ञा सुन्ने बित्तिकै द्वारावती शहरमा छिटै पुगी श्रीनारद मुनिले रुक्मिणीका अगाडि त्यो सम्पूर्ण विजय वृत्तान्त बताउनु भयो ॥६५॥

ततः श्रुत्वा मुनेर्वाक्यं हर्षवाष्पप्लुते क्षणा।
आहूय चेटिकाः सर्वा रुक्मिणी वाक्यमब्रवीत् ॥ ६६ ॥

त्यस पछि मुनि श्रीनारदजीको वाक्य सुन्नु भै हर्षका आँशु टलपल टलपल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ने आँखा लिनु हुने श्रीरुक्मिणीजीले सम्पूर्ण दासीहरूलाई बोलाएर यो वाक्य आज्ञा गर्नु भयो ॥६६॥

सूर्यकेतोः सुतां प्राप्य प्रहृष्टं हतकण्टकम् ।
प्रद्युम्नमद्य द्रक्ष्यामि मृत्युद्वारादपावृतम् । ६७ ॥

राजा श्रीसूर्यकेतुकी पुत्रीलाई मेरी बुहारीका रूपमा पाएर प्रसन्न चित्त भएका यस्तै लोककण्टक (सम्पूर्ण लोकको कांडो जस्तो भएको) महेन्द्र दमनलाई समाप्त गरी मानौं मृत्युकै मुखबाट बाँची फर्केर आएको पुत्र प्रद्युम्नलाई आज देख्नेछु ॥६७॥

मङ्गलं क्रियतां तस्मात् प्रत्यागमनदर्शनात् ।
पुरद्वारि विशेषेण शीघ्रं सर्वाभिरेष च ॥ ६८ ॥

यस कारण प्रत्यागमन दर्शनबाट नै सबै मिली मङ्गल गर, विशेष सजिसजाउकासाथ द्वारकापुरीको ढोकामा मङ्गल (स्वागत, स्वस्तिवाचन र अभिवन्दन आदि) को सामग्री (सरसामान) जुटाओ ॥६८॥

अथ तीर्थोदकापूर्ण गृहीत कलशाः क्वचित् ।
दीपहस्ताः क्वचिन्नार्यः क्वचिद्धूपकराः स्थिताः ॥ ६९ ॥

चित्रामाल्याम्बरधरा विलोलायतलोचना ।
रत्नभाजन हस्ताश्च स्थिताः कश्चित्पुराङ्गना ॥ ७० ॥

पुरनारीगणाः केचिद्विशेषकृत भूषणाः ।
सपुत्रं केशवं द्रष्टुं स्थिताः प्रासादपंक्तिषु ॥ ७१ ॥

यसपछि श्रीरुक्मिणीजीको आज्ञाद्वारा कतै कुनै सखीहरू, तीर्थोदक (तीर्थहरूको जल) पूर्णकलश लिएर खडा भए, कतै कुनै हातमा बत्ती [दीपपात्र] लिएर उभिए, कोही कतै धूप लिएर उभिए, कतै कोही चित्र विचित्र माला लगाइ, अनेक दिव्य वस्त्र र गहनाहरूले अलङ्कृत चञ्चल र विशाल लोचन भएका पुरस्त्रीहरू आ-आफ्ना हातमा सुन्दर सुन्दर रत्नपात्रहरू लिई खडा भए, कुनै नगर निवासीनारीहरू विशेष रूपले वस्त्राभूषणद्वारा भूषित भै पुत्र प्रद्युम्न सहित केशव (श्री कृष्ण भगवान्) लाई दर्शन गर्नका लागि राजदरबार (भगवान्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीकृष्णको निवास) जाने बाटामा पङ्क्तिबद्ध भै बसे ॥६९-७१॥

मार्गं भगवतो द्रष्टुं चित्र स्रग्दामधारिणः।
निर्ययुर्यादवाः केचित् प्रद्युम्ने जातविस्मयाः ॥ ७२ ॥

गतमात्रेण सम्प्राप्तं सपुत्रं चक्रपाणिनम् ।
पुपूजिरे यथातथ्यं यादवा जातविस्मयाः ॥ ७३ ॥

भगवान् पाल्नु हुने बाटो हेर्नका निंति चित्र विचित्रका माला लगाइ, कुनै कुनै यादव प्रद्युम्नको अद्भूत पराक्रमका विषयमा आश्चर्य चकित भै आ–आफ्ना घरबाट निस्किए । यसरी यादवहरू निस्कने बित्तिकै छोरा बुहारी आदिलाई साथ-लिई पाल्नु हुने चक्रपाणि भगवान् विष्णु (श्रीकृष्ण) लाई विधिपूर्वक आश्चर्य चकित यादवहरुले पूजा गरे ॥७२-७३॥

ततः सपुत्रः पुरकामिनीकरै-
र्विमुक्त मन्दार रजोऽभिरञ्जितः
जनार्दनो दानवदर्पसूदनो
मनोहरां द्वारवतीं विवेश ह ॥ ७४ ॥

त्यसपछि दानवहरुको दर्प (घमण्ड) लाई चूर्ण चूर्ण पारिदिनुहुने र पुर वासी नारीहरूका हातबाट समर्पण गरिएको पारिजातका फूलको सुगन्धले रङ्गिनु हुने भगवान् जनार्दन श्रीकृष्ण आफ्नो सुन्दर द्वारावती पुरीमा प्रवेश गरि–बक्स्यो ॥७४॥

यस्तु वाचयते नित्यं प्रद्युम्नविजयं शुभम् ।
प्रणश्यति रिपुस्तस्य सङ्ग्रामे जयमाप्नुयात् ॥ ७५ ॥

सर्वकार्येषु सिद्धिञ्च सुखं प्राप्नोति दुर्लभम् ।
सौभाग्य रूप सम्पत्तिर्भविष्यति महातपाः ॥ ७६ ॥

जो यो प्रद्युम्न विजयको शुभ कथा नित्य पारायण गर्दछ या गराउंदछ, त्यसका शत्रु सबै नष्ट हुन्छन् र संग्राममा उसले जय लाभ गर्दछ अर्थात् जीवनमा ऊ सफल बन्दछ । यस्तै नै त्यस साधकले सम्पूर्ण कार्यहरूमा सिद्धिलाभ गर्नुका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साथ्साथै उसको सौभाग्य, रूप र सम्पत्ति पनि दिनानुदिन बढ्ने छ एवं ऊ संसारमा ठूलो तपस्वी (सिद्ध साधक) कहलाइने छ ॥७५–७६॥

इति श्री वाग्वती प्रशंसायां रुक्मिण्यानन्दनो नाम चतुर्दशोऽध्यायः ।

यसरी श्री वागवती प्रशंसामा रुक्मिणीको आनन्द नामको चौधौं अध्याय सकियो ॥

इति प्रद्युम्न विजय खण्डः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ पञ्चदशोऽध्यायः

प्रणम्य शिरसा भक्त्या पशूनां पतिमव्ययम् ।
पुराणं संप्रवक्ष्यामि मुनिभिः पूर्ववर्णितम् ॥ १ ॥

विनाशरहित भगवान् पशुपतिनाथलाई भक्तिपूर्वक नमस्कार गरी, मुनिहरूद्वारा परापूर्वकालमै वर्णन गरिएको पुराण (पशुपति पुराण) को कथा भन्दछु [भन्नेछु] ॥१॥

शृङ्गे क्षितिधरेन्द्रस्य मेरो रत्नमये शुभे ।
वज्रवैदूर्य पाषाणे प्रबालाङ्कुर कर्कशे ॥ २ ॥

मुक्ताफलनिभैस्तोयैः स्रवद्भिः प्रविराजते ।
अप्सरोगण संकीर्णे किन्नरामर सेविते ॥ ३ ॥

मकरन्द मदोन्मत्त भृङ्गनादविनादिते ।
पुष्पप्रकर संकीर्णे तडागोद्यानशोभिते ॥ ४ ॥

तत्रासीनः स्वयं श्रीमान् कुमारः सनकाह्वयः ।
जगदाह्लादनो नित्यं वाक्येन वपुषापि च ॥ ५ ॥

वज्रमणि (हीरा) र वैदूर्यमणिमय पाषाण (ढुङ्गाहरू) भएको प्रवालमणि (मूगा) को आँकुरोतुल्य कर्कश (कठोर) र मोतीको दाना जस्तै निर्मल जलका झर्नाहरूले सुशोभित अनेकौं अप्सराहरूले खचिलचाउ भएको यस्तै किन्नर गण, देवगण आदिले सेवा गरिएको फूलहरूको सुगन्धको किम्वा (परागको) मदद्वारा मत्त भएका भ्रमराहरूको शब्दद्वारा गुञ्जित, अनेक प्रकारका फूलहरूले ढाकिएको, अनेकौं, सुन्दर सुन्दर तलाउ र त्यहाँ रहेका सुन्दर सुन्दर बगैंचाहरूले परिपूर्ण भएको अत्यन्त शोभापूर्ण, यस्ता कुलाचल पर्वतका अधिराज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुमेरुको रत्नमय सुन्दर शिखर [टापू] मा बस्नुहुने स्वयं शोभायुक्त वचन तथा शरीरद्वारा सदा सर्वदा जगत्लाई आनन्द दिनुहुने ॥२ ५॥

दिव्य वल्कलसंवीतो जटा मुकुट भूषणः।
नीलाब्जपत्र नयनः पद्मोदर ससच्छविः॥ ६ ॥

मुनिभिर्देवपुत्रैश्च पुराण श्रवणार्थिभिः ।
पृच्छयमानो विवेकेन भगवानिदमब्रवीत् ॥ ७ ॥

दिव्य दिव्य वल्कल [रुखको बोक्राको कपडा विशेष] वस्त्रहरूद्वारा विशेष शोभित, सुन्दर नीलकमलकै तुल्य आँखा हुनु हुने, रातो कमलको भित्री भाग जस्तै शोभायुक्त हुनु भएका श्रीसनत् कुमारजीले पुराण सुन्नमा अत्यन्त उत्कंठा [चाह] इच्छा लिनुहुने ऋषि तथा देवपुत्रहरूले प्रश्न गरे उप्रान्त आज्ञा गर्न लाग्नु भयो ॥६-७॥

सनत्कुमार उवाच-

पादे हिमवतः पुण्ये रम्ये सिद्धर्षि सेविते।
किंशुका शोक बकुलैः पुष्पितैः सुविराजिते॥ ८ ॥

हिन्ताल ताल तिलकैरर्जुनैश्चोपशोभिते ।
नक्तमालकदम्बाद्यै स्तिन्दुकाद्यैः समाकुले ॥ ९ ॥

बिल्वाग्निमान्थ शोनाक सर्जशिंशप संकुले ।
चूत चम्पक पुन्नाग परिभद्रैश्च दीपिते॥ १० ॥

श्रीसनत्कुमार आज्ञा गर्नुहुन्छ- पृथ्वी मण्डलका सम्पूर्ण पर्वतहरूका अधिराज हिमालयको पुण्यमय अत्यन्त सुन्दर प्रत्यन्त पर्वत, जो सिद्ध, योगी र ऋषिमुनिहरूद्वारा सदैव सेवित (सेवागरिएको) छ फुलेका पलास, अशोक मूल (फेद) मै सुगन्ध आउने अरू अनेकौं वृक्षहरूद्वारा सुशोभित, हिन्ताल, ताल, तिलक (श्रीखण्ड) र खरि आदिका रुखहरूले अत्यन्त रमणीय भएको, नक्तमाल कदं र तिन्दुक आदिका वृक्षहरूले व्याप्त भएको, बेल, शमी, शोनाक, साल र सिसौ आदिका वृक्षद्वारा ढकमक्क भएको आँप, चाँप, चिलाउने र निम आदि श्रेष्ठ वृक्षहरूको सुगन्धद्वारा वरिपरिको वातावरण नै उद्दीपनपूर्ण भैरहेको- ॥८-१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छायाद्रुमैर्महद्भिश्च प्लक्षा श्वैरुपशोभिते ।
लताभिः फुल्ल पुष्पाभिर्विविधाभिर्विराजते ॥ ११ ॥

नृत्यगीतैर्मयूरैश्च कूजद्भिश्चापि कोकिलैः ।
भ्रमद्भिश्च सरैश्चापि समन्तादुपशोभिते ॥ १२ ॥

दात्यूहैश्च चकोरैश्च कपिञ्जल कुलैस्तथा ।
वराहयूथैर्विक्रान्तैर्मृग यूथैश्च संश्रिते ॥ १३ ॥

कपिशार्दूल गवय गजगण्डक सेविते ।
एवं विधेऽतरुचिरे वने सिद्धाद्रि संज्ञिते ॥ १४ ॥

श्लेष्मान्तक इति ख्यातो नागेन्द्रो नागिनी प्रियः ।
सम्यगाराधयामास भगवन्तं महेश्वरम् ॥ १५ ॥

छाया र शीतलता दिने पाखरी र वर–पिप्पल आदिले अत्यन्त शोभित (शोभापूर्ण) प्रफुल्ल पुष्प (फुलेका फूलहरू) भएका अनेकौं लहराहरूद्वारा अत्यन्त रमणीय देखिने, यस्तै मुजूरका नाचहरूले र को हो ? को हो ? शब्द गर्दै वनै गुञ्जायमान गराउने कोइलीहरूले एवं भुँभूँ शब्द गर्दै फूलमा घुमी रहने भमराहरूद्वारा चारैतिर शोभायमान भै रहेको, चखेवा कपिञ्जल (भँगेरा) आदि पंक्षी समूहले व्याप्त भएको, यस्तै ठूलो ठूलो बल पराक्रम भएका वनेलका बथानहरूद्वारा र नाना प्रकार (किसिम) का वन्य मृगी किम्वा हरिणीको बथानद्वारा आसरा (आश्रा) लिइएको, यसरी नै बानर, सिंह, गवय, नीला, काला रंगका गाई विशेष र गौरीगाईहरूले व्याप्त भएको यसका साथसाथै हात्ती गैंडा आदि वन्यजन्तु र चौपाय अरू साधारण जन्तुहरूद्वारा सेवागरिएको किम्वा यी सबै प्राणीले परिपूर्ण भएको यस्तै हिसापले अत्यन्त सुन्दर सिद्ध योगीराजाहरूको निरन्तर निवासले गर्दा (सिद्धपर्वत–सिद्धावन - सिद्धशैल र मृगस्थली) आदि नामले प्रख्यात भएको वनमा नागिनी प्रिय [नागिनीहरूको पियारो] प्रख्यात नागराज श्लेष्मान्तकले भगवान् महेश्वर (श्री शिवजी) को अत्यन्त आराधना गर्नु भयो ॥११––१५॥

ततः कालेन महता देव्या सह समागतः ।
प्रहृष्टो भगवान् शम्भुरिदं वचनमब्रवीत् ॥ १६ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुरासुरैर वध्यश्च नित्यं मत्प्रियकारक: ।
भविष्यसि भुजङ्गेन्द्र स्वच्छन्द गतिरेव च ॥ १७ ॥

त्यसपछि धेरै आराधनाको अनन्तर (पछिबाट) अत्यन्त खुशी हुनुभै आफ्नी प्रियतमा शक्ति श्रीगौरीजीका साथ सवारी भैबक्सी भगवान् महेश्वर श्रीशिवजी-बाट यो आज्ञा भयो:– हे भुजगेन्द्र ! हे नागराज ! तिमी नित्य निरन्तर नै मेरो प्रिय गर्ने छौ, त्यसकारण देव दैत्य आदिद्वारा मार्न नसकिने र स्वच्छन्द गति आफ्नो इच्छाले जहाँ पनि जान सक्ने हुने छौ ॥१६-१७॥

इदं वनवरं पुण्यं पुण्यकृद्भिर्निषेवितम् ।
भविष्यसि जगत्ख्यातं तव नाम्ना भुजङ्गम ॥ १८ ॥

एवं संभाष्य नागेन्द्रं विस्मयोत्फुल्ल लोचनम् ।
निरीक्ष्य देवीं पार्श्वस्थां भगवानिदमब्रवीत् ॥ १९ ॥

हे भुजङ्गम! हे नागराज! यो पुण्यमय वन (सिद्धाद्रि मृगस्थली) पुण्यात्मा साधु सन्तद्वारा सेवितभै तिम्रो नामले जगत् (संसार) मा प्रख्यात हुनेछ । आश्चर्यले प्रफुल्लनेत्र भएका श्लेष्मान्तक सर्पराजलाई यो आज्ञा गरी आफ्नो नजीकमा रहनु हुने देवी पार्वती तर्फ नजर गरिबक्सी भगवान् शंकर आज्ञा गरिबक्सिन्छ ॥१८-१९॥

चन्द्रभागा तटे देवि पश्य चन्द्र समुज्वलम् ।
पश्य भगवतीं चापिवाराहीं च सरिद्वराम् ॥ २० ॥

हे देवी कल्याणी पार्वती चन्द्रभागानदीको किनारामा भगवान् चन्द्रमा तुल्य नै परम उज्ज्वल भगवती वाराहीको दर्शन गर यस्तै नदीश्रेष्ठ श्रीवाराहीजी-लाई पनि दर्शन गर ॥२०॥

ज्येष्ठिलां च नदीं पुण्यां पुण्यां शोकवतीं तथा ।
पश्य तीर्थान्यनेकानि मत्प्रभावागतानि च ॥ २१ ॥

यसरी नै पुण्यनदी ज्येष्ठिला, पवित्रतम नदी शोकवती र मेरो प्रभाव (सामर्थ्य) द्वारा प्रादुर्भाव भएका अनेकौं तीर्थहरूको दर्शन गर ॥२१॥

श्यामाक शिखरं पश्य चम्पकद्रुम सङ्कुलम् ।
मृगकूटमिमं पुण्यं मृगयूथ समाकुलम् ॥ २२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाँपका सुन्दर वृक्षहरूले परिपूर्ण भएको श्यामाक पर्वतको शिखरलाइ दर्शन गर, अनेकजातका मृग (वनका जन्तु) हरूले व्याप्त भएको यो पुण्य मृगकूट (मृगस्थली) को पनि दर्शन गर ॥२२॥

भृङ्गेश्वरमिसंपश्य मद्वपुर्लोक पूजितम् ।
सेवितं सर्व पर्वेषु (पर्वसु) देवैर्भमर रूपिभिः ॥ २३ ॥

यस्तै अर्कोतिर श्री भृङ्गेश्वरको पनि दर्शन गर, यो सम्पूर्ण लोकले पूजा गरिएको मेरो नै शरीर हो । भमराको रुपलिने देवताहरू पर्वपर्वमा पाल्नु भै यस मूर्तिको सेवा अर्चना आदि गर्दछन् ॥२३½॥

[देवैर्भमर रूपाढयैः सेवितं सर्व पर्वसु]
मृगयूथं समाविश्य रम्ये वनवरे शुभे ।
मृगरूपं समास्थाय चरिष्यामि सुलोचने ॥ २४ ॥

हे सुलोचने ! सुन्दर नयन भएकी पार्वती (म) मृगको रूप लिई, मृगको वथानमा पसेर मृगस्थलीको रमणीय वन प्रदेश (चउर) मा घुम्ने छु ॥२४॥

यदा मद्दर्शनोद्युक्ता ब्रह्मविष्णु पुरन्दराः ।
पृच्छन्ति यदि मद्रूपं कथ्यतां सुरसुन्दरि ॥ २५ ॥

जब मेरो दर्शनको उद्योग गरी, ब्रम्हा, विष्णु र श्रीइन्द्र यदि प्रश्न गर्लान् त हे सुरसुन्दरी ! यो मेरो रूप (मृगरूप) लाई बताइदिनु ॥२५॥

एवं सम्भाष्य भगवान् देवीं देवेन्द्र पूजितः ।
चचार विपने रम्ये हगो हरिणरूप धृक् ॥ २६ ॥

ठूला ठूला इन्द्रादि देवताहरुद्वारा पनि पूजित (संमानित) भगवान् यसरी आपनी प्रियतमा देवी गौरीलाई सम्झाइबक्सी मृगरूपी भगवान् शिव त्यो सुन्दर मृगस्थलीमा घुम्न लाग्नुभयो ॥२६॥

इति श्रीपशुपति पुराणे श्लेष्मान्तक वनावतरणोनाम पंच-
दशोऽध्यायः ॥

यसरी श्रीमत्पशुपति पुराणमा श्लेष्मान्तक वनावतरण नामको पन्ध्रौं अध्याय सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ षोडशोऽध्यायः—

सनत्कुमार उवाच—

एतस्मिन्नन्तरे काले भगवान् पाकशासनः।
विष्णुना सहितो गत्वा ब्रम्हाणमिदमब्रवीत् ॥ १ ॥

सनत्कुमार आज्ञा गर्नु हुन्छ—यसपछि अर्थात् भगवान् श्रीशिवजीले मृगको रूप लिई, विचरण गर्न (घुम्न) लाग्नु भएपछि महाराज इन्द्र भगवान् श्रीविष्णुलाई समेत साथ्लिनुभै श्रीप्रजापति ब्रह्माजी कहाँ जानु भयो र भन्न लाग्नु भयो ॥१॥

भगवान् पद्मगर्भाभः पद्मयोनिरयोनिजः।
त्रातुमर्हसि मांनाथ दुःखाच्छम्भ्वादर्शनात् ॥ २ ॥

हे नाथ हे भगवान् हजूर कमलको भित्री भाग जत्तै कान्ति [शोभा] युक्त र कमल नै आदि कारण हुनु भएको एवं अयोनि जन्मा हुनुहुन्छ यस्ता हजूरले भगवान् शिवको दर्शन नपाउनुबाट भएको दुःखमा निमग्न (गाडिएको) मेरो रक्षा गरिबक्सियोस् ॥२॥

शम्भुं बिना न लोकस्य कार्यं पद्मज शोभते।
शम्भुं लोकस्य गोप्तारं न पश्याम्यधुना विभो ॥ ३ ॥

हे कमलबाट उत्पन्न हुनु भएका ब्रह्माजी यसबेला तीनैलोकका रक्षक भगवान् शिवलाई देख्दिन, भगवान् शम्भु नभै दुनियाको कुनै पनि कार्य शोभापूर्ण हुन सक्तैन ॥३॥

इदं रहस्यं ब्रम्हेन्द्र ज्ञास्यते यदि दानवैः।
क्रियते हरणं लोभान्मम राज्यस्य निश्चयः ॥ ४ ॥

हे ब्रह्मेन्द्र यदि यो रहस्य दानवहरूले थाहा पाउलान् त लोभले मेरो स्वर्गीय सम्पूर्ण राजपाठ अपहरण गर्नेछन् ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुञ्जवन्तं गिरिं गत्वा जटामुकुट भूषणम् ।
महेश्वर प्रतिकाशं नन्दिनं दृष्टवाहनम् ॥ ५ ॥

मैले मुञ्जवान् पर्वतमा जटा मुकुटको भूषण (गहना) धारण गर्ने महेश्वर (श्रीशिवजी) कै मानौं प्रतिमूर्ति श्रीनन्दीजीलाई देखेर आएको छु ॥५॥

वचनात्तस्य ब्रम्हेन्द्र परिभ्राम्य महीतले ।
त्वच्छकाशमहं प्राप्तो मूढः शम्भोर्ग्दर्शनात् ॥ ६ ॥

हे ब्रह्मेन्द्र ! श्रीनन्दीजी कै भनाइ अनुसार सम्पूर्ण पृथ्वीमा भ्रमण गरिसक्दा पनि श्रीशम्भुजीको दर्शन मिल्न नसकेको हुँदा 'किं कर्तव्य विमूढ' वनी, म हजूरको शरणमा आएको हुँ ॥६॥

तस्माद्योग बलेनाऽऽशु प्रविलोक्य महीतलम् ।
प्रसादं कुरु मे ब्रम्हन् दुःखार्तस्य शुभाशया ॥ ७ ॥

तस्य तद्वचनं श्रुत्वा ब्रम्हालोक पितामहः ।
अब्रवीदीदृशं वाक्य ध्यात्वा योगबलात्तदा ॥ ८ ॥

यसो हुँदाने म प्रार्थना गर्दछु कि हे ब्रह्माजी ! हे भगवान् पितामह ! योगबलद्वारा सम्पूर्ण भूखण्ड (पृथ्वी मण्डल) लाई अवलोकन गर्री (शम्भुको अत्तो पत्तो पाउन नसक्ने) म र म जस्ता समस्त अज्ञ दुनियाँ कै कल्याण कामना लिई, अनुग्रह गरिवक्सियोस् अर्थात् अत्यन्त दयापूर्वक भगवान् शिव कहाँ होइबक्सिन्छ आज्ञा होस् । यस्तो किसिमको श्रीइन्द्रजीको निवेदन सुन्नु भै, सम्पूर्णलोकका पितामह (बाज्ये) श्रीब्रह्माजी आफ्नो यौगिक शक्तिद्वारा सबै कुरा विचार गर्नु भै यसकिसिमको आफ्नो धारणा व्यक्त गर्न लाग्नु भयो ॥७-८॥

ब्रह्मोवाच—

पादे हिमवतः पुण्ये रम्ये सिद्धाद्रिसंज्ञिते ।
श्लेष्मान्तकालये रम्ये शङ्कयामि महेश्वरम् ॥ ९ ॥

श्रीब्रह्माजी आज्ञा गर्नु हुन्छ-मलाई लाग्दछ पर्वतराज हिमालयको पुण्यप्रद फेदी जहाँ कि नागराज श्लेष्मान्तकको पनि निवास छ, त्यहीं नै कुनै रूपबाट भगवान् शिव (छिपेर गुप्तवेषमा) होइबक्सिन्छ ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्मात् श्लेष्मान्तकवनं गन्तव्यं त्रिदशेश्वर ।
अहमप्यागमिष्यामी शम्भोर्दर्शन काम्यया ॥ १० ॥

यस कारण हे देवेन्द्र त्यस श्लेष्मान्तक वनमा हामीहरू जानु पर्दछ, भगवान् श्रीशिवको दर्शनको उत्कट अभिलाषा (ठूलो इच्छा) लिई म पनि (ब्रह्मा पनि) त्यहीं आइ पुग्नेछु ॥१०॥

वचनान्ते तत स्तस्य ब्रम्हणः परमेष्ठिनः ।
त्रिदशाधिपति श्रीमान् तुतोष सहसैव सः ॥ ११ ॥

यसरी श्रीब्रह्माजीको आज्ञा सुनिसकेपछि श्रीदेवराज इन्द्र महाराज तुरून्त नै सन्तुष्ट होइबक्सियो ॥११॥

ततः शीघ्रेण वेगेन रम्यं श्लेष्मान्तकालयम् ।
सम्प्राप्ता भ्रान्तहृदया ब्रम्हविष्णु पुरन्दराः ॥ १२ ॥

यसपछि चाँडो भन्दा चाँडो पुग्ने गरी, सम्भ्रान्त हृदय अत्यन्त हड्बडाएका ब्रह्मा, विष्णु र इन्द्र तीनै देवता त्यो सुन्दर पर्वतराज किम्वा नागराज श्लेष्मान्तक-को निवास (श्लेष्मान्तकवन) मा पुग्नु भयो ॥१२॥

ततश्चन्द्र निभे नद्याः पुलिने ऽतिमनोरमे ।
विलसन्तीं विशुद्धाभिर्वालुकाभिः शुभाननाम् ॥ १३ ॥

त्यसपछि पवित्रजला श्रीवाग्वतीजीको अर्धचन्द्राकारको अत्यन्त सुन्दर किनारामा, सुन्दर झल्झलाकार सेता सेता बालुवा टल्किरहेको त्यस पुण्यप्रदेश (स्थल विशेष) मा सुन्दर मुखमण्डल पूर्ण श्रीपार्वतीमाता– ॥१३॥

निलाब्ज पत्रनयनां तन्वङ्गीं सुपयोधराम् ।
भ्राजन्तीं वन खण्डस्य लक्ष्मीं मूर्तिमतीमिव ॥ १४ ॥

तां दृष्ट्वा पार्वतीं देवीं ब्रह्मविष्णुपुरन्दराः ।
विस्मयं परमं जग्मुः किञ्चिन्मोहवशङ्गता ॥ १५ ॥

जसको नीलकमलतुल्य नै सुन्दर नयन (आँखा) छ, जसको शरीरावयव मलक्क परेको छ, सुन्दर स्तन मण्डल पूर्ण त्यस दिव्य देहले मानौं वन श्रेणीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शोभ नै वढाइरहेको छ यस्ती साक्षात् श्रीलक्ष्मीजीकै सुन्दर विभूति श्रीपार्वतीजी-लाई देख्नुभै ब्रह्मा, विष्णु र इन्द्र यी तीनै देवता किञ्चित (केही) मोहयुक्त र आश्चर्यचकित हुनुभयो ॥ १४-१५ ॥

प्रोवाच वचनं ब्रम्हा विष्णिवन्द्राभ्यां सहागतः ।
हृदि शङ्कां निधायैवं रूपौदार्य गुणेन वै ॥ १६ ॥

··· चिस्मिते त्वया भद्रे दृष्टो ऽसौ भुवनेश्वरः ।
रूपौदार्येण सुश्रोणि पार्वती त्वं हि निश्चयः ॥ १७ ॥

शम्भुं विना न लोकस्य कार्यं शोभति सुव्रते ।
शम्भुं लोकस्य भर्तारं न पश्यामो वयं वने ॥ १८ ॥

यसपछि भगवान् विष्णु तथा श्रीइन्द्र महाराजका साथ त्यस पवित्र तीर्थस्थलमा पाल्नु हुनुभएको श्रीब्रम्हाजी भित्र पुरापुर निश्चय नभए तापनि रूप, उदारता र गुणले गर्दा यहाँ श्रीमाता पार्वतीजी नै होइबक्सिन्छ कि भन्ने अंदाज लिनु भै आज्ञा गर्नुहुन्छ— हे पवित्र र मन्द हास्ययुक्त जननी! हे कल्याणी! हजूरले श्रीभगवान् भुवनेश्वर शंकरजीलाई देखिवक्सेको छ, रूप र हजूरमा रहेको उदारताको आधारमा विचार गर्दा निश्चय नै हजूर पार्वती माता होइबक्सिन्छ यो मेरो दृढ धारणा छ। हे सुव्रते! हे जननी! भगवान् शिव विनाको लोकको कार्यले शोभा दिदैन, सम्पूर्णलोकको भरण पोषण गरिबक्सने भगवान् शम्भुलाई, हामीले (अहिले) यस पवित्र वनमा स्पष्ट रूपले देख्न पाएका छैनौं अर्थात् उहाँको त्यस दिव्य स्वरूपको दर्शन हामीले पाउन सकेनौं ॥१६-१८॥

तस्य तद्वचनं श्रुत्वा ब्रम्हणः परमेष्ठिनः ।
अब्रवीदीदृशं वाक्यं पार्वती लोक सुन्दरी ॥ १९ ॥

परमेष्ठी (श्रीब्रम्हाजी) को यो निवेदन (प्रार्थना) सुनिबक्सी, लोकपावनी भुवनसुन्दरी श्रीपार्वती देवी यो आज्ञा गरिबक्सिन्छ-॥१९॥

मृगकूटगिरेर्मूर्न्धि विस्तीर्णे मृदु शाद्वले ।
द्रक्ष्यध्वे नियतं देवा मृगरूप धरं हरम् ॥ २० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे देवगणहरू [सुन्नुहोस्] अत्यन्त कोमल (कमलो) हरियो तृण (झार) हरूले गर्दा सुन्दर एवं प्रशस्त फराकिलो मृगकूट पर्वत (सिद्धाचल, मृगस्थली) को शिखर (टाकुरा) मा मृगरूपधारी भगवान् सदाशिवलाई अवश्य देख्नु हुनेछ ॥२०॥

वचनानन्तरं देव्याः प्रहर्षाकुलितेक्षणाः ।
मृगकूटगिरिं रम्यं प्रजग्मुः सुरसत्तमाः । २१ ॥

यसरी जगन्माता देवी श्रीपार्वतीजीको आज्ञा सुनिसकेपछि हर्षाश्रु (हर्षको आँशु) ले टल् पल् टलपल् हुनुहुने ती देवाधिपतिहरू त्यो सुन्दर मृगकूट गिरिमा अर्थात् सिद्धाद्रि (मृगस्थली) मा जानुभयो ।२१॥

ततो मृगगिरे मूर्ध्नि विस्तीर्णे मृदुशाद्वले ।
शिलातले सुखासीनं प्रणम्याऽभ्यर्थाधिकं शुभम् ॥ २२ ॥

एकशृङ्गं त्रिनयनं द्रष्टाङ्कगविभूषणम् ।
मृगैरसंख्यैर्विविधैः समन्तत् परिवारितम् ॥ २३ ॥

त्यसपछि त्यस मृगस्थलीको पुण्य शिखरमा मुलायम (कमला कमला) दुबाले परिपूर्ण त्यो विशाल पृथ्वीमा ढुङ्गामाथि सुखपूर्वक बसिरहेको अत्यन्त सुन्दर मृगपति (मृगेश्वर श्रीपशुपतिनाथ) एक सिङ्, तीन आँखा, दाँतद्वारा मुलायम तृण (झार) लाई च्यापिरहनु भएको चारैतरबाट नाना प्रकारका असंख्य (अनेकौं) मृग (वनजन्तु) हरूले घेरि-एको –॥२२–२३॥

कुलपर्वतमध्यस्थमिव काञ्चन पर्वतम् ।
ददृशुः सहसा देवाहरं हरिणरूपिणम् ॥ २४ ॥

त्यस कुलाचल पर्वतमालाको वीचमा सुशोभित काञ्चन [सुनैसुनको] पर्वतको मेरु दण्ड सुमेरु जस्तै, हरिण (मृग) को रूप ग्रहण गरिबस्ने भगवान् हर (श्रीशिवजी) लाई देवताहरूले झट्पट् दर्शन गर्नु भयो ॥२४॥

ततः सप्रणयाः शीघ्रमलक्षा इव निःसृता ।
जगृहुः सहसा शृङ्गं ब्रम्हाविष्णु पुरन्दराः ॥ २५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिखण्डं पतितं श्रृङ्गं त्यक्त्वा तेषां करे तदा ।
निर्ययौ सहसाकाशं भगवान् हरिणेश्वरः ॥ २६ ॥

त्यसरी भगवान् श्रीशिवको दर्शन पाउने वित्तिकै अत्यन्त विनीत (नम्र) बनेका भक्त ब्रह्मा, विष्णु र इन्द्रजीले कसैले थाहा नपाउने गरी लुकेर जानुभै झट्पट् मृगेश्वर (भगवान् शिव) को सिङ समाल्नु भयो । सो सिङ् पक्डने वित्तिकै ती देवताहरूको हातमा ३ (तीन) टुक्राभै झरेको सिङ्लाई त्यागी दिनु भै, त्यसै समय भगवान् हरिणेश्वर झट्पट् आकाशमा उड्नु भयो ॥२५-२६॥

ततो विषण्णवदनौ दृष्ट्वा देवेन्द्र शार्ङ्गिणौ ।
शिरस्यञ्जलिमाधाय ब्रह्मा स्तोत्रमभाषत: ॥ २७ ॥

यस्तो आश्चर्यपूर्ण घटना देखी, इन्द्र तथा विष्णु मलिन मुख लिई उभिएको उभियै हुनु भयो । भगवान् श्री ब्रह्माजी भने दुई हात जोडी (बडो भक्तिसाथ) स्तोत्र पाठ गर्न लाग्नु भयो- ॥२७॥

ब्रह्मोवाच—

नमस्त्रैलोक्य नाथाय त्र्यम्बकाय नमो नमः ।
हराय हरिकेशाय हेमवीयपराय च ॥ २८ ॥

श्रीब्रह्माजी प्रार्थना गर्नु हुन्छ-स्वर्ग, मर्त्य र पाताल तीनै लोकका अधिपति श्रीशिवजीलाई मेरो नमस्कार छ, यस्तै त्र्यम्बक, हर र हरिकेश नामबाट जगत् विख्यात हुनु हुने हेमवीर्य [सुवर्णमय शुक्र धारण गर्ने] परभन्दा पनि पर सूक्ष्मातिसूक्ष्म श्रमहेश्वरलाई म हृदयतः वन्दना गर्दछु ॥२८॥

रुद्रेश्वराय रुद्राय रुरुवद्ध शिराय च ।
व्यक्ताव्यक्तशरीराय जगतां सृष्टिहेतवे ॥ २९ ॥

कैलास वासिने चैव मेरुमन्दर चारिणे ।
हिमवद्वासिने चैव विन्ध्याद्रि निलयाय च ॥ ३० ॥

श्लेष्मान्तक वने रम्ये चक्रक्रीडा विधायिने ।
मृगरूपं समास्थाय मृगमध्य विचारिणे ॥ ३१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वरदानैकदक्षाय स्थित्यनुग्रहकारिणे।
त्राता त्राणार्थिनां नित्यं नमोऽस्तु ते नमोऽस्तु ते॥ ३२ ॥

संसारमा रुद्रेश्वर नामले प्रख्यात हुनु हुने श्रीरुद्र भगवान्, रुरुवत्स-लाई शिरमा धारण गरिबक्सने, व्यक्त (प्रकट) एवं अव्यक्त (अप्रकट) दुवै शरीर धारी, संसारको सृष्टिकर्ता, कैलाश वासी एवं मेरु मन्दराचलचारी अर्थात् सुमेरु र मन्दराचल पर्वतमा घुमिबक्सने, हिमवत् खण्डमा बसोवास गरिबक्सने, यसरी नै विन्ध्याचल तथा रमणीय (अत्यन्त सुन्दर) श्लेष्मान्तकवनमा निवास गरिबक्सी, चक्रक्रीडा समेत गरिबक्सने फेरि मृगको रूप धारण गरिबक्सी, मृगस्थलीमा सवारी भै मृगकै वथानसँग मिसिएर घुमिबक्सने, भक्तहरूलाई वरदान बक्सनमा अत्यन्त निपुण (शिपालु) संसारको पालन र भक्त माथि अनुग्रह गरिबक्सने काममा सँधैभर समर्थ र शरणागतको रक्षागरिबक्सने हजूरलाई नित्य निरन्तर नमस्कार छ ॥२९-३२॥

नामभि विविधैः पुण्यैः स्तुत्त्वा त्रिभुवनेश्वरम्।
भगवान् पद्मगर्भाभः पुनरेवेदमब्रवीत्॥ ३३ ॥

यस्ता अनेकौं प्रकारका पुण्यनामहरूद्वारा त्रिभुवनेश्वर भगवान् (श्रीसदाशिवजी) को स्तुति गरिबक्सी, भगवान् पद्मगर्भ (कमलबाट उत्पन्न होइबक्सने) श्रीब्रह्माजी फेरि पनि विनम्र रूपबाट यो प्रार्थना गरिबक्सिन्छ-॥३३॥

ब्रह्मोवाच-

व्यक्तिभव महादेव व्यक्तिभव महेश्वर।
त्वं हि नः शरणार्थनां त्राता त्रिभुवनेश्वरः॥ ३४ ॥

ब्रह्माजी प्रार्थना गरिबक्सिन्छः- हे देवाधिदेव (हे महादेव)! हजूर अहिले प्रकट होइबक्सियोस्, हे महेश्वर भगवान् हामीहरुका सामु खडा भै बक्सियोस् किनभने हामी शरणार्थीहरूको रक्षक, शरणागतवत्सल र तीनै लोकको स्वामी हजूर नै होइबक्सिन्छ ॥ ३४ ॥

इति श्री पशुपति पुराणे हरिणेश्वर श्रृङ्ग ग्रहणो नाम षोडशोऽध्यायः॥

यसरी श्रीमत्पशुपति पुराणमा हरिणेश्वर भगवान्‌को श्रृङ्गग्रहण नामको सोह्रौं अध्याय सकियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ सप्तदशोऽध्यायः

सनत्कुमार उवाच—

ततस्तस्य वचः श्रुत्वा ब्रह्मणः परमेष्ठिनः।
द्योतयन् प्रभयाऽऽकाशं भगवानिदमब्रवीत् ॥ १ ॥

सनत्कुमार आज्ञा गर्नुहुन्छ– त्यसपछि भगवान् ब्रह्माजीको त्यो स्तुति सुनी आफ्नो स्वर्णिम (सुवर्णमय) कान्ति (शोभा) द्वारा आकाशलाई प्रकाशित गर्दै भगवान् हरिणेश्वर यो आज्ञा गर्न लाग्नु भयो ॥१॥

शृङ्गमात्र परितुष्टा भवन्तः सुरसत्तमाः।
किं कारणं शरीरेण हारिणेन पुनर्मम ॥ २ ॥

हे देवाधिदेव श्रीविष्णु आदि देववृन्द तपाईंहरू केवल सिङ्बाट मात्र सन्तुष्ट हुनुहुन्छ, फेरि मेरो यो मृगशरीरले तपाईंहरूको के प्रयोजन सिद्ध हुन्छ र ? ॥२॥

क्रीडायामसमाप्तायां मायारूपेण भूतले।
नेच्छामि स्वर्गमायातुमीदृशात्सम्प्रबोधनात् ॥ ३ ॥

म माया मृग [नक्कली मृग रूपबाट] पृथ्वीमा क्रीडा समात नगरी, यस प्रकारको स्तुति र जागरण किम्वा प्रवोधनबाट स्वर्गमा आउन चाहन्न ॥३॥

अस्ति भूधरराजस्य पादे हिमवतः शुभे।
नागह्रदमिति ख्यातं निरुद्धं वाग्वतीजलम् ॥ ४ ॥

गिरिराज हिमालयको शोभापूर्ण फेदीमा नागह्रद (नेपाल) नामको सरोवर तलाउ विद्यमान छ, जहाँ कि श्रीवाग्वतीको पानी रोकिएको छ ॥४॥

चन्द्रबिम्बप्रतीकाशं पद्मोत्पलविभूषणम् ।
मीनचक्र समाकीर्णं हंससारस संकुलम् ॥ ५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो नागह्रद चन्द्रमण्डलतुल्य सुन्दर अनेकौं चन्द्र कमल तथा सूर्यकमल-हरूद्वारा भूषित रङ्‌विरङ्‌का माछाहरूले ढाकिएको र हांस सारस आदि जलचर (पंछी) हरूद्वारा व्याप्त छ ॥५॥

बहुभिः शैलमालाभिर्गोपितं लोकदुर्गमम् ।
तत्राऽहं प्रगमिष्यामि वासुकेस्तपसो बलात् ॥ ६ ॥

प्रद्युम्न इति विख्यातः कलौ कृष्णसुनो बली ।
स हनिष्यति दैत्येन्द्रं ब्रह्मणो वरदर्पितम् ॥ ७ ॥

अनेकौं पर्वतमालाहरूद्वारा रक्षा गरिएको, जो साधारण मानिसहरूकालागि दुर्गम स्थानको रूपमा देखा परेकोछ, त्यही नै पवित्र तीर्थ स्थलमा म श्रीवासुकि-जीको तपोबलले खिचिएको हुँदा जानेछु । पछि कलियुग लाग्ने बित्तिकै द्वापरको अन्त्यमा प्रद्युम्न नामका अत्यन्त बलशाली श्रीकृष्णका छोरा हुनेछन् , उहाँले नै श्रीब्रह्माजीको वरदान पाई, अत्यन्त सेखी गर्ने दैत्यराज महेन्द्र दमनलाई दमन गर्नु हुने छ अर्थात् संहार गर्नु हुनेछ॥६–७॥

निहते चेन्द्रदमने तदा कमल सम्भव ।
सेतुं विदार्य कृष्णेन वाग्वती परिमोक्ष्यते ॥ ८ ॥

हे कमलसंभव ब्रह्माजी, त्यस समय अर्थात् श्रीइन्द्र दमनको वध भैसके-पछि सेतु (बाँध) फोडी, भगवान् श्रीकृष्ण वाग्वतीलाई मुक्त गर्नु हुनेछ ॥ ८ ॥

वाग्वत्यां च नदी भासि वने जाते च मण्डले ।
समुत्पश्यामि अन्हेद्र तच्छरीरः शिलातनुः ॥ ९ ॥

यसपछि जब वाग्वती नदी रूप हुनु हुनेछ र त्यो वनप्रदेश पनि पुनः जानपद (शहर) हुने छ, त्यसै समय म पनि हे ब्रह्माजी ! त्यहीं मृगको शरीरले शिलातनु (ढुङ्गाको मूर्तिबनी) उत्पन्न हुनेछु ॥ ९ ॥

बहुभिः क्षीरधाराभिः सिक्तं समुपलक्ष्य च ।
सन्दृश्यते तदा लोकैः खनितेऽस्मिन् नदी तटे ॥ १० ॥

अनेकौं दूधका धारा प्रवाहद्वारा पृथ्वी जमै भिजेको देखी; यी नदीको तट किनारालाई खोस्रिएपछि त्यसबेला दुनियाँ मेरो मूर्ति देख्ने छन् ॥ १० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चम्पक द्रुमच्छायाभिः शोभितो मम विग्रहः ।
चतुर्मूर्तिधरो भक्त्या म्लेच्छैः सम्पूज्यते तदा ॥ ११ ॥

जित्वा कैरातराजानं वाक्येन प्रत्ययेन च ।
करिष्यति तदा राज्यं वैशाल्याधिपतिर्बली ॥ १२ ॥

चाँपको रुखको छाँयामुनि सुशोभित मेरो चार शिरवाला मूर्ति (चतुर्मुख-शिव) लाई त्यतिखेरदेखि सदा सर्वदा नै म्लेच्छ किम्वा अव्यक्त शब्दोच्चारण गर्ने किराती प्रजाहरू बहुतै श्रद्धासाथ पूजा वन्दना आदि गर्दै जानेछन् । ती शिवभक्त सरल प्रकृतिका किराती राजाहरूलाई केवल वचनका भरमा विश्वास पारी, बलशाली वैशाली देशका राजाले राज्य शासन हातमा लिने छन् ॥ ११-१२ ॥

मूर्तिरेका ममैवाऽपि ब्रह्मणेष्टा प्रतिष्ठति ।
तस्मान्मान्या च पूज्या च श्रद्धया धर्मकांक्षिभिः ॥ १३ ॥

श्री ब्रह्माजीद्वारा पूजित मेरो नै एक अर्को मूर्ति पनि त्यहीं रहने छ, त्यसकारण त्यस मूर्तिलाई धर्मात्माहरूले मान्य र परमपूज्य संझने छन् ॥१३॥

अत्र राज्यप्रदानादिष्वाधिकारेषु भूरिषु ।
ब्राम्हणानां नियोगेन प्रवृत्तिः प्रभविष्यति ॥ १४ ॥

यस पुण्य भूमिमा राज्यारोहण गराउने आदि सम्पूर्ण आधिकारिक कार्यहरू ब्राह्मण अर्थात् ज्ञानवृद्ध विद्वान् हरूको निर्देशनद्वारा चल्ने छ ॥१४॥

लिच्छवीनां नरेन्द्राणां राज्यभूमिमिमां शुभम् ।
प्रजाश्च प्याश्रयिष्यन्ति बहिर्देश गतास्तदा ॥ १५ ॥

लिच्छवि राजाहरूको यस पुण्यप्रद राज्य भूमिको आश्रय (आधार) त्यस समयदेखि नै बाहिरका अरू प्रदेशहरूबाट पनि प्रजाहरू आएर लिनेछन् ॥१५॥

शिशुपालावतारेण श्रीमतां भद्र (क्त) वर्मणा ।
करिष्यते जगत्कीर्तिरनेका मम शासनात ॥ १६ ॥

मेरो अनुग्रहबाट शिशुपालको अवतार श्रीमान् भक्तवर्मा (भद्रवर्मा) जगत् (यस संसार) मा अनेकौं कीर्ति कमाउने छन् ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुण्यवत्यः प्रजाः सर्वाधार्मिकाश्च नराधिपाः ।
प्रासाद पङ्क्तयश्चित्रा भवन्ति मम तेजसा ॥ १७ ॥

यही नै पुण्यप्रदेशमा मेरो [सदाशिवको] सामर्थ्यबाट सम्पूर्ण प्रजा पुण्यशील तथा राजाहरू परम धार्मिक हुनेछन् जहाँ कि समृद्ध (धनवान्) का घरहरू र नाना प्रकारका दरबार र देवालयहरू समेत पंक्तिबद्धरूपमा रहने छन् ॥१७॥

तदा सम्पूज्यते भक्त्या प्रजाभिर्देशवासिभिः ।
मद्वपुर्लोकनमितं कूटङ्गा (गा) रोदरस्थितम् ॥ १८ ॥

त्यस समय देशवासी प्रजाहरूद्वारा भक्तिपूर्वक दुनियाँहरूका लागि सदा वन्दीनिय (पूजागर्न योग्य) कुटाङ्गारको उदरवर्ती (पेटभित्र रहेको) मूर्ति बहुतै पूजित हुने छ ॥१८॥

प्राणं परिहरेद्यस्तु मम दक्षिणभागतः ।
प्रभावात् क्षेत्र भक्तस्य नरकं नाधि गच्छति ॥ १९ ॥

मेरो मूर्तिको दक्षिण भागमा पुगी जसले प्राण त्यागला त्यो साधक (भक्त-व्यक्ति) त्यस क्षेत्रको प्रभावले गर्दा नरकमा जाने छैन ॥१९॥

मम पूर्वेण भागेन वाग्वत्याः सलिले शुभे ।
स्नायते सततं यस्तु तस्य पुण्यं महद्भवेत् ॥ २० ॥

यस्तै मेरो मन्दिरको पूर्व भागमा रहेको वाग्वतीको शुभ जलमा जो सदा स्नान गर्दछ, त्यसलाई ठूलो पुण्य हुन्छ ॥२०॥

मम पूर्वोत्तरे भागे वाग्वती तटमूर्धनि ।
वासुकेः प्रथमं कार्यं मत्पूजा राधनेन वै (सदा) ॥ २१ ॥

मेरो मन्दिरको पूर्वोत्तर भाग किम्वा ईशान तर्फ वाग्वतीको किनारको टापूमा रहनु भएको श्री वासुकिजीको नित्य पूजा गर्दा जहिले पनि मेरो पूजा आराधना आदिभन्दा अगाडि नै गर्नु पर्दछ ॥२१॥

घृतेन मधुना वापि दध्ना चेक्षुरसेन वा ।
गन्धोदकेन क्षीरेण शीततोयेन वा पुनः ॥ २२ ॥

घ्यू, मह, दही, चिनी (सख्खर) आदि र श्रीखण्ड मिसिएको शुद्धजल,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुग्धधारा अथवा सुशीतल (खूबचीसो) जलद्वारा मेरो मूर्तिमा जुन भक्त शास्त्रोक्त विधिले स्नान गराउला-॥२२॥

मम स्नान प्रदत्तस्य तस्य पुण्यं महत्फलम्।
अनेनैव भवेत्स्वर्गे लब्ध भोगो नरोत्तमः॥ २३ ॥

त त्यसरी स्नान गराउनाले त्यस साधकलाई ठूलो पुण्य फल मिल्दछ। यस साधनारत्त श्रेष्ठ पुरुषले यही महान् पुण्यफलद्वारा स्वर्गभोग प्राप्त गर्दछ ॥२३॥

घृतस्नानेन मल्लोकं मधुना तव मन्दिरम्।
दध्ना तु वैष्णवं लोकं व्रजते मम शासनात्॥ २४ ॥

विद्याधर पदं भुयात् स्नायतीक्षुरसेन च।
गन्धोदकेन गान्धर्वं क्षीरेण शशिनोलयम्॥ २५ ॥

शीतोदकस्य स्नानेन सर्वपापैर्विमुच्यते।
अङ्गपूजां तु यः कुर्यात पुष्पै नाना विधैर्मम॥ २६ ॥

सर्वकामफलं भूक्त्वा मोदते मनुजालये।
अङ्गप्रदीपं यः कुर्यान् मम् भक्त्या सुसंयतः॥ २७ ॥

फेरि यसरी नै मेरो (सदाशिव) को अनुग्रहबाट मेरो लिङ्ग किम्वा मूर्तिमा घृत स्नान गराएको पुण्यबाट मेरै लोक (शिवलोक) मा, मधुस्नान-महद्वारा स्नान गराउनाले तपाईंको लोक किम्वा ब्रह्मा लोकमा, दधिस्नान-दहीद्वारा स्नान गराउनाले भगवान् श्रीविष्णुको धाममा साधक पुग्न सक्तछ। यस्तै जुन व्यक्ति इक्षुरस किम्वा चिनी, सखर मि आदि द्वारा भगवान्लाई जुन भक्तस्नान गराउदछ त्यस साधकले विद्याधरको पदवी प्राप्त गर्दछ र श्रीखण्ड मिसिएको जलद्वारा स्नान गराउनाले गन्धर्वलोक तथा दूधद्वारा स्नान गराउनाले चन्द्रलोक प्राप्त गर्न समर्थ हुन्छ। एवं रीत्या चीसो (चोखो) जलद्वारा श्री भगवान्लाई स्नान गराउनाले भक्त सम्पूर्ण पापबाट मुक्त हुन्छ, यस्तै जुन साधक भक्त व्यक्ति अनेकौं प्रकारका फूलहरूद्वारा मेरो अङ्गमा पूजा गर्दछ, त्यो व्यक्ति सम्पूर्ण मनोरथ (कामना) को फल भोग्दै मनुजालयमा आनन्दपूर्वक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निवास गर्दछ, यसरी नै जुन साधक भक्त व्यक्ति भक्तिपूर्वक अत्यन्त एकाग्रचित्त-द्वारा मेरा सम्पूर्ण अङ्गहरूमा दीप समर्पण गर्दछ ॥२४–२७॥

स्वयं प्रभेषु देशेषु समुत्पत्तिः प्रवर्तते ।
अङ्ग प्रदक्षिणं यस्तु करोति मम भक्तिमान् ॥ २८ ॥

रूपवान् भवतेऽत्यन्तं वज्रसंहननोऽपि वा ।
अन्नपूजां तु यो दद्यान्मम भक्त्याऽति यत्नतः ॥ २९ ॥

त्यस साधक जन्म (उत्पत्ति) स्वयं प्रभ देशमा हुन्छ अर्थात् ऊ आत्मज्ञानी भै कृत कृत्य, विदित वेध प्राप्त प्राप्तव्य किम्वा गर्नु पर्ने काम गरिसकेको, बुझ्नुपर्ने विषय बुझिसकेको र पाउनु पर्ने सबै कुरा पाइसकेको हुने छ यसका साथ साथै जुन भक्तिमान् व्यक्ति भक्तिपूर्वक मेरा सम्पूर्ण अङ्गहरूको प्रदक्षिणा गर्द छ त्यो अत्यन्त सुन्दर तथा वज्र जस्तो शरीर भएको हुन जान्छ । फेरि अत्यन्त भक्तिपूर्ण भै जुन साधक मलाई अन्नद्वारा अर्थात् नानाप्रकारका अन्न चढाइ पूजा अर्चना आदि गर्दा त्यो साधक दीर्घायु सम्पन्न र बलवान् (बलशाली) भै राजा नै हुने छ ॥२८–२९½॥

आयुष्मान् बलवान् भूयाज्जायते च महीपतिः ।
दीपमाला तु य दद्यात् भवने मम भक्तितः ॥ ३० ॥

जुन भक्त मेरो मन्दिरमा भक्तिपूर्वक दीपमालिका गर्दछ, त्यो भक्त अत्यन्त सुन्दर एवं सुसूक्ष्म दृष्टि सम्पन्न भै बहुतै तेजस्वी हुनेछ ॥३०॥

चक्षुष्मान् भवतेऽत्यन्तं तेजस्वी वापि चैव ह ।
गुग्गुलं दहते यस्तु सततं मम भक्तिमान् ॥ ३१ ॥

तस्य पार्श्वे विशेषेण वरं तस्मिन्न संशयः ।
तिलपात्र प्रदानेन त्रायते किल्विषादलम् ॥ ३२ ॥

जुन भक्त मेरो पूजा आराधना गर्दा गुग्गुल धूप को सुवास चढाउँदछ त्यसलाई सँधै भरि शुभ (कल्याण) नै हुन्छ, यसमा लेसमात्र पनि शंका छैन । यसरी नै तिलपात्र दान गर्ने दानशील पुण्यात्माहरू र सुवर्ण दान[सुवर्णतुलादान] गर्ने तथा तिलधेनु दान गर्ने पुण्यात्माहरू पनि पाप रहित नै बन्दछन् ॥३१–३२½॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथैवच सुवर्णेन तथैव तिलधेनुना।
हेमश्रृङ्गां रौप्यखुरां चैल घण्टावलम्बिनीम् ॥ ३३ ॥

सवत्सां कपिलां दद्याद्भूयो यज्ञफलं लभेत्।
रत्न कञ्चुक दानेन स भवेद्बहुरत्नवान् ॥ ३४ ॥

यसरी नै सुनको सिङ चाँदीको खुर वस्त्र र घण्टा आदिले सुशोभित कपिला गौ दान गर्नाले धेरै धेरै महायज्ञहरू गरेको फल मिल्दछ। रत्नै रत्नले परिपूर्ण कञ्चुक [कन्तुर] दान गर्नाले भक्त अर्को जन्ममा बहुरत्न सम्पन्न (अनेकौं रत्नादि सम्पत्तियुक्त) बन्दछ यस्तै वस्त्रदानको पुण्यबाट बहु वस्त्रवान् र भूमिदानको पुण्यबाट भूपति बन्द छ ॥३२$\frac{1}{3}$–३४$\frac{1}{2}$॥

वस्त्रवान् वस्त्र दानेन भूमिदानेन भूमिमान्।
गति नृत्य प्रदानेन तूर्यनादादिनाऽपि वा ॥ ३५ ॥

मम पार्श्वचरो भूत्वा जायते दुःखवर्जितः।
नीलोत्पलार्किपद्मेन प्रदत्तेन श्रियं लभेत् ॥ ३६ ॥

गीत, नृत्य आदि गरी भगवान् शंभुको पर्वहरूमा जागा रहनाले किम्वा गीत नृत्य आदिको साधनहरूको दानबाट र वाद्य वादन आदिको सामग्री दान गर्नुबाट मेरै पार्श्ववर्ती (सहचारी) भै दुःख रहित बन्दछ। यसरी नै नीलकमल तथा सूर्यकमल आदिको दानद्वारा लक्ष्मी (नानाप्रकार सम्पत्ति) प्राप्त हुन्छ ॥३४$\frac{1}{3}$–३६॥

वुकेन विल्वपत्रेण वरदोऽस्मि विशेषतः।
मोक्षं धुत्तूरकेणाऽपि करवीराद् धनप्रदः ॥ ३७ ॥

यसका साथ साथै वुक पुष्प बेल पत्ता चढाउने भक्तमाथि पनि म बहुतै प्रसन्न बनी वरदान प्रदान गर्दछु, यसरी नै धतूराको फूल पत्र (पात) किम्वा फल समर्पण गर्ने भक्तलाई मोक्ष दिन्छु र करवीर कर्णेलको फल समर्पण गर्नेलाई प्रशस्त धन प्रदान गर्दछु। अर्थात् धनवान् बनाउँदछु ॥३७॥

जात्यादिना सुगन्धेन पुष्पेन सुभगो भवेत्।
पुष्पै पत्रै फलै तोयैर्यो मामर्चति सन्ततम् ॥ ३८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जाइको फूल आदि सुगन्धी फूलहरू चढाउनाले सुन्दर तथा सौभाग्य-शाली बन्दछ, त्यो साधक पनि स्वर्ग फल भोगी आनन्द प्राप्त गर्दछ, यसमा अलिक पनि शंका छैन ॥३८॥

सोऽपि स्वर्ग फलं भूक्त्वा मोदते नाऽत्र संशयः।
मम मूले समुद्भूतं प्रावृट्समयनिःसृतम् ॥ ३९ ॥

मेरो मन्दिरभन्दा तल्लापट्टि वर्षाकालमा प्रकट हुने मृगोदक तीर्थ (जलको सुन्दर झरना) त्यहीं निर देखिन्छ, मृगोदक तीर्थमा वाग्वतीको पश्चिम किनारा[तिर] तर्फ स्नानमात्र गर्नाले जन्म जन्मान्तरमा गरिएका पापहरूबाट भक्त मुक्तहुन्छ ॥३९½॥

तीर्थं मृगोदकं नाम तत्रैव च प्रदृश्यते।
मृगोदकोद्भवे तीर्थे वाग्वत्याः पश्चिमे तटे ॥ ४० ॥

जन्मान्तर कृतैः पापैः स्नानमात्रेण मुच्यते।
अत्रबर्बरिका नाम (तीर्थं) वाग्वत्याः पूर्वके तटे ॥ ४१ ॥

तत्रापि च कृतस्नानात् पार्वती परितुष्यति।
अत्र कोषोदकं नाम तीर्थं कामफलप्रदम् ॥ ४२ ॥

यस्तै यही बर्बरिका नामको तीर्थ पनि वाग्वतीको पूर्व किनारा तर्फ छ। त्यहा पनि स्नान गर्नाले श्रीपार्वतीजी सन्तुष्ट हुनुहुन्छ, यहींनै फेरि कोषोदक नामको तीर्थ छ जो कि साधक (भक्त) हरूलाई इच्छानुरूप फल दिन्छ ॥३९½–४२॥

कोषं कोषं समाहृत्य सुरैः सर्वैं प्रकल्पितम्।
तीर्थे कोषोदके चाऽपि तदग्रे च नदीजले ॥ ४३ ॥

तत्राऽभिषेकं यः कुर्यात् सर्वमेध फलं लभेत्।
त्रिसन्ध्यं तु समासाद्य सन्ध्यां यः समुपासते ॥ ४४ ॥

किल्विषात्स कृती त्यक्तः स द्विजः परिमुच्यते।
भृगुप्रपतनं नाम कन्दरं चाऽपि विद्यते ॥ ४५ ॥

सम्पूर्ण तीर्थहरूका कोष (अर्थात् पुण्य सम्पत्ति) जम्मागरी सम्पूर्ण देवता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरूले कोषोदक तीर्थको कल्पना गरेकाछन्, कोषोदक तीर्थमा र त्यसैको अगाडि पट्टि वहनु हुने पवित्र नदीको जलमा अभिषेक (स्नान) गर्ने व्यक्ति सम्पूर्ण किसिमका यज्ञहरू सम्पादन गरेको फल प्राप्त गर्दछ, यस पुण्य तीर्थमा विहान, दिउसो र साँझमा तीनैकाल आई जो स्नान सन्ध्या गर्दछ त्यो पुण्यात्मा द्विजन्मा (ब्राह्मण, क्षत्रीय र वैश्य आदि) शरीर, मन र वचन आदिद्वारा गरिएका सम्पूर्ण पापबाट मुक्त भै मोक्ष प्राप्त गर्दछ। यसैको समीपमा भृगुपतन नामको ककारो पनि छ, त्यहाँबाट खसी मृत्यु हुँदा पनि प्राणी स्वर्ग प्राप्त गर्दछन् ॥४३–४५½॥

तस्मात्प्रपतनाद् वाऽपि स्वर्गलोके' महीयते।
भृगुकन्दर मूले तु ब्रह्म भेदे मनोरमे ॥ ४६ ॥

स्नायते विधिना यस्तु ब्रह्मलोकं स गच्छति।
अत्र गोरक्षकं (इक्षु) नाम तीर्थं कामफलप्रदम् ॥ ४७ ॥

भृगुकन्दर तीर्थको मूल मनोहर ब्रह्म भेद तीर्थमा जो विधिपूर्वक स्नान गर्दछ, त्यो साधक ब्रह्मलोकमा प्राप्त हुन्छ यही नै इच्छानुकूल फल दिने गोरक्ष नामको तीर्थ छ, त्यस पुण्यतीर्थमा जुन भक्त व्यक्ति अभिषेक तथा स्नानादि सम्पादन गर्दछ, त्यस व्यक्तिले हज्जारौं गाई दानको फल प्राप्त गर्दछ ॥४५½–४७॥

तत्राऽभिषेकं यःकुर्याद् गोसहस्रफलं लभेत्।
गौरी शिखरमूले तु वाग्वत्यां स्नायते तु यः॥ ४८ ॥

श्रीगौरी शिखरको मूलमा सुशोभित हुनु हुने श्रीवाग्वतीतीर्थमा जुन व्यक्ति अभिषेक र स्नानादि गर्दछ, त्यस व्यक्तिले स्त्रीहरूमा सौभाग्यशालिनी स्त्री प्राप्त गरी देवीलोक प्राप्त गर्दछ ॥४८½॥

स्त्रीषुसौभाग्यमाप्नोति देव्या लोकं स गच्छति।
स्नानकुण्डं समासाद्य स्नायते यस्तु मानवः॥ ४९ ॥

यहतै स्नान कुण्ड नामको कुण्डमा गई, जुन मनुष्य स्नान गर्दछ, त्यो व्यक्ति अग्नि तुल्य कान्तिमान् बनी स्कन्द लोकमा पुग्दछ ॥४८½–४९½॥

स्कन्दलोकमवाप्नोति भूत्वा वैश्वानरद्युतिः।
अत्र पञ्चनदं (दी) नाम तीर्थं ब्रह्मर्षि सेवितम् ॥ ५० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चयज्ञ फलं तत्र स्नानमात्रेण लभ्यते ।
शूलोद्गङ्गे शुभे तीर्थे स्नायते यस्तु मानवः ॥ ५१ ॥

जातिस्मरत्वमाप्नोति तीर्थिको नियमान्वितः ।
प्राप्याम्रातकपानीयं गुह्यं गुह्यक रक्षितम् ॥ ५२ ॥

यहीं नै फेरि पञ्चनद नामको ठूला ठूला बृह्मर्षिहरूले समेत सेवा गरिएको तीर्थ छ, जहाँ स्नानमात्र गर्नाले पनि पञ्च यज्ञहरूको फल प्राप्तगर्न (पाउन) सकिन्छ। यसरी नै जुन साधक शूलोद गङ्गा नामको शुभ तीर्थमा स्नान गर्दछ, त्यो नियमी तीर्थयात्री जातिस्मर अर्थात् वितेका जन्मजन्मान्तरका कुराहरू संझन सक्ने शक्तियुक्त हुन्छ। यसरी नै गुह्यक अर्थात् यक्षहरूद्वारा सुरक्षित गुह्य आम्रातक पानीय नामको तीर्थमा गई-॥४९$\frac{1}{3}$-५२॥

स्नायते यस्तु विधिना यक्षलोकं स गच्छति ।
अत्र ब्रह्मोदकं प्राप्य तीर्थं कन्दरनिःसृतम् ॥ ५३ ॥

जुन धर्मात्मा साधक विधिपूर्वक स्नान गर्दछ, त्यस व्यक्तिले यक्षलोक प्राप्त गर्न सक्दछ, यसरी नै यस कन्दराबाट निस्किएको बृह्मोदक तीर्थमा आई, जो पुण्यात्मा स्नान गर्ला त्यसलाई मृत्युलेदेख्न सक्ने छैन अर्थात् ऊ अजर अमर आत्मालाई यथार्थ अनुभव गर्ने स्थितिमा पुग्नेछ ॥५३$\frac{1}{2}$॥

स्नायते विधिना यस्तु न मृत्युस्तं प्रपश्यति ।
योगकुण्डे देव वाप्यां कुमार कन्दरेऽपि च ॥ ५४ ॥

ब्रह्मदीपे विशेषेण स्नातव्यं स्वर्गकांक्षिभिः ।
यस्तु सम्पूजयेद् भक्त्या पशुयोनिं मम प्रियाम् ॥ ५५ ॥

मुच्यते पशुपाशेभ्यः कामसिद्धिश्च लभ्यते ।
यो दद्यान्ममक्षेत्रेऽस्मिन् ब्राह्मणेभ्यश्च भोजनम् ॥
तस्य यज्ञफलं भूयात् स्वर्गलोकमवाप्नुयात् ॥ ५६$\frac{1}{2}$ ॥

विशेषतः स्वर्गको इच्छा गर्ने साधकले योग कुण्ड, देववापी, कुमार कन्दरा तथा बृह्मदीप तीर्थमा स्नान गर्नु अत्यन्त आवश्यक छ। यसरी नै जुन साधक भक्तिपूर्वक मेरो परमप्रिय पशुयोनि (हरिणेश्वर) को पूजा गर्दछ, त्यो पशुपाशहरूबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुक्त बन्दछ र उसका सम्पूर्ण कामनाहरू पनि सिद्ध भै हाल्दछन् । मेरो यस पवित्र क्षेत्रमा जुन व्यक्ति ब्राह्मणहरूलाई भोजन गराउँदछ, त्यसलाई ठूलो यज्ञको फल मिल्दछ । त्यो व्यक्ति सहजै स्वर्गलोक प्राप्त गर्दछ ।।५३½–५६½।।

इति श्री पशुपति पुराणे हरिणेस्वरवाक्यं नाम सप्तदशोऽध्यायः

यसरी श्री पशुपति पुराणमा श्री हरिणेश्वरको वाक्य कथन नामको सत्रौं अध्याय समाप्त भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ अष्टादशोऽध्यायः

सनत्कुमार उवाच–

तस्य तद्वचनं श्रुत्वा ब्रह्मलोकपितामहः ।
अब्रवीदीदृशं वाक्यं नमस्कृत्य पुनः पुनः ॥ १ ॥

दुःखार्णवे निमग्नानां प्राणिनां मोक्षकारणात् ।
शास्मि हे त्वं महादेव पुराणममृतोपमम् ॥ २ ॥

त्वन्मुखोक्तमिदं सारं पुराणं परमेश्वर ।
श्रृणोति विधिना यस्तु स्वर्गस्तस्य न दूर तः ॥ ३ ॥

इदं पुनर्महा पुण्यं पुराणं लोक दुर्लभम् ।
श्रृणोति सततं यस्तु स्वर्गस्तस्य न दुर्लभः ॥ ४ ॥

मत्करस्थेन श्रृङ्गेण विष्णोर्हस्ते स्थितेन च ।
पुरन्दर करस्थेन किं कर्तब्यं महेश्वर ॥ ५ ॥

श्री सनत् कुमार आज्ञा गर्नु हुन्छ– हरिणेश्वर भगवान् शिवको उपर्युक्त (माथि बताइएका) वचनहरू सुनी, सम्पूर्ण लोकका पितामह भगवान् श्री ब्रह्माजी बारम्बार नमस्कार गरी, यसप्रकार आज्ञा गर्नु हुन्छ–

हे देवाधिदेव महादेव ! दुःख समुद्रमा डुबेका प्राणीहरूको मोक्षका निमित्त, अमृततुल्य पुराण (श्री मत्पशुपति पुराण) स्वयं हजूरद्वारा नै हामी (ब्रह्मा, विष्णु र इन्द्र) हरूले सुन्यौ, हे परमेश्वर हजूरकै मुखारविन्दबाट आज्ञा भएको यो पुराण अत्यन्त सारभूत छ, जुन भक्त साधक विधिपूर्वक यसको श्रवण गर्दछ, त्यसका निंति स्वर्ग एकदम समीप रहन्छ । मनुष्यलोकमा अत्यन्त दुर्लभ अत्यन्त पुण्यप्रद यो पुराण (श्री मत्पशुपति पुराण) लाई जो निरन्तर श्रवण गर्दछ, त्यसका लागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वर्ग दुर्लभ छैन। हे भगवान् महेश्वर ! हे शम्भो ! यो मेरो, [ब्रह्माको] श्री भगवान् विष्णुको र श्री इन्द्रजीको हातमा रहेको सिङ्को टुक्राले के के हामी गरौं (प्रभो ! कृपापूर्वक आज्ञा गरिबक्सियोस्) ॥१–५॥

तस्य तद्वचनं श्रुत्वा ब्रह्मणः परमेष्ठिनः।
अब्रवीदीदृशं वाक्यं भगवान् हरिणेश्वरः ॥ ६ ॥

परमेष्ठी श्रीब्रह्माजीको त्यो वचन सुनी भगवान् श्रीहरिणेश्वर यस प्रकार आज्ञा गर्नु हुन्छ ॥६॥

श्रीमहादेव उवाच–
त्वत्करस्थमिदं श्रृङ्गं हारिणं मम मध्यमम्।
अत्रैव स्थाप्यतां ब्रह्मन् निर्मले निम्नगातटे ॥ ७ ॥

गोकर्णेश्वर इत्येवं पृथिव्यां ख्यातिमेष्यति।
दशग्रीवादयो वीराः साधयिष्यन्ति तत्र माम् ॥ ८ ॥

त्वत्करस्थमिदं विष्णो श्रृङ्गमूलं सुशोभनम्।
नीत्वा रसातले रम्ये स्थापनीयं प्रयत्नतः ॥ ९ ॥

तच्च सम्पूज्यते भक्त्या नागदानवराक्षसैः।
श्रृङ्गेश्वर इति प्रोक्तं पाताल तल वासिभिः ॥ १० ॥

भगवान् श्री महेश्वर आज्ञा गरिबक्सिन्छ– हे ब्रह्माजी हजूरको हातमा रहेको हरिण रूपधारी मेरो सिङ्को जुन मध्यखण्ड (बीचको भाग) छ, त्यसलाई त्यहीं शुद्ध नदीको किनारामा स्थापित गर्नुहोस्। जुन कि भविष्यमा गोकर्णेश्वर यो नामद्वारा पृथ्वीमा प्रख्यात हुनेछ, रावण, वाणासुर आदि वीरहरू आएर यहाँ मेरो आराधना गर्नेछन्। हे भगवान् विष्णु ! यो हजूरको हातमा रहेको सुन्दर सिङ्को मूलभाग रमणीय रसातलमा लगी बडो जतनसंग स्थापन गरिबक्सियोस्। जसको पूजा नाग, दानव, राक्षस आदि पातालमा बस्ने प्राणीहरू श्रृङ्गेश्वर यो नामद्वारा संसारमा प्रसिद्ध (प्रख्यात) मेरो पूजा, वन्दना र आराधना गर्नेछन् ॥७–१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रृङ्गाग्रं हारिणं पुण्यं मामकं त्रिदशेश्वर ।
नीत्वा सुरालये रम्ये स्थापनीयं ममाऽऽज्ञया ॥ ११ ॥

यदा हरति रक्षेन्द्रस्त्वत्पुराद्बलदर्पितः ।
स च दक्षिण गोकर्णो भविष्यति पुरन्दर ॥ १२ ॥

इत्युक्त्वा भगवान् शम्भुः सुरासुरनमस्कृतः ।
द्योतयन् प्रभयाऽऽकाशं हिमवन्तं विनिर्ययौ ॥ १३ ॥

हे महाराज इन्द्र तपाईंको हातमा रहेको मेरो (श्रीहरिणेश्वरको) यो श्रृङ्गाग्र भाग (अर्थात् टुप्पो) मेरो आज्ञा लिई अत्यन्त सुन्दर सुरपुर (स्वर्ग) अमरावतीमा स्थापना गर्नुहोस् । हे पुरन्दर इन्द्र महाराज ! जुनवेला राक्षसराज लङ्काधिपति रावण आफ्नो शक्ति र बलको घमण्डद्वारा बलात् (जवर्जस्ती साथ) तपाईंको राजधानी (स्वर्ग) बाट त्यस मूर्तिलाई अपहरण गर्नेछन् तब त्यही मूर्ति दक्षिण गोकर्ण यो नामले संसारमा प्रख्यात हुनेछ । यसरी सुरासुरद्वारा सदा वन्दनीय भगवान् हरिणेश्वर श्री शम्भु आफ्नो देदीप्यमान तेजद्वारा आकाशलाई प्रकाशित गर्दै हिमालय पर्वतमा सवारी भयो ॥११- १३॥

इति श्री पशुपतिपुराणे श्रृङ्गेश्वर प्रतिष्ठापनो नाम अष्टादशोऽध्यायः ॥

यसरी श्री पशुपति पुराणमा श्रृङ्गेश्वर प्रतिष्ठापन (स्थापना) नामको अठारौं अध्याय सकियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ एकोनविंशोऽध्यायः

सनत्कुमार उवाच–

वाक्यं भगवतः श्रुत्वा ब्रह्मविष्णुपुरन्दराः।
विस्मयं परमं जग्मुः किञ्चिन्मोहवशं गताः॥ १ ॥

सनत्कुमार आज्ञा गर्नुहुन्छ- भगवान् हरिणेश्वरको यो आज्ञा सुन्नु भै ब्रह्मा, विष्णु र इन्द्र अत्यन्त आश्चय चकित भै केही मोहित जस्तो पनि हुनुभयो ॥१॥

ततो गृहीत्वा शृङ्गाग्रं हारिणं लोकपूजितम्।
अमरावतीं पुरीं रम्यां निर्ययौ त्रिदशेश्वरः॥ २ ॥

त्यस पछि लोकमा अत्यन्त पूजनीय भएको भगवान् हरिणेश्वरको सिङ्को टुप्पो लिई, देवाधिपति इन्द्र महाराज रमणीय (अत्यन्त सुन्दर) स्वर्ग तर्फ लाग्नु भयो ॥२॥

शृङ्गमूलं तु तन्नीत्वा पाताले रत्नदीपिते।
स्थापयामास सहसा भगवान् मधुसूदनः॥ ३ ॥

त्यस्तै त्यस सिङ्को फेद लिई, नानाप्रकारका रत्नहरूद्वारा झकाझक् भएको पातालमा गई भगवान् मधुसूदन (श्रीविष्णु) जीले झट्पट् स्थापना गर्नु भयो ॥३॥

मध्यमं हारिणं शृङ्गं चन्द्रभागा सरित्तटे।
स्थापयामास तत्रैव भगवान् कमलोद्भवः॥ ४ ॥

यसरी नै भगवान् श्री हरिणेश्वरको सिङ्को माझ खण्ड लिई श्री ब्रह्माजीले त्यहीं नै चन्द्रभागा नदीको किनारामा स्थापना गर्नुभयो ॥४॥

ब्रह्मणा स्थापितं श्रुत्वा गोकर्णं भूवनेश्वरम्।
सम्प्राप्ता मुनयः स्वर्गात्तीर्थयात्रतनाथिनः॥ ५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ब्रह्माजीद्वारा भुवनेश्वर गोकर्ण स्थापित भएको सुन्नुभै तीर्थयात्रा गर्न चाहने मुनिहरू पनि स्वर्गबाट त्यहीं नै पाल्नुभयो ॥५॥

यावन्ति भुवि तीर्थानि गङ्गादीनि वनोत्तमे ।
प्रभावादेव देवस्य सम्भूतानि शुभानि च ॥ ६ ॥

भूमण्डल (पृथ्वी) मा गङ्गा आदि जति शुभ तीर्थ छन् ती सम्पूर्ण श्री महादेवको प्रभाव (सामर्थ्य) ले गर्दा वनहरूमा सर्वश्रेष्ठ श्लेष्मान्तक अर्थात् मृगस्थलीमा प्रकट भए ॥६॥

अशेषाणि परिभ्राम्य मुनयः शंसितव्रताः ।
ब्रह्माणं प्रणिपत्योचुर्गोकर्णं परिपूज्य च ॥ ७ ॥

आ–आपना तपस्या र नियमादिबाट प्रख्यात हुनु भएका ऋषिहरू सम्पूर्ण तीर्थहरूको भ्रमण समाप्त गर्नु भै भगवान् श्री गोकर्णेश्वरको पूजा र प्रणाम गरी, ब्रह्माजीसंग भन्न लाग्नुभयो ॥७॥

भगवं स्त्वां विना स्वर्गे स्थातुं नेच्छामहे वयम् ।
तस्मात्स्वर्गमलङ्कर्तुं प्रसादं कुरु पद्मज ॥ ८ ॥

भगवान् हामी हजूर विना स्वर्गमा बस्न चाँहदैनौं । अतः हे पितामह (ब्रह्माजी) अब हजूर स्वर्गलाइ सुशोभित गराउने कृपा गरिबक्सियोस् ॥८॥

तेषां श्रुत्वा महर्षीणां वाक्यं विगतकल्मषः ।
प्रक्रीडित मृगाकीर्णे प्रकीर्णगज गण्डके ॥ ९ ॥

कोकिलालाप ललिते चलच्चूतादि पल्लवे ।
श्लेष्मान्तकवने पुण्ये पुष्पिते पादपे सदा ॥ १० ॥

निवासाय समादिश्य पौत्रं विश्रवसं मुनिम् ।
ब्रह्मा मुनिगणैः सार्धं स्वाराज्यसदनं ययौ ॥ ११ ॥

ती महर्षिहरूको त्यस किसिमको प्रार्थना सुन्नु भै, कल्मष (पाप) शून्य श्रीब्रह्माजी, खेलिरहेका मृग (वनजन्तु) हरूले व्याप्त भएको, हात्ती गैंडा आदि ठूला ठूला वन जन्तुहरूले ढाकिएको, कोइलीहरूका परा, पश्यन्ति, मध्यमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र बैखरीभन्दा माथिको स्पष्ट पाँचौ आलाप (गानमय बोली) द्वारा सुन्दर भएको, आँप आदि रुखका पालुवाहरूको चञ्चलताले अत्यन्त सुन्दर सदा फुलिरहेका वृन्नावलीले गर्दा अत्यन्त नै रमणीय भएको -

यस्तो अखण्ड पुण्यमय श्लेष्मान्तक वनमा आफ्ना नाति विश्रवा मुनि-लाई निवास (बसोवास गर्न) का लागि आज्ञा गर्नु भै, सम्पूर्ण ऋषिवृन्दलाई साथ लिनुभै श्री ब्रह्माजी स्वर्गको राजसदन किम्वा आफ्नो लोकमा पाल्नु-भयो ॥९-११॥

इति श्री पशुपति पुराणे गोकर्णस्थापनोनामएकोनविंशोऽध्यायः।

यसरी श्री पशुपति पुराणमा गोकर्णेश्वर स्थापन नामको उन्नाईसौं अध्याय सकियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ विंशोऽध्यायः

सनत् कुमारउवाच–

एतस्मिन्नन्तरे काले सुमाली राक्षसाधिपः।
अप्रेषयद् दुहितरं पार्श्वं विश्रवसो मुनेः॥ १ ॥

श्री सनत्कुमार आज्ञा गर्नुहुन्छ-यसैताका (अर्थात् जुनवेला ब्रह्मा, विष्णु र इन्द्रले हरिगेश्वरको स्थापना गरिसक्नु भएको थियो) राक्षसहरूको स्वामी सुमालीले आफ्नी छोरीलाई विश्रवा ऋषिका समीपमा पठाए ॥१॥

गता सा नैकसी देवी पितुर्वचन कारिणी।
गोकर्णारण्यकं रम्यं यत्र विश्रवसो मुनिः ॥ २ ॥

पितृवचन बाबुको आज्ञा) पालना गर्दै ती नैकसी देवी सुन्दर गोकर्णेश्वरको वनमा गइन्, जहाँ श्रीविश्रवा मुनि (तपस्या गरी) बस्नुहुन्थ्यो ॥२॥

कन्यां रूपवतीं दृष्ट्वा तन्वङ्गी सुपयोधराम्।
धर्मेण वरयामास विश्रवा मुनिपुङ्गवः ॥ ३ ॥

सलक्क परेकी, उँचो पुष्टपुष्ट स्तनमण्डल भएकी अत्यन्त रूपवती (ज्यादै राम्री) कन्या देख्नु भै मुनिराज श्रीविश्रवाले धर्मपूर्वक विवाह गर्नु भयो ॥३॥

रराम स तया सार्धं काममोहवशङ्गतः।
तुतोष नैकसी चापि लब्ध्वा विश्रवसं पतिम्॥ ४ ॥

श्रीविश्रवा ऋषि पनि कामार्त बनी, अज्ञानवश नैकसीकासाथ रमण गर्न लाग्नु भयो। उता नैकसी पनि विश्रवा जस्ता पुण्यात्माऋषिलाई पतिका रूपमा पाई अत्यन्त सन्तुष्ट भइन् ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्या देव्या विशालाक्ष्या गर्भादेव भयङ्करः।
सुषुवे विश्रवः पुत्रो दशग्रीवो महाबलः॥ ५ ॥

ठूला ठूला अति सुन्दर आँखा भएकी ती नैकसी देवीको गर्भबाट नै अत्यन्त बलवान् तथा भयङ्कर (डरलाग्दो) दश शिर भएको विश्रवा ऋषिको छोरा पैदा भए ॥५॥

तस्य सञ्जातमात्रेण कम्पते धरणी भृशम्।
मांसाभिलाषिणो दृष्ट्वा पतन्ति दिवि पक्षिणः॥ ६ ॥

त्यो पुत्र पैदा हुने बित्तिकै डरलाग्दो किसिमले–भइँचालो जानलाग्यो, त्यो दृश्य देखेर, केवल मासुद्वारा शरीर पोषण गर्ने (गिद्ध आदि) पक्षी-(चराहरू) आकाशमा उड्न लागे ॥६॥

ववर्ष रुधिरं चैव मेघो घोरस्वरोऽभवत्।
निष्प्रभश्च तदादित्यश्चन्द्रश्चैव व्यजायतः॥ ७ ॥

डरलाग्दोसँग गर्जने मेघ (बादल)हरू रगतको वर्षा गर्न लागे, सूर्य तथा चन्द्रमा कान्ति (शोभा) रहित मलिन भए ॥७॥

पुत्रं दशशिरोपेतं नीलाम्बुज चयप्रभम्।
सम्प्राप्य विश्रवास्तत्र तुतोषाऽतिशयं तदा॥ ८ ॥

दश शिरयुक्त नीलकमलको थुप्रोको जस्तै शोभा देखिने अर्थात् नीलो वर्णको पुत्र पैदा गरी, त्यसबेला ऋषि विश्रवा अत्यन्त सन्तुष्ट हुनु भयो ॥८॥

कालेन वर्धयामास भ्रातृभ्यां सह तद्वपुः।
वीर्येण वसया चाऽपि संश्रितः स बभूव ह॥ ९ ॥

अरु दुई भाइ (कुम्भकर्ण र विभीषण) सहित रावणलाई धेरै कालसम्म पालन गरी (विश्रवा मुनिले) हुर्काउनु भयो, रावण पनि दीर्घायु, बल (शारीरिक आदि बलयुक्त) र पराक्रमशाली भए ॥९॥

एकदा तु दिने प्राप्ते धनेशं पुष्पकस्थितम्।
दृष्ट्वा दशशिराः श्रीमान् मातरं वाक्यमब्रवीत्॥ १० ॥

एक दिन आकाशमा पुष्पक विमान चढी शयल गर्ने श्री कुवेरजीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देखी पराक्रमी र उत्साही रावणले आफ्नी आमा नैकसीसँग सोधे ॥१०॥

दशग्रीव उवाच-

विमानं पुष्पकं पुण्यं केनोपायेन विद्यते ।
स च कस्य सुतो मातः श्रोतुमिच्छामि तद्वद ॥ ११ ॥

रावण भन्दछन्-हे माताजी यो पुण्यप्रद पुष्पक विमान कसरी प्राप्त हुन्छ र त्यो पुष्पकमा बस्नेको कसको छोरो हो ? म सुन्न चाहन्छु आज्ञाहोस् ॥११॥

पुत्रस्य वचनं श्रुत्वा नैकसी चारुहासिनी ।
अब्रवीदीदृशं वाक्यं विस्मयोद्धतमानसा ॥ १२ ॥

छोराको यो वचन सुनी, चारु हासिनी (सुन्दर तरीकाले हाँस्न जान्ने) उद्धत मन भएकी नैकसी यस प्रकारको वाक्य (वचन-कुरा) आफ्नो छोरोलाई बताउन लागिन् ॥१२॥

नैकस्युवाच-

तवाऽग्रजोऽयं हे पुत्र धनेशो लोकसम्मतः ।
अर्जितं तपसा तेन विमानं पुष्पकं स्थितम् ॥ १३ ॥

नैकसी भन्दछिन्-हे बाबु छोरा यी तिम्रा दाज्यू सम्पूर्णदेव द्रव्यका अधिपति (कोशाध्यक्ष) सम्पूर्ण देवताहरूले खूब मानेका कुवेर हुन्, यिनले आफ्नो ठूलो तपस्याद्वारा पुष्पक विमान उपार्जन गरेका हुन् ॥१३॥

त्रैलोक्यमपि वश्यः स्याद्यदि पुत्र त्वमिच्छसि ।
आराध्यतां पितुर्वाक्यं गोकर्णे भुवनेश्वरम् ॥ १४ ॥

हे बाबु छोरा यदि तिमी जस्ता पराक्रमीले चाह्यौ भने तीनै लोकका निवासी वशमा हुन सक्दछन्, बाबु तिमी आफ्नो पिताजीको वचनलिई गोकर्णेश्वर तीर्थमा गई, श्री भुवनेश्वर (परमात्मा) शिवको आराधना गर ॥१४॥

ततः सम्पूजयामास गोकर्णं राज्यलिप्सया ।
छित्वा छित्वाऽऽत्मनःशीर्षं पूर्णाहुतिमकल्पयत् ॥ १५ ॥

त्यसपछि आमाको आज्ञा अनुसार पिताको समेत उपदेश लिई, श्री भुवनेश्वरको आराधनाको सिलसिलामा राज्य भोगादिको लोभद्वारा रावण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोकर्णलाई आफ्नो शिर काटी काटीकन पूर्णाहुतिदिन लागे ॥१५॥

वर्षाणां हि सहस्राणि दश पूर्णे दशाननम्।
वरं प्रादात्समागत्य ब्रह्मा सुरगणैर्वृतः ॥ १६ ॥

यसरी तपस्या गर्दा गर्दा १० हज्जार वर्ष पूर्ण भए पछि देवताहरूका साथ आई श्री ब्रह्माजीले रावणलाई वरदान दिनु भयो ॥१६॥

पौत्रं लब्धवरं श्रुत्वा सुमाली सह राक्षसैः।
माल्यवन्तं पुरस्कृत्य प्राप्तवान् वनमुत्तमम् ॥ १७ ॥

आफ्नो नाति (छोरीको छोरो) ले वरदान पाएको थाहा पाई, माल्यवान् आदि अनेकौं राक्षसलाई अघि अघि लगाई, सुमाली त्यस उत्तम वन गोकर्णेश्वरको जंगलमा आए ॥१७॥

दृष्ट्वा सम्पूजयामास पौत्रं लब्धवरं तदा।
मुमुदे सहसाऽत्यन्तं लब्धाऽऽस्पदमिवोत्तमम् ॥ १८ ॥

त्यस पछि वरदान पाएको नाति रावणलाई देखी, अत्यन्त प्रशंसा गरे, पूजा गरे र उत्तम राज्य प्राप्ति भएको जस्तै अनुभव गरी त्यस समयमा अत्यन्त प्रसन्न भए ॥१८॥

प्रहस्त वचनं श्रुत्वा सर्वैः सह निशाचरैः।
लङ्काद्वारं समासाद्य धनेशमिदमब्रवीत् ॥ १९ ॥

त्यस पछि प्रहस्तको वचन सुनी, रावण सम्पूर्ण राक्षसहरूका साथ लङ्काको ढोका (पुर द्वार) मा गई, धनाध्यक्ष श्री कुबेरलाई यस प्रकार भन्न लागे ॥१९॥

त्यज लङ्का पुरीं दिव्यां रत्नतोरणमालिनीम्।
अस्माकं राजधानीं तां न त्वं तत्र निवत्स्यसि ॥ २० ॥

रत्नै रत्नयुक्त तोरणहरूको माला वाला यो दिव्य (अत्यन्त सुन्दर) लङ्कापुरी छोडिदिनुहोस्, यो हाम्रो राजधानी हो, तपाईं यहाँ बस्न पाउनुहुन्न ॥२०॥

इत्युक्तस्य वचः श्रुत्वा स्वानुजस्य धनेश्वरः।
श्लेष्मान्तकवनं गत्वा पितरं वाक्यमब्रवीत् ॥ २१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो भाई रावणको यो वचन सुनी, श्री कुवेरजीले श्लेष्मान्तक बनमा गई पिताजी श्री विश्रवा मुनिसँग यो विन्ती गर्नु भयो ॥२१॥

निशाचरैः सहाऽऽगत्य दशग्रीवो समाऽनुजः ।
लङ्का त्याज्या त्वयेत्युक्त्वा संस्थितो बलदर्पितः ॥ २२ ॥

पिताजी ! मेरो भाइ दशग्रीव (रावण) सम्पूर्ण राक्षसहरूका साथ मिली, "तपाइले लङ्का छोडी दिनु पर्‍यो', । यसो भनी, बलजफत्कासाथ कब्जागरी बसिहाले ॥२२॥

किं कर्तव्यं मया नाथ युद्धायुद्ध विवक्षया ।
ज्ञात्वा त्वं सर्व कार्याणां तदादेष्टुं ममाऽर्हसि ॥ २३ ।

(यस परिस्थितिमा) हे नाथ (हे पिताजी !) अब मैले गर्नु पर्ने कर्तव्य के हो ? लडाइँ गरौं या नगरौं ? आफैं विचार गरिबक्सी मलाई आज्ञागरि-बक्सियोस् ॥२३॥

इत्युक्तस्य स्वपुत्रस्य श्रुत्वा वाक्यं सुपेशलम् ।
अब्रवीदीदृशं वाक्यं विश्रवा मुनिसत्तमः ॥ २४ ॥

यस किसिमको आफ्नो छोराको धर्मसंमत उचित वाक्य सुनी, ऋषिराज विश्रवा यस प्रकारको वचन आज्ञा गर्नु हुन्छ ॥२४॥

विश्रवा उवाच–

कैलाश शिखरोत्सङ्गे विस्तीर्णे स्वर्ग सन्निभे ।
महादेव सखो भूत्वा वास्तव्यं मम शासनात् ॥ २५ ॥

विश्रवा आज्ञा गर्नुहुन्छ– (बाबु !) स्वर्ग जस्तो विशाल कैलास पर्वतको चुचुराको समीपमा मेरो प्रतापबाट श्रीमहादेवको मित्र बनी वास गर्नु तिमीले उचित छ ॥२५॥

अत्र मन्दाकिनी नाम नदीनां प्रवरा नदी ।
मानसञ्च सरः पुण्यं तत्रैव प्रविराजते ॥ २६ ॥

यस कैलासको अलकापुरीमा नदीहरूमा उत्तम मन्दाकिनी नामकी नदी हुनुहुन्छ, यहीनै पवित्र तीर्थस्थलमा मानस सरोवर पनि विराजमान छ ॥२६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पितुर्वाक्यमिदं श्रुत्वा धनेशः सह गुह्यकैः ।
त्यक्त्वा लङ्का पुरीं रम्यां कैलासं गिरिमाव्रजत् ।। २७ ।।

सनत्कुमार आज्ञा गर्नु हुन्छ – आफ्ना पिता विश्रवाको यो वाक्य सुन्नु भै देव कोशाध्यक्ष यक्षराज कुबेर आफ्ना गुह्यकगणका साथ त्यो सुन्दर लङ्कापुरीलाई त्यागी, कैलास पर्वतमा आई, बसोबास गर्न लाग्नु भयो ।।२७।। (६९५ योगः)

इति श्री पशुपति पुराणे गोकर्णेश्वर प्रतिष्ठापनो नाम विंशोऽध्यायः ।।

यसरी श्री पशुपति पुराणमा गोकर्णेश्वर प्रतिष्ठापना (स्थापना) नामको वीसौं अध्याय सकियो ।

इति पूर्वार्ध खण्डः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ एकविंशोऽध्यायः

ततः स्वबान्धवैः सार्धं सर्वैश्चापि निशाचरैः ।
निवेश्य नगरीं लङ्कां मुमुदे स दशाननः ॥ १ ॥

श्री सनत् कुमार आज्ञा गर्नुहुन्छ- त्यसपछि (अर्थात् श्री कुवेरजीलाई लङ्काबाट हटाइसकेपछि) आफ्ना दाज्यू भाइहरू र सम्पूर्ण राक्षसहरूका साथ लङ्कासहरमा प्रवेश गरी बलवान रावण अत्यन्त प्रसन्न भए ॥१॥

राज्याभिषेकमासाद्य पितामहकरच्युतम् ।
उद्योगं कारयामास दशास्यो भ्रातृसम्मतः ॥ २ ॥

श्री पितामह (ब्रह्माजी) का हातबाट राज्याभिषेक पाइसकेपछि रावणले भाइहरूको समेत सल्लाह लिई युद्ध गर्ने तरखर गरे ॥२॥

धनदं नरकं चाऽपि जित्वा पातालमेव च ।
सुरेन्द्रं प्रार्थयामास युद्धाय स दशाननः ॥ ३ ॥

श्रीकुवेरजी, नरकासुर र पातालवासी सम्पूर्ण राक्षसहरूलाई समेत जिती, देव राज इन्द्रलाई पनि ती दशानन (रावण) ले संग्रामका निंति हांक दिए ॥३॥

जित्वा सुरेन्द्रं समरे मेघनादस्य मायया ।
अमरावतीं पुरीं रम्यां प्रविवेश दशाननः ॥ ४ ॥

मेघनादको मायाद्वारा संग्राममा इन्द्रलाई पनि जिती रमणीय अमरावती पुरी (स्वर्ग) मा दशानन रावण प्रवेश गरे ॥४॥

शृङ्गाग्रं हारिणं दृष्ट्वा पूजितं वज्रपाणिना ।
उत्पाट्य स्वकरे कृत्वा मुमुदेऽतिशयं तदा ॥ ५ ॥

हातमा वज्र लिनुहुने श्रीइन्द्रमहाराजद्वारा संमानित भगवान् हरिणेश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(शिवजी) को सिङ्को टुप्पो देखी, त्यसलाई उखलेर हातमा लिई त्यस समय रावण अत्यन्त नै प्रसन्न भए ॥५॥

शतैरप्सरसां सार्धं रत्नानि सुबहूनि च ।
गृहीत्वा स्वबलैः सार्धं प्राप्तवान् स महोदधिम् ॥ ६ ॥

शयौं अप्सराहरुका साथ धेरै रत्नहरू लिई आफ्ना सैन्यहरू सहित ती रावण समुद्रको किनार नजीकको आफ्नो राजधानी लङ्का समीप पुगे ॥६॥

दक्षिणोदधिवेलोर्मिमालावलि सुमण्डिते ।
विद्रुमद्रुमसंघाते सन्ध्या समय सन्निभे ॥ ७ ॥

मुक्ताफल समाकीर्णे रत्नोपल विभूषिते ।
नाग दानव नारीणां क्रीडा स्थाने मनोरमे ॥ ८ ॥

शृङ्गाग्र हारिणं पुण्यं सुरेन्द्र भवनाद्धृतम् ।
त्रिकूटमूले शंस्थाप्य सन्ध्यामास्ते दशाननः ॥ ९ ॥

दक्षिण समुद्रको किनारामा समुद्रका तरङ्ग मालाका पंक्तिहरुद्वारा सुन्दर प्रवाल वृक्ष समूह (सानासाना रुखहरूले) व्याप्त (ढाकिएको) हुंदा सन्ध्याकालको जस्तो शोभा भएको, मुक्ताफलहरू लटरम्म भएको, रत्नमय किम्वा रत्न बन्ने ढुङ्गा विशेषले विभूषित यस्तो त्रिकूटाचल पर्वतको फेदीमा जहाँ कि नाग दानव आदिका नारीहरुको मनोहर क्रीडा भैरहन्छ त्यहीं नै देवराज इन्द्रको दरवार-बाट अपहरण गरेर ल्याइएको हरिणेश्वर (भगवान् शिव) को शृङ्गाग्र भाग (सिङ्को टुप्पो) स्थापना गरी, रावण सन्ध्योपासना (जप–ईश्वर चिन्तन) गर्न लागे ॥७–९॥

सन्ध्या वन्दननिर्वृत्तो रावणो लोकरावणः ।
न शशाक समुद्धर्तुं वज्रकल्पमिव स्थितम् ॥ १० ॥

यसरी सन्ध्यावन्दन आदि समाप्त गरी, लोक रावण [सम्पूर्ण लोकलाई रुवाउने] ती वीर रावण त्यस सिङ्को टुप्पालाई उठाउन लागे, परन्तु वज्रतुल्य भै जमेको हरिणशृङ्ग (मृगको सिङ् रूप शिव) लाई उखेल्न सकेनन् ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्त्यक्त्वा स्वपुरीं लङ्कां प्रविवेश दशाननः ।
श्रृङ्गाग्रं हारिणं दृष्ट्वा वज्रकल्पमिव स्थितम् ॥ ११ ॥

मानौं वज्रतुल्य भै जमेको हरिण श्रृङ्गाग्र भाग (मृगको सिङ्को टुप्पो) देखी, त्यसलाई त्यहीं छाडी रावण आफ्नो राजधानी लङ्कामा प्रवेश गरे ॥११॥

इन्द्रोऽपि भगवान् स्वर्गं ब्रह्मणा भूरितेजसा ।
अभिषिक्तः स्वयं राज्यं पालयामास लीलया ॥ १२ ॥

(उता स्वर्गपट्टि) भगवान् इन्द्र प्रशस्त तेजस्वी ब्रह्माद्वारा अभिषिक्त भै खेल-वाड् जस्तो गरी आफैंनै राज्य पालन गर्न लाग्नुभयो ॥१२॥

अथ हृष्टमना भूत्वा रावणो रुद्रभक्तिमान् ।
निर्ममे निलयं तस्य रत्नतोरणदीपितम् ॥ १३ ॥

यस्तैनै शिवभक्त श्रीरावणले अत्यन्त प्रसन्न भै गोकर्णेश्वर भगवान् शिवको रत्नमय तोरणहरूले धप् धप् बल्ने शिवालय बनाए ॥१३॥

गोकर्णमेव संकल्प्य पूजनाद्रावणेन वै ।
स च दक्षिण गोकर्ण इति विख्यायते भुवि ॥ १४ ॥

गोकर्णको नै संकल्प गरी, अर्थात् यहाँ श्रीगोकर्ण नै होइबक्सिन्छ यस्तो संकल्प (इच्छा) लिई रावणले गोकर्णको पूजा गरे, यसैकारण दक्षिण गोकर्ण यस नामले पृथ्वीमा प्रख्यात हुनुहुन्छ ॥१४॥

अद्यापि पूज्यते भक्त्या राक्षसै धर्म कांक्षिभिः ।
कथितं सर्वमाख्यानं भवद्भिः परिपृच्छितम् ॥ १५ ॥

आजसम्म पनि धर्म गर्न चाहने राक्षसहरू भक्तिपूर्वक गोकर्णको पूजा गर्दछन् । श्रीपुलस्त्यजी भन्नुहुन्छ, हे मुनिहो ! यहाँहरूले जुन सोध्नु भएको थियो त्यो सम्पूर्ण कथा मैले बताएँ ॥१५॥

इत्येवं कथितं श्रृङ्गे पुण्यात्पुण्यतरं शुभम् ।
कीर्तितं सनकेनेत्थं कुमारेण महात्मना ॥ १६ ॥

यो यस प्रकारले मृगेश्वर (भगवान् शिव) को सिङ्को विषयमा साधारण पुण्यभन्दा धेरै माथिको पुण्य दिने शुभ कथा बताइयो र यस कथाका वाचक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(वक्ता) महात्मा सनत्कुमार हुनुहुन्छ ॥१६॥

इति श्री पशुपति पुराणे दक्षिण गोकर्ण प्रतिष्ठापनो नाम एकविंशोऽध्यायः ।

यसरी श्री पशुपति पुराणमा दक्षिण गोकर्ण प्रतिष्ठापन नामको एक्काईसौं अध्याय सकियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ द्वाविंशोऽध्यायः

पुलस्त्य उवाच–

नेनाम्ना मुनिना पूर्वं पालनात्पुण्य कर्मणा ।
अयं हि हिमवत् कुक्षौ नेपाल इति चोच्यते ॥ १ ॥

श्री पुलस्त्य आज्ञा गर्नु हुन्छ– पुण्यात्मा "ने" नामका ऋषिद्वारा पहिले पालित (पालिएको) हुनाले हिमालयको अञ्चलमा विद्यमान यो देश नेपाल नामले प्रख्यात छ ॥१॥

अथान्यत्संप्रवक्ष्यामि तीर्थं नेपालसम्भवम् ।
प्रकामफलदं पुण्यं सर्वपापप्रणाशनम् ॥ २ ॥

अब नेपालका तीर्थहरूका विषयमा अरू महात्म्य पनि बताउने छु, जो प्रशस्त फल दिने पुण्यमय एवं पापनाशक (पापनाशगर्ने) छ ॥२॥

नदी विष्णुपदी चाऽपि चक्रमार्गा च निम्नगा ।
तथा मणिमती चाऽपि तिस्रः पुण्याः सरिद्वराः ॥ ३ ॥

विष्णुमती, वाग्वती तथा मणिमती (मनोहरा) यी तीन पुण्यनदीहरू नदी मध्ये श्रेष्ठ छन् ॥३॥

तासां तु संप्रवक्ष्यामि शक्रतीर्थ गतं फलम् ।
क्रमशः श्रूयतां पुत्र पृथक्कामफलप्रदम् ॥ ४ ॥

हे पुत्र ! हे भीष्मजी ! तिनीहरूको क्रमशः वेग्ला वेग्लै इच्छा माफिक फलदिने तीर्थहरूको तथा शक्रतीर्थको फल बताउने छु सुन ॥४॥

लुन्तिकाश्रममूले च रुद्रवत्याः समागमे ।
विष्णुपद्या जले स्नानात् शक्रश्च परितुष्यति ॥ ५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लुन्तिकाश्रमको मूल [फेदी]मा, रुद्रमतीको दोभानमा र त्यस्तै विष्णुमतीको जलमा स्नान गर्नाले शक्र (इन्द्रमहाराज) सन्तुष्ट हुनुहुन्छ ॥५॥

आर्या तीर्थोदके स्नानाद् ब्रह्मनद्याः समागमे ।
अर्यमा तुष्यते तत्र पार्श्वे तीर्थाभिषेकतः ॥ ६ ॥

ब्रह्मनदीको दोभान र आर्यातीर्थ (आर्यघाट) को जलमा स्नान गर्नाले—अर्यमा श्री सूर्यनारायण तथा पितृहरूका अधिष्ठातृदेवता सन्तुष्ट हुनुहुन्छ ॥६॥

अत ऊर्ध्वं प्रदेशे तु कटके पर्वतस्य तु ।
तीर्थं ब्रह्मबिलं गत्वा ब्रह्मणो वरदो भवेत् ॥ ७ ॥

यहाँभन्दा माथिको प्रदेश (तीर्थस्थलहरू) मध्ये सिद्धाचल किम्वा कटक-पर्वतमा रहेको ब्रह्मविल नामको श्रीब्रह्माजीको तीर्थमा गई, श्रीब्रह्माजीद्वारा वरदान प्राप्त गर्न समर्थ बन्दछ ॥७॥

दर्यां सरल कीर्णायां मृगश्रृङ्गस्य भूभृतः ।
बलाकारूपमाश्रित्य यत्र धर्मो व्यवस्थितः ॥ ८ ॥

मृग श्रृङ्ग (मृगस्थली) पर्वतको सल्लाका वृक्षहरूले व्याप्त भएको कन्दरामा बलाका नामको तीर्थ छ जहाँ कि कन्याङ कुरुङ पंक्षीको रूप धारण गरी धर्मराज राज गर्नु भएको छ ॥८॥

बलाकातीर्थमासाद्य ब्राह्मणं यस्तु भोजयेत् ।
नरके मग्नमप्यङ्ग पितरं त्रायते नरः ॥ ९ ॥

त्यस बेलाका तीर्थमा गई, जो ब्राह्मण भोजन गराउँदछ त्यो व्यक्ति नरक-मा गाडिएका पितृहरूलाई पनि तारिदिन समर्थ बन्दछ ॥९॥

स्नायते सततं यस्तु तीर्थे पापप्रणाशने ।
प्रभावाद्धर्मराजस्य नरकं स न पश्यति ॥ १० ॥

यो पापनाशक तीर्थमा जो सर्वदा स्नान गर्दछ त्यो व्यक्ति श्री धर्मराजजीको प्रभावबाट नरक देख्दैन किम्वा उसले यातना भोग्नु पर्दैन ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बलाकोदक सम्भेदे विष्णुपद्या जलेशुभे ।
स्नानात्कामसमवाप्नोति पितरश्चाऽपि तुष्यति ।। ११ ।।

श्री बलाकोदक तीर्थ र श्री विष्णुमतीको सङ्गम (दोभान) को शुभ जलमा स्नान गर्नाले सारा मनोरथ (मनको इच्छा) पूर्ण भै साधक तीर्थ सेवीको सम्पूर्ण पितृहरू खुशी हुन्छन् ।

नद्या देवेन्द्रमार्गायाश्चन्द्रदीप्ति समागमे ।
नवलिङ्गह्वये तीर्थे स्नानात्सिद्धिरवाप्यते ।। १२ ।।

देवेन्द्र मार्गा तथा चन्द्र दीतिको दोभानमा रहेको नवलिङ्ग नामको तीर्थमा स्नान गर्नाले पनि सिद्धि पाइन्छ ।।१२।।

पादे पर्वत राजस्य मृगशृङ्गस्य चैवहि ।
अमोघ शिखरे रम्ये यक्षासुरनिकेतने ।। १३ ।।

नाम्ना सुवर्ण धाराख्या नदी यक्ष विलोद्गता ।
तस्याः प्रपतने स्नानाद्य क्षलोकं स गच्छति ।। १४ ।।

पर्वतराज मृगश्रृङ्ग (मृगस्थली)को फेदीमा रमणीय अत्यन्त सुन्दर यक्ष तथा असुर (दैत्य)हरूको निवास भूमि भएको सुन्दर अमोघ शिखरको फेदीमा सुवर्णधारा नामकी नदी यक्ष विलबाट निस्किएकी छन्, तिनै नदीको प्रपात प्रवाह किम्वा झर्नामा स्नान गर्नाले (साधकभक्त) यक्ष लोकमा निवास गर्न पाउँदछ ।।१३-१४।।

सुवर्ण धारासम्भेदे शक्रमार्गाजले शुभे ।
प्रयागफलमाप्नोति स्नानान्मासैक मात्रतः ।। १५ ।।

सुवर्ण धाराको सङ्गममा रहेको इन्द्रमार्गा नदीको पवित्र जलमा एक महिनामात्र स्नान गर्नाले (साधक) प्रयाग स्नानको फलप्राप्त गर्न समर्थ बन्दछ ।।१५।।

उत्पादिता विशालेन नदी यस्मात् प्रकीर्तिता ।
कावीरा चेति विख्यातं शिवक्षेत्रं भविष्यति ।। १६ ।।

विशालले उत्पन्न गरेकी नदी हुनाले नै यो तीर्थ कावीरा तथा विशाला नामले प्रख्यात शिव क्षेत्र हुनेछ ।।१६।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अत्राऽपि च कृतस्नानाच्छङ्करः परितुष्यति ।
सेवयेत्सततं यस्तु स्वर्गस्तस्य न दुर्लभः ॥ १७ ॥

यस पुण्य तीर्थमा स्नान गर्दा पनि भगवान् शिव सन्तुष्ट होइबक्सिन्छ, सँधै भरि सेवा गरिरहनेहरूका लागि त स्वर्ग दुर्लभ छैन ॥१७॥

कावीरोदकसम्भेदे मणिमत्या जले शुभे ।
स्नायते विधिना यस्तु विशाल भवनं व्रजेत् ॥ १८ ॥

कावीरा नदीको दोभानमा र मनोहरा किम्वा मणिमतीको पवित्र जलमा जो स्नान गर्दछ, त्यो व्यक्ति विशाल भवनमा पुग्दछ ॥१८॥

भद्राचलस्थिते रम्ये बकाश्रमसमीपतः ।
भद्रनद्या शुभे तीर्थे गौरी स्नानं भविष्यसि ॥ १९ ॥

भद्राचल पर्वतको निकटवर्ती अत्यन्त सुन्दर बकाश्रमको नगीच् भद्रनदीको शुभ पुण्यप्रद तीर्थमा स्नान गर्नाले देवी गौरी (श्रीपार्वती) अत्यन्त सन्तुष्ट होइबक्सिन्छ ॥१९॥

अत्र गत्वा शिला मूर्ति योऽर्चयेत् सुरसुन्दरीम् ।
सेवयेत्सततं यस्तु तस्य स्वर्ग फलं भवेत् ॥ २० ॥

यहाँ (यस तीर्थमा) गई, शिलामूर्तिमती सुन्दरीको जो पूजा गर्ला र सदा सेवा गर्ला त्यस साधकलाई पनि स्वर्गफल प्राप्त हुनेछ ॥२०॥

वीरावतरणे तीर्थे रुद्रनद्याः समागमे ।
स्नायते विधिना यस्तु वीरलोकं स गच्छति ॥ २१ ॥

यस्तै रुद्रनदीको दोभानमा रहनु भएको वीरावतरण तीर्थमा जो विधिपूर्वक स्नान गर्दछ, त्यो भक्त वीरहरूले प्राप्त गर्ने लोकमा प्राप्त हुन्छ ॥२१॥

तत्रा वतरते नित्यं हनुमान् पर्व पर्वसु ।
तीर्थाभिषेचनात्तत्र काम सिद्धिं स गच्छति ॥ २२ ॥

सो पवित्र तीर्थमा हरेक पर्व पर्वमा महावीर हनुमान्जी उत्पन्न हुनुहुन्छ यस पुण्यप्रद तीर्थमा स्नान गर्नाले पनि भक्तहरूको सम्पूर्ण मनोरथ (इच्छा) सिद्ध हुन्छ ॥२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वीर भद्रं समभ्यर्च्य येऽपि स्नायन्ति मानवाः ।
स्नानार्थं ये च गच्छन्ति तेऽश्वमेध फलं लभेत् ॥ २३ ॥

यस तीर्थमा श्रीवीरभद्रको पूजागरी, जो मनुष्य स्नान गर्दछ र जो स्नानका निम्ति प्रस्थान मात्र पनि गर्दछ भने वी दुवै थरी अश्वमेध यज्ञको फल प्राप्त गर्दछन् ॥२३॥

इति श्रीपशुपति पुराणोक्त तीर्थानन्द पुराणे द्वाविंशोऽध्यायः ॥

यसरी श्री पशुपति पुराणमा बताइएको तीर्थानन्द पुराणमा बाईसौं अध्याय सकियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तीर्थ फलस्तुति प्रारभ्यते

सनत्कुमार उवाच–

अथान्यत्संप्रवक्ष्यामि तीर्थं पुर्वोक्तमेव च।
प्रकामफलदं पुण्यं सुरासुरनमस्कृतम् ॥ १ ॥

वाग्मत्या मणिमत्याश्च सम्भेदे लोकपूजिते।
गच्छामित्युक्त मात्रेण भूयात् पापप्रणाशनम् ॥ २ ॥

सम्भेदे मणिमत्यास्तु गन्तुं यावत्कृतं पदम्।
तावद्वर्षशतं स्वर्गे मोदते शिव भक्तिमान् ॥ ३ ॥

वाग्मत्या मणिमत्याश्च सम्भेदे लोक पूजिते।
स्नायते विधिना यस्तु पुण्यवान् भूवि कीर्त्यते ॥ ४ ॥

तत्समीपे समुद्भूता रुद्र धारेति चोच्यते।
कल्पिता देव देवेन लोकानुग्रहकारिणा ॥ ५ ॥

भुक्तिमुक्तिप्रदं पुण्यं शिवमायोपलक्षितम्।
रुद्र धारोदयं दृष्ट्वा सर्व पापैर्विमुच्यते ॥ ६ ॥

गयाया नैमिषाद्वापि कुरुक्षेत्राश्च पुष्करात्।
स्नानं दशगुणं ज्ञेयं मणिमत्याः समागमे ॥ ७ ॥

ब्रह्म वक्त्र समुद्भूता तीर्थमाता सरस्वती।
सोममण्डल सम्भूता गङ्गा त्रैलोक्य पावनी ॥ ८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गौरीस्वेद समुद्भूता कौशिकी कामदायिनी ।
वाग्मती तु सरिच्छ्रेष्टा महादेव समुद्भवा ॥ ९ ॥

वाग्मतीं सरितां श्रेष्ठां यत्र यत्राऽवगाहते ।
तत्र तत्र फलं विद्याद्वाजपेयाश्वमेधयोः ॥ १० ॥

तत्सत्यमेव नियतं यदुक्तं ब्रह्मणा पुरा ।
महादेव मुखोद्भूते किं न सम्भाव्यते फलम् ॥ ११ ॥

तदहं सम्प्रवक्ष्यामि स्तोत्रं कामफलप्रदम् ।
कीतनाच्छ्रवणाद्वापि पुण्यं भवति विस्तरम् ॥ १२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब तीर्थहरूको फलस्तुति शुरू हुन्छ–

श्री सनत्कुमार आज्ञा गर्नु हुन्छ- यसपछि पनि सुरासुर दुवैद्वारा सदा वन्दनीय (नमस्कारयोग्य) पहिले बताइएका नै प्रशस्त पुण्य दिने तीर्थहरूको वर्णन गर्नेछु ॥१॥

वाग्वती तथा मणिमती (मनहरा) को सम्पूर्ण लोकद्वारा संमानित संगममा "जान्छु" यत्ति भन्नाले मात्र पनि पाप नाश हुन्छ ॥२॥

यस्ती परमपावनी श्रीवाग्वती र मणिमतीको त्रिवेणी संगममा जानका निमित्त जति पाइला चालिन्छन्, त्यति नै शय वर्षसम्म शिवभक्त स्वर्गमा आनन्दपूर्वक खुशीसाथ रहन पाउँदछ ॥३॥

वाग्वती एवं मणिमतीको लोक पूजित संगममा जो विधिपूर्वक स्नान गर्दछ, त्यो यस संसारमा पुण्यवान् कहिन्छ ॥४॥

त्यही तीर्थका समीपमा उत्पन्न हुनु भएकी रुद्रधारा नदीलाई (लोकानुग्रहकारी) सम्पूर्ण लोक माथि अनुग्रह गर्ने श्रीमहादेवजीले आफै परिकल्पना (सिर्जना) गरिबक्सेको छ ॥५॥

भगवान् श्रीसदाशिवको माया शक्तिद्वारा उपलक्षित भुक्ति (यसलोकको आनन्द) मुक्ति (ज्ञान किम्वा मोक्ष) दिने पुण्यतम रुद्रधारोदय तीर्थको दर्शन गरी, सम्पूर्ण पापहरूबाट साधक मुक्त बन्ने सौभाग्य प्रात गर्दछ ॥६॥

गया, नैमिषारण्य, कुरुक्षेत्र, पुष्करराज (मानसरोवर) आदि तीर्थहरूको स्नानबाटभन्दा पनि शय्यौं गुणा बढ्ता पुण्य वाग्वती, मणिमती (मनोहरा) र रुद्रधाराको त्रिवेणी (संगम) मा स्नान गर्नाले हुन्छ ॥७॥

श्रीब्रह्माजीको मुखबाट उत्पन्न हुनु भएको सम्पूर्ण तीर्थहरूकी माता श्री सरस्वती तथा सोममण्डलबाट प्रादुर्भाव हुनु भएकी यस्ती त्रैलोक्यपावनी (तीनै लोकलाई पवित्र तुल्याउने) गंगा र जगज्जननी श्रीगौरीजीको स्वेद (पसिना) बाट पैदा हुनु भएको सम्पूर्ण मनोरथ (कामना–इच्छा) सिद्ध गरिदिनु हुने कौशिकी हुनुहुन्छ किन्तु नदीहरूमा उत्तम श्री वाग्वती त श्री महादेवको मुखारविन्दबाट नै निस्किनु भएको छ ॥८–९॥

यस्ती परम पावनी श्रीवाग्वतीमा जहाँ जहाँ भक्त स्नान गर्दछ, त्यहाँ त्यहाँ सबैतिर वाजपेय एवं अश्वमेध यज्ञको फल संभनु पर्दछ ॥१०॥

प्राचीन कालमा अर्थात् धेरै अघि वराह पुराणमा जुनकुरा ब्रह्माजीले आज्ञा गर्नु भएको थियो त्यो यथार्थ सत्य हो, किनकि श्री महादेवको मुखारविन्दबाट उत्पन्न भएको पदार्थ (वस्तु) मा कुनचाहिं फल छैन र अर्थात् सम्पूर्ण फल छ ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसकारण म इच्छा मुताविक फल दिने श्रीवाग्वतीजीको स्तोत्र बताउने छु। जसको कीर्तन, भजन, स्मरण र श्रवण गर्नुबाट पनि प्रशस्त पुण्य संचित हुन सक्दछ ॥१२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ नमः श्रीवाग्वत्यै:

या दैत्य राज परितोषित देव देव
मुक्ताट्टहास निकरामल वारिधारा ।
हेमारविन्दरजसा रणितोर्मिमाला
सा वाग्वती दिशतु कामफलं नराणाम् ॥१॥

या कल्पिता पशुपतेः स्नपनाय नित्यं
मन्दार रेणु कलिकामल पुण्य तोया ।
कुन्देन्दुशंखधवलामलफेनमाला
सा वाग्वती दिशतु कामफलं नराणाम् ॥२॥

या पुष्प पत्र पतनाकुल तीर रेखा
मुक्तोत्पला मरकतोपलतुल्य भासा ।
चक्राङ्क युग्मशबलीकृत तीर रेखा
सा वाग्वती दिशतु कामफलं नराणाम् ॥३॥

या निम्नगा सुर सरिज्जल सन्निकाशा
शैलाधिराज कटकोपल संस्खलन्ती ।
सोपान पङ्क्ति सदृशी त्रिदशालयस्य
सा वाग्वती दिशतु कामफलं नराणाम् ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

या पूजिता विकसितै रपि पारिजातै-
स्तीरोपलेषु सततं सुर—— सुन्दरीभिः ।
नागाङ्गना वदन पङ्कज सक्त फेना
सा वाग्वती दिशतु कामफलं नराणाम् ॥५॥

या मानिता मकर केतु वचोभि रुच्चैः
संरक्षणापहरणादपि चन्द्रवत्याः ।
देवाङ्गनाकुचतटाहतवीचिमाला
सा वाग्वती दिशतु कामफलं नराणाम् ॥६॥

या यक्ष किन्नर महोरग पूजनीया
सम्पूजिता सुरवधूभिरनेकपुष्पैः ।
सिद्धाङ्गनाङ्ग परिमुञ्चन् पुण्य पाथाः
सा वाग्वती दिशतु कामफलं नराणाम् ॥७॥

या सर्व कामफलदाऽखिल साधकस्य
क्रीडा नुरागजननी नरकामिनीनाम् ।
सम्पूजिता सुरगणैरपि पुष्प वृष्ट्या
सा वाग्वती दिशतु कामफलं नराणाम् ॥८॥

या शम्भोर्वृषभेन्द्र पङ्कजमुख प्रस्यन्दनादागता
गीर्वाणारिविसूदने पशुपतौ प्राप्ता परामुन्नतिम्
कूर्मग्राहझषाकुलाऽऽति चपला गङ्गेव नाकप्रवा
सैषा पुण्यतमा पुनाति सलिलैर्लोकं सदा वाग्वती ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पीतं बलाद्यदमृतं वृषभेन पूर्वं
तन्नन्दित प्रविततं भुवनेयदस्तम् ।
तस्मात्सुरैर्मुनि जनैर्मनुज स्त्रिवेणी
सं सेव्यते सततमप्सरसां च वृन्दैः ॥१०॥

तां वाग्वतीं क्रतुशताधिक पुण्यतोयां
दृष्ट्वा नराः कुसुमरेणुकृताङ्ग–रागाम् ।
विधूंत कल्मषकषाय विशुद्धदेहाः
सद्यो भवन्ति पुनरेव सुखानुरागाः ॥११॥

पद्मोत्पलैर्बकुल चम्पक नाग पुष्प-
रामोदितं तव पयस्तटजैः प्रसूनैः ।
फेनाकुलैर्विविध चित्रतरस्तरङ्गै-
र्मन्दाकिनीव सुरलोक गतंपुनाति ॥१२॥

नेपाल मण्डप समस्त निरस्त दुःखा
या वाग्वती त्रिभुवनं त्रयजात तापम् ।
सेयं पुनाति बहुधा बहुपाप मुक्ता
त्यक्त्वा नराः स्वजनबन्धुभिराप्तवर्गैः ॥१३॥

स्नानावगाहनरता जलपान शीला
गङ्गेव पासि सततं पतिताश्रतोये
आसंश्रितद्यमपि न स्मरणप्रयुक्ता
धर्मात्मजं तव जलं मुनयः पठन्ति ॥१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋक्षेणसिंह गजगण्डवराविहङ्गा
अन्येऽपि ते तव जलं प्रसुतास्तुवास्तु
ब्रह्मेन्द्र वन्हि विधुरुद्र समान रूपा
स्ते यान्ति रुद्र निलयं प्रविमुक्तशोका: ॥१५॥

अन्यस्तु वस्तु परमस्तुतिरप्रमेया
या पाति निर्मलजला सकलंत्रिलोकम् ।
मुक्तामिमां पशुपते: स्तवनाय नित्यं
सं प्रस्थिताऽसि विरयोऽप्रतिभंविभूत्यै: ॥
(संप्रस्थिता गिरिवरात्प्रथमाविभूति:) ॥१६॥

इति श्री पशुपति पुराणोक्त वाग्वती प्रशंसायां पुलस्त्य भाषिता-वाग्वतीस्तुति: समाप्ता ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीवाग्वतीस्तुतिको भावानुवाद

जुन पतितपावनी श्रुति, स्मृति र पुराण प्रसिद्ध श्रीवाग्वती नदी हुनुहुन्छ, उहाँ दैत्यराज (श्री प्रह्लादजी) द्वारा खुशी तुल्याइनुभएको भगवान् सदाशिवको अट्टहासबाट उत्पन्न हुनु भएको हुँदा अति पवित्र जलप्रवाहयुक्त हुनुहुन्छ, सुवर्णमय (अर्थात् पहेँलो) कमलको पराग (धूलो) ले गर्दा जसको तरङ्गसमूह नै अरुण कान्तियुक्त भएको छ। यस्ती परम पावनी श्रीवाग्वती भक्त मनुष्यको सम्पूर्ण इच्छा पूर्ण गरिदिनुहोस् ॥१॥

जो भगवान् सदाशिवको मानौं नित्यस्नानकै लागि उपयुक्त हुनुहुन्छ, यस्तै जो मन्दारपुष्पको धूलोको कण बोकी, निर्मल जलयुक्त हुनुहुन्छ, जसको फिंज नै कुन्दपुष्प र शंखतुल्य सेतो छ यस्ती परमपावनी श्रीवाग्वतीले भक्तहरूको सम्पूर्ण मनोरथ पूर्ण गरिदिनुहोस् ॥२॥

अनेकौं प्रकारका फूल र वृक्षका पातहरू खस्नाले तट (किनारा) सबै व्याप्त भएको, स्वच्छ शिलातल (ढुङ्गाहरू) बाट झरेको हुँदा मरकत मणिको जस्तो स्वच्छ कान्ति देखिने र चखेवा चखेवीको जोडीले गर्दा तीरको रेखा नै छिर्बिरे देखिने यस्ती परमपावनी श्रीवाग्वतीदेवीले भक्तहरूको मनोरथ परिपूर्ण गरिदिनुहोस् ॥३॥

जुन नदी (श्रीवाग्वती) श्रीगङ्गाजीकै जलतुल्य पवित्र हुनुहुन्छ र हिमालयको सुन्दर शिलातल चट्टानबाट झरिरहनुभएको छ एवं जो स्वर्गको सोपानपंक्ति (भऱ्याङको खुड्किला) जस्तै हुनुहुन्छ, यस्ती परम पावनी श्री–वाग्वतीले भक्तहरूको सम्पूर्ण मनोरथ परिपूर्ण गरिदिनुहोस् ॥४॥

जसको तीरका पत्थरहरूमा सँधैभरि देवाङ्गना (देवस्त्री हरू) फक्रक्क फुलेका पारिजातका फूलहरू चढाई, पूजा वन्दना गर्दछन् र जसको फिंज नागरमणि (नागस्त्री)हरूको मुखरूपी कमलमा टाँसिएको छ। यस्ती परमपावनी श्री-वाग्वतीले भक्तहरूको सम्पूर्ण मनोरथ परिपूर्ण गरिदिनुहोस् ॥५॥

जुन पतितपावनी श्रीवाग्वतीलाई मकरकेतु (कामदेवांश) श्रीप्रद्युम्नजीले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नी प्रियतमा श्री चन्द्रावतीको अपहरण हुँदा सुरत्नासाथ राखिदिनुभएकोमा ठूलो स्तुतिवचनद्वारा संमान देखाउनुभएको थियो र जसको तरङ्गसमूह देवस्त्री-हरूको कुचप्रदेश स्तनमण्डलको अंशमा ठक्कर लागेको छ यस्ती परमपावनी श्री वाग्वतीले भक्तहरूको सम्पूर्ण मनोरथ परिपूर्ण गरिदिनुहोस् ॥६॥

जो यक्ष, किन्नर र ठूलाठूला नागहरूद्वारा सदा संमानित हुनुहुन्छ र नाना प्रकारका कुसुमावलीद्वारा देवस्त्रीहरू समेत जसको अर्चनामा सदा तल्लीन रहन्छन् यस्तै सिद्धरमणीहरूको अर्थात् सिद्धाङ्गनाहरुको अङ्गस्पर्शद्वारा जसको जल पवित्र भएको छ यस्ती परमपावनी श्रीवाग्वतीले भक्तहरूको सम्पूर्ण मनोरथ परिपूर्ण गरिदिनुहोस् ॥७॥

जो सम्पूर्ण साधक भक्तहरूका यावत् मनोरथ परिपूर्ण गरिदिने हुनुहुन्छ, मनुष्य स्त्रीहरूका निम्ति जलक्रीडानुराग (तीर्थसंगमको इच्छा) पैदा गरिदिनुहुने मातृतुल्य नै हुनुहुन्छ जसलाई देवताहरूले पनि पुष्पको वृष्टिद्वारा पूजा गरि-रहनुभएको छ यस्ती परमपावनी श्रीवाग्वतीले भक्तहरूको सम्पूर्ण मनोरथ (इच्छा) परिपूर्ण गरिदिनुहोस् ॥८॥

जो भगवान् शम्भुको वाहन (बसाहा) को मुखकमलको सुन्दर प्रश्यन्द (मुख-को फेन) बाट प्रादुर्भाव हुनुभएको छ र देवताहरूका शत्रु दैत्य दानव आदिको नाशमा जो एकमात्र कारण होइबक्सिन्छ, जो भगवान् पशुपतिमा पुगी, विशाल (विस्तृत) रूपमा देखिनुहुन्छ, जहाँ कि कछुवा, गोही (ग्राह) र माछा आदि धेरै जलजन्तुहरू परिपूर्ण छन् जो भागीरथी (श्रीगङ्गाजी) तुल्य नै स्वर्ग दिनमा समर्थ हुनुहुन्छ यस्ती परमपावनी श्री वाग्वती आफ्नो जलद्वारा सम्पूर्ण दुनियाँलाई पवित्र तुल्याउनुहुन्छ ॥९॥

जुन अमृततुल्य श्रीवाग्वतीको जलपान पहिले भगवान् शिवको बसाहाले गरेको थियो सोही नन्दी (बसाहा) बाट निस्की फिँजिएको सो जल यस धराधाममा व्याप्त छ अतएव देवता, ऋषि र धर्मात्मा मनुष्यरूपी त्रिवेणी (तीनै थरीको समूह) यस पवित्र जलको सेवन गरिरहेको छ यति मात्र होइन सारा अप्सरागण पनि यसकै सेवामा तल्लीन छन् ॥१०॥

सयौं यज्ञानुष्ठान (यज्ञ गर्नु) भन्दा पनि बढी पुण्य मिल्ने अनेकौं फूल-हरूको पराग (धूलो) ले गर्दा अरुण (रातो रातो) देखिने यस्ती श्रीवाग्वतीको दर्शनबाट नै भक्त साधकहरू तुरुन्त सम्पूर्ण राग–द्वेष धोई, विशुद्ध (अत्यन्त चोखो) शरीरयुक्त भै बारंबार सात्विक सुखानुरागी बन्दछन् ॥११॥

स्वर्णकमल, चन्द्रकमल, बकुलपुष्प, चाँप र नागपुष्पको सुवासद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमोदित (सुवासपूर्ण) एवं किनारामा देखिने अरू अनेकौं फूलहरूको बासना-द्वारा र फीँजले परिपूर्ण भएका नाना प्रकारका छिरबिरे तरङ्गहरूले गर्दा स्वर्गमा गएका पुण्यात्माहरूलाई जसरी स्वर्गङ्गा पवित्र तुल्याउनुहुन्छ, त्यस्तै हजूर पनि पृथ्वीनिवासी भक्तहरूलाई पवित्र तुल्याइबक्सिन्छ ॥१२॥

आध्यात्मिक, आधिभौतिक र आधिदैविक तीन किसिमबाट प्राप्त हुने दुःखसमुदायलाई नष्ट पारिदिने श्रीवाग्वती यस नेपालभूमिमा बहनुभएको हुँदा नै यो सम्पूर्ण नेपालमण्डल दुःखरहित छ, जीवनको अन्तिम घडीमा पनि आफ्ना सम्पूर्ण बन्धु तथा आप्त जनले त्याग गरिएका र सारा पापरहित पुण्यात्मा साधकहरूलाई पवित्र पारी सद्गति प्रदान गर्नु हुन्छ ॥१३॥

जो श्रीवाग्वतीमा स्नान गर्दछन् अवगाहन् (डुबुल्की लिन्छन्) अथवा त्यस पवित्र जलको पान गर्दछन् भने ती सबैलाई हजूर गङ्गाले जस्तै रक्षा गरि-बक्सिन्छ। यति मात्र होइन जो जलमा अनजान नै दैवात् खस्न जान्छन् ती सबैलाई पापयुक्त नै भए पनि दर्शन र स्पर्शनले नै धर्म पैदा गरिदिने हजूरको जलले पवित्र पार्दैन र ? अवश्यमेव पवित्र पार्दछ। यही कुराको अहर्निश (दिन-रात नै) मुनिहरू जप गरिरहनुहुन्छ ॥१४॥

भालु, मृग, सिंह, हात्ती, गैंडा, बनेल र अरू पनि चराचुरुङ्गी आदि हजूरको जलमा यदि परून् त ब्रह्मा, इन्द्र, अग्नि, चन्द्रमा र रुद्रको तुल्य रूप लिई, शोकरहित भै ती सबै रुद्रलोकमा पुग्दछन् ॥१५॥

अप्रमेया प्रमाको विषय नहुनुभएको हजूरको अरू स्तुति के गरौं, अति पवित्र जलद्वारा परिपूर्ण हजूर तीनै लोक (स्वर्ग, मर्त्य र पाताल) लाई रक्षा गरि-बक्सिन्छ, भगवान् श्रीपशुपतिको स्तुतिका लागि समर्पित यो वाणी हजूरका निम्ति सधैँ नै प्यारो लाग्ने बनोस्, जुन हजूर गिरिवर हिमालयबाट * पहिलो बिभूति (ईश्वरांश) को रूपमा प्रादुर्भाव होइबक्सेको छ।

यसरी श्रीमत् पशुपति पुराणमा बताइएको वाग्वती–प्रशंसामा श्रीपुलस्त्य ऋषिले गर्नु भएको श्रीवाग्वतीजीको स्तुति यहीं नै समाप्त हुन्छ।

---

*झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी।

श्रीमद्भगवद्गीता १० अ. ३१ श्लो.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ श्रीपशुपत्यष्टकम्

शङ्कर त्रिदशनाथ दयालो भाल लोचन हर त्रिपुरारे।
अच्युताऽव्यय कलाधर मौले मानसं पशुपते रहदुःखम् ॥१॥

कालकाल करुणामयशूलिन् कान्तकाय कलिनाशन मूर्ते।
कालकूटकलिताऽसितकण्ठ मानसं पशुपते हरदुःखम् ॥२॥

कुन्द हीरक सुधाकर गौर निष्कलङ्क निखिलागम वेद्य।
व्यक्त निर्गुण गुणेश्वर जिष्णो मानसं पशुपते हरदुःखम् ॥३॥

केशव प्रिय पिशङ्ग कपर्दीन् पार्वतीश्वर पिनाकधरेश।
मन्मथ प्रमथ कासविकासिन् मानसं पशुपते हरदुःखम् ॥४॥

पुण्यकीर्तन पुराण पुरारे पूर्णरूप पुरुषोत्तम पुण्य।
पञ्चवक्त्रपुरुप प्रमथेन्द्र मानसं पशुपते हरदुःखम् ॥५॥

भोगिभूषण विभूषित भोग भूतिशोभित तनो हरिकेश।
भक्तहृत्कमल वेश्म निवासिन् मानसं पशुपते हरदुःखम् ॥६॥

शुद्धभावनत कन्धरलोकवृन्द वाञ्छित फलप्रद शम्भो।
सृष्टि-पालन-लयैक निदान मानसं पशुपते हरदुःखम् ॥७॥

दुष्ट निर्दलन निर्जरदेव स्वर्णादी भुवन शेखर शर्व।
वामदेवमतगम्य महात्मन् मानसं पशुपते हरदुःखम् ॥८॥

शङ्कराष्टकमिदं सुमनोज्ञं रोगशोक कलहार्ति विनाशम्।
यः पठेत् सकल वाञ्छित सिद्धिस्तस्य तुष्ट इह शङ्करदेव ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री पशुपति अष्टकको भावानुवाद

हे शंकरजी ! हे सम्पूर्ण देवताहरूका स्वामी ! हे दयालु ! हे निधारमा आँखा धारण गरिबक्सने महादेव (सम्पूर्ण भक्तहरूको दुःख कष्ट हरण गरिदिनुहुने) हे हर ! हे त्रिपुरासुर दैत्यका शत्रु ! हे अच्युत अर्थात् कहिल्यै पनि आफ्नो महिमाबाट च्युत नहोइबक्सने भगवान् ! यस्तै हे अव्यय कहिल्यै पनि नाश नहोइबक्सने ! हे कलाधरमौलिन् ! अर्थात् निधारमा चन्द्रमा धारण गरिबक्सने भगवान् ! मेरो मनको दुःखलाई हरण गरिबक्सियोस् ॥१॥

हे कालको पनि काल महाकाल भगवान् ! हे करुणा मूर्ति भगवान् ! हे सदा सर्वदा त्रिशूल धारण गरिबक्सने शम्भु ! हे अत्यन्त सुन्दर शरीर हुने भगवान् ! हे किलनाशक मूर्ति ! हे कालकूट (विष) को पानबाट नीलो घाँटी हुने भगवान् महेश्वर ! मेरो मनको दुःख हरण गरिबक्सियोस् ॥२॥

कुन्द पुष्प, हीरा र चन्द्रमा जस्तो सेतो शरीर धारण गरिबक्सने भगवान् ! हे कलङ्करहित प्रभु ! हे सम्पूर्ण शास्त्रहरूद्वारा बुझाइने भगवान् ! हे त्रिनेत्रधारी भगवान् ! हे गुणरहित प्रभु ! हे गुणहरूको अधिपति भगवान् ! हे सदा सर्वदा विजयशाली भगवान् ! मेरो मनको दुःख हरण गरिबक्सियोस् ॥३॥

हे भगवान् विष्णुका अत्यन्त प्रिय शम्भु ! हे पिशङ्ग अर्थात् कैलो केशयुक्त भगवान् ! हे जटाजूटधारी भगवान् ! हे पार्वतीपति प्रभु ! हे पिनाकधनुधारी भगवान् ! हे सर्वस्वामी शिव ! हे कामदेवलाई भस्म तुल्याउने भगवान् ! हे भक्तहरूको इच्छालाई विकसित तुल्याउने प्रभो ! मेरो मनको दुःख हरण गरिबक्सियोस् ॥४॥

हे पुण्यकीर्तन भगवान् ! हे पुराणपुरुषोत्तम प्रभु ! हे त्रिपुरासुर दैत्यको शत्रु ! हे पूर्णरूप परमात्मा ! हे पुरुषोत्तम भगवान् ! हे प्रभु पुण्यस्वरूप ! हे पञ्चवक्त्र अर्थात् पञ्चमुखवाला प्रभु ! हे सम्पूर्णका हृदयमा साक्षी स्वरूपले विराजमान (रहिबक्सने पुरुष) जीवस्वरूप प्रभु ! हे प्रमथ गणका मालिक भगवान् मेरो मनको दुःख हरण गरिबक्सियोस् ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे सर्पको गहनाले विभूषित भगवान् ! हे विभूति (विगूत) द्वारा विशेष सुन्दर देखिइबक्सिने भगवान् ! हे हरिया हरिया केश (कपाल) ले मनोहर देखिइबक्सिने भगवान् ! यस्तै आफ्ना भक्तहरूको हृदयकमलमै घर बनाएर बसिबक्सने भगवान् ! मेरो मनको दुःख हरण गरिबक्सियोस् ॥६॥

शुद्ध भावनाद्वारा शिर नुहाउने भक्तमण्डलीका निम्ति इच्छा फल बक्सने हे शम्भु ! यस्तै सृष्टि, स्थिति र प्रलयको एक मात्र कारण भगवान् ! मेरो मनको दुःख हरण गरिबक्सियोस् ॥७॥

हे सम्पूर्ण दुष्टहरूलाई दमन गर्ने भगवान् ! हे देवताहरूको पनि देवता भगवान् ! हे गङ्गाजी र चन्द्रमालाई निधारमा धारण गरिबक्सने भगवान् ! मेरो मनको दुःख हरण गरिबक्सियोस् ॥८॥

सम्पूर्ण रोग, शोक, कलह (झैझगडा) र दुःख नाश गरिदिने, अत्यन्त सुन्दर यो शङ्कराष्टक (भगवान् श्रीशङ्करजीको आठ श्लोकको स्तुति) जुन भक्त साधकले भक्ति र श्रद्धापूर्ण भै पढ्ला त्यसको सम्पूर्ण मनको इच्छा पूर्ण हुन्छ र त्यसप्रति भगवान् शङ्करजी (यो स्तुतिको प्रभावबाट) अत्यन्त नै खुशी होइबक्सनेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection